२६९

# भक्तपुर

मासिक

Bhaktapur Monthly

जेठ २०७६



# भक्तपुर नगरपालिकामा जनप्रतिनिधिको

# दुई वर्ष

- भक्तपुर नगरपालिकामा जनप्रतिनिधिहरूको दुई वर्ष
- भक्तपुरको रानी पोखरी सरसफाइ
- संघीय संसदीय टोलीद्वारा भनपा प्रमुखसँग भेट
- प्रमुख सुनिल प्रजापतिसँग लुम्बिनी सांस्कृतिक नगरपालिकाका प्रतिनिधिमण्डलको भेट
- केदारनाथ मन्दिर पुरानै शैलीमा
- मौलिक पर्व सिथि नखा




केदारनाथ मन्दिरको उद्घाटन

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

jÌ{ #^★cÆ &★g];≢!#(★|j÷;≢@)&^ h]7★A.D.2019

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी (बिढा)

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

आवरण सज्जा : रेणु

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)


Pp6f tl:a/

## सन् १९२० मा धरहराबाट देखिएको काठमाडौंको एक भाग



(तस्बिर : इन्टरनेट)

'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

# ‘अस्थिरता सबैभन्दा ठूलो कमजोरी हो ।’–इब्सन

## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | भक्तपुर नगरपालिकामा जनप्रतिनिधिहरूको दुई वर्ष | – | ३ |
| २) | भक्तपुरको रानी पोखरी सरसफाइ | – | १४ |
| ३) | संघीय संसदीय टोलीद्वारा भनपा प्रमुखसँग भेट | – | १६ |
| ४) | भक्तपुर नपाद्वारा सञ्चालित चिनियाँ भाषा, नेपालभाषा र सिलाइ तालिमको ... | – | १७ |
| ५) | फोहरमैला व्यवस्थापनसम्बन्धी कार्यदलद्वारा प्रतिवेदन हस्तान्तरण | – | १८ |
| ६) | प्रमुख सुनिल प्रजापतिसँग लुम्बिनी सांस्कृतिक नगरपालिकाका प्रतिनिधिमण्डलको भेट | – | २१ |
| ७) | भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग ललितपुर महानगरपालिकाका प्रतिनिधि.. | – | २२ |
| ८) | भक्तपुर नगरपालिका वडा नं. १ को नवनिर्मित वडा कार्यालयको भवन उद्घाटन | – | २३ |
| ९) | सम्पदा संरक्षण मानव सभ्यता विकासको प्रतीक हो | – | २४ |
| १०) | केदारनाथ मन्दिर पुरानै शैलीमा | लीला श्रेष्ठ | २५ |
| ११) | काठमाडौं उपत्यकालाई सांस्कृतिक संरक्षित क्षेत्र घोषणा गर्नुपर्ने | – | २६ |
| १२) | बुद्ध जयन्तीको अवसरमा प्रवचन कार्यक्रम | – | २७ |
| १३) | रानी पोखरी र खेल मैदान खुल्ला गर्न सेना सहमत | – | २९ |
| १४) | आवास योजना उपसमितिको अध्यक्ष नगर प्रमुख नै हुनुपर्नेमा जोड | – | २९ |
| १५) | रानीपोखरी पुन:निर्माण र खेल मैदान खुल्ला गर्न नेपाली सेना सहमत | – | ३० |
| १६) | ‘मुख्यमन्त्री–जनता स्वास्थ्य परीक्षण’ कार्यक्रमको उद्घाटन | – | ३२ |
| १७) | छात्ती पुन:स्थापना केन्द्र भवनको शिलान्यास | – | ३२ |
| १८) | पुन:निर्माणसम्बन्धी बैठक | – | ३४ |
| १९) | भनपा–७ मा आगामी योजनाबारे सुझाव संकलन | – | ३८ |
| २०) | ख्वप माध्यमिक विद्यालयमा कक्षा १२ अध्ययन पूरा गरेका विद्यार्थीहरूको बिदाइ कार्यक्रम | – | ३९ |
| २१) | पम्परागत सम्पदा बस्ती पुन:निर्माणसम्बन्धी छलफल कार्यक्रम | – | ४० |
| २२) | युवाहरू विदेशिंदा पूँजीपति वर्ग र विदेशी दलाललाई फाइदा | – | ४८ |
| २३) | देश विकासको लागि असल, इमानदार र देशभक्त राजनीतिक नेता/कार्यकर्ताहरू आवश्यक | – | ४९ |
| २२) | ऋषेश्वर लौकिवा महादेव मन्दिरको शिलान्यास | – | ५० |
| २३) | सम्पदाहरू पुन:निर्माण गरिंदा अनुसन्धानलाई जोड दिनुपर्छ : प्रमुख प्रजापति | – | ५१ |
| २४) | ‘सरकारले बजेट र काठ उपलब्ध गराएमा भक्तपुर छिट्टै पुरानै अवस्थामा देख्न पाउनेछ’ | सुनिल प्रजापति | ५२ |
| २५) | ‘कम्युनिष्ट’ तिनको आवरण हो, आस्था होइन | सुरेन्द्रराज गोसाईं | ५३ |
| २६) | शिक्षा र सम्पदा संरक्षित नगर बनाउनु नै हाम्रो लक्ष्य हो | सञ्जीव दुलाल | ५५ |
| २७) | मौलिक पर्व सिथि नखा | ओम धौभडेल | ५७ |
| २८) | चाड–पर्व सुधार र समस्या | डा. वीरेन्द्रप्रसाद कायस्थ | ६० |
| ३०) | परम्परागत नेवार वस्तीको वास्तुसंरचना | डा. बलराम कायस्थ | ६४ |
| ३२) | विश्व व्यापार संगठन र नेपालको कृषि | सबिन ख्याजू | ६७ |
| ३३) | चुनावमा पैसा र सामान बाँड्ने, गुण्डागर्दी गर्ने पार्टी कम्युनिष्ट हुन सक्दैनन् | प्रेम सुवाल | ६९ |
| ३४) | स्थानीय सम्पदा संरक्षण अभियानमा भक्तपुर नगरपालिका | तेजेश्वरबाबु ग्वंग: | ७२ |
| ३३) | सेनाको कब्जाबाट मुक्त हुँदै भक्तपुरको रानीपोखरी, काठमाडौंको टुँडिखेललाई कसले बचाउने ? | सहयोग रञ्जित | ७५ |
| ३५) | SKETCHES FROM NIPAL (37) | Henry Ambrose Oldfield | ७८ |
| ३६) | गणतन्त्र स्थापनाको ११ वर्ष (सम्पादकको पृष्ठ) | – | ८४ |


**साथमा**


भनपा प्रमुखबाट विद्यालय अनुगमन–१५/बासु माविमा नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत कार्यक्रम–१९/भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति सिद्धपोखरी उत्तरतर्फको खेलमैदानको स्थलगत निरीक्षणमा–२०/प्रमुख सुनिल प्रजापति भक्तपुरका विभिन्न विकास निर्माण र सम्पदा संरक्षणका योजनाहरूको स्थलगत अवलोकनमा–२०/तारा माविमा नवआगन्तुक विद्यार्थीलाई स्वागत कार्यक्रम–२८/भक्तपुर नगरपालिकाद्वारा १०८ रोपनी जग्गामा वृक्षारोपण–३३/बजार अनुगमन २०७६ वैशाख ३०–३३/नगरस्तरीय कृषक भेला –३४/भनपामा दुई दिने पर्ल्स विश्लेषण तालिम शुरु–३५/भनपा वडा नं. २ र ४ मा आँखा शिविर सम्पन्न–३६/भनपा–३ मा पाठेघर शिविर–३७/चिनियाँ भाषा प्रशिक्षण कक्षामा अन्तर क्रिया–३७/घाइते विदेशी पर्यटकको उद्धार–३८/रंगीन पृष्ठ–४१ देखि ४४/नगर प्रमुख सुनिल प्रजापतिसँग प्याब्सनका प्रतिनिधिहरूको भेट–४५/दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनको समीक्षा कार्यक्रम–४५/समाज र देशको नि:स्वार्थ रूपमा काम गर्नेहरूको सम्मान हुनुपर्ने –४६/सबै विद्यार्थीहरूलाई समान ढङ्गले अगाडि बढाउने भनपाको सोच–४७/भक्तपुरमा मोतिबिन्दुको शल्यक्रिया हुने–५१/बसिबियालो–६३/भक्तपुर नपा घरदैलो नर्सिङ्ग सेवा २०७५ वैशाख महिनाको प्रतिवेदन–७४/नेपालको संविधान २०७२, भाग–३३/संक्रमणकालीन व्यवस्था (४४)–८०/विभिन्न क्यान्सरका लक्षणहरू ?–८१/वैशाख महिनाको पर्यटक तथ्याङ्क– ८३ ।

# भक्तपुर नगरपालिकामा जनप्रतिनिधिहरूको दुई वर्ष




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले संविधानमा भएका कमीकमजोरी र त्रुटीहरूबारे सत्तापक्षकै सांसदहरूले विरोध गर्नु निन्दनीय विषय भएको बताउनुहुँदै शासक दलका नेताहरूमा राजनैतिक र सैद्धान्तिक विषयमा ध्यान नपुगेको स्पष्ट भएको बताउनुभयो ।

भक्तपुर नगरपालिकामा जनप्रतिनिधिको २ वर्ष कार्यक्रमको जेष्ठ ७ गते उद्घाटन गर्नुहुँदै अध्यक्ष बिजुक्छेंले भक्तपुर नगरपालिकाले आगामी दिनहरूमा पनि उदाहरणीय कार्य गर्नेमा विश्वास व्यक्त गर्नुहुँदै नगरपालिकाले महिला लक्षित योजनाहरू अगाडि बढाउनुपर्ने, नगरभित्र भारी सवारी साधनमा रोक लगाउनुपर्ने, नगरभित्रका हिंसा नियन्त्रण गर्नुका साथै अन्धविश्वास विरुद्ध जनतालाई सचेत गर्दै लानुपर्ने धारणा व्यक्त गर्नुभयो ।

राजनैतिक पार्टी र शासक वर्गहरूमा व्यापक दृष्टिकोणको कमी रहेको औंल्याउनु हुँदै अध्यक्ष बिजुक्छेंले स्थानीय निकायलाई अधिकार सम्पन्न बनाउनु पर्नेमा जोड दिनुभयो । सांसदहरू सिंहदबारका मन्त्रालयहरू धाउने गलत प्रवृत्तिको आलोचना गर्नुहुँदै उहाँले समाजलाई व्यवस्थित रूपमा अगाडि बढाउन व्यापक जनताको चेतना स्तर उकास्नु आवश्यक






प्रमुख अतिथि नेमकिपाका अध्यक्ष का.नारायणमान बिजुक्छें (रोहित), प्रमुख सुनिल प्रजापति, उप-प्रमुख रजनी जोशी, प्रजिअ नारायणप्रसाद भट्ट



कार्यक्रममा प्रहरी उपरीक्षक हिमालयकुमार श्रेष्ठ, वडा नं. ८ का वडाध्यक्ष रविन्द्र ज्याख्व, उवासंघका अध्यक्ष रामप्रसाद प्रजापति र प्रशासकीय अधिकृत यामलाल अधिकारी

भएको बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले आर्थिक वर्ष २०७५/७६ मा नगरपालिकाले गरेका महत्त्वपूर्ण कामहरूको चर्चा गर्नुहुँदै विगतमा स्थानीय तहमा जनप्रतिनिधि नभएको समयमा दिइएको विकास रकम अब खारेज गर्नुपर्ने बताउनुभयो । उहाँले विकासको नाममा विनियोजन हुने रकम संघ र प्रदेशले सिधै स्थानीय तहमा पठाउनुपर्ने माग राख्नुभयो ।

लामो समय सिंहदरबारमा बसेर शासन सञ्चालन गर्नेहरूले अधिकार छाड्न चाहेको आरोप लगाउनुहुँदै प्रमुख प्रजापतिले 'गाउँ-गाउँमा सिंहदरबार' को नारा दिँदै सिंहदरबार पुगेकाहरू एकात्मक शैलीमै शासन सञ्चालन गर्न खोजिरहेको बताउनुभयो ।

भक्तपुर नपाको सन्तुलित विकास गर्न शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा संरक्षण, खेलकुदलगायतका विषयहरूलाई प्राथमिकता तोकेर जनताको पक्षमा काम गरिरहेको बताउनुहुँदै भक्तपुरको विकास निर्माण काम र सम्पदा निर्माणदेखि अन्य भौतिक संरचनाहरू निर्माण स्थानीय जनताकै सहयोगमा उपभोक्ता समितिमार्फत नै गर्ने नीतिलाई निरन्तरता दिँदै जाने धारणा व्यक्त गर्नुभयो ।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले उपत्यकाका सबै नगरहरू १२ औं शताब्दीदेखि नै स्मार्ट सिटीको रूपमा रहेको बताउनुहुँदै भक्तपुरका गौरवशाली धरोहरलाई अध्ययन, अनुसन्धान र अन्वेषणको माध्यमबाट परम्परागत शैलीलाई कायम राखी मौलिक प्रविधि स्थानीय निर्माण सामग्री र कालीगढबाटै जस्ताको तस्तै नयाँ पुस्तामा पुस्तान्तरण गर्ने योजनाले अगाडि बढिरहेको जानकारी दिनुभयो ।

भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टले नगरपालिकाको कार्यशैली अनियमिता शुन्य रहेको बताउनुहुँदै नपाले समाजवाद उन्मूख प्रणाली सुनियोजित रूपमा आत्मसात गरेको र शिक्षा, स्वास्थ्य, सरसफाइ, खेलकुदलाई उच्च प्राथमिकतामा राखी व्यापक जनताको हितमा आफ्ना नीति, कार्यक्रम तथा गतिविधिलाई अगाडि बढाइरहेको बताउनुभयो । उहाँले भक्तपुरलाई अपराध



**भक्तपुर नगरपालिकामा जनप्रतिनिधिहरूको दुई वर्ष**

# भक्तपुर नपाले सम्पदा संरक्षणमा स्थानीय जनताको सहयोग र उपभोक्ता समिति मार्फत गर्ने नीति लिँदै आएको छ

'सांस्कृतिक नगर', 'नाचगानको राजधानी' जस्ता विशेषण पाएको भक्तपुर नगरपालिकामा जनप्रतिनिधिको रूपमा पदभार ग्रहण गरेको आज दुई वर्ष पूरा भयो। यस अवधिमा निर्वाचनको बेला जनताबीच गरेका प्रतिबद्धता के-कति पूरा भए यहाँहरू स्वयम् जानकार हुनुहुन्छ।

हामी जनप्रतिनिधिहरूले चुनावमा नेपाल मजदुर किसान पार्टीले जारी गरेको घोषणापत्रलाई एक-एक गरी पूरा गर्ने कोसिस गर्दैछौं। शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा संरक्षण, खेलकुदजस्ता विषयहरूलाई प्राथमिकता तोकेर जनताको हितमा काम गर्दैछौं।

नेपालको संविधान २०७२ र सङ्घीयता कार्यान्वयनमा समस्या देखापर्दै छ। लामो समयसम्म सिंहदरबारमा बसेर शासन सञ्चालन गरेकाहरू अधिकार छाड्नै चाहँदैनन्। 'गाउ-गाउँमा सिंहदरबार' को नारा दिएर सिंहदरबार पुगेकाहरू एकात्मक शैलीमै शासन सञ्चालन गर्न खोज्दै छन्। संविधानले



प्रमुख सुनिल प्रजापति

सङ्घ, प्रदेश र स्थानीय तहलाई आ-आफ्नो क्षेत्राधिकारभित्र स्वतन्त्र हैसियतले काम गर्नसक्ने अधिकार प्रदान गरेको छ। तापनि सङ्घमा बस्ने उच्च पदाधिकारीहरू स्थानीय तहको अधिकारमाथि हस्तक्षेप गरी नियन्त्रित सङ्घीयता लागू गर्न

---

मुक्त नगर बनाउन अग्रसर रहेको बताउनुभयो।

भक्तपुरका प्रहरी उपरीक्षक हिमालयकुमार श्रेष्ठले नगरपालिकाको कार्यशैली अनुकरणीय भएको बताउनुहुँदै नगरभित्रका सडकहरूमा ढुंगा छपाई स्तरीय भएको र नगरभित्र हरियाली व्यवस्थापनमा नगरपालिकाले विशेष ध्यानदिनु आवश्यक भएको बताउनुभयो।

भक्तपुर उद्योग वाणिज्य संघका अध्यक्ष रामप्रसाद प्रजापतिले भक्तपुर नगर क्षेत्रको विकास कार्य प्रशंसनीय भएको बताउँदै सम्पदा संरक्षण र पर्यटन प्रबर्द्धनमा पनि सकृय भूमिका निर्वाह गरिरहेको बताउनुभयो।

कार्यक्रममा प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष नारायणमान बिजुक्छेंले भक्तपुर नगरभित्र नगरपालिकाको मापदण्ड अनुसार नियमित रूपमा भवन निर्माण गरी निर्माण सम्पन्न प्रमाणपत्र लिएका वडा नं. २ का कृष्णेश्वरी मल्लप्रधानलाई २,४९,३३३।-, वडा नं. ६ का रत्नकेशरी कक्षपतिलाई ४,७०,९५१।-, वडा नं. ६ का कृष्णराम कुम्पाखलाई २,१३,६५३।-, वडा नं. ९ का विश्वराम प्रजापतिलाई ३,५७,६६८।- र वडा नं. १० का बिकास कोजूलाई १,५५,२५८।- रूपैंया काठ, ईटा र झिंगटी अनुदान स्वरूप प्रदान गरिएको थियो।

नेमकिपाका सचिव प्रेम सुवालले नगरपालिकामा कार्यरत उत्कृष्ट १० जना कर्मचारीहरू क्रमश: रामसुन्दर सुजखु, जितबहादुर खाइजु, इन्दिरा शाक्य, शरद खत्री, राजन कासुला, बुद्धिनारायण सुवाल, जयप्रकाश गणेजु, ज्ञानेन्द्र सुवाल, गौरी गोठे र बिमला पोडेलाई नगद रु.१० हजार सहित कदर-पत्र वितरण गर्नुभएको थियो। त्यसैगरी नगरपालिकाका डकर्मी श्यामकृष्ण त्वायना, सिकर्मी जगतबीर शिल्पकार र लोहँकर्मी कान्छा रन्जितकारलाई पनि नगद पुरस्कार सहित प्रशंसा-पत्र वितरण गर्नुभएको थियो। नपाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाद्वारा योजना स्विकृत भई आ.व. २०७५।७६ मा उपभोक्ता समिति मार्फत निर्माण कार्य सम्पन्न गरी पेश्की फछ्र्यौट गरेका उपभोक्ता समितिका अध्यक्षहरूलाई योगदानको कदर गर्दै धन्यवाद-पत्र प्रदान गर्नुभएको थियो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत यामलाल अधिकारीले नगरपालिका भित्र उपभोक्ता समितिले अपनत्वकायम गरी उत्कृष्ट ढंगले काम गरिरहेको चर्चा गर्नुभयो। कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो।

खोज्दै छन् ।

पछिल्लो उदाहरण हो, कर्मचारी समायोजन। देशभरका स्थानीय तहमा सङ्घले कर्मचारी पठाउनु स्वायत्तताविपरीत छ। हामी आवश्यकताअनुसार कर्मचारी भर्ना गर्ने अधिकार स्थानीय तहलाई हुनुपर्छ भन्ने पक्षमा छौं। प्रदेश लोकसेवा गठनपछि कर्मचारी प्रदेशबाट पठाउने कानुनी बन्दोबस्त विगतको भन्दा प्रतिगामी छ। यो अधिकार जनतासम्म नपुगी प्रदेश तहसम्म पुऱ्याउने चाल हो। यसमा परिवर्तन आवश्यक छ।

संविधानको धारा ३०४ मा सङ्घीय संसद बसेको एक वर्षपछि संविधानसँग बाँझिएका कानुनहरू स्वतः खारेज हुने व्यवस्था छ। केन्द्र सरकारले हालै देशभरका जिल्ला शिक्षा समन्वय एकाइको नाउँमा निर्देशन जारी गर्दै रिक्त शिक्षक करारमा भर्ना गर्न पत्राचार गऱ्यो। मावि तहसम्मको सम्पूर्ण अधिकार स्थानीय तहमा गइसकेको अवस्थामा सङ्घ सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले संविधानविपरीत पत्राचार गर्नुलाई स्थानीय तहले हस्तक्षेपको रूपमा लिएका छन्। यस्ता कामहरू बन्द हुनुपर्छ।

सङ्घ र प्रदेशले नीति निर्माण गर्ने र स्थानीय तहले आफ्नो लागि नीति निर्माणका साथै सबै खालका विकास निर्माण गर्ने संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को भावना हो। तर, आ.व. २०७६/७७ को बजेटको चर्चासँगै सङ्घीय सांसदहरू निर्वाचन क्षेत्र विकास कोष बढाउने दौडमा लागेको समाचारले हामीलाई सोच्न बाध्य बनायो। विगतमा स्थानीय तहमा जनप्रतिनिधि नभएको बेला दिइएको निर्वाचन क्षेत्र विकास बजेट अब खारेज गरिनुपर्छ। विकासको नाउँमा विनियोजन हुने रकम सङ्घ र प्रदेशले सीधै स्थानीय तहमा पठाइएमा विकास निर्माणको काम छिटो र छरितो हुनेछ।

विकास निर्माणको काम ठेक्कापट्टामा गराउँदा गुणस्तरहीन निर्माणहरू भइरहेका छन्। सबैभन्दा कम रकम बोल कबोल गर्नेलाई नै ठेक्का दिनुपर्ने सार्वजनिक खरिद ऐन गुणस्तरहीन निर्माण हुनुको एउटा कारण हो। यसकारण समयअनुसार त्यसमा परिमार्जन गरिनुपर्छ।

भक्तपुरले सम्पदा संरक्षणदेखि अन्य भौतिक संरचनाहरू निर्माण गर्दा स्थानीय जनताकै सहयोगमा उपभोक्ता समितिमार्फत गर्ने नीति लिँदै आएको छ। उपभोक्ता समितिमा बसेर मौलिक शैलीमा कुनै किसिमको आँच आउन नदिई निरन्तर खटेर काम गर्ने सबै नगरवासीहरू धन्यवादका पात्र हुन्।

**आदरणीय नगरबासी दाजुभाइ तथा दिदी बहिनीहरू,**

आर्थिक वर्ष २०७५/७६ को लागि चालूतर्फ रु. ८७ करोड ९३ लाख ८८ हजार र पूँजीगततर्फ रु. ८५ करोड ४३ लाख १२ हजार गरी जम्मा रु. १ अर्ब ७३ करोड ४० लाख विनियोजन गरिएकोमा ०७६ वैशाख मसान्तसम्म चालूतर्फ रु. ४८ करोड १६ लाख २९ हजार (५४.७६ प्रतिशत) खर्च भइसकेको छ भने पूँजीगततर्फ रु. ३५ करोड ९२ लाख ९ हजार विनियोजनको (४२ प्रतिशत) खर्च भइसकेको छ।

गत वर्ष २०७४/७५ को साउनदेखि वैशाखसम्मको कुल आन्तरिक आय यस आर्थिक वर्ष २०७५/७६ को सोही अवधिमा रु. ५ करोड ८० लाखको आन्तरिक आय वृद्धि भएको छ। यसमा पर्यटक शुल्कमा रु. २ करोड ९४ लाख २५ हजार रूपैयाँले वृद्धि भएको छ भने गैरपर्यटन (विभिन्न कर दस्तुर) क्षेत्रको वृद्धि रु. २ करोड ८५ लाख ७५ हजार रहेको छ।

नगरवासीहरूलाई सहज र सहुलियतरूपमा नगरपालिकाले विभिन्न छुट प्रदान गर्नुका साथै सबै करदातालाई समानरूपमा करको दायरामा ल्याई चैत महिनामा कर टोलीको व्यवस्थापन गरी १० वटै वडाका पसल व्यवसायमा पुगी व्यवसाय दर्ताको अभियान चलाइयो। सो अभियानबाट १,०५० नयाँ थप व्यवसाय दर्ता भई रु. ५१ लाख ३७ हजार २५० कर सङ्कलन भयो। सम्पत्ति करमा दिइएको ५० प्रतिशत छुटको अवधि २०७६ असार मसान्तसम्म थप गरिएको छ भने व्यवसाय करको हर्जानामा दिइएको छुटको अवधि २०७६ जेठ मसान्तसम्म थप गरिएको छ।

अब आर्थिक वर्ष २०७५/७६ मा नगरपालिकाले गरेका महत्त्वपूर्ण कामहरूको संक्षिप्तमा चर्चा गर्नेछौं।

**१) शिक्षा**

- भक्तपुर नगरपालिकाले शिक्षालाई उच्च प्राथमिकतामा राखी सात वटा शैक्षिक संस्थाहरू खोलेर देशभरका जनताको सेवा गर्दै आएको छ।
- ख्वप इञ्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको आयोजनामा २०७६ वैशाख १२ देखि १४ गतेसम्म 'भूकम्प इन्जिनियरिङ र विपदपछिको पुनःनिर्माण' विषयमा दोस्रो अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न भयो। चीन, भारत, बङ्गलादेशलगायत ९ वटा देशका ६२ जना शोधकर्ताले सम्बन्धित विषयमा कार्यपत्र प्रस्तुत गरेको सम्मेलनले मौलिकता जोगाउनुपर्ने र पुनःनिर्माण गर्दा अध्ययन अनुसन्धान गर्नुपर्ने निष्कर्ष निकाल्यो।
- यही जेठ ३० र ३१ गते ख्वप कलेजको आयोजनामा आर्थिक विकाससम्बन्धी राष्ट्रिय गोष्ठी हुँदै छ। यस्ता गतिविधिहरूबाट नगरपालिकाद्वारा सञ्चालित कलेजहरूलाई राष्ट्रिय-अन्तर्राष्ट्रिय क्षेत्रमा चिनाउन मद्दत पुग्ने हाम्रो विश्वास छ।

- आर्थिक कारणले कुनै पनि विद्यार्थी पढाइबाट वञ्चित हुन नपरोस् भन्ने उद्देश्यले भनपाले प्रतिविद्यार्थी ५ लाखसम्म सहुलियत ब्याज दरमा ऋण प्रदान गर्ने व्यवस्था गऱ्यो। वडा वडाबाट प्राप्त सिफारिसको आधारमा ३४ जना विद्यार्थीहरूलाई ऋण उपलब्ध गराउने निर्णय भई प्रक्रिया अघि बढेको छ।
- इतिहास, भूगोल, राजनीतिशास्त्र, संस्कृति, नेपालभाषा विषय पढ्ने छात्र छात्राहरूलाई आकर्षित गर्न नगरपालिकाको तर्फबाट छात्रवृत्ति दिँदै छौं।
- माध्यमिक विद्यालय तहसम्मको शिक्षाको जिम्मेवारी नगरपालिकामा आएपछि भक्तपुर नगरपालिकाले शिक्षा ऐन, २०७४ जारी गऱ्यो। ऐनबमोजिम विद्यार्थी शिक्षक अनुपातमा शिक्षक व्यवस्थापन, शैक्षिक क्यालेण्डरको व्यवस्था, विषयगत शिक्षक तालिम तथा अनुगमन, कक्षा ८ को परीक्षा सञ्चालन र प्रश्नपत्र निर्माण एवम् उत्तरपुस्तिका परीक्षण सम्बन्धि कार्यशाला गोष्ठीलगायतका कार्यहरू सम्पन्न भए।
- सामुदायिक र संस्थागत विद्यालयहरूबीच शैक्षिक गुणस्तरमा समानता ल्याउने उद्देश्यले चित्रकला, वक्तृत्वकला, निबन्धलेखन, खेलकुद प्रतियोगिताहरू र शिक्षक तालिमहरू सँगसँगै लाने नीति लिएको छ।
- स्थानीय पाठ्यक्रमअन्तर्गत गत वर्ष कक्षा १ र ६ मा अध्ययन अध्यापन सुरु गरिएकोमा यो वर्ष कक्षा २ र ७ मा थप गरिएको छ भने क्रमशः आगामी वर्षमा कक्षा १ देखि ८ सम्म लागू गरिनेछ।
- विद्यालयहरूमा आइसीट (ICT) सहितको पुस्तकालय निर्माण तथा विज्ञान प्रयोगशाला व्यवस्थापनको लागि यो वर्ष ६ वटा विद्यालयलाई प्रतिविद्यालय रु. ६ लाख ५० हजारका दरले जम्मा रु. ३९ लाख आर्थिक सहयोग प्रदान गरियो भने शौचालय निर्माणको लागि यो वर्ष २ वटा विद्यालयलाई रु. ७ लाखको दरले रु. १४ लाख आर्थिक सहयोग प्रदान गरियो। ६ वटा विद्यालयको क्रमागत भौतिक सुधारको लागि रु. १८ लाखका दरले जम्मा रु. १ करोड ८ लाख आर्थिक सहयोग प्रदान गरिएको छ। यसको अलावा भौतिक संरचना निर्माण तथा मर्मतको लागि २ वटा विद्यालयहरूलाई रु. १६,८८,२५३।३९ सहयोग प्रदान गरियो।
- चिकित्सा क्षेत्रमा उच्च जनशक्तिको अभावलाई ध्यानमा राखेर २ जना एमबीबीएस डाक्टरहरूलाई उच्च शिक्षाको लागि छात्रवृत्ति दिने निर्णयअनुसार प्रक्रिया अगाडि बढाइएको छ।
- ख्वप कलेजमा यही वर्षबाट बीबीएमको कक्षा सुरु भयो भने ख्वप माविमा कानुन र चित्रकलाको कक्षा सञ्चालनको प्रक्रिया अगाडि बढाइसकेका छौं।
- सिद्धि शारदा आधारभूत विद्यालय र वागीश्वरी माध्यमिक विद्यालयलाई भवन निर्माणको लागि नगरपालिकाको तर्फबाट लिबाली आवास योजनामा जग्गा भोगाधिकार प्रदान गरेका छौं।
- जनज्योति पुस्तकालयलाई स्तरोन्नति गर्ने काम भइरहेको छ। यस वर्ष रु. ८ लाखभन्दा बढीको पुस्तक थप गरिएको छ।

**२) स्वास्थ्य**

- भक्तपुर नगरपालिकाले ३ वटा जनस्वास्थ्य केन्द्र सञ्चालन र इमर्जेन्सी सेवा प्रदान गर्दै आएको छ। हाल जनस्वास्थ्य केन्द्रमा नाक, कान, घाँटी, बाल रोग, स्त्री रोगलगायत आठ विभिन्न रोगको विशेषज्ञ सेवा उपलब्ध छन्। नगरपालिकाअन्तर्गत सञ्चालित जनस्वास्थय केन्द्रहरूमा कुल १३ विशेषज्ञ र अन्य १५ चिकित्सक गरी हाल २८ चिकित्सकहरू तथा सोही अनुपातमा नर्सहरू कार्यरत छन्। तीनवटै स्वास्थ्य केन्द्रहरूबाट गरी दैनिक ५०० भन्दा बढी बिरामीहरूको सेवा भइरहेको छ।
- २०७५ फागुन ९ गते ख्वप अस्पताल भवनको शिलान्यास गरी निर्माण कार्य सुरु भएको छ। ३ वर्षमा अस्पताल सञ्चालनमा ल्याउने लक्ष्यसहित निर्माण कार्य भइरहेको छ।
- घर-घरमा नर्सिङ सेवा प्रदान गर्दा नगरवासी ज्येष्ठ नागरिक, सुत्केरी महिला र असहाय व्यक्तिहरूको लागि ठूलो सेवा पुगेको प्रतिक्रिया पाएका छौं। नर्स तथा महिला स्वास्थ्य स्वयमसेविकाहरू घरदैलो गई तथ्याङ्क सङ्कलन गर्दा नगरवासीहरूमा सबैभन्दा बढी उच्च रक्तचाप (प्रेसर), दोस्रोमा मधुमेह (सुगर) र तेस्रोमा दम रोग देखिएको छ। यसको अर्थ नसर्ने दीर्घरोगहरूबाट अधिकांश नगरवासीहरू पीडित भएको प्रस्ट हुन्छ।
- भनपा र तिलगंगा आँखा प्रतिष्ठानबीचको समन्वयमा च्याम्हासिंगमा सामुदायिक आँखा केन्द्र सञ्चालनमा छ। २०७५ चैत १५ गतेबाट मोतिबिन्दुको अप्रेसन भक्तपुरमै सुरु भयो। दैनिक ८०–९० जनासम्म आँखाका बिरामीहरूको उपचार हुने गरेको छ।
- २०७६ जेठ १ गतेबाट जनस्वास्थ्य केन्द्रमा २४ सै घण्टा एक्सरे सेवा, सामान्य शल्यक्रिया पनि सुरु भयो। यही वर्षदेखि अल्ट्रासाउन्ड सेवा, मानसिक रोग विशेषज्ञबाट परामर्श सेवा प्रदान गर्दै आएको छ भने आवश्यकताअनुसार सेवाहरू थपिँदै लगिने छ।
- जनस्वास्थ्य केन्द्रमा यही वर्षदेखि नगरपालिकाकै नाउँमा

फार्मेसी दर्ता गरी च्याम्हासिंग र भगवती स्थानमा नगरपालिकाकै जनशक्तिबाट औषधि पसल सञ्चालन सुरु भयो।

- नगरवासीहरूलाई सहज स्वास्थ्य उपचारमा पहुँच बढाउने ध्येयले वडा वडामा पाठेघर परीक्षण, चिनी रोग, मृगौला, उच्च रक्तचाप र आँखा शिविरहरू सञ्चालन हुँदै छन्।
- भनपा वडा नं. ९ मा जापान सरकारको सहयोगमा छाती पुनःस्थापना केन्द्र निर्माण जेठ २ गतेबाट भयो। ८ महिनाभित्र सम्पन्न गर्ने लक्ष्य रहेको उक्त भवनमा दमखोकी र श्वास प्रश्वासको विशेष तालिम सञ्चालन हुनेछ। नेपालमै पहिलोपटक स्थापना हुन गइरहेको उक्त केन्द्रले श्वासप्रश्वासको समस्या भएका बिरामी र ज्येष्ठ नागरिकहरूलाई सहयोग पुऱ्याउनेछ।
- आयुर्वेदिक सेवालाई निरन्तरता दिँदै आएकोमा कर्मचारी समायोजनपछि केही समस्या देखिएको छ।
- कडा रोग मस्तिष्कघात, मुटु रोग, क्यान्सर र मृगौला रोग लागेकाहरूलाई जनही रु. १०,००० का दरले नपाले आर्थिक सहयोग गर्दै आएको छ।
- २०७६ जेठ १ गतेबाट मुख्यमन्त्री जनता स्वास्थ्य परीक्षण कार्यक्रम भक्तपुरमा लागू भयो।
- अपाङ्गतासम्बन्धी परिचयपत्र वितरण गर्न वर्गीकरण गर्ने कार्य भइरहेको छ।

### ३) सरसफाइ

- भक्तपुर नगरलाई सरसफाइको उत्कृष्ट नगर बनाउन हामी जनप्रतिनिधिहरू क्रियाशील छौं। १५८ जना कर्मचारीमार्फत दैनिक सरसफाइ गर्दै आएकोमा २०७४ साउन १ गतेदेखि महिनाको २ दिन प्रत्येक महिनाको १ र १५ गते नियमित सरसफाइ गर्दै आएका छौं।
- २०७६ जेठ १ गतेबाट प्रत्येक वडामा १/१ वटा ट्राइसाइकलमार्फत छुट्टाछुट्टै दिन कुहिने र नकुहिने फोहर सङ्कलन सुरु भएको छ।
- यही महिनादेखि श्यानिटेसन शाखामा काम गर्ने सबै १५८ कर्मचारीहरूको नियमित र निःशुल्क स्वास्थ्य परीक्षणको व्यवस्था गरेका छौं।
- फोहर व्यवस्थापनको दीर्घकालीन समाधानको लागि विशेषज्ञहरूको टोली गठन गरी अध्ययन अनुसन्धान भइरहेको छ। प्रतिवेदन प्राप्त भएपछि त्यसलाई कार्यान्वयन गरिनेछ।
- नक्सापास गर्ने घरधनीहरूलाई सहुलियत दरमा कम्पोष्ट बिन वितरण गर्दै आएको छ।
- वातावरणलाई सफा र स्वच्छ बनाउन नगरको महत्त्वपूर्ण चौडा सडकहरूको दायाँ बायाँ रुखहरू रोप्ने काम गरिरहेका छौं।
- भनपा वडा नं. १ स्थित १०८ रोपनी जग्गाको संरक्षणसँगै वृक्षरोपण गरियो।

### ४) विकास निर्माण

- आर्थिक वर्ष २०७५/७६ भौतिक पूर्वाधार विकासतर्फ ६९ वटा र सम्पदा संरक्षणतर्फ २५ वटा गरी ९४ वटा नयाँ योजनाहरू सञ्चालन भएको र २०७४/७५ मा क्रमागत योजना ४७ र सम्पदा संरक्षणतर्फ २७ गरी जम्मा १६८ वटा योजना सञ्चालनमा रहेकोमा क्रमागत योजनाहरू ४४ वटा र नयाँ योजनाहरू ६१ वटा गरी १०५ वटा योजनाहरू सम्पन्न भए।
- क्रमागत योजनाको लागि रु. १४ करोड ५९ लाख १९ हजार ७१९ रूपैयाँ र चालू योजनाको लागि रु. ७ करोड ३३ लाख ७० हजार ७५४ रूपैयाँ गरी कुल रु. २१ करोड ९२ लाख ९० हजार ४७३ रूपैयाँ खर्च भइसकेको छ।
- भनपा वडा नं. १ को कार्यालय भवन, तलेजु आँग द्योः निर्माण सम्पन्न, भनपा वडा नं. ७ को गय् भिंद्यो पुल निर्माण, भैरवनाथको मन्दिर जीर्णोद्धार, भनपा ९ स्थित बहुउद्देश्यीय भवन, माहेश्वरी घाट निर्माण, भाज्या पोखरी सडकमा ढुङ्गा छाप्नेलगायतका योजनाहरू उल्लेखनीय छन्।

### ५) खेलकुद

- युवाहरूको शारीरिक र मानसिक विकासलाई ध्यानमा राख्दै भनपाको आयोजनामा २०७५ कार्तिक ११ गतेदेखि १७ गतेसम्म नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता सम्पन्न भयो। ९२ वटा विद्यालयमध्ये ६७ वटा विद्यालयले भाग लिएको उक्त प्रतियोगितामा १३ वटा खेल विधामा १८०० भन्दा बढी खेलाडीहरूले भाग लिए।
- २०४६ सालको जनआन्दोलनमा भक्तपुरबाट सहादत प्राप्त वीर सहिदहरूको सम्मानमा २०७५ फागुन ५ देखि ७ गतेसम्म अन्तरनगर कराँते प्रतियोगिता सम्पन्न भयो। प्रतियोगितामा देशभरका २२ वटा नगरपालिकाबाट खेलाडीहरू सहभागी भए।
- भक्तपुर नगरपालिकाले वडा-वडामा व्यायाम स्थल स्थापना गऱ्यो। ज्येष्ठ नागरिक, युवा सबै उमेर समूहका नागरिकहरूलाई यसले शारीरिक र मानसिक स्वास्थ्यको लागि फाइदा पुऱ्याउनेछ। ख्वप कलेज र ख्वप इन्जिनियरिङ कलेजमा पनि व्यायाम सामग्री पठाएका छौं। आवश्यकताअनुसार विद्यालयहरूमा पनि विस्तार गर्दै लगिने छ।
- भनपाले फूटबल, भलिबल, बक्सिङ, कराँते, टेबुलटेनिस गरी ५ वटा खेलको नियमित प्रशिक्षण दिँदै आएकोमा यो

वर्षदेखि जिम्नाष्टिक खेलको पनि तालिम सुरु गऱ्यो।

- खेलाडीहरूको मनोबल बढाउने उद्देश्यले भक्तपुर जिल्लाबाट वर्षको उत्कृष्ट खेल प्रदर्शन गर्ने खेलाडी, रेफ्रि र अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी भई मेडल जित्न सफल तथा सहभागीहरूलाई २०७६ वैशाख १३ गते सम्मान गरियो।
- नगरपालिका दिवसको अवसरमा जनप्रतिनिधि र कर्मचारीहरूबीच बेग्लाबेग्लै विभिन्न खेलको प्रतियोगिता भयो।
- विद्यालयहरूमा खेलाइने मार्चपास व्यवस्थित गराउने उद्देश्यले भक्तपुर नपाले यो वर्ष मार्चपास प्रतियोगिताको आयोजना गऱ्यो।
- वडा वडामा खेलकुद गतिविधिलाई अझ सक्रिय बनाउन प्रत्येक वडालाई रु. ७५,०००।- (पचहत्तर हजार रूपैयाँ) को खेलकुद सामग्री प्रदान गरियो।
- महिलाहरूको आत्मरक्षाको लागि विभिन्न स्थानमा तालिम सञ्चालन गरियो।
- खेलकुद नीतिअनुसार खेलकुद प्रतियोगिता आयोजना गर्ने टीम, क्लव वा सङ्घ संस्थाहरूलाई सहयोग गर्दै आएको छ। भनपा वडा नं. ४ वडा समितिको आयोजनामा राष्ट्रव्यापी आमन्त्रण कबड्डी-प्रतियोगिता, भनपा वडा नं. १ को आयोजनामा नगरस्तरीय ब्याडमिन्टन प्रतियोगिता, भनपा वडा नं. ९ को आयोजनामा भक्तपुर जिल्लाव्यापी पावर लिफ्टिङ प्रतियोगिता र भनपा वडा नं. ७ को आयोजनामा फुटसल प्रतियोगिताहरू सम्पन्न भए। त्यस्तै भनपा वडा नं. ६ ले युवाहरूलाई किक बक्सिङ खेलको प्रशिक्षण दिइरहेको छ।
- भनपा २ स्थित सहिद स्मृति खेलमैदान र भनपा ७ स्थित महेश्वरी खेल मैदानको सुधारको काम हुँदै छ।

### ६) खानेपानी

- खानेपानी भक्तपुरका जनताको प्रमुख समस्या हो। खानेपानी समस्यालाई ध्यानमा राखी भनपा २ सल्लाघारी, भनपा ७ गोल्मढी, भनपा ८ लिबाली र भनपा ९ तुमचो दुगुरे आवास योजनामा डीप बोरिङ गरी ती ठाउँहरूमा पानी ट्याङ्की निर्माणको कार्य भइरहेको र काठमाडौँ उपत्यका खानेपानी लिमिटेडले थुसाचामा डीप बोरिङ सुरु गरेको छ।
- नगरका ठाउँ-ठाउँमा पाइप बिग्रेर चुहावट भइरहेको हुँदा पाइप फेरेर वितरण प्रणालीमा सुधारका कार्यहरू हुँदै छ।
- भनपा वडा नं. १ भार्वाचोमा आकाशे पानी सङ्कलनको व्यवस्था मिलाइएको छ।

### ७. पर्यटन

- पर्यटन भक्तपुर नगरपालिकाको प्रमुख आयस्रोत हो। नगरपालिकाले पर्यटकहरूको सेवा सुविधाको लागि विभिन्न कार्यहरू गर्दै छ। आर्थिक वर्ष २०७५ साउन १ गतेदेखि २०७६ वैशाख मसान्तसम्म गैरसार्क पर्यटकहरू १,२९,८३० जना र सार्क तथा चिनियाँ पर्यटकहरू ९६,५४० जना गरी जम्मा २,२६,३७० जनाले भक्तपुर भ्रमण गरे। गत आर्थिक वर्षको सोही अवधिमा गैरसार्क पर्यटकहरू १,१६,६५७ जना र सार्क तथा चिनियाँ पर्यटकहरू ८१,१२८ जना गरी जम्मा १,९७,७८५ जनाले भक्तपुर भ्रमण गरेका थिए। यस आर्थिक वर्षमा गैरसार्क पर्यटकहरू १३,१७३ जना (११.२९) र सार्क तथा चिनियाँ पर्यटकहरू १५,४१२ (१९ प्रतिशत) जना गरी जम्मा २८,५८५ (१४.४५ प्रतिशत) जना पर्यटकहरू वृद्धि भएको छ।

### ८) कृषि

- क्षेत्रफलमा सानो नगर भए पनि बहुसङ्ख्यक जनता कृषि पेशामा संलग्न भएको हुँदा किसानहरूको हितलाई ध्यानमा राखेर भनपाले मौसमअनुसारको उन्नत जातको अन्न र तरकारीको बीउ वितरण गर्दै छ। प्रतिपरिवार आलु र गहुँ ५ केजी र धान ३ केजीका दरले निःशुल्क वितरण गर्दै छ।
- कृषि उत्पादकत्व वृद्धिको लागि माटो परीक्षण तालिम, विषाद-प्रयोगसम्बन्धी तालिम, गड्यौला मल उत्पादन, कौसी खेती, च्याउ खेतीलगायत बेमौसमी तरकारी खेतीको तालिम सम्पन्न गऱ्यो।
- कृषि चुन वितरण, गहुँ चुट्ने थ्रेसर वडा वडामा वितरण गर्नुका साथै भुस्याहा कुकुर व्यवस्थापन तथा छाडा वस्तु व्यवस्थापनको काम पनि नगरपालिकाले प्रहरी प्रशासन, ट्राफिकसँग समन्वयमा गर्दै छ।
- हाल ५ महिने कृषि तालिम सञ्चालन भइरहेको छ।

### ९) आवास योजना

- भक्तपुर नगरपालिकाद्वारा सञ्चालित भनपा वडा नं. ९ मा तुमचो दुगुरे आवास योजना हाल अन्तिम चरणमा पुगेको छ। आयोजना क्षेत्रलाई ८ वटा ब्लकमा विभाजन गरी अलग्ग-अलग्ग उपभोक्ता समिति गठन गरी कालोपत्रेको काम अन्तिम चरणमा पुगेको छ। भनपा र विद्युत् प्राधिकरणबीच सम्झौता गरी आयोजनाले ६० प्रतिशत र प्राधिकरणले ४० प्रतिशत व्यहोर्ने गरी ५ वटा ट्रान्सफर्मर जडान गरी विद्युतीकरणको काम सम्पन्न भइसकेको छ। जनप्रतिनिधि बहालीपछिको दुई वर्षमा सडक पीच, खानेपानी, ढलान कार्य, विद्युतलगायतका कार्यमा आयोजना क्षेत्रमा रु. १६ करोडभन्दा बढीको विकास निर्माण कार्य सम्पन्न भइसकेको छ र काम तीव्रगतिमा भइरहेको छ।
- भनपा वडा नं. २ मा सञ्चालित देको मिवा इटापाके

आवास योजनामा हाल तीव्रगतिमा निर्माणका कार्यहरू भइरहेका छन्। आयोजनाको ६ वटा ब्लकहरूमध्ये ३ वटा ब्लक (ब्लक ए, बी, सी) हरूको रिप्लटिङ कार्य अन्तिम चरणमा (करिब ८० प्रतिशत) पुगेको र आगामी आर्थिक वर्षको सुरुवातसँगै अस्थायी पुर्जा वितरणको प्रक्रिया अगाडि बढाइने तयारी छ।

- आयोजनाको ६ वटा ब्लकहरूमध्ये ब्लक ए, बी र सीमा सडकको रिटेनिङ वाल निर्माण कार्य अन्तिम चरणमा पुगेको र हालसम्म करिब १०.८ किमि लम्बाइ सडकका रिटेनिङ वाल (१९४०० घ.मि.) निर्माण कार्य सम्पन्न भइसकेको छ।
- ब्लक डी र ई मा स्थानीय उपभोक्ता समितिहरूमार्फत रिटेनिङ वाल निर्माण कार्य अगाडि बढाइएको छ। हालसम्म विभिन्न स्थानमा १४ वटा उपभोक्ता समितिहरूमार्फत रु. १३ करोड ४० लाख ३३ हजार लगत अनुमानको कार्य अगाडि बढिरहेको र थप रु. ३ करोड लागत अनुमानको रिटेनिङ वाल निर्माण कार्य सञ्चालन हुने क्रममा रहेको छ।

**१०) बजार अनुगमन**

- भक्तपुर नगरपालिकाले नगरवासीहरूको स्वास्थ्यसित प्रत्यक्ष सरोकार राख्ने औषधि पसल, खाद्य पसल, मासु पसल, होटल-रेष्टुरेन्ट, फलफूल पसल, दही, ब्युटी पार्लरलगायतमा नियमित अनुगमन गर्दै छ। अनुगमनको क्रममा अनुमतिबिना पसल खोलेको, नगरपालिकामा दर्ता नभएको, मिसावट र म्याद नाघेका, अखाद्य वस्तु वा औषधि फेला परेपछि पसल व्यवसाय दर्ता गराउने, सामान जफत गरी नस्ट गर्ने र त्यस्ता व्यापारीलाई आवश्यक कारबाही गर्ने तथा सरसफाइ, ढक-तराजुको निरीक्षण गर्दै आएको छ। जनताको स्वास्थ्यमाथि खेलबाड गर्ने व्यापारीहरूलाई कारबाही गर्नुका साथै कसुर हेरी सचेत पार्ने र दण्ड सजाय गर्दै आएको छ।

**११) नक्सा पास**

- यो आर्थिक वर्षमा जम्मा ६२९ वटा नक्सा दर्ता भएकोमा ५८५ वटा नक्सापास भए भने १३६ वटाले घर निर्माण सम्पन्न प्रमाणपत्र प्राप्त गरे।
- पुरानो सम्पदा क्षेत्रमा घर निर्माण गर्ने घरधनीहरूको लागि मौलिक शैलीमा घर निर्माण गरेमा मोहडामा लाग्ने ईँटा, झिङ्टी र काठको लागि लाग्ने खर्चको ३५ प्रतिशत अनुदानलाई निरन्तरता दिँदै छौं।
- अनियमित कार्यलाई नियन्त्रण गर्न नगरपालिकाले कारबाही गर्दै आएको र न्यायिक समितिमार्फत कानुनबमोजिम न्याय सम्पादन गर्दै आएको छ।

**१२) संस्कृति संरक्षण**

- हाम्रो संस्कृति नै हाम्रो पहिचान भएकोले संस्कृति संरक्षणको लागि भनपाले निरन्तर विभिन्न गतिविधिहरू गर्दैछ। गाईजात्रामा प्रदर्शित हुने नाटक, नृत्य, प्रहसन, घिन्ताङघिसीलाई प्रतियोगितात्मक मूल्याङ्कन गरी जात्रा व्यवस्थित र मर्यादित बनाउने कोसिस गर्दैछ।
- हरेक वर्ष एउटा सांस्कृतिक प्रतियोगिता गर्ने नीतिअनुसार यो वर्ष नगरव्यापी धाँ बाजा प्रतियोगिता सम्पन्न भयो। प्रतियोगितामा ३७ वटा धाँ बाजा समूहले भाग लिए। पुराना र नयाँ पुस्तालाई एउटै मञ्चमा उभ्याउन प्रतियोगिता सफल भयो। प्रतियोगिताले हाम्रो संस्कृति नयाँ पुस्तामा हस्तान्तरणको सन्देश पनि दियो।
- सांस्कृतिक संरक्षणमा निरन्तर लागेका संस्कृतिकर्मीहरूको योगदानको उच्च मूल्याङ्कन गरी प्रत्येक वडाका २-२ जना संस्कृतिकर्मीहरूलाई नगरपालिकाले सम्मान गर्‍यो।
- भक्तपुर नगरपालिकाले सांस्कृतिक माध्यमबाट मित्रता बढाउँदै जाने उद्देश्यअनुरूप सिन्धुपाल्चोक जिल्ला चौतारास्थित सिन्धु नेवाः खलको आग्रहमा भक्तपुरको सांस्कृतिक झाँकीहरू पठाई प्रदर्शन गरियो।
- भनपा वडा नं. १ स्थित भाज्या पोखरी जीर्णोद्धार हुँदै छ। सम्पदाको जीर्णोद्धारसँगै अध्ययन अनुसन्धानमा पनि हामीले जोड दिँदै छौं। भाज्या पुखु ३०० वर्ष पुरानो भनी अध्ययन गर्दै आएकोमा डा. पुरुषोत्तमलोचन श्रेष्ठको संयोजकत्वमा गठित प्राविधिक टोलीले सात महिनाको अध्ययन अनुसन्धानपछि ८०० वर्ष पुरानो भन्ने प्रतिवेदन बुझायो। पोखरी मौलिक स्वरूपमै जीर्णोद्धार गर्न अझ चुनौती थपिएको छ।
- भक्तपुरको अर्को महत्त्वपूर्ण रानीपोखरी पञ्चायतकालमा सेनाले आफ्नो नियन्त्रणमा लिएर सर्वसाधारणलाई प्रवेश निषेध गर्दै आएकोमा पोखरी जीर्ण र पोखरीसँगैको पाटी भग्नावशेषमा परिणत भइसकेको हुँदा जीर्णोद्धारको लागि हामीले निरन्तर पहल गर्‍यौं। नेपाली सेनासँगको सहमतिपछि पोखरीको नाप नक्सा गर्ने, अध्ययन, अनुसन्धान गरी मौलिक शैलीमै नगरपालिकाले निर्माण गर्ने, पोखरी सर्वसाधारण जनताको लागि खुला हुने भएको छ। सहमतिपश्चात् ख्वप इन्जिनियरिङ कलेजका प्राविधिकहरूबाट नाप नक्सा गरियो भने पोखरी जीर्णोद्धारको निम्ति प्रक्रिया अगाडि बढाउने क्रममा छौं।
- रानीपोखरीमा आउनेहरूको लागि सवारी साधन पार्किङको लागि रानीपोखरीको दक्षिणस्थित दूध चिस्यान केन्द्र

रहेको ठाउँ प्रयोग गर्ने र सिद्धपोखरीको उत्तर, भक्तपुर अस्पतालको पश्चिमतर्फको खेलमैदान सर्वसाधारण जनताको लागि निश्चित समय खुला हुनेछ ।

**१३) विभिन्न सीपमूलक तालिम सञ्चालन**

- भनपाले युवाहरूलाई लक्षित गरी विभिन्न सीपमूलक तालिम सञ्चालनमा जोड दिँदै छ । आर्थिक वर्ष २०७५/७६ मा चिनियाँ भाषा तालिम, नेपालभाषा लिपि, काष्ठकला, हेयर कटिङ, पाक शिक्षा, बेमौसम-खेती, रेडियो प्रस्तोता, सिलाइ, स्थानीय पथप्रदर्शक तालिम सम्पन्न भए भने प्रस्तरकला, धातुकला, फोटोग्राफीसम्बन्धी तालिमको तयारी भइरहेको छ ।
- यस अवधिमा नगरभित्र सञ्चालित सहकारी संस्थाका प्रतिनिधिहरूलाई पर्ल्ससम्बन्धी तालिम सञ्चालन तथा सहकारी अनुगमन गर्दै आएको तथा नगरपालिकाका कर्मचारीहरूलाई लेखासम्बन्धी पुनःताजगी तालिम पनि सम्पन्न गरियो ।

**१४) सञ्चारमा भनपा**

- इमानदारिता र पारदर्शितालाई जनप्रतिनिधिहरूले ध्यानमा राख्दै नगरपालिकाका हरेक गतिविधि, आय-व्यय सबै नागरिकहरूसमक्ष समयमै जानकारी दिँदै आएको छ । भनपाले मासिक प्रकाशन 'भक्तपुर', पाक्षिक प्रकाशन नेपालभाषाको 'ख्वप पौ', रेडियो कार्यक्रम ख्वप सः हप्ताको २ दिन (२ घण्टा) सञ्चालन गर्दै आएको फेस बुक पेज, भक्तपुर खबर डट कम र नगरपालिकाको राजपत्र नियमित प्रकाशन गर्दै आएको छ ।
- समयअनुसार नगरपालिकाको गतिविधि छिटोछरितो प्रसारणको लागि फेसबुक पेज (भक्तपुर म्युनिसिपालिटि), मोबाइल एप्स, अडियो नोटिस र वेभसाइटमार्फत भइरहेका छन् भने दिनहुँ आउने आन्तरिक र बाह्य पर्यटकहरूको सुविधालाई ध्यानमा राखेर टौमढी, दरबार क्षेत्र, दत्तात्रय क्षेत्र, भनपा १ स्थित अस्पताल क्षेत्रमा फ्रि वाइफाइको प्रक्रिया अगाडि बढेको छ भने नपा भवन क्षेत्रमा भने प्रारम्भ भइसकेको छ ।

**१५) भूकम्पपछिको पुनःनिर्माण र सम्पदा संरक्षण**

- २०७२ को भूकम्पबाट भक्तपुर नगरमा ८ हजार घर र ११५ भन्दा बढी सम्पदा भत्केकोमा सम्पदा पुनःनिर्माण र निजी आवास निर्माणलाई हामीले चुनौतीको रूपमा लियौं ।
- सम्पदा निर्माण तीव्रगतिमा अगाडि बढ्यो । भूकम्पबाट क्षतिग्रस्त सम्पदाहरूमध्ये हालसम्ममा १७ वटा मन्दिर, ३४ वटा पाटी, ४ वटा द्योःछेँ, २ वटा प्रवेशद्वार, ५ वटा पोखरी, ५ वटा इनार, ६ वटा सत्तल, ५ वटा ढुङ्गेधारा र अन्य ५ गरी ८३ वटा सम्पदाहरूको पुनःनिर्माण तथा जीर्णोद्धार सम्पन्न भइसके भने ३२ वटा निर्माणाधीन छन् ।
- निजी घरतर्फ ७६१९ लाभग्राही सूचीमा देखिए पनि पहिलो किस्ता लिनेहरूको सङ्ख्या ५५३०, दोस्रो किस्ता लिनेहरू १७०३ र तेस्रो किस्ता लिनेहरूको सङ्ख्या १४६० छन् ।
- भूकम्पपछि लामो समय घर निर्माण गर्न नसक्नुमा किस्ताबन्दीमा रकम उपलब्ध गराउनु, बहुस्वामित्व, मुद्दा मामिला, घरधनीको नाउँमा पुर्जा नहुनु र मोहियानी तथा गुठी जग्गामा घर निर्माण गरेर बस्नु हो । यसको लागि अनुदान रकम बढाउनुपर्ने, एकमुस्त दिनुपर्ने, जग्गाधनी पुर्जा नभए पनि घर भत्केको प्रमाणको आधारमा अनुदान दिनुपर्ने माग गर्दै आएका छौं ।

**१६) पर्ती जग्गा संरक्षण**

भनपा वडा नं. १ सल्लाघारीमा ७ रोपनी र भनपा वडा नं. १० कमलविनायकमा ८ रोपनी जग्गा संरक्षणको काम भइरहेको छ । त्यसैगरी नेपाल सरकार र नेपाल ट्रष्टको नाउँमा रहेको सल्लाघारीको १०८ रोपनी जग्गाको संरक्षण पनि ट्रष्टसँग समन्वय गरी निर्माण कार्य चालू छ । भनपाभित्र पर्ती र सरकारी जग्गा संरक्षणलाई निरन्तरता दिँदै जानेछ ।

**१७) बिस्का जात्रामा भनपा**

भक्तपुरको प्रसिद्ध बिस्का जात्रालाई शान्तिपूर्णरूपमा सम्पन्न गर्न नगर प्रमुखको संयोजकत्वमा जात्रा व्यवस्थापन समिति गठन गरी पहल गरियो । अव्यवस्थित र छरपस्टरूपमा रहेका तार र लठ्ठाहरू व्यवस्थित गरियो भने भार्वाचोदेखि दत्तात्रयसम्म सीसी क्यामेरा जडान गरियो । जिल्ला प्रशासन र कार्यालय प्रमुखहरू तथा स्थानीय जनताको सहयोगमा विगतका वर्षहरूभन्दा यो वर्षको जात्रा शान्तिपूर्ण रूपमा सम्पन्न भएको प्रतिक्रिया प्राप्त भयो । जनप्रतिनिधिहरूको अगुवाइमा टोलटोलमा पनि शान्तिपूर्णरूपमा जात्राहरू सम्पन्न भए ।

अन्त्यमा, जनताको अपार माया पाएर नेपाल मजदुर किसान पार्टीको तर्फबाट दुई वर्षअघि हामी निर्वाचित भयौं । सपथग्रहण गरेकै दिनबाट हामी जनप्रतिनिधिहरू जनताको सेवामा समर्पित भएर लाग्यौं । हरेक महत्त्वपूर्ण कार्यमा जनताको राय, सल्लाह लिने र जनताबाट प्राप्त सल्लाहअनुसार जनताकै सेवामा काम गर्दै छौं । नगरपालिकाको हरेक गतिविधिमा निरन्तर साथ र सहयोग गर्ने सम्पूर्ण जनसमुदायमा नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

*(भक्तपुर नगरपालिकामा हालका जनप्रतिनिधिको पदबहाल-भएको दुई वर्ष पुगेको अवसरमा जेठ ७ गते आयोजित कार्यक्रममा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिद्वारा व्यक्त मन्तव्य)*

# सरकारले उपत्यकाको संस्कृति मास्ने प्रपञ्च गर्दै छ

देशको निम्ति आफ्नो जीवन उत्सर्ग गर्नुहुने शहीदहरू प्रति सम्मान व्यक्त गर्दछु ।

भक्तपुर नगर एक ऐतिहासिक/सम्पदाहरूको नगर 'जीवन्त नगर' को रूपमा सुपरिचित नगर हो र यस नगरलाई 'स्वर्गको टुक्राको' उपनामले पनि चिनिने गरेको हामीले पाएका छौं । भने पछि यस्तो विशिष्टटाको परिचय बोकेको नगरका नगरवासी हुनुमा हामी सबै गौरवान्वित छौं र यो हाम्रो गौरवलाई जोगाई राख्ने मुख्य उद्देश्य एंव लक्षका साथ नेपाल मजदुर किसान पार्टीको मार्ग निर्देशनलाई आत्मसात गरी हामी लागिरहेका छौं/लागिरहने छौं/हामीले यहाँहरूसाम् राखेका वाचाहरूलाई पूरा गर्न सम्पूर्ण जनप्रतिनिधिहरू यहाँहरूसँगै हातेमालो गर्दै अगाडी बढिरहेको यहाँहरूमा विदितै छ साथै यस अवधिमा भए गरेका उपलब्धिहरूलाई आत्मासाथ गरिरहेका छौं । किनभने हामीले हाम्रा नगरवासीहरू/हामी जनप्रतिनिधिहरू र कर्मचारी प्रशासन एउटा बलियो र उत्कृष्ट नगरका तीन खम्बाका रूपमा लिएका छौं र यसै कारणले यो उपलब्धि भएको हामीले महसुस गरेका छौं । बाँकी कार्यकाललगायत नयाँ पुस्ताहरूसँग पनि हामीले यसरी नै विधि र विधानमा टेकेर हाम्रो यस नगरलाई देशकै उत्कृष्ट र अनुकरणीय नगर बनाउने प्रण गरौं ।

भ.न.पा. नेपालकै सानो नगरपालिका हो र ६.८८ वर्ग कि.मी. क्षेत्रभित्र रहेको र देशकै बढी जनघनत्व भएको नगर हो । यसर्थ हामीले हाम्रा पूर्खाद्वारा रचिएका संरचनाहरू/हाम्रा कला/संस्कृतिलाई संरक्षण र संवर्द्धन गरी नयाँ पुस्तामा हस्तान्तरण गर्दै जानु हाम्रो कर्तव्य ठानेका छौं । हाम्रो यो नगर हाम्रा पूर्वजहरूले त्यसै बेला एउटा उत्कृष्ट/समृद्ध सभ्य नगरको रूपमा विकास भइसकेका थिए भन्ने कुरा हाम्रो कला संस्कृतिबाट प्रमाणित हुन्छ । यस्ता नगरलाई आजभोलि आधुनिक समाजले स्मार्ट सिटी भन्न रुचाउँछन् भने यसलाई हामी सु-संस्कृत नगर भन्छौं । हो, उपत्यकाका हाम्रा सबै नगरहरू १२ औं शताब्दीदेखि नै स्मार्ट सिटी थिए र हालसम्म पनि हामीले विशेष गरी भक्तपुरका जनता गौरवमय नगरमा जीवन व्यतित गर्ने सुअवसर पाइरहेका छौं । यस्ता अवसर हामी पछिका पुस्ताहरूले पनि व्यतित गर्न पाउने उनीहरूको हकलाई हामीले कदापी बञ्चित हुन नदिन हाम्रो समाजले हाम्रो धर्म, नीतिनियम, कानून, कला, संस्कृतिलाई अंगिकार गर्दै हाम्रो कला/संस्कृति रितिरिवाजको माध्यमबाट नयाँ पुस्तामा पुस्तान्तरण गर्दै अझ विज्ञान र प्रविधिसँग पनि जोडेर हाम्रो समाज र समाजका हरेक अवयवहरूलाई आजको यथास्थितिमा बचाइराख्नु हाम्रो एक मात्र कर्तव्य भएकोले




उपप्रमुख-रजनी जोशी

हामी सबैजना यस कार्यमा लाग्न हाम्रो जोड रहने छ । यति मात्र नभई भक्तपुर विश्व सम्पदा क्षेत्रमा भएको कारणले यो विश्वमा पूर्विय सभ्यताका महत्त्व बोकेको कारणले पनि हामीले यसलाई जोगाइराख्नु अति नै जरुरी छ । साथसाथै भ.न.पा. ले यस कला र सम्पदाको नगरको माध्यमबाट विश्वका पर्यटकहरूलाई आकर्षण गर्न हाम्रो नगर पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास हुँदै गरेको यहाँहरूले महसुस गरिरहनुभएको नै होला ।

यसरी हामीले लिएको लक्ष्यअनुसार आर्थिक आधारको रूपमा पर्यटकका गन्तव्यस्थलका रूपमा विकास गरी नगरवासीको आयश्रोत उकास्न सकिनेछ र यहाँ अन्य प्राकृतिक श्रोतको अभावका कारण यही एक मात्र विकल्पको रूपमा हामीले पहिल्याउनुपर्दछ । यसको निन्ति हामीले शिक्षालगायत प्रविधिको प्रयोग गर्नुपर्ने हुन्छ । यसको आवश्यकतालाई मध्यनजर गर्दै नेमकिपाले वि.सं. २०५६ सालबाट शिक्षाको माध्यमबाट स्थानीय बुद्धिजीवी एवं विज्ञहरू उत्पादन गर्ने कामको थालनी भयो र 'एक घर एक स्नातक' बाट सुरु भएको यो शिक्षा अभियान आजको दिनसम्म आउँदा धेरै विज्ञहरू पनि पाइसकेका छौं र हामीले यसबाट नगर विकासमा टेवा पुगिरहेको महसुस गरेका छौं । यसर्थ हामीले हाम्रा यी गौरवशाली धरोहरलाई अध्ययन, अनुसन्धान र अन्वेषणको माध्यमबाट परम्परागत शैलीलाई कायम राखी मौलिक/प्रविधि, स्थानीय निर्माण सामग्री र कालीगढबाटै सकेसम्म जस्ताको तस्तै नयाँ पुस्तामा पुस्तान्तरण गर्ने र नवनिर्माणमा पनि यही किसिमले योजना बनाएर अघि बढिरहेका छौं ।

२०७५ साल माघ २६ गते अन्नपूर्ण पोष्टमा प्रकाशित मोहन बन्जाडेज्यूको सटिक भनाइ सापटी लिंदै 'कुनै देशले युद्धमा पराजित भई भूमि गुमाए अर्को पुस्ताले युद्ध गरेर पनि

फिर्ता लिन सक्छ । तर कुनै मुलुक सांस्कृतिक रूपमा समाप्त गरिए त्यो पराजय सँधैको लागि खतरा हुन्छ ।' वहाँले अगाडि लेख्नुभएको छ– 'मुलुकलाई सांस्कृतिक रूपमा आक्रमण गर्दा त्यो मुलुकमा धर्म, परम्परा, संस्कार, प्रचलन, व्यापार, भाषा, गीत, संगीत, कला, संस्कृति, सामाजिक सद्भावका शूत्रलाई विस्थापित नै गर्ने/भत्काउने/कमजोर पार्ने/भ्रमित गर्ने वा कुण्ठित बनाउनेमध्ये जे र जति सक्यो त्यति गरिन्छ । यस्तो सांस्कृतिक पतन गराउन अवस्थाअनुसार भय लोभ र लालच देखाइन्छ ।' पक्कै पनि यो नै आज हामीले भोग्दै गरेको कटु सत्य यहाँहरू सामु राखें किनभने आजभोलि आधुनिकताको नाउँमा काठमाडौं उपत्यकाको हाम्रा बस्ती धरोहर मास्ने अर्थात् "सांस्कृतिक आक्रमण" गर्ने उद्देश्यले उपत्यको चार कुना जसलाई धर्मको नाममा भ्रम छर्दै वास्तुशास्त्रको आधारमा चार वटा स्मार्ट सिटी निर्माण गर्ने भनिए अनुसार उपत्यकामा बाँकी रहेका जग्गाहरू धमाधम अधिग्रहण गरिंदैछ । स्थानीय जनताहरूलाई उठीबास गरिंदैछ । के नेपाल काठमाडौं उपत्यकामा मात्र हो ? के देशका अन्य स्थानका बासिन्दाहरू आ–आफ्नो स्थानहरू विकास भएको हेर्न नचाहेको हो ? होइन यो एउटा उपत्यकाको संस्कृति मास्ने प्रपञ्च हो/हस्तक्षेप हो । किनभने नेपालमा अन्य ठाउँहरूको पनि आ–आफ्नै गौरवशाली कला संस्कृतिहरू छन् र त हामी विश्वभर प्रकृति/कला संस्कृति/भाषामा विविधताको देश भनेर चिन्दछौं । सरकारले नेपालका सबै जनतालाई एउटै खाल्डोमा कोचेर केन्द्रीय तवरले रजाइँ गरी आफ्नो स्वार्थ पूरा गर्न खोजिंदैछ भने जनताले आभास गरिरहेका छन् । ।

कुनै शहरलाई SMART बनाउन स्थानीय जनताले ग्रहण गर्न सकिने हुनुपर्दछ । त्यस शहर एउटा स्वस्थ्य शरीरलाई आवश्यक पर्ने कुराहरू जस्तै स्वच्छ हावा (दम, खोकीका रोगीहरू बढिरहेको)/सफा पानी (पिउने पानी नभएर जनता आक्रान्त बनिरहेको)/बाटो घाटो (अव्यवस्थित बाटोघाटो/दुर्घटना बढिरहेको/ढलमा बालबालिका बगेर मृत्यु भएको) सहितको समाजको लागि आवश्यक संरचनाहरू, नगरवासीहरूका लागि सुविधायुक्त घरहरू अनि आम नागरिकले सुरक्षित महसुस गर्न सकिने नगर हुनुपर्दछ । तर हाम्रो देशमा दैनिक दम/खोकीका रोगी/पानीको हाहाकार/बाटोघाटोको दुरावस्था छ । काठमाडौं उपत्यकाले यी भएका र बन्दै गरेका थप चार स्मार्ट सिटी ठेग्न सक्छन् त ? भएका नगरहरूको व्यवस्थापन गर्नुपर्ने होइन र ? स्मार्ट सिटीको नाउँमा उपत्यकाका पुराना नगरहरू जोडेर अन्ततोगत्वा (Megha city / Metropolytan city) बनाउने नियतले यो योजना अगाडि ल्याइएको उपत्यकाबासीको बुझाइ रहेको र उपत्यकालाई Manila/Delhi जस्ता अस्तव्यस्त नगर बनाउन लागिएको पनि जनताको धारणा रहेको छ । स्मार्ट सिटी अवधारणा आफैमा राम्रो अवधारणा हो तर प्रश्न, किन काठमाडौं उपत्यकामा मात्रै बनाउने ? समाधानका उपाय र स्थान धेरै हुन सक्छ, जसरी मध्यकालिन समयमा भक्तपुरको Sattelite Town को रूपमा बनेपा/धुलिखेल/खड्पु/पनौती भने जस्तै ललितपुरको बुङ्मति/खोकना/लुभु आदि हुन र आजको अवस्थामा विकेन्द्रीकरणको सिद्धान्तअनुसार ठूला Satelite Town उपत्यका बाहिर राख्न सकिन्छ । सँगसँगै हामी सामु उभिएको एउटा ठूलो प्रश्न के हो भने हामी नेपालीहरू यस्ता नगर योजना एवं निर्माण गर्न सक्षम छैनौं ? के हामीले जे गर्न पनि विदेशीहरूकै मूख ताक्नुपर्ने हो ? हाम्रा विषय विज्ञहरू आफ्नो देशमा काम नभएर Braindrain हुन बाध्य छन् । हाम्रा नयाँ जोश–जाँगर बोकेर आ–आफ्ना विषयमा विज्ञता हासिल गरिरहेका नागरिकबाट यी र यस्ता कामहरू गराउँदा अझ यस्ता कामहरूमा नेपालीपन झल्कन सक्छ, होइन भने हामीले सामाजिक सञ्जालमा देखेझैं अमेरिकामा एउटा पार्कमा ईन्द्रजात्रामा कुमारीको रथ तानेर मनाएझैं यी शहरका बासिन्दाहरूले पनि आफ्नै देशमा विदेशमा जात्रा मनाएझैं/मौलिकताविहीन भएर Mechanised life बिताउनु पर्ने हुन्छ । हाम्रो पहिचान मेटिनेछ । अनि हाम्रा नयाँ पुस्तालाई हामीले हामी उपत्यकावासीको चिनारी दिन पुस्तक/video clips बाहेक केही रहने छैन । यसमा हामी सम्पूर्ण उपत्यकावासीहरू सचेत र सजग हुनु अति जरुरी भइसकेको छ यसका लागि उपत्यका बासीको आवाज बुलन्द हुनु जरुरी छ । हाम्रो सम्पदा, धरोहरलाई जोगाई सबैभन्दा पहिले उपत्यकामा हाल भएको जनसंख्यालाई व्यवस्थित गर्न, अत्यावश्यक सुविधा, सुरक्षा दिनु नै बुद्धिमानी हुनेछ ।

अन्तमा हामी जनप्रतिनिधिहरूले यहाँहरूका साथमा भनपाले "सय वर्षपछिको भक्तपुर पुस्तकमा–श्रद्धेय नारायणमान बिजुक्छें (रोहित) ज्यूले भन्नुभएझैं भक्तपुर लाई 'उत्सवको सहर/वर्षभरी चाडको नगर' साथसाथै ज्ञान विज्ञानको केन्द्र बनाउन भ.न.पा. अधि बढ्नेछ र यसलाई निरन्तर रूपमा अघिबढाउन प्रणाली/System बनाउँदै जानेछौं र यस सय वर्षपछिको भक्तपुरको परिकल्पनालाई पूरा गर्न हामी सबै लाग्न सकेमा अवश्य पनि भ.पु. लाई साँस्कृतिक नगर घोषणा गरी ज्ञानविज्ञानको केन्द्र बनाउन सकिनेछ र हामी नगरका सभ्य/सु–संस्कृत र सुरक्षित नगरबासीको रूपमा सुपरिचित हुनेछौं । हाम्रो पहिचान बन्नेछ ।

*(भक्तपुर नगरपालिकामा हालका जनप्रतिनिधिको पदबहाली भएको दुई वर्ष पुगेको अवसरमा जेठ ७ गते आयोजित कार्यक्रममा भक्तपुर नपाका उप–प्रमुख रजनी जोशीद्वारा व्यक्त मन्तव्य)*

# भक्तपुरको रानी पोखरी सरसफाइ

भक्तपुर नगरपालिका वडा नं. १ मा अवस्थित भक्तपुरको ऐतिहासिक रानीपोखरी परिसर भक्तपुर नपाले जेठ १५ गते सरसफाइ गऱ्यो। भक्तपुर नपाले पोखरीको सरसफाइसँगै उपभोक्ता समितिमार्फत जीर्णोद्धार गर्ने भएको छ।



सांसद प्रेम सुवाल कार्यक्रममा बोल्नुहुँदै

भक्तपुर नपा र नेपाली सेनाबीच विभिन्न चरणमा भएको छलफलपश्चात पोखरी सर्वसाधारणको लागि पनि खुला गर्ने भएको हो। सिद्धपोखरीको उत्तरतर्फको खेलमैदान पनि स्थानीयको लागि खेलकुद प्रयोजनको निम्ति खुला गर्ने सहमति भइसकेको छ।

पाक्षिक सरसफाइ कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवम् संघीय सांसद प्रेम सुवालले देशैभरि सार्वजनिक जग्गा अतिक्रमण भइरहेको समयमा भक्तपुर नपाले सेनासँगको छलफलबाट ऐतिहासिक पोखरीमा सर्वसाधारणको पहुँच दिलाउन गरेको प्रयास सराहनीय भएको बताउनुभयो।

उहाँले बालुवाटार र टुँडीखेल जस्ता सार्वजनिक जग्गासमेत व्यक्तिको नाममा दर्ता र बिक्री वितरण हुनुमा शासक दल नै जिम्मेवार भएको बताउनुभयो।

पूर्खाको सम्पत्तिलाई मौलिक स्वरूपमै जीर्णोद्धार गरी नयाँ पुस्तामा हस्तान्तरण गर्नु आवश्यक भएको बताउनुहुँदै सांसद सुवालले सहरी क्षेत्रका खुला ठाउँको संरक्षणमा सम्बन्धित निकायको ध्यान जान आवश्यक भएको बताउनुभयो।

भक्तपुरको सल्लाघारी क्षेत्रलाई सांस्कृतिक र खुला क्षेत्र कायम गर्न संसदमा पटक-पटक ध्यानाकर्षण गरेको प्रसङ्ग कोट्याउनुहुँदै उहाँले सल्लाघारी क्षेत्र ऐतिहासिक रूपमा महत्त्वपूर्ण भएको र यसको संरक्षणमा नगरपालिकाले पहल गर्नु यथोचित हुने बताउनुभयो।

भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले सेनासँग भएको सकारात्मक छलफलपश्चात नगरपालिकाले जनताको साथ र सहयोगमा पोखरीको पुन:निर्माण र जीर्णोद्धार कार्यलाई अगाडि बढाएको बताउनुभयो। रानीपोखरीको नाप-नक्सा र डिजाइन गरी उपभोक्ता समिति गठन गरी विज्ञ र इतिहासविद्हरूको सल्लाहबमोजिम मौलिक स्वरूपमै निर्माण कार्य अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो।

पोखरीको ऐतिहासिकता जोगाउन विज्ञहरूको टोली गठन गरी अध्ययन-अनुसन्धानलाई जोड दिने बताउनुहुँदै प्रमुख प्रजापतिले रानी पोखरी सर्वसाधारणको पहुँचमा हुनु सबैको लागि खुशीको विषय भएको बताउनुभयो।

कार्यक्रममा रानी पोखरी पुन:निर्माण उपभोक्ता समितिका अध्यक्ष श्यामसुन्दर बाटी र वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले पनि बोल्नुभएको थियो।



सरसफाइ कार्यक्रममा नपाका जनप्रतिनिधि, कर्मचारी, वडाबासी, विभिन्न शैक्षिक संघ-संस्थाजस्तै सैनिक आवासीय महाविद्यालय, अक्सफोर्ड स्कूल, लिटिल वर्ल्ड, सूर्यविनायक इ. स्कूल, राजश्री गुरुकुल, गणेश मावि, बागेश्वरी मावि, ख्वप कलेज, ख्वप इन्जिनियरिङ कलेज, न:पली सृजना सेवासमाज महिला उपसमिति, सशस्त्र प्रहरी, १ वडा खेलकुद समितिलगायतको सहभागिता थियो।

# भनपा प्रमुखबाट विद्यालय अनुगमन

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भनपा–१ स्थित गणेश मा.वि. र भनपा–३ स्थित मेधा मा.वि.को जेठ १४ गते अनुगमन गर्नुभयो। अनुगमनको क्रममा गणेश मा.वि.मा निर्माणाधीन विद्यालय भवनको निरीक्षण गर्नुभयो र प्रधानाध्यापक र शिक्षक–शिक्षिकाहरूसँग विद्यालयको



शैक्षिक र भौतिक अवस्थाबारे बुझ्नुभयो।

अनुगमनकै क्रममा तेखापुखुस्थित मेधा माविमा निरीक्षण गर्नुहुँदै प्र.अ. गंगाधर हाडासँग विद्यालयको शैक्षिक प्रगति सम्बन्धी बुझ्नुभयो। निरीक्षणको क्रममा प्रमुख प्रजापतिले प्र.अ.सँग विद्यालयको शैक्षिक स्थिति राम्रो भएको, भवनको छाना आधुनिक देखिएकोले नियमानुसार गर्नुपर्ने र स्थानीय पाठ्यक्रम प्रभावकारी रूपमा अध्ययन अध्यापन गराउनुपर्ने विषयमा सुझाव दिनुभयो। प्रमुख प्रजापतिले मेधा मा.वि.को तपालाछिस्थित पुरानो भवनको पुन:निर्माण



सम्बन्धी बुझ्न स्थलगत अवलोकन गरी भवनको भौतिक स्थितिबारे बुझ्नुभयो र भवन निर्माणको लागि नपाबाट सक्दो सहयोग गर्ने बताउनुभयो। अनुगमनमा भनपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री पनि सहभागि थियो।



भक्तपुर नगरपालिका वडा नं. ९ मा ज्येष्ठ नागरिकहरूलाई नि:शुल्क स्वास्थ्य बिमा गरिँदै

# संघीय संसदीय टोलीद्वारा भनपा प्रमुखसँग भेट

प्रतिनिधि सभा अन्तर्राष्ट्रिय सम्बन्ध समितिको संस्कृति, सम्पदा अनुगमन उपसमितिका संयोजक माननीय सुजिता शाक्यको नेतृत्वमा आएको एक प्रतिनिधि मण्डलले भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग जेठ १४ गते भेट गऱ्यो ।



भेटमा प्रमुख प्रजापतिले भक्तपुरका ऐतिहासिक र सांस्कृतिक सम्पदाहरू मौलिक शैली र सीपमा उपभोक्ता समितिमार्फत स्थानीय जनशक्ति परिचालन गरी संरक्षण गरिरहेको बताउनुभयो । उहाँले अमूर्त सम्पदा संरक्षणार्थ विभिन्न सांस्कृतिक बाजागाजा र नाचगानको प्रतिस्पर्धा र प्रतियोगिता सञ्चालन गरी आर्थिक र भौतिक सहयोग प्रदान गर्दै अगाडि बढिरहेको जानकारी गराउनुभयो । उहाँले भक्तपुरलाई शिक्षा, संस्कृति र ज्ञान विज्ञानको केन्द्र बनाउने उद्देश्यका साथ शिशुस्याहारदेखि ७ वटा कलेजहरू सञ्चालन गरिरहेको र सरकारबाट अनुमति प्राप्त भएपछि विश्वविद्यालय सञ्चालन गर्ने योजना रहेको बताउनुभयो ।

प्रमुख प्रजापतिले नगरबासीहरूलाई स्वास्थ्य सेवा प्रदान गर्न घर-घरमा नर्सिङ सेवा, ३ वटा जनस्वास्थ्य केन्द्र, १ वटा आँखा अस्पताल सञ्चालन गरिरहेको जानकारी गराउनुहुँदै १०० शैय्याको ख्वप अस्पताल निर्माण भइरहेको अवगत गराउनुभयो ।

उहाँले २०७२ सालको विनाशकारी भूकम्पबाट भक्तपुर नगर क्षेत्रमा ११५ वटा सम्पदाहरूमा पूर्ण रूपमा क्षति पुगेकोमा ८३ वटा सम्पदाहरू पुनर्निर्माण भइसकेको र ३२ वटा सम्पदाहरू निर्माणाधीन रहेको बताउनुभयो । उहाँले



सम्पदा संरक्षण र विकास निर्माणको लागि विदेशीको सहयोगलाई भन्दा सरकारमार्फत नै स्थानीय तहहरूलाई आर्थिक सहयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

संस्कृति, सम्पदा अनुगमन उपसमितिका संयोजक शाक्यले काठमाडौं उपत्यकाका विश्व सम्पदा क्षेत्रहरूको अनुगमनको क्रममा विभिन्न स्थानहरूमा अस्तव्यस्त रहेको जानकारी गराउनुहुँदै भक्तपुर नगर क्षेत्रमा व्यवस्थित ढंगले श्रोत र साधनको उचित प्रयोग गरी पुनःनिर्माण भइरहेकोमा खुसी व्यक्त गर्नुभयो । उहाँले सांस्कृतिक सम्पदा संरक्षणको लागि संसदीय उपसमितिबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

समसामयिक राजनीतिक विषयमा समेत छलफल भएको भेटमा उपसमितिका सदस्यहरू माननीय बोधमाया यादव र सरला यादव, भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, ९ नं. वडाध्यक्ष रविन्द्र ज्याख्व, स्मारक संरक्षण दरबार हेरचाह अड्डा, भक्तपुरका प्रमुख मोहनसिं लामा र क्रान्ति विक्रम कायष्ठको पनि उपस्थिति रहेको थियो ।


## आवागमनमा अवरोध नपुऱ्याउन अनुरोध

सडक बाटोको दायाँबायाँ पेटी र फुटपाथमा समेत पसलको सामान, डण्डी, रोडा, बालुवा, निर्माण सामग्रीलगायत अन्य सामानहरू राख्ने गरेको र सवारी साधनहरू समेत रोक्ने/पार्किङ्ग गर्ने कार्यले आवागनमा अवरोध भएको र वातावरण प्रदुषणका साथै दुर्घटनासमेत हुने गरेकोले त्यसरी सामान नराख्न र सवारी साधन पार्किङ्ग नगरिदिनुहुन सम्बन्धित नगरवासी, उद्योगी-व्यवसायी तथा सवारी धनी र चालकहरूमा भक्तपुर नगरपालिका अनुरोध गर्दछ ।

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

# भक्तपुर नपाद्वारा सञ्चालित चिनियाँ भाषा, नेपालभाषा र सिलाइ तालिमको प्रमाणपत्र वितरण

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले चिनियाँ भाषाप्रति संसारभरिका जनताको लगाव बढिरहेको र चीनको उदयसँगै चिनियाँ भाषाको पनि सान्दर्भिकता बढिरहेको बताउनुभयो।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित चिनियाँ भाषा, नेपालभाषा र सिलाइ तालिमको प्रमाणपत्र वितरण कार्यक्रममा जेठ १४ गते बोल्नुहुँदै प्रमुख प्रजापतिले नेपाल



मजदुर किसान पार्टीले पञ्चायतकालदेखि नै समाज परिवर्तनको निम्ति संघर्ष गरिरहेको बताउनुभयो।

नगरपालिकाद्वारा सञ्चालित विभिन्न तालिमहरूले युवाहरूलाई आत्मनिर्भर बनाउन मद्दत पुग्ने विश्वास व्यक्त गर्नुहुँदै प्रमुख प्रजापतिले पुँजीवादी व्यवस्थामा पद र पैसाको निम्ति हानथाप हुने बताउनुभयो।

युवाहरूमा विभिन्न प्रकारका विकृति बढिरहेको प्रसङ्ग कोट्याउनुहुँदै उहाँले नगरपालिकाले आर्थिक कारणले पढाईबाट विद्यार्थी बिमुख हुन नदिन सहुलियत ब्याजदरमा रु. ५ लाखसम्मको शैक्षिक ऋणको व्यवस्था गरिरहेको बताउनुभयो। उहाँले युवाहरूलाई राजनैतिक परिवर्तनमा भूमिका खेली समाजको निम्ति योगदान गर्न प्रेरित हुनुपर्ने बताउनुभयो।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले नगरबासी युवा पुस्ताको हातमा सीप दिने उद्देश्यले नगरपालिकाले विभिन्न तालिमहरू सञ्चालन गरिरहेको बताउनुहुँदै भक्तपुरलाई ज्ञान-विज्ञानको केन्द्र बनाई यहाँको सांस्कृतिक सुन्दरतालाई जोगाउन नगरपालिका तत्पर रहेको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले नयाँ पुस्तालाई सीपयुक्त बनाउन र विभिन्न भाषामा दख्खल बनाउन नगरपालिकाले तालिमहरूको सञ्चालन गरिरहेको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोरा, १० वडाका वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखा, कार्यपालिका सदस्य रोशनमैया सुवाल, नगरपालिकाद्वारा सञ्चालित चिनियाँ भाषाका प्रशिक्षक राजेन्द्र चवाल र श्रीकष्ण ध्वँजु, नेपालभाषाका प्रशिक्षक आशाकुमार चिकंबञ्जार र सिलाइका प्रशिक्षक धर्मलक्ष्मी लघुले पनि बोल्नुभएको थियो।

कार्यक्रममा प्रमुख प्रजापतिले विभिन्न तालिमका प्रशिक्षार्थी र प्रशिक्षकहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो।



चिनियाँ भाषा, नेपालभाषा र सिलाइ तालिमको प्रमाणपत्र वितरणमा सहभागीहरू

# फोहरमैला व्यवस्थापनसम्बन्धी कार्यदलद्वारा प्रतिवेदन हस्तान्तरण

भक्तपुरको फोहरमैला व्यवस्थापनसम्बन्धी कार्यदलका प्रमुख अमितशंकर रञ्जितले नगर प्रमुख सुनिल प्रजापतिलाई जेठ १३ गते प्रतिवेदन बुझाउनुभयो।



कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले फोहोर व्यवस्थापन गर्न अल्पकालीन र दीर्घकालीन सोचको आवश्यकता भएको र भक्तपुरको फोहर व्यवस्थापनमा नयाँ प्रविधिको अध्ययन गर्न ख्वप इञ्जिनियरिङ कलेज र ख्वप कलेजको वातावरण विज्ञान विज्ञहरूसहितको संयुक्त कार्यदल सात महिना अघि गठन गरेको बताउनुभयो।

काठमाडौं उपत्यकाको फोहर एकै ठाउँमा व्यवस्थापन गर्नु अनुचित भएको बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप अस्पतालको फोहर व्यवस्थापन गर्न अहिलेदेखि नै अध्ययन अनुसन्धानलाई जोड दिएको प्रस्ट पार्नुहुँदै प्रमुख प्रजापतिले फोहरलाई कम्पोष्ट मल बनाउने मौलिक शैलीको अध्ययनबारे पनि ध्यान दिनु आवश्यक भएको बताउनुभयो।

भक्तपुर नगरपालिकाले सरसफाइमा नयाँ प्रविधि अपनाउँदै त्यसको उचित व्यवस्थापन गर्दै जाने बताउनुहुँदै प्रमुख प्रजापतिले नगरपालिकाद्वारा सञ्चालित कलेजहरूले हरेक विषयमा अध्ययन र अनुसन्धानलाई जोड दिइरहेको बताउनुभयो।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले भक्तपुर



नगरपालिकाले नगरको सरसफाइलाई ध्यानमा राखेर पाक्षिक सरसफाइको अभियान सुरु गरेको बताउनुहुँदै घरघरबाट नै कुहिने र नकुहिने फोहर छुट्याएर संकलन गर्ने ध्येले नगरबासीहरूलाई बाल्टिन तथा कम्पोष्ट बिन वितरण गरेको बताउनुभयो।

उहाँले भक्तपुरबासीको मुख्य पेशा कृषि भएकोले कुहिने फोहोरलाई पुनःप्रयोगमा ध्यान दिनुपर्ने र फोहरलाई सही रूपमा सदुपयोग गर्नुपर्नेमा जोड दिनुभयो।

भक्तपुर नगरपालिकाको फोहर व्यवस्थापन सम्बन्धी अध्ययन कार्यदलका संयोजक अमितशंकर रञ्जित, कार्यदलका सदस्यद्वय पुन भैल, सुशिला ग्वाछा र नलेज इन्टिग्रेसन सर्भिस (KIS) का डा.ज्योतिले विभिन्न क्षेत्रबाट निस्केको फोहर व्यवस्थापन कसरी गर्ने भन्ने विषयमा प्रस्तुतीकरण दिनुभएको थियो। कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले फोहरलाई वैकल्पिक ऊर्जाको रूपमा प्रयोग गर्ने नगरपालिकाको उद्देश्य रहेको प्रस्ट पार्नुभयो।


## वातावरण अशोभनीय र प्रदूषण नगर्न अनुरोध

नगरका विभिन्न स्थानमा रहेका खम्बा तथा पोलहरू मठ-मन्दिरलगायत घरका भित्ताहरूमा विज्ञापनका फ्लेक्स बोर्ड र पम्पलेटहरू टाँस्ने गरेकोले नगरको दृश्य अशोभनीय भई वातावरण प्रदूषण भएको हुँदा विज्ञापनका फ्लेक्स बोर्ड र पम्पलेट टाँस्ने कार्य नगरिदिनुहुन सम्बन्धित स्कुल, कलेज, संघसंस्था तथा उद्योगी, व्यवसायीहरू र विज्ञापन गर्ने अन्य निकायहरूमा भक्तपुर नगरपालिका अनुरोध गर्दछ।

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

# बासु माविमा नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत कार्यक्रम



प्रमुख प्रजापति कार्यक्रममा बोल्नुहुँदै

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले शिक्षकको कर्तव्य विद्यार्थीलाई पढाउने मात्र नभई देशको लागि सक्षम र योग्य नागरिक तयार गर्ने र समाजलाई सुसंस्कृत बनाउन भूमिका खेल्नुपर्ने बताउनुभयो।

बासु माध्यमिक विद्यालयमा शैक्षिक सत्र २०७६ मा भर्ना भएका नवआगन्तुक विद्यार्थीहरूको स्वागत, छात्रवृत्ति तथा पुरस्कार वितरण तथा विविध सांस्कृतिक कार्यक्रममा जेठ १० गते बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले पढाई र अनुशासनलाई सँगसँगै लानुपर्ने र अभिभावकहरूले छोराछोरीको गल्ती र नराम्रो बानीको समयमै आलोचना गर्नु आवश्यक भएको बताउनुभयो।

आर्थिक कारणले कुनै पनि विद्यार्थी पढाइबाट बञ्चित हुन नपरोस् भन्ने उद्देश्यले भनपाले प्रति विद्यार्थी ५ लाखसम्म सहुलियत ब्याज दरमा ऋण प्रदान गर्ने व्यवस्था सुरु भइसकेको जानकारी दिनुहुँदै प्रमुख प्रजापतिले इतिहास, भूगोल, राजनीतिशास्त्र, संस्कृति, नेपालभाषा विषय पढ्न छात्र छात्राहरूलाई आकर्षित गर्न नगरपालिकाको तर्फबाट छात्रवृत्ति प्रदान गर्दै आएको बताउनुभयो।

भक्तपुर नपाले जनता केन्द्रित गतिविधिलाई अगाडि बढाइरहेको चर्चा गर्नुहुँदै प्रमुख प्रजापतिले नगरपालिकाले कुनै व्यक्ति विशेषको निम्ति नभई सिंगो समाजलाई बुद्धिजीवीकरण गर्ने सोचले अगाडि बढिरहेको धारणा राख्नुभयो।

कार्यक्रमका सभापति एवम् विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सरोजराज गोसाइँले विद्यार्थीको उज्ज्वल भविष्यको निम्ति विद्यालयले निरन्तर विद्यार्थी केन्द्रित गतिविधिका साथै अतिरिक्त क्रियाकलापमा जोड दिइरहेको बताउनुभयो। उहाँले विद्यार्थीको अनुशासन, सिकाइ प्रविधिलगायतका पक्षलाई प्राथमिकता दिएको बताउनुभयो।



बासु माविका प्राचार्य अम्बिका न्याइच्याइँले नयाँ शैक्षिक सत्र २०७६ सालमा १८० जना नयाँ विद्यार्थी भर्ना भएको जानकारी गराउनुहुँदै विद्यालयले विद्यार्थीलाई अतिरिक्त क्रियाकलापका साथै वक्तृत्वकला, हिज्जेलेखन, विषयगत हाजिरीजवाफ, वादविवाद, श्रुतिलेखनलगायतका प्रतियोगिताहरू सञ्चालन गरी विद्यालयमा खेलकुद समिति निर्माण गरी विभिन्न खेलहरूको प्रशिक्षण दिँदै आएको बताउनुभयो।

भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकला नगरपालिकाले शिक्षा, स्वास्थ्य, सरसफाइ, खेलकुदलगायत सबै क्षेत्रमा व्यवस्थित ढंगले अगाडि बढाइरहेको बताउनुहुँदै नगरपालिकाभित्रका सामुदायिक विद्यालयको शैक्षिक स्तर उकास्न विभिन्न विषयगत तालिम सञ्चालन गरिरहेको स्पष्ट पार्नुभयो।

कार्यक्रममा स्रोत व्यक्ति ध्रुव हमाल, विद्यालयका प्राइमेरी इन्चार्ज विष्णुप्रसाद दुमरु, सहायक प्राचार्यद्वय रविलाल प्रधान र राजकुमार ह्यौंमिखा, अभिभावक प्रतिनिधि शिवकृष्ण कोजु, बासु माविका विद्यार्थी हित समितिका अध्यक्ष अजय क्षेत्रीलगायतले पनि बोल्नुभएको थियो। कार्यक्रममा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति तथा अन्य अतिथिहरूले नयाँ भर्ना भएका विद्यार्थीहरूलाई छात्रवृत्ति र पुरस्कार प्रदान गर्नुभएको थियो।

# भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति सिद्धपोखरी उत्तरतर्फको खेलमैदानको स्थलगत निरीक्षणमा

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, उपप्रमुख रजनी जोशी, वडाध्यक्षहरू रबिन्द्र ज्याख्व,



श्यामकृष्ण खत्री, प्रेमगोपाल कर्माचार्य र महेन्द्र खायमलीलगायतले जेठ ९ गते भक्तपुर नपा वडा नं. १ स्थित सिद्धपोखरी उत्तरतर्फको खेलमैदान र भाज्या पोखरीको स्थलगत निरीक्षण गर्नुभयो ।

भक्तपुर नगरपालिका र नेपाली सेनाबीच विभिन्न चरणमा भएको छलफलपश्चात सो स्थान स्थानीयको लागि खेलकुद प्रयोजनको लागि खुला गर्ने विषयमा सहमति भइसकेको छ ।

सिद्धपोखरी उत्तरतर्फको खेलमैदान चारैतिर जालीबारले घेरी मैदानको दक्षिणतर्फ प्रवेशद्वारको व्यवस्था गरी उक्त खेल मैदान स्थानीयको लागि हरेक दिन बिहान ७:३० बजेदेखि ११:३० बजेसम्म ४ घण्टाको लागि खुला गर्ने र शनिबारको दिन बिहान ११ बजेदेखि दिउँसो ३ बजेसम्म खुला हुने भएको छ ।

सैनिक महाविद्यालय बन्द रहेको र आवासीय विद्यार्थीहरू बिदामा रहेका दिन बिहान ६ बजेदेखि साँझ ५ बजेसम्म उक्त खेलमैदान स्थानीयको लागि खुला गरिने भएको छ ।

उक्त स्थलगत निरीक्षणमा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माक र ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवाल, भक्तपुर नपा श्यानिटेशन शाखाका प्रमुख दिलिपकुमार सुवाललगायतको उपस्थिति रहेको थियो ।

# प्रमुख सुनिल प्रजापति भक्तपुरका विभिन्न विकास निर्माण र सम्पदा संरक्षणका योजनाहरूको स्थलगत अवलोकनमा

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले जेठ १२ गते भक्तपुर नगरपालिकाबाट सञ्चालित विभिन्न विकास निर्माण र सम्पदा संरक्षणका योजनाहरूको स्थलगत अवलोकन गर्नुभयो । उहाँले भक्तपुर नपा वडा नं. ९ को तुमचो दुगुरे आवास योजनामा भएको सडक पीच, भक्तपुर दरबार क्षेत्रको सीलु महादेव मन्दिर, भैरवनाथ मन्दिर पुनःनिर्माण र भक्तपुरको क्वाछैंमा भइरहेको ढुंगा छपाई कार्यको स्थलगत अवलोकन गर्नुभयो ।



# प्रमुख सुनिल प्रजापतिसँग लुम्बिनी सांस्कृतिक नगरपालिकाका प्रतिनिधिमण्डलको भेट

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग जेठ ९ गते लुम्बिनी सांस्कृतिक नगरपालिकाका वडाध्यक्षको अध्ययन टोलीले नगरपालिकाको सभाकक्षमा भेट गर्नुभयो। भेटमा सांस्कृतिक नगर र पर्यटन शुल्क तथा स्थानीय तहको कार्यशैलीबारे अनुभव आदानप्रदान गरियो।

प्रमुख प्रजापतिले वडाध्यक्षहरूको अध्ययन टोलीलाई स्वागत गर्नुहुँदै भक्तपुर नपाअन्तर्गत विभिन्न पुरातात्विक स्थान, पर्यटन क्षेत्रजस्ता महत्त्वपूर्ण स्थानहरूमा लिइँदै आएको नगर प्रवेश शुल्क, पर्यटन शुल्क र नगरपालिकाले गर्दै आएका विकास निर्माणका विषयमा स्पष्ट पार्नुभयो।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को भावनाअनुरूप भक्तपुर नगरपालिकाले आफ्ना कार्यलाई अगाडि बढाएको जानकारी दिनुहुँदै प्रमुख प्रजापतिले भक्तपुरले सम्पदा संरक्षणदेखि अन्य भौतिक संरचनाहरू निर्माण गर्दा स्थानीय जनताकै सहयोगमा उपभोक्ता समितिमार्फत गर्ने नीति लिँदै आएको बताउनुभयो।



नगरपालिकाका हरेक गतिविधि, आय–व्यय सबै नागरिकहरूसमक्ष समयमै जानकारी दिन भनपाले मासिक प्रकाशन 'भक्तपुर', पाक्षिक प्रकाशन नेपालभाषाको 'ख्वप पौ', रेडियो कार्यक्रम ख्वप सः हप्ताको २ दिन (२ घण्टा) संचालन गर्दै आएको र नगरपालिकाको राजपत्र नियमित प्रकाशन गर्दै आएको जानकारी दिनुभयो।

भेटमा लुम्बिनी सांस्कृतिक नगरका प्रतिनिधिहरूले



भक्तपुर नगरपालिका गतिविधिहरूबाट आफूहरूले पनि सिक्न चाहेको बताउनुहुँदै लुम्बिनी सांस्कृतिक नगरपालिका नयाँ नगरपालिका भएकोले धेरै समस्या र चुनौतीहरू भएको बताउनुभयो। नगर विकासको निम्ति आर्थिक स्रोत जुटाउन निकै गाह्रो भएको बताउँदै अध्ययन टोलीले नगर विकासको निम्ति लुम्बिनी विकास कोषसँग समन्वयको प्रक्रिया अगाडि बढाइरहेको बताउनुभयो।

भेटपश्चात नगर प्रमुख सुनिल प्रजापतिले नगरपालिकाबाट प्रकाशन हुने 'भक्तपुर मासिक', 'ख्वप पौ', 'राजपत्र', पिक्टोरियल बुक, कक्षा १, २, ६ र ७ को स्थानीय पाठ्यक्रम लगायतका प्रकाशनहरू प्रदान गर्नुभयो।

भेटमा लुम्बिनी सांस्कृतिक नगरपालिकाका वडाअध्यक्षहरू विनोदकुमार श्रीवाहतन, नर्दमूलहक मुसलमान, धर्मप्रकाश कुर्मी, ध्रुव यादव, कार्यालयका नायब सुब्बा लीलाधर बस्याल, कार्यपालिका सदस्य अलाख मोठधुठको उपस्थिति रहेको थियो।

# भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग ललितपुर महानगरपालिका प्रतिनिधि मण्डलको भेट

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग ललितपुर महानगरपालिका वडा नं. ५ का वडा सदस्य अशोककुमार श्रेष्ठको नेतृत्वमा आएका ललितपुर लगनखेलस्थित न्हूँपुखु पुन:निर्माण उपभोक्ता समितिका पदाधिकारीहरूले भेट गऱ्यो ।



भेटमा प्रमुख प्रजापतिले अतिथिहरूलाई स्वागत गर्दै भक्तपुर नगरपालिकाले भनपा १ स्थित भाज्या पोखरी ऐतिहासिक र प्राविधिक अध्ययन अनुसन्धान गरी उत्खननबाट भेटिएका अवशेषहरूको आधारमा पोखरीको बीचको मन्दिरको डिजाईन गरी पुन:निर्माण कार्य अगाडि बढाइरहेको जानकारी गराउनुभयो । पोखरी जिर्णोद्धारको क्रममा पानी चुहिने समस्या समाधान गर्न पोखरीको छेउमा पाँच फिट गहिराइको खाल्टो खनी कालीमाटी भरेर उपभोक्ता समितिमार्फत मौलिकता जोगिने गरी कार्य गरिरहेको बताउनुभयो । उहाँले सम्पदा संरक्षण र विकास निर्माणको कार्य उपभोक्ता समितिमार्फत गराउँदा अपनत्व कायम हुने, स्थानीयलाई रोजगारको अवसर सिर्जना हुने र मौलिकता संरक्षण हुने बताउनुभयो ।

उहाँले भक्तपुरको मौलिकता संरक्षण गर्न २०७२ सालको भूकम्पले क्षति पुऱ्याएका सम्पदाहरू मध्ये ८३ वटा सम्पदाहरू परम्परागत सीप र शैलीमा पुन:निर्माण सकी सकेको र ३२ वटा सम्पदाहरू पुन:निर्माण भइरहेको बताउँदै निजी आवासीय घरहरू परम्परागत शैलीमा निर्माण गर्ने नगरवासीहरूलाई मोहडामा प्रयोग हुने काठ, ईटा र झिंगतीको लागतको ३५ प्रतिशत अनुदान दिइरहेको जानकारी दिनुभयो ।

उहाँले नगरको आवश्यकताअनुसार विभिन्न नयाँ संरचनाहरू पनि परम्परागत स्वरूपमै निर्माण भइरहेको जानकारी दिनुहुँदै भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरू स्थानीय जनताको सल्लाह र सुझावअनुसार अगाडि बढिरहेको जानकारी गराउनुभयो ।

उहाँले पाटनका न्हूँपुखु उपभोक्ता समितिका पदाधिकारीहरूलाई पुन:निर्माण कार्य गर्दा मौलिक स्वरूप कायम गर्न, उपभोक्ता समितिमार्फतै पुन:निर्माण गर्न, आर्थिक अनुशासन, पारदर्शीता र इमानदारिता कायम हुने गरी समितिबाट निर्णय गरेर मात्र कार्य अगाडि बढाउनुपर्ने सुझाव दिनुभयो ।

भेटमा भनपाका उपप्रमुख रजनी जोशीले भनपाले सम्पदा संरक्षण कार्य अध्ययन अनुसन्धान र अन्वेसन गरेर सम्बन्धित सबै विज्ञहरूको सल्लाह र सहमतिमा गरिरहेको जानकारी गराउनुभयो ।

भेटमा न्हूँपुखु उपभोक्ता समितिका पदाधिकारीहरूले भक्तपुर नगरपालिकाको सिद्धपोखरी र भाज्या पोखरीलगायतका पोखरीहरूको संरक्षणको अनुभवबाट सिक्न चाहेको बताउनुहुँदै भनपा प्रमुखज्यूलगायत सबैको सहयोगको लागि धन्यवाद ज्ञापन गर्नुभयो ।

भेटमा भक्तपुर नगरपालिका वडा नं. १ र ७ का



वडाध्यक्षहरू क्रमश: श्यामकृष्ण खत्री र उकेश कवां तथा न्हूँपुखु उपभोक्ता समितिका पदाधिकारीहरू सतिरा नारायण जोशी, विभूषण विस्ट, तारकसिहं बस्नेत, डा. विजयकृष्ण श्रेष्ठ, रामकृष्ण महर्जन, मणिरत्न शाक्य एवम् भाज्या पोखरी उपभोक्ता समितिका अध्यक्ष कृष्णप्रसाद दुमरुको पनि उपस्थिति रहेको थियो ।

# भक्तपुर नगरपालिका वडा नं. १ को नवनिर्मित वडा कार्यालय भवन उद्घाटन

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले भक्तपुर नगरपालिका वडा नं. १ को नवनिर्मित वडा कार्यालय भवन जेठ ७ गते उद्घाटन गर्नुभयो।

कार्यक्रममा बोल्नुहुँदै अध्यक्ष रोहितले बहुसंख्यक जनताको हितमा नगरपालिकाले आफ्नो गतिविधिलाई अगाडि बढाउनुपर्नेमा जोड दिनुहुँदै उपभोक्ता समितिमा काम गर्नेहरूलाई हिसाबकिताब राख्ने विधि र खरिद ऐनबारे शिक्षित बनाई समितिमा बसेर काम गर्न प्रोत्साहित गर्नुपर्ने बताउनुभयो।



नारायणमान बिजुक्छेँद्वारा १ वडा कार्यालय भवन उद्घाटन गर्नुहुँदै

नक्सा पास र मापदण्डबारे सर्वसाधारण जनतालाई अभिमुखीकरण गर्दै जानुपर्ने र नगरभित्रका घर पुन:निर्माण तथा नवनिर्माण नक्साबमोजिम नै बनाउन प्रेरित गर्नुपर्ने बताउनुभयो। सरुवा रोग र नसर्ने रोगबारे जनतालाई सचेत पार्नुपर्छ भन्नुहुँदै अध्यक्ष बिजुक्छेँले बिचौलिया र दलालबाट सजग भएर काम गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो।

उहाँले सम्पदा उत्खननमा सम्बन्धित नगरपालिका, प्रशासन र पुरातत्व विभागको सहभागिता अनिवार्य भएको बताउनुहुँदै नगरपालिकाका कर्मचारीहरूको वृत्ति विकास गर्दै विभिन्न तालिमहरू दिनुपर्ने बताउनुभयो।

भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाले सम्पदा निर्माणदेखि अन्य भौतिक संरचनाहरू निर्माण गर्दा स्थानीय जनताकै सहयोगमा उपभोक्ता समितिमार्फत गर्ने नीति लिँदै आएको बताउनुभयो। उहाँले विकास निर्माणको




काम ठेक्कापट्टामा गराउँदा गुणस्तरहीन निर्माण भइरहेको उदाहरण व्याप्त रहेको बताउनुभयो।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले भक्तपुरबासी जनताको सेवा गर्नु भक्तपुर नगरपालिकाको उद्देश्य रहेको बताउनुहुँदै पुरातात्विक सम्पदा नयाँ पुस्तालाई हस्तान्तरण गर्दै जाने लक्ष्य नगरपालिकाको रहेको बताउनुभयो।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत यामलाल अधिकारीले निर्वाचितबाट जनप्रतिनिधि आइसकेपछि भक्तपुरको विकास निर्माण र सामाजिक गतिविधि तीव्र रूपमा अगाडि बढेको औँल्याउनुहुँदै उहाँले उपभोक्ता समितिको काम मितव्ययी हिसाबले अगाडि बढिरहेको जिकिर गर्नुभयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले स्वागत गर्नुभएको थियो भने पूर्ववडाध्यक्ष लक्ष्मीनारायण राजलवट र श्याम बाटीलगायतले पनि आ–आफ्नो विचार राख्नुभएको थियो। १ नं. वडा समिति भवन निर्माण उपभोक्ता समितिका सदस्य केशव कोजुले भवन निर्माणको आर्थिक विवरण प्रस्तुत गर्नुभएको थियो।

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर-२

**पचपन्न झ्याले दरबार खुला हुनेबारे सूचना**

विश्व प्रसिद्ध पचपन्न झ्याले दरवार सर्वसाधारण जनता र पर्यटकहरुका लागि यही मिति २०७५ पुस २ गते सोमबार एक दिन नि:शुल्क खुला हुने र त्यसपछि हरेक हप्ताको दुई दिन मङ्गलबार र शुक्रबार कार्यालय समयमा देहायअनुसारको शुल्कमा खुला हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. सर्वसाधारण जनताका लागि रू. २०।-
२. विद्यार्थीहरूका लागि रू. १०।-
३. पाँच वर्षमुनिका बालबालिका एवं ज्येष्ठ नागरिक, अशक्त अपाङ्गहरूलाई नि:शुल्क
४. विदेशी पर्यटकहरूका लागि नि:शुल्क

# सम्पदा संरक्षण मानव सभ्यता विकासको प्रतीक हो

नेपाल मजदुर किसान पार्टीका सचिव एवम् संघीय सांसद प्रेम सुवालले जेठ ७ गते भक्तपुर नपा वडा नं. ३ दरबार क्षेत्रमा अवस्थित पुरातात्विक एवम् ऐतिहासिक केदारनाथ मन्दिरको उद्घाटन गर्नुभयो।

२०७२ सालको भूकम्पमा पूर्ण रूपमा क्षतिग्रस्त केदारनाथ मन्दिरको उद्घाटन समारोहमा बोल्नुहुँदै सांसद सुवालले भक्तपुर नगरलाई सांस्कृतिक नगर घोषणाको माग गर्नुहुँदै उपत्यकाका मूर्त र अमूर्त सम्पदाहरूको संरक्षण र सम्बर्द्धनको आवश्कता औंल्याउनुभयो।

ख्वप विश्वविद्यालय स्थापनाको लागि पुग्दो पूर्वाधार भएतापनि विधेयक छलफलमा नल्याइनुमा शासकहरूको पूर्वाग्राही सोच रहेको बताउनुहुँदै सांसद सुवालले ख्वप विश्वविद्यालयमा शासकहरूको मनोमानी गर्न नपाउने भएर सो विधेयक अगाडि नबढेको स्पष्ट पार्नुभयो। सम्पदा संरक्षण मानव सभ्यता विकासको प्रतीक हो र यो अन्धविश्वास होइन भन्नुहुँदै उहाँले बढ्दो सहरीकरणले काठमाडौं उपत्यकामा खेतीयोग्य जमीनको अभाव हुँदै गएको र अव्यवस्थित बस्ती विकास बढिरहेकोमा चिन्ता व्यक्त गर्नुभयो।



सांसद प्रेम सुवालले केदारनाथ मन्दिरको उद्घाटन गर्नुहुँदै




सांसदहरू भनेका विधेयक, कानुन र नीति नियम बनाउने जिम्मेवार व्यक्तिहरू भएको स्पष्ट पार्नुहुँदै सांसदलाई विकासको रकम बाँड्नु गलत भएको बताउनुभयो।

भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले निर्धारित समय भन्दा अगावै केदारनाथ मन्दिर पुनःनिर्माण सम्पन्न भएकोमा उपभोक्ता समितिलाई धन्यवाद प्रकट गर्नुहुँदै सम्पदा पुनःनिर्माणमा कहिल्यै अरुको भर नपरेको बताउनुभयो।

उहाँले भक्तपुर नपाले पुनःनिर्माण र नवनिर्माणका कार्यलाई सँगसँगै अगाडि बढाइरहेको स्पष्ट पार्नुहुँदै सम्पदा पुनःनिर्माणमा हेलचेक्र्याइं गर्न नहुने विचार व्यक्त गर्नुभयो।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले सम्पदा पुनःनिर्माणमा अध्ययन, अनुसन्धान र अन्वेषणको आधारमा गर्नुपर्ने बताउनुहुँदै राष्ट्रिय कला संग्रहालय र लाल बैठकलाई प्राचीन मल्लकालीन शैलीमै पुनःनिर्माण गर्ने उद्देश्य नपाको रहेको बताउनुभयो।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत यामलाल अधिकारीले भक्तपुर नपाले उपभोक्ता समिति मार्फत गरेका सम्पदा पुनःनिर्माण कार्य उल्लेखनीय रहेको बताउनुभयो।

कार्यक्रमका सभापति भक्तपुर नपा वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराले मन्दिर पुनःनिर्माणमा उपभोक्ता समिति मार्फत कम लागतमा गुणस्तरीय निर्माण भएको स्पष्ट पार्नुभयो।

कार्यक्रममा केदारनाथ मन्दिर पुनःनिर्माण उपभोक्ता समितिका अध्यक्ष रामकृष्ण त्वायनाले मन्दिरको साँचो भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिलाई हस्तान्तरण गर्नुभयो।

साथै कार्यक्रममा केदारनाथ उपभोक्ता समितिका अध्यक्ष र लायकु प्रवेशद्वार उपभोक्ता समितिका अध्यक्ष लक्ष्मीप्रसाद गोराले पुनःनिर्माणको आय-व्यय प्रस्तुत गर्नुभएको थियो।

# केदारनाथ मन्दिर पुरानै शैलीमा

• लीला श्रेष्ठ

भक्तपुर नगरपालिकाले केदारनाथ मन्दिर पुरानै शैलीमा पुनर्निर्माण गरेको छ। ०७२ वैशाखको भूकम्पका कारण क्षतिग्रस्त भक्तपुर दरबार स्क्वायर परिसरको मल्लकालीन मन्दिरलाई नगरपालिकाले करिब ४ वर्षपछि मौलिक शैलीमा निर्माण गरी उद्घाटन गरेको छ।

मंगलबार जनप्रतिनिधिले स्थानीय तहको नेतृत्व लिएको दुई वर्ष पूरा भएको अवसरमा नेमकिपाका केन्द्रीय सचिव एवं प्रतितिधिसभा सदस्य प्रेम सुवालले मन्दिरको उद्घाटन गरे। कार्यक्रममा सांसद सुवालले भक्तपुर नगरलाई सांस्कृतिक नगर घोषणाको माग गर्दै उपत्यकाको मूर्त र अमूर्त सम्पदाको संरक्षण र सम्बर्द्धन आवश्यक भएको बताए।

आउने पुस्तालाई सम्पदा बचाउन अभिप्रेरित गर्न तथा पौराणिक स्वरूपलाई जीवन्तता दिन केदारनाथ मन्दिरलाई मल्लकालीन शैलीमा पुनर्निर्माण गरिएको नगरप्रमुख सुनिल प्रजापतीले बताए। केदारनाथको मन्दिर मात्र नभई नगरक्षेत्रको क्षतिग्रस्त अधिकांश ठूला तथा साना सम्पदा पुनर्निर्माण गर्दा विज्ञको सल्लाह बमोजिम अध्ययन, अनुसन्धान र अन्वेषण गरी निर्माण थालिएको उनले बताए।



भक्तपुर दरबार स्क्वायर परिसरस्थित पुनर्निर्माणपछिको केदारनाथ मन्दिर

उक्त मन्दिर पुनर्निर्माणका लागि नगरपालिकाले ७२ लाख ६३ हजार ३ सय ९७ इष्टमेट गरेपनि करिब ३९ लाख ६४ हजार रूपैयाँको लागतमा मन्दिर पुनर्निर्माण गरेको उपभोक्ता समितिका अध्यक्ष रामकृष्ण त्वायनाले बताए। पुनर्निर्माण भएको मन्दिरमा ईँटा र चुनासुर्कीको जोडाइ छ। मन्दिर पुनर्निर्माणमा परम्परागत निर्माण सामग्री दाची अपा, माँ अपा, चुनासुर्कीको प्रयोग भएको उनले बताए। इतिहासविद् डा.पुरुषोत्तमलोचन श्रेष्ठकाअनुसार केदारनाथ मन्दिर १४ औं शताब्दीमा यक्षमल्लको समयमा बनेको हो।

दर्शनका लागि नेपाल मण्डलभन्दा टाढा जान नपरोस् भन्दै यक्ष मल्लले दरबार स्क्वायर परिसरमै चारै धाम बनाउन लगाएको डा. श्रेष्ठ बताउँछन्। परिसर भित्र नै केदारनाथ, बद्रीनाथ, रामेश्वर र जगन्नाथ मन्दिर छन्। मृणमय अर्थात् ईँटा नै ईँटाले बनेको मन्दिर पुनर्निर्माणसँगै चारधाममध्ये तीनले पूर्णता पाएको छ। दरबार स्क्वायर परिसर मै अवस्थित चारधाममध्येको जगन्नाथ मन्दिर भने मौलिक शैलीमा पुनर्निर्माण हुन सकेको छैन।

यसअघि स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय (पुरातत्त्व विभाग) भक्तपुरले दरबार क्षेत्रमै अवस्थित १९९० सालको भूकम्पले क्षतिग्रस्त बद्रीनाथ मन्दिर पुनर्निर्माण गरेको छ। विभागले जगन्नाथ मन्दिरलाई समेत पुनर्निर्माण गर्ने तयारी भइरहेको जनाएको छ। हाल जगन्नाथ मन्दिर मन्दिरको स्वरूपमा नभई मूर्तिलाई ढाक्ने छानोमुनि राखिएको छ। जगन्नाथ मन्दिरमा नित्यपुजा समेत सञ्चालन भइरहेको इतिहासविद् डा.श्रेष्ठले बताए।

त्यसैगरी, कार्यक्रममा उपभोक्ता समितिले क्षतिग्रस्त दरबार स्क्वायर प्रवेशद्वारको पुनर्निर्माण गरी नगरपालिकालाई साँचो हस्तान्तरण गरेको छ। प्रवेशद्वार पुनर्निर्माण भइसक्दा पनि मूर्ति राख्ने, नराख्ने स्पष्ट नभइसकेको उपभोक्ता समिति अध्यक्ष लक्ष्मीप्रसाद गोराले बताए। सम्पदा पुनर्निर्माणमा अध्ययन, अनुसन्धान र अन्वेषणको आधारमा गर्नुपर्ने र प्रवेशद्वार निर्माण हतारमा बनाउँदा स्पष्ट नभएको नगर उपप्रमुख रजनी जोशीले बताइन्।

दरबार प्रवेशद्वार पुनर्निर्माण गर्न नगरपालिकाले ३४ लाख १२ हजार रूपैयाँ इस्टमेट गरेको थियो। उपभोक्ता समितिलाई नगरपालिकाले २८ लाख रूपैयाँ भुक्तानी गरेकोमा २४ लाख ८१ हजार रूपैयाँमा प्रवेशद्वार निर्माण भएको जनाएको छ। समितिले ३ लाख ८१ हजार रूपैयाँ नगरपालिकालाई फिर्ता गरी योजना फछ्र्यौट गरेको अध्यक्ष गोराले बताए।

पुरातत्त्व विभागले दरबार स्क्वायर परिसरकै सिद्धिलक्ष्मी मन्दिर पुनर्निर्माण गरी नगरपालिकालाई हस्तान्तरण गरिसकेको छ भने, फसिदेवल (सिलु महादेव), तब सत्तल पुनर्निर्माण जारी छ।

नगरपालिकाले दरबार क्षेत्रकै त्रिविक्रम नारायण, शेषनारायण, हरिनारायण मन्दिर पुनर्निर्माण सम्पन्न गरिसकेका छन्। बत्सला देवी मन्दिरको ७५ प्रतिशत पुनर्निर्माण कार्य सम्पन्न भएको नगरपालिकाले जनाएको छ।

*(कान्तिपुर, जेठ ८, २०७६)*

# काठमाडौं उपत्यकालाई सांस्कृतिक संरक्षित क्षेत्र घोषणा गर्नुपर्ने

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नियन्त्रित संघीयता आफूहरूलाई स्वीकार्य नभएको र विकास निर्माणका सबै जिम्मेवारी स्थानीय तहलाई दिनुपर्ने बताउनुहुँदै केन्द्र र प्रदेश सरकारले नीति निर्माणमा ध्यान केन्द्रित गर्नुपर्ने कुरा जेठ ६ गतेको कार्यक्रममा बताउनुभयो ।



कार्यक्रममा बोल्नुहुँदै प्रमुख सुनिल प्रजापति

अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिको आयोजनामा सम्पन्न अन्तरक्रिया कार्यक्रममा नगर प्रमुख प्रजापतिले उपत्यकाका सम्पदाहरूको संरक्षण गरी काठमाडौं उपत्यकालाई सांस्कृतिक संरक्षित क्षेत्र घोषणा गर्नुपर्नेमा जोड दिनुभयो । सम्पदा बस्तीमा डोजर लगाएर विकास हुँदैन, उहाँले भन्नुभयो ।

व्यवस्थित सहर विकासको निम्ति उपत्यका बाहिर स-साना सहरहरू विकास गर्नुपर्ने, खोला सुधारको निम्ति ठाउँ ठाउँमा उपचार पोखरी निर्माण गर्नुपर्ने र खोलाको दुवै किनारमा हरियाली क्षेत्र बनाउनुपर्ने धारणा व्यक्त गर्नुहुँदै प्रमुख प्रजापतिले काठमाडौं उपत्यकामा करोडौं जनसङ्ख्या थुपार्ने सोच गलत भएको बताउनुभयो ।

जनसङ्ख्या वृद्धिले सबै खोलाहरू ढलमा परिणत भइरहेकोमा चिन्ता व्यक्त गर्नुहुँदै प्रमुख प्रजापतिले खोला छेउमा अव्यवस्थित घर-टहरा निर्माणले सम्पदाहरूमा क्षति पुऱ्याएको छ भन्नुभयो ।

जनसङ्ख्या नियन्त्रणविना सरसफाइको औचित्यता सम्भव नहुने बताउनुहुँदै उहाँले बागमती करिडोरको अवधारणा उपत्यकामा थप बस्ती बढाउने योजना भएको र यसले थप समस्या निम्त्याउने स्पष्ट पार्नुभयो ।

कार्यक्रममा कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जनले बागमती सफाइ अभियानमा हजारौं अभियन्ता लागेर पनि सफल हुन नसकेको, बुढानिलकण्ठ नगरपालिकाका प्रमुख उद्धव खरेलले वनको छुट्टै अधिकार हुनुपर्ने, महालक्ष्मी नपाका प्रमुख रामेश्वर महर्जनले बागमती सफाइ अभियानलाई केन्द्र सरकारले नै अगुवाई गर्नुपर्नेलगायतका धारणाहरू व्यक्त गर्नुभयो । अन्तरक्रिया कार्यक्रममा काठमाडौं उपत्यकाका विभिन्न नगरपालिकाका प्रमुख उपप्रमुखहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका अध्यक्ष नरेन्द्रराज बस्नेत र आयोजना प्रमुख आषिश घिमिरेले बागमती सफाइ अभियान २०७० सालदेखि सुरु भए पनि अहिलेसम्म काठमाडौं उपत्यकामा अव्यवस्थित बस्ती नियन्त्रण गर्न नसकेको बताउँदै नेपालमा जलस्रोत नीति नै नभएको बताउनुभयो ।



नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं ।

# बुद्ध जयन्तीको अवसरमा प्रवचन कार्यक्रम

'बुद्ध नेपालमा जन्मेका हुन् र बौद्ध दर्शनको उदय नेपालमा भएको हो' भन्ने मूल नाराका साथ भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इ. कलेज, ख्वप कलेज अफ इन्जिनियरिङ, ख्वप कलेज, ख्वप मावि, शारदा मावि र ख्वप बहुप्राविधिक अध्ययन संस्थानको संयुक्त आयोजनामा वैशाख ३ गते २५६३ औं बुद्धजयन्तीको अवसरमा प्रवचन कार्यक्रम भयो।



कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले क्रान्तिकारी भावना शिथिल बनाउन धर्मलाई योजनाबद्ध तरिकाले प्रचार गरी जनतामा अन्धविश्वास जगाउने काम भइरहेको बताउनुभयो।

हरेक कुरालाई भौतिकवादी दृष्टिकोणले व्याख्या गर्नु नै बौद्ध दर्शनको शिक्षा भएको उल्लेख गर्दै अध्यक्ष रोहितले हरेक पक्षमा आलोचनात्मक दृष्टिकोणले विश्लेषण गर्नु आवश्यक रहेको बताउनुभयो।

उहाँले पुँजीवादी राज्यसत्ता व्यक्तिगत स्वार्थ र भ्रष्टाचारबाट प्रेरित हुने बताउनुहुँदै पुँजीपति वर्गले शोषणको रूप फेरेर मजदुर वर्गलाई शोषण र दमन गरिरहेको बताउनुभयो।

साम्यवादी समाज स्थापना गर्ने महत्त्वपूर्ण तत्व बौद्ध दर्शनभित्र भएको बताउनुहुँदै अध्यक्ष बिजुक्छेँले शोषण र साम्राज्यवादको विरोध गरी शान्तिको पक्षमा लड्नु आवश्यक भएको बताउनुभयो।

जनताको सैद्धान्तिक चेतनास्तर नउठेसम्म समाजलाई अगाडि बढाउन गाह्रो भएको बताउनुहुँदै अध्यक्ष बिजुक्छेँले बौद्ध धर्मलाई दर्शनको रूपमा ग्रहण गरी समाजलाई परिवर्तन गर्ने माध्यमको रूपमा उपयोग गर्नुपर्नेमा जोड दिनुभयो।

भक्तपुर नगरपालिकाका प्रमुख तथा कलेज व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिले बुद्धका जन्मभूमि लुम्बिनीले पनि पर्यटन उद्योगको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको बताउनुहुँदै प्रमुख प्रजापतिले नेपालको प्रगति नचाहने छिमेकी देश भारतले गौतम बुद्धको जन्म भारतमा भएको प्रचार गरी संसारमा भ्रम फैलाइरहेको बताउनुभयो।

उहाँले बुद्ध जयन्ती मनाउनुको अर्थ समाजमा कसैलाई अन्याय नगर्नु, समाज सेवाको निम्ति सधैं तयार रहनु र शान्ति कायम गर्नको निम्ति योगदान गर्नु हो भन्नुभयो।

उहाँले अख्तियार दुरूपयोग अनुसन्धान आयोगजस्तो महत्त्वपूर्ण ठाउँमा राजनारायण पाठकजस्ता व्यक्तिहरू नियुक्त हुनु विभिन्न अपराधमा जेल परेका, प्रहरीको खोजीमा रहेकाहरू सांसद तथा मन्त्री हुनु देशको लागि विडम्बनाको विषय भएको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी एवम् कलेज व्यवस्थापन समितिका उपाध्यक्ष रजनी जोशीले बुद्ध जयन्ती मनाउनुको अर्थ समाजमा बुद्ध दर्शनबारे प्रचार गर्नु रहेको उल्लेख गर्नुहुँदै समाजको समस्या शान्तिपूर्ण ढङ्गबाट समाधान गर्न बुद्ध दर्शनले महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभयो।

बौद्ध अध्ययन समाजका सचिव चन्द्रबहादुर उलकले बुद्ध धर्म शाक्यहरूको मात्र होइन विश्वका मानव जातिको दर्शन भएको स्पष्ट पार्नुहुँदै बुद्ध दर्शन र बुद्ध धर्मको प्रचारको निम्ति बौद्ध अध्ययन समाज स्थापना भएको बताउनुभयो। उक्त समाज स्थापनाकालदेखि नै 'अर्हत' त्रैमासिक नियमित रूपमा प्रकाशन गर्दै आइरहेको उहाँले बताउनुभयो।



कार्यक्रममा ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवाल, ख्वप कलेजका प्राचार्य रूपक जोशी र ख्वप इ. कलेजका आ.इ. विश्व शाक्यले पनि आ–आफ्नो विचार व्यक्त गर्नुभएको थियो।

# तारा माविमा नवआगन्तुक विद्यार्थीलाई स्वागत कार्यक्रम

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाले शिशुस्याहारदेखि विश्वविद्यालयसम्मको शिक्षा दिने उद्देश्यले विभिन्न कलेजहरूको स्थापना गरेको बताउनुहुँदै चरित्रवान र नैतिकवान व्यक्तिले मात्र समाजको निम्ति इमानदारीपूर्वक काम गर्ने बताउनुभयो ।




तारा माध्यमिक विद्यालयमा शैक्षिक सत्र २०७६ मा भर्ना भएका ७४ जना नवआगन्तुक विद्यार्थीहरूको स्वागत तथा वार्षिक पुरस्कार वितरण कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले असल नागरिक र चरित्रवान नागरिक बन्न अध्ययन गर्न विद्यार्थीहरूमाझ वैशाख ३ गते आह्वान गर्नुभयो ।

उहाँले माथिल्लो तहमा पुगेकाहरू स्वार्थी, अवसरवादी र आपराधिक चरित्रका भएका कारण जनताले दुःख भोगिरहेको बताउनुहुँदै राजनीतिलाई व्यापारीकरण र अपराधीकरणबाट मुक्त बनाउनुपर्नेमा जोड दिनुभयो ।

उहाँले उच्च शिक्षा अध्ययन गर्न विषय छनोटको अधिकार विद्यार्थीलाई दिनुपर्छ भन्दै भक्तपुर नगरपालिकाले राजनीतिशास्त्र, इतिहास, संस्कृति र भूगोल आदि विषय लिएर पढ्ने विद्यार्थीहरूको लागि छात्रवृत्तिको व्यवस्था गरेको बताउनुभयो ।

२०७५ सालको वार्षिक परीक्षामा प्रथम, द्वितीय र तृतीय भएका विद्यार्थीहरूलाई पुरस्कार वितरणसमेत गरिएको उक्त कार्यक्रममा भक्तपुर नपा वडा नं. ४ का वडाध्यक्ष कुमार चवालले भक्तपुरका सामुदायिक विद्यालयहरूले देशकै नमुना विद्यालयको रूपमा गुणस्तरीय शिक्षा प्रदान गर्नुपर्ने र विद्यार्थीलाई अतिरिक्त क्रियाकलाप र व्यवहारिक ज्ञान पनि दिनु आवश्यक रहेको बताउनुभयो ।

संयुक्त परीक्षा समिति भक्तपुरका अध्यक्ष अम्बिका न्याइच्याइँले विद्यार्थीको सर्वाङ्गीण विकासको निम्ति अतिरिक्त क्रियाकलाप र विभिन्न प्रतियोगिताहरूको आवश्यकता औंल्याउनुहुँदै देशको लागि आवश्यक सक्षम र जवाफदेही नागरिक तयार गर्न विद्यार्थीहरूलाई जोड दिनुपर्ने बताउनुभयो ।

विद्यालयका प्रधानाध्यापक पुष्पलाल सुजखुले नगरपालिकाले स्थानीय पाठ्यक्रम लागु गरेर स्थानीय भाषा, कला, संस्कृतिको संवर्द्धन गर्न खोजेको बताउनुहुँदै विद्यालयको व ार्षिक प्रगति विवरण प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा विद्यालयका संस्थापक तथा विद्यालय व्यवस्थापन समितिका सदस्य उद्धव सुजखु र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष उपेन्द्र सुवाल, शिक्षिका प्रेमलक्ष्मी त्वायना, विद्यार्थी हित समितिका अध्यक्ष सानिया देशेमरु र नवआगन्तुक विद्यार्थी प्रतिनिधिहरूले पनि स्वागत मन्तव्य राख्नुभएको थियो ।कार्यक्रममा प्रमुख अतिथि सुनिल प्रजापति तथा अन्य अतिथिहरूले उत्कृष्ट विद्यार्थीहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो ।



# रानी पोखरी र खेल मैदान खुल्ला गर्न सेना सहमत



भक्तपुर नगरपालिका र नेपाली सेनाबीच विभिन्न चरणमा भएका छलफलहरूपश्चात् भक्तपुर नगरपालिका वडा नं. १ सल्लाघारीस्थित ऐतिहासिक रानीपोखरी पुनःनिर्माण र सर्वसाधारणको लागि खुल्ला गर्ने तथा भ.न.पा. १ स्थित सिद्धपोखरी उत्तरतर्फको खेल मैदान स्थानीयको लागि खेलकुद प्रयोजनका लागि खुल्ला गर्ने विषयमा जेठ २ गते सहमति भएको छ। नेपाली सेनाको तर्फबाट २०७६ जेठ २ गते नगरपालिकालाई पत्र प्राप्त भयो।

सहमतिअनुसार उक्त रानीपोखरी के कति क्षेत्रफलमा फैलिएको छ भनी एकिन गर्न नगरपालिका र नेपाली सेनाले समन्वय गरी नाप नक्सा गर्ने, नाप नक्सापछि प्राप्त प्रमाणको आधारमा भक्तपुर नगरपालिकाले जिर्णोद्धार गर्ने भएको छ। उक्त पोखरी जिर्णोद्धारसँगै त्यहाँ भेटिएका पुरातात्विक वस्तुहरूको संरक्षण र भग्नावशेषको रूपमा रहेको पाटीको पुनःनिर्माण पनि नगरपालिकाले गर्ने भएको छ। सहमति अनुसार नाप नक्सा गर्ने कार्य सम्पन्न भइसकेको छ।

रानीपोखरी जिर्णोद्धारपछि सुरक्षाको उचित व्यवस्था मिलाई पोखरीलाई चारैतिर पर्खालले घेरेर पोखरीको दक्षिण सल्लाघारी, दूधपाटी बाटोतर्फ प्रवेशद्वार बनाई बिहान ६ बजेदेखि साँझ ६ बजेसम्म सर्वसाधारणको लागि खुल्ला गरिने भएको छ। साथै रानीपोखरी अवलोकन गर्न आउनेका लागि सवारीसाधन पार्किङ स्थल सल्लाघारीको खाली जमिनमा नगरपालिकाले निर्माण गरिने छ।

त्यस्तै सिद्धपोखरी उत्तरतर्फको खेल मैदानको चारैतिर जालीबारले घेरी मैदानको दक्षिणतर्फ प्रवेशद्वारको व्यवस्था गरी उक्त खेल मैदान स्थानीयको लागि हरेक दिन बिहान ७:३० बजेदेखि ११:३० बजेसम्म ४ घण्टा खुल्ला गर्ने र शनिबारको दिन बिहान ११ बजेदेखि दिउँसो ३ बजेसम्म खुल्ला हुने भएको छ। साथै सैनिक महाविद्यालय बन्द रहेको र आवासीय विद्यार्थीहरू बिदामा रहेका दिनहरूमा बिहान ६ बजेदेखि साँझ ५ बजेसम्म स्थानीयको लागि खुल्ला हुने स्रोतले जनाएको छ। रानीपोखरी जीर्णोद्धार र खेल मैदान खुल्ला गर्ने विषयमा नेपाली सेनाका प्रधानसेनापती पूर्णचन्द्र थापासँग भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले २०७५ चैत १८ गते भेटी छलफल गर्नु भएको थियो।

# आवास योजना उपसमितिको अध्यक्ष नगर प्रमुख नै हुनुपर्नेमा जोड

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले काठमाडौं उपत्यकामा व्यवस्थित सहरको विकास गर्न स्थानीय तहलाई अधिकार सम्पन्न बनाउनुपर्नेमा जोड दिनुभयो।

काठमाडौं उपत्यका विकास प्राधिकरणको जेठ २ गते सम्पन्न सञ्चालक समितिको बैठकमा बोल्नुहुँदै प्रमुख प्रजापतिले स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्थित आवास योजनाको विकास गर्ने अधिकार स्थानीय तहको प्रस्ट उल्लेख भएको हुँदा कुनै व्यक्ति वा कम्पनीलाई स्वीकृति दिन नहुने विचार राख्नुभयो।



उहाँले आवास योजना व्यवस्थापन उपसमितिका अध्यक्ष नगर प्रमुख नै हुनुपर्नेमा जोड दिनुहुँदै संविधान र कानुन विपरीत जिल्ला समन्वय समितिका प्रमुखलाई प्रस्ताव गरेकोमा आपत्ति जनाउनुभयो।

प्रमुख प्रजापतिले काठमाडौं उपत्यकामा भएको जनसंख्या वृद्धिका कारण उपत्यकामा अपराधको घटना बढिरहेको, खानेपानीको समस्या भएको र अव्यवस्थित बस्ती विकास भइरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले केन्द्रीकृत मानसिकताले देशको विकासमा बाधा पुगिरहेको बताउनुभयो।

आवास योजनाको नाममा उपत्यकाका खेतीयोग्य जमिनमा अव्यवस्थित बस्ती विकास हुनुमा चिन्ता व्यक्त गर्नुहुँदै प्रमुख प्रजापतिले काठमाडौं उपत्यकाको मौलिकता जोगाइराख्न प्राधिकरणले ध्यान दिनुपर्ने बताउनुभयो।

संविधान र कानुन बाहिरका विषयहरू प्रस्तुत गरिएकोमा आपत्ति जनाउँदै प्रमुख प्रजापतिले आफू बैठकमा सहभागी हुन नसक्ने भन्दै बैठकबाट बाहिरिनुभयो।

# रानीपोखरी पुन:निर्माण र खेल मैदान खुल्ला गर्न नेपाली सेना सहमत



भक्तपुर नगरपालिका र नेपाली सेनाबीच विभिन्न चरणमा भएका छलफलपश्चात् भक्तपुर नगरपालिका वडा नं. १ सल्लाघारीस्थित ऐतिहासिक रानीपोखरी पुन:निर्माण र सर्वसाधारणको लागि खुल्ला गर्ने तथा भ.न.पा. १ स्थित सिद्धपोखरी उत्तरतर्फको खेल मैदान स्थानीयको लागि खेलकुद प्रयोजनका लागि खुल्ला गर्ने विषयमा निम्नबमोजिम गर्न नेपाली सेना सहमत भएको छ । नेपाली सेनाले मिति २०७६ जेठ १ गते भक्तपुर नगरपालिकालाई पठाएको पत्रअनुसार निम्न बमोजिम बुँदाहरुमा सहमति भएको छ ।

**१. भक्तपुर ऐतिहासिक रानीपोखरी जीर्णोद्वार सम्बन्धमा**

क) भ.न.पा. वडा नं. १ सल्लाघारीस्थित रानीपोखरी ऐतिहासिक सांस्कृतिक र पुरातात्विक दृष्टिकोणले महत्त्वपूर्ण पोखरीको रूपमा रहेको छ। उक्त पोखरी र त्यसको वरिपरि रहेको देवाली देवता (दिगु द्यो) रहेको स्थान दिगु पूजामा र अन्य सांस्कृतिक पर्वहरुमा स्थानीय जनताहरूले परापूर्वकालदेखि सार्वजनिक रूपमा उपभोग गर्दै आइरहेको छ। हाल पोखरी जीर्ण भइसकेको र सोसँग रहेको पाटी भग्नावशेषमा परिणत भएको हुँदा सोको पुन:निर्माण गर्न आवश्यक देखिएकाले उक्त ईलाका नेपाली सेनाको स्वामित्वमा कायमै रहने गरी भक्तपुर नगरपालिकाको तर्फबाट पोखरीको अध्ययन-अनुसन्धान गरेपश्चात पुन: मौलिक स्वरूपमै जीर्णेद्वार वा पुन:निर्माण गर्ने,

ख) उक्त रानीपोखरी के-कति क्षेत्रफलमा फैलिएको छ, सोको एकीन गर्न नगरपालिका र नेपाली सेनाबीच समन्वय गरी प्राविधिकहरूबाट नाप नक्सा गर्ने,

ग) उक्त रानीपोखरीमा प्राप्त प्रमाणहरूको आधारमा प्राचीन र मौलिक शैलीमा जीर्णोद्वार गर्न भक्तपुर नगरपालिकाका आर्किटेक्क इन्जिनियरहरूबाट नक्सा डिजाइन, लागत इस्टिमेट समेत गरी प्राप्त प्रमाणहरूको आधारमा भक्तपुर नगरपालिकाबाट मौलिक स्वरूपमै जीर्णोद्धार निर्माण सम्पन्न गर्ने र यसको अलावा कुनै पनि थप भौतिक संरचनाहरू निर्माण नगर्ने,

घ) भक्तपुर नगरपालिकाबाट रानी पोखरी जीर्णोद्धारको क्रममा त्यहाँ भेटिएका पुरातात्विक वस्तुहरू र पाटीको पुन:निर्माण गरी संरक्षण र जीर्णोद्धार गर्ने।

ङ) रानीपोखरी इलाकालाई स्थानीय जनतालाई देवालीलगायत सांस्कृतिक पर्वहरूमा परापूर्वकालदेखि सार्वजनिक रूपमा प्रयोग गर्दै आएकोमा उक्त पर्वहरूको समयमा सार्वजनिक प्रयोजनको लागि खुल्ला राख्ने,

च) उक्त रानी पोखरी इलाकाको सुरक्षासम्बन्धी आवश्यक व्यवस्थापनको लागि नेपाली सेना र भक्तपुर नगरपालिकाबीच समन्वय गर्ने र उक्त स्थानलाई पूर्ण रूपमा निगरानी गर्नको लागि आवश्यक पर्ने सीसीटीभी क्यामेरा भक्तपुर नगरपालिकाले जडान गर्ने,

छ) भक्तपुर नगरपालिकाले ऐतिहासिक तथा सांस्कृतिक पक्ष झल्कने गरी कलात्मक तथा आकर्षक ढंगबाट रानी पोखरी वरिपरि आकर्षक Boundary Wall लगाउने व्यवस्था मिलाउने र रानीपोखरीको पुन:निर्माण र जीर्णोद्धारको कार्य समाप्त भएपश्चात मात्र सर्वसाधारणको लागि हरेक दिन बिहान ६ बजे खुला गरी बेलुकी ६ बजे बन्द गर्ने,

ज) भक्तपुर नगरपालिकाले रानीपोखरी इलाकामा अवलोकनको लागि आउने व्यक्तिहरूको सवारीसाधनको लागि सल्लाघारीको खाली जमिनमा पार्किङस्थलको निर्माण गर्ने, भक्तपुर नगरपालिकाले पुन:निर्माणको क्रममा रानी पोखरीको मुख्य बाटोको (सल्लाघारी-दुधपाटी) एक दिशाबाट मात्र Entry/Exit गर्ने व्यवस्था मिलाउने।



सिद्धपोखरी उत्तरतर्फको खेल मैदान

**२. सैनिक आवासीय महाविद्यालयको खेल मैदानको प्रयोग सम्बन्धमा**

क) सिद्धपोखरीको उत्तरतर्फ र भक्तपुर अस्पतालको पश्चिमतर्फ रहेको खेल मैदान हरेक दिन बिहान ७:३० बजेदेखि ११:३० बजेसम्म दैनिक ४ घण्टा स्थानीयको लागि खेलकुद कार्यको लागि मात्र खुल्ला गर्ने,

ख) सोही खेलमैदान शनिबारको दिन सर्वसाधारणलाई बिहानको ११ बजेबाट दिउँसोको ३ बजेसम्म मात्र उपलब्ध गराउने ।

ग) उक्त खेलमैदान महाविद्यालय बन्द रहेको र आवासीय विद्यार्थीहरू बिदामा रहेको दिनहरूमा बिहान ६ बजेदेखि साँझ ५ बजेसम्म सर्वसाधारणलाई खेलकुद कार्यको लागि उपलब्ध गराउने ।

घ) भक्तपुर नगरपालिकाले उक्त खेलमैदानको वरिपरि व्यवस्थित रूपमा जालीबाट Boundary घेरी आवश्यक संरचना तयार भएपश्चात मात्र खेलमैदान उपलब्ध गराउने साथै सो Boundary को मर्मत-संभार समेत भक्तपुर नगरपालिकाले गर्ने ।


ङ) उक्त खेलमैदानमा प्रवेश गर्न सिद्धपोखरीको उत्तरपूर्वतर्फको बाटोबाट मात्र सर्वसाधारणलाई प्रवेश तथा प्रस्थानको व्यवस्था मिलाउने ।

च) उक्त खेलमैदान प्रयोग गरेबापत ग्राउन्ड मेन्टिनेन्स कार्यको लागि नगरपालिकाले आवश्यक सहयोग गर्नेछ ।



नेपाल सरकार
रक्षा मन्त्रालय
नेपाली सेना
सैनिक आवासीय महाविद्यालय





# 'मुख्यमन्त्री–जनता स्वास्थ्य परीक्षण' कार्यक्रमको उद्घाटन

प्रदेश नं. ३ का सामाजिक विकासमन्त्री युवराज दुलालले भक्तपुर अस्पतालमा जेठ १ गते मुख्यमन्त्री–जनता स्वास्थ्य परीक्षण कार्यक्रमको उद्घाटन गर्नुभयो।

कार्यक्रममा बोल्नुहुँदै मन्त्री दुलालले जनताको गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने कुरामा प्रदेश सरकारले कुनै कन्जुस्याइँ नगरी पर्याप्त बजेट व्यवस्था गर्ने र आगामी वर्षहरूमा पनि जनता लक्षित प्रभावकारी स्वास्थ्य कार्यक्रम ल्याउने प्रतिबद्धता व्यक्त गर्नुभयो।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले प्रदेश सरकारको ३५ अर्ब बजेटमा ६ अर्ब पनि खर्च नहुनुमा आश्चर्य व्यक्त गर्नुहुँदै उक्त बजेटको ४–५ करोड रूपैयाँ भक्तपुर अस्पताल र नगरपालिकाको स्वास्थ्य क्षेत्र सुधारको लागि राख्नु उचित हुने बताउनुभयो।

प्रमुख प्रजापतिले केन्द्र र प्रदेश सरकारको नीतिको कार्यान्वयन स्थानीय तहले गर्नु प्रभावकारी हुनेमा जोड दिनुहुँदै भक्तपुर अस्पतालले विगतका तुलना बिरामीहरूको विश्वास जित्न सफल भएको बताउनुभयो। उहाँले भन्नुभयो – 'सरकारी अस्पतालहरू गरिब जनताको सेवाको निम्ति खोलिएको हो। इमानदारीपूर्वक जनताको सेवा गर्ने भावनाले काम गर्न सके बढी भन्दा बढी गरिब जनताको सेवा गर्न सकिनेछ।'

भक्तपुर अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. सुधा देवकोटाले स्वागत गर्नु भएको उक्त कार्यक्रममा सामाजिक सुरक्षा कार्यक्रमका सम्पर्क व्यक्ति कुमारप्रसाद दाहालले विश्वमा नसर्ने रोगबाट धेरैको ज्यान गइरहेको जानकारी दिनुभयो।

# छात्ती पुनःस्थापना केन्द्र भवनको शिलान्यास

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भनपा वडा नं. ९ च्याम्हासिंहमा छात्ती पुनःस्थापना केन्द्र (Chest Rehabilitation Centre) भवनको जेठ २ गते एक समारोहबीच शिलान्यास गर्नुभयो।



शिलान्यास कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नगरमा श्वासप्रश्वास (दम) सम्बन्धी रोगका बिरामीहरूलाई फिजियोथेरापी विधिमार्फत उपचार गर्ने पहिलो छात्ती पुनःस्थापना केन्द्र भक्तपुरमा सञ्चालन हुनु खुसीको विषय भएको बताउनुहुँदै यस वर्षभित्र उक्त भवन निर्माण सम्पन्न गरिसक्ने र भक्तपुरको मौलिक शैलीमै भवन बनाउने जानकारी दिनुभयो।

उहाँले जापान सरकारको प्राविधिक सहयोगमा सञ्चालन हुने उक्त छाती पुनःस्थापना केन्द्रबाट दम रोगीहरूको उपचारमा उल्लेख्य सहयोग पुग्ने विश्वास व्यक्त गर्नुहुँदै ख्वपको पहिचान कायम गर्न इमानदारीपूर्वक सेवा भावले काम गर्नुपर्ने बताउनुभयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले देशलाई अगाडि बढाउन युवा शक्ति स्वस्थ हुनुपर्ने बताउनुहुँदै भक्तपुरलाई शिक्षाको केन्द्रको रूपमा स्थापना गर्ने उद्देश्यका साथ नगरपालिकाले आफ्ना गतिविधिहरू सञ्चालन गरिरहेको र कडा रोग लागेका नगरबासीहरूको लागि रु. १०,००० आर्थिक सहयोग प्रदान गर्दै आएको बताउनुभयो।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले वडाका गतिविधिहरूबारे प्रस्ट पार्नुहुँदै जनताको सेवाको निम्ति खोलिने पुनःस्थापना केन्द्रमा जनताको सहयोग पनि आवश्यक भएको बताउनुभयो।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत यामलाल अधिकारीले भक्तपुर कर्मशील जिल्ला भएको बताउनुहुँदै भक्तपुर नपाका जति पनि कार्यक्रमहरू जनमैत्री र जनताको परिचालनमा सम्पन्न भइरहेको बताउनुभयो।

कार्यक्रममा सोलिड नेपालका अध्यक्ष डा. खेम कार्कीले भवन निर्माण सम्पन्न भएपछि जिम्टेफको तर्फबाट फिजियोथेरापी विधिमार्फत दम रोगको उपचार गर्न आवश्यक उपकरणहरू जडान गरिने बताउनुभयो।

कार्यक्रममा भवन निर्माण उपभोक्ता समितिका अध्यक्ष रत्नप्रसाद प्रजापति, सदस्य इन्द्रबहादुर प्याथले पनि बोल्नुभएको थियो।

# भक्तपुर नगरपालिकाद्वारा १०८ रोपनी जग्गामा वृक्षारोपण

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपा वडा नं. १ सल्लाघारीस्थित १०८ रोपनी जग्गामा जेठ १ गते वृक्षारोपण गर्नुभयो। भक्तपुर नगरपालिकाको नियमित पाक्षिक सरसफाई कार्यक्रमअन्तर्गत भक्तपुर नपाका प्रमुख, उपप्रमुख, जनप्रतिनिधि, कर्मचारी, बुद्धिजीवी, नपली




सृजना सेवा समाजका महिला प्रतिनिधि, विभिन्न विद्यालय, सल्लाघारीका टोलबासीलगायतको सक्रिय सहभागिता उक्त क्षेत्रमा सरसफाइ र वृक्षारोपण भएको हो।

कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरभित्रका सरकारी तथा पर्ति जग्गा संरक्षण र सम्बर्द्धनको जिम्मा स्थानीय सरकारको पनि भएको बताउनुभयो। नेपाल ट्रस्ट र गृहमन्त्रालयसँगको समन्वयमा १०८ रोपनी जग्गा संरक्षण कार्यलाई अगाडि बढाएको बताउनुहुँदै प्रमुख प्रजापतिले यस क्षेत्रको वातावरणलाई स्वच्छ र सफा राख्न वृक्षारोपण कार्यक्रमलाई अगाडि सारेको बताउनुभयो।

उहाँले भक्तपुरको शिक्षा र स्वास्थ्य क्षेत्रको अनुकरण देशका अरु नगरपालिकाहरूले पनि गरिरहेको बताउनुहुँदै भक्तपुरका सम्पदा नयाँ पुस्तालाई सुरक्षित हस्तान्तरण गर्न नगरपालिकाले कार्य गरिरहेको बताउनुभयो।

उक्त जग्गामा ख्वप विश्वविद्यालय सञ्चालनको स्वीकृति पाएमा सस्तो र गुणस्तरीय चिकित्सा शिक्षासहितको विश्वविद्यालय स्थापना गर्ने उद्देश्य रहेको बताउनुहुँदै प्रमुख प्रजापतिले उक्त जग्गा भक्तपुरका जनताको अधिकत्तम हितको निम्ति प्रयोग गर्नुपर्नेमा जोड दिनुभयो।

उपप्रमुख रजनी जोशीले भक्तपुर नगरको प्रस्थानबिन्दुको रूपमा १०८ रोपनी जग्गा लामो समयदेखि बेवारिसे अवस्थामा रहेको बताउनुहुँदै भक्तपुर नपाले जनताको सल्लाहअनुसार सो क्षेत्रको संरक्षण गर्न पर्खाल निर्माण गरेको बताउनुभयो। उक्त स्थानको वातावरण स्वच्छ राख्न वृक्षारोपणको आवश्यकता औंल्याउनुहुँदै उपप्रमुख जोशीले भक्तपुरको हरेक गतिविधिमा स्थानीय जनताको सक्रिय सहभागिता रहने गरेको बताउनुभयो।



कार्यक्रममा भनपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले स्थानीय जनताको पहलमा जग्गा संरक्षणको काम भइरहेको जानकारी दिनुभयो।

# बजार अनुगमन २०७६ वैशाख ३०

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा अनुगमन हुँदा इटाछेंको एभरेष्ट म:म पसल, हासा फुड एण्ड डाइन, न्यू मिठाइ भण्डार भान्छामा सरसफाइ गर्नुपर्ने र कुनैको दर्ता गर्नु पर्ने र नवीकरण गनुपर्ने देखिएको जानकारी गराएको छ।

त्यस्तैगरी श्रीकृष्ण डेरी प्रा.लि. अर्पण दुध फिस्टेल डेरी प्रा.लि.को, नोभा दुधमा उत्पादन मिति राख्नुपर्ने साथै ख्वप जुजु धौ दही भण्डारको दहीमा पनि उत्पादन मिति राख्नु पर्ने सल्लाह दिएको थियो। त्यस्तै गरी नपुखु क्याफे दही तथा लसी पसल दर्ता गर्न र म्याद नाघेको गायत्रीको कुल्फी बरफ नष्ट गर्न निर्देशन दिनुका साथै दीव्या स्वीट्स, चन्द्रायण स्वीट्सलाई स्टोरभती गर्नुपर्ने सुझाव दिएको वडा निरिक्षक रामकृष्ण प्रजापतिले बताउनु भयो। साथमा अन्य व्यक्तिहरूपनि उपस्थित थियो। (वैशाख ३१)

त्यसैगरी भ.न.पा. अनुगमन समितिका सदस्य एवं वडा नं. ६ का वडा अध्यक्ष हरिराम सुवालको नेतृत्वमा जगाती मिठाई पसल, जगाती मिठाइ भण्डार र महेन्द्र चिया पसलमा अनुगमन गर्दा भान्छा सफा गर्नुपर्ने, म्याद नाघेको वस्तु नष्ट गर्नुपर्ने लेबल लगाउनु पर्ने सल्लाह दिएको वडा निरिक्षक रामकृष्ण प्रजापतिले बताउनु भयो।

# पुन:निर्माणसम्बन्धी बैठक

२०७२ साल वैशाख १२ र २९ गते गएको भूकम्पबाट भक्तपुर नगरमा क्षति भएका निजी घरहरू पुन:निर्माण सम्बन्धमा भक्तपुर नगरपालिका, केन्द्रीय आयोजना कार्यान्वयन इकाइ, केन्द्रीय आयोजना कार्यान्वयन इकाइ अनुदान व्यवस्थापन तथा पूर्वाधार, राष्ट्रिय पुन:निर्माण प्राधिकरण, गुठी संस्थान र सम्बन्धित परामर्शदाताहरूको उपस्थितिमा नगरपालिकाको सभाकक्षमा वैशाख ३१ गते संयुक्त छलफल बस्यो।



छलफलमा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले भूकम्प पीडित जनतालाई प्रदान गरिने अनुदानको रकम ३ लाख बाट बढाउनुपर्ने र निजी घर पुन:निर्माण गर्न एकमुष्ठ रकमको व्यवस्था गर्नुपर्ने बताउनुभयो। पहिलो किस्ताको रकम भग्नावशेष पन्छाउन नै अपुग भएको बताउनुहुँदै प्रमुख प्रजापतिले प्राधिकरणले दिने सहुलियत दरको ऋणबाट घर बनाउन नसक्ने भूकम्प पीडित लक्षित हुनुपर्ने र

भक्तपुर नगरपालिकाले मापदण्डअनुसार घर बनाएका भूकम्प पीडितहरूले घर निर्माण गर्दा माटो जोडाइमा १०० प्रतिशत र सिमेन्ट जोडाइमा ७५ प्रतिशतसम्म नक्सा दस्तुर छुट दिइँदै आएको बताउनुहुँदै प्रमुख प्रजापतिले नगरको पुरानो बस्तीमा परम्परागत शैलीमा घर निर्माण गर्ने नगरबासीहरूलाई मोहडामा इँटा र काठमा लाग्ने कूल खर्चको ३५ प्रतिशत नगरपालिकाले अनुदान दिँदै आएको जानकारी गराउनुभयो।

भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले भूकम्प गएको वर्षौं बित्दा पनि आर्थिक रूपले विपन्न भूकम्प पीडितले अहिले पनि घर बनाउन नसकेको, बहुस्वामित्व भएको घर, कित्ताकाट र सँधियारको समस्याका कारण पनि निजी घर पुन:निर्माणमा ढिलाइ भइरहेको बताउनुभयो।

छलफलमा राष्ट्रिय पुन:निर्माण प्राधिकरणका कार्यकारी सदस्य डा.चन्द्रकृष्ण श्रेष्ठले मुद्दा भएका भूकम्प पीडितलाई घर बनाउन नगरपालिकाले अभिलेखीकरण गरी सहयोग गर्न अनुरोध गर्दै सामूहिक स्वामित्वका घर भएका भूकम्प पीडितलाई सोही बमोजिम घर पुन:निर्माण गर्न सकिने गरी अनुदानको व्यवस्था मिलाउने प्रक्रियामा रहेको जानकारी गराउँदै डा. श्रेष्ठले भूकम्प पीडितलाई एकमुष्ठ रकम दिन सम्भावना नभएको बताउनुभयो।

उक्त छलफलमा भक्तपुर नपा वडा नं. ८ का वडाध्यक्ष महेन्द्र खायमली, भक्तपुर नपाका प्रशासकीय अधिकृत अम्बिका धौभडेल, भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत यामलाल अधिकारी, राष्ट्रिय पुन:निर्माण प्राधिकरण भक्तपुरका प्रमुख ध्रुव गैंडा, गुठी संस्थानका प्रमुख हरिप्रसाद सुवेदीलगायतको उपस्थिति रहेको थियो।

# नगरस्तरीय कृषक भेला

भक्तपुर नगरपालिकाको आयोजनामा वैशाख ३१ गते नगरपालिकाको सभाकक्षमा नगरस्तरीय कृषकहरूको भेला भयो।

भनपाबाट वितरित बिउबिजन, कृषि प्रविधि तथा भावी कार्यक्रमबारे भएको भेलामा प्रमुख अतिथि भक्तपुर नपा प्रमुख सुनिल प्रजापतिले भन्नुभयो – सिद्धान्त र व्यवहारलाई मिलाएर लान सकेमा मात्र हरेक व्यवसाय र पेशामा सफलता प्राप्त हुनेछ। कृषि क्षेत्रमा पनि व्यवहारिक रूपमा ज्ञान भएर मात्र पुग्दैन सैद्धान्तिक ज्ञान पनि हुनुपर्छ।'



# भनपामा दुई दिने पर्ल्स विश्लेषण तालिम शुरु

भक्तपुर नगरपालिकाद्वारा आयोजित दुई दिने पर्ल्स विश्लेषण तालिमको भक्तपुर नगरपालिकाका प्रमुख सुनिल




प्रजापतिले वैशाख २९ गते पानसमा दिप प्रज्ज्वलन गरी उद्घाटन गर्नुभयो ।

प्रमुख प्रजापतिले सहकारी संस्था व्यक्तिगत भन्दा संस्थागत हितलाई ध्यानमा राखेर पारदर्शी ढंगले सञ्चालन गर्नुपर्ने बताउनुभयो । उहाँले सहकारी संस्थाहरूले देशको अर्थतन्त्रलाई सहयोग पुग्ने गरी उत्पादनशील क्षेत्रमा लगानी वृद्धि गर्नुपर्ने र सीपमूलक तालिमहरू संचालन गरेर युवाहरूलाई रोजगारी प्रदान गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले सहकारी संस्थामा कार्यरत कर्मचारीहरूले सञ्चालकहरूको दबाबमा नपरी नीति नियमको आधारमा काम गर्नुपर्ने र उनीहरूको योग्यता सम्पन्न कार्यबाट मूल्यांकन हुने हुँदा सबै कर्मचारीहरूले आ-आफ्नो जिम्मेवारी गम्भीरताका साथ पूरा गर्नुपर्ने बताउनुभयो ।

उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिका शिक्षा, स्वास्थ्य, सरसफाई र खेलकुदलाई प्राथमिकतामा राखी अगाडि बढिरहेको बताउनुहुँदै सबै नागरिकहरू शिक्षित र स्वस्थ हुनुपर्नेमा जोड दिनुभयो । समाजलाई व्यवस्थित गर्न समाजका सबै पक्षहरूको सहकार्य र समन्वयको आवश्यकता रहेको बताउनुभयो ।

आर्थिक समितिका संयोजक एवं वडा नं. २ का वडाअध्यक्ष हरिप्रसाद बासुकलाले भक्तपुर नपाले सहकारी ऐन बारे सहकारी संस्थाहरूका सम्बन्धित पक्षहरूलाई अभिमुखीकरण, अन्तरक्रिया, भेला लगायतका कार्यक्रम संचालन गर्दै सहकारी संस्थाहरूको अनुगमन गरिरहेको बताउनुभयो ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष एवं प्रशिक्षक कृष्णगोविन्द लाखाजुले पर्ल्स विश्लेषण




तालिम सहकारी संस्था व्यवस्थित रुपमा संचालन गर्न महत्वपूर्ण हुने बताउनु भयो । कार्यक्रममा वडा नं. ६ का वडाअध्यक्ष हरिराम सुवालले पनि बोल्नुभएको थियो ।

---

नेपाल सरकारले वर्षमा १० खर्ब ४१ अर्ब व्यापार घाटा बेहोरिरहँदा नेपाल परनिर्भर भइरहेको प्रस्ट्याउनुहुँदै प्रमुख प्रजापतिले हामीले आत्मनिर्भर भई अगाडि बढ्नुपर्छ भन्नुभयो ।

उहाँले देश सामान्य मजदुर किसानहरूले बिगारेको होइन स्वार्थी, शोषक र जनविरोधी तत्वहरूले देश र जनतालाई कंगाल बनाइरहेको छ भन्नुभयो ।

कार्यक्रममा भनपा वडा नं. ६ का वडासदस्य गोविन्द दुवालले अग्रजहरूको पार्टीको सही नेतृत्व र संघर्षले किसानहरूले राहत पाएको प्रस्ट्याउनुभयो ।

त्यसैगरी भनपा ३ वडाका वडाध्यक्ष राजकृष्ण गोरा, कार्यपालिका सदस्यद्वय सुनिता अवाल र कृष्णलक्ष्मी दुवालले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा कृषकहरू राजकृष्ण मुलगुठी, हरिकृष्ण सुवाल, रामप्रजापति, पृथ्वीकुमार प्रजापति, टेकबहादुर खयरगोली, राजाराम चवाल, लक्ष्मीभक्त दुवाल, लक्ष्मी बासुकला, सम्झना खाइजु, रमेश वैद्य, विजयबहादुर कोजु र रमिन्द्र सुवाललगायतले पनि बोल्नुभएको थियो ।

# भनपा वडा नं. २ र ४ मा आँखा शिविर सम्पन्न




भनपा वडा नं. ४ स्वास्थ्य स्वयम्सेविका परिचालन समितिको संयोजन र सामुदायिक आँखा अस्पताल केन्द्र च्याम्हासिंगको प्राविधिक सहयोगमा शनिबार आँखा शिविर भयो ।

उक्त शिविरमा ३७६ जनाले आँखा परीक्षण गराएका थिए । त्यसमध्ये १३ जनाको मोतीबिन्दु र तीन जनाको आँखामा मासु पलाएकोले शल्यक्रिया गर्नुपर्ने बताइएको छ ।

आँखा शिविरमा नगर प्रमुख सुनिल प्रजापतिले नगरलाई सफा, स्वच्छ र सांस्कृतिक नगर र शिक्षाको ज्ञान विज्ञानको केन्द्र बनाउने, स्वीकृति भएको २५ शय्याको ख्वप अस्पताललाई व्यवस्थित ढङ्गले सञ्चालन गर्न भवन निर्माण भइरहेको बताउनुभयो ।

तीलगंगा आँखा अस्पतालसँग भक्तपुर नगरपालिकाले समन्वय गरी जनस्वास्थ्य केन्द्र च्याम्हासिंगमा नियमितरूपमा आँखा परीक्षण, कम मूल्यमा शल्यक्रिया, विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने विद्यार्थीहरूलाई सहुलियत दरमा शैक्षिक ऋण दिँदै आएको बताउनुभयो ।

भनपा वडा नं. ४ का वडाध्यक्ष कुमार चवालले वडावासीहरूलाई शैक्षिक ऋण, विपन्न वर्गलाई स्वास्थ्य परीक्षणमा सरकारले छुट दिइरहेको बताउनुभयो ।

उक्त समितिका सल्लाहकार उपेन्द्र सुवालले आँखालाई बचाउन आँखाको अभ्यास गर्नुपर्ने, पोषिलो खानेकुरा खानुपर्ने, सरसफाइमा ध्यान दिनुपर्ने, सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा स्वास्थ्यकर्मीको आन्दोलनले बिरामीलाई प्रत्यक्ष असर परेकोले बिरामीको जीउ ज्यानको सुरक्षा गर्नुपर्ने बताउनुभयो ।

उक्त कार्यक्रम समितिका संयोजक, वडा नं. ४ का महिला सदस्य तथा कार्यपालिका सदस्य कृष्णलक्ष्मी दुवालको सभापतित्वमा भएको थियो ।




कार्यक्रममा कृष्णगोविन्द दुवाल, बुद्धलक्ष्मी त्वायना र स्टाफ नर्स बिमला कुम्पाखले पनि बोल्नुभएको थियो ।

त्यसैगरी भक्तपुर नगरपालिका २ नं. वडा कार्यालयको आयोजनमा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीको प्रमुख आतिथ्यतामा ब्यासीमा आँखा शिविर सम्पन्न भयो ।

उपप्रमुख जोशीले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य र सम्पदालाई विशेष महत्त्वका साथ ध्यान दिएको बताउनुहुँदै ख्वप अस्पताल निर्माण भइरहेको जानकारी दिनुभयो । भनपाले तीनवटा जनस्वास्थ्यको सञ्चालन गर्दै आएकोमा ब्यासी जनस्वास्थ्यलाई स्तरीकरण गर्नुपर्ने जनताको आवाज भएको बताउनुभयो ।

वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले भक्तपुर नगरपालिकाले २०७६ जेठ १ गतेदेखि कुहिने र नकुहिने फोहर संकलन छुटाछुटै गर्दै आएकोले सो कार्यक्रमलाई जनताको साथ दिनुपर्ने बताउनुभयो । वडाको विभिन्न विकास निर्माणबारे जानकारी दिँदै भक्तपुर नगरलाई अझ विकास गर्ने हामी सबै मिलेर काम गर्नुपर्ने बताउनुभयो ।

स्थानीय समाजसेवी एवम् अग्रज दामोदर सुवालले भनपाले विभिन्न कलेज खोलेर जनताको सेवा गर्दै आएको र जनतासँग मिलेर सफाइ कार्यक्रम अगाडि बढाएको सकारात्मक पक्ष भएको बताउनुभयो ।

तिलगंगा आँखा प्रतिष्ठान, भक्तपुर शाखाका धिरज अधिकारी, वडा सदस्यहरू श्यामसुन्दर मातां र रत्नकाजी नायभारीले बोल्नुभएको सो आँखा शिविरमा २६० जनाको आँखा जाँच भएको थियो ।

# भनपा–३ मा पाठेघर शिविर

भक्तपुर नगरपालिका ३ वडा कार्यालयको आयोजना तथा जनस्वास्थ्य सेवा केन्द्र, च्याम्हासिंह र भक्तपुर क्यान्सर अस्पतालको प्राविधिक सहयोगमा भनपा–३ तेखापुखुमा महिलाहरूको पाठेघर परिक्षण शिविरको उद्घाटन भनपाका उपप्रमुख रजनी जोशीले गर्नुभयो ।



कार्यक्रममा प्रमुख अतिथि जोशीले स्वास्थ्य नै ठूलो धन हुने बताउनुहुँदै सबैले आफ्नो स्वास्थ्यबारे सचेत हुनुपर्ने बताउनुहुँदै भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेर काम गरिरहेको बताउनुभयो ।

उहाँले ख्वप अस्पताल संचालन भएपछि भक्तपुरवासीका साथै छिमेकी जिल्लाका जनतालाई पनि स्वास्थ्य सेवा सहज हुने बताउनु भयो । उहाँले महिलाहरूले समयमै स्वास्थ्य परीक्षण र उपचारमा ध्यान पुऱ्याए धन र जीवन दुबै जोगिने बताउनुभयो ।

उहाँले यहाँको मौलिक कला र संस्कृति हाम्रो परिचय भएको हुँदा यसको संरक्षण र पुनःनिर्माण कार्य यहाँका जनताहरूकै सुझाव अनुसार गरिरहेको बताउनुहुँदै यसको लागि जनताको साथ र सहयोग आवश्यक रहेको बताउनुभयो ।



कार्यक्रममा भनपा–३ का वडाध्यक्ष राजकृष्ण गोरा, क्यान्सर अस्पतालका डाक्टर श्रेया श्रेष्ठ, महिला वडा सदस्य सुनिता अवाल लगायतले शिविरको आवश्यकताबारे आ–आफ्नो धारणा राख्नु भएको थियो । शिविरमा ११३ जना महिलाहरूले स्वास्थ्य परिक्षण गराएकोमा VIA Positive ७ जना, रिङ–२ जना, जोखिम– १ जना, अप्रेसन गर्नुपर्ने–१ जना, औषधी खानुपर्ने–३ जना र ९९ जना VIA Negative भएको आयोजक समितिले जानकारी जनाएको छ ।

# चिनियाँ भाषा प्रशिक्षण कक्षामा अन्तरक्रिया

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित चिनियाँ भाषा प्रशिक्षण कक्षाका प्रशिक्षार्थी र भक्तपुर नगरपालिका प्रमुख सुनिल प्रजापतिबीच वैशाख ३० गते अन्तरक्रिया भयो । कार्यक्रममा प्रमुख प्रजापतिले युवाहरू सक्षम भएमात्र देश अगाडि बढ्ने हुँदा भनपाले युवा लक्षित विभिन्न प्रशिक्षणहरू सञ्चालन गरिरहेको स्पष्ट पार्नुभयो ।

साहस गर्ने मान्छेमात्रै चुचुरोमा पुग्नसक्ने बताउँदै उहाँले भक्तपुरको निम्ति म केही गरुँ भन्ने भावनाले युवाहरू अगाडि आउनुपर्ने बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीले आफ्ना जनप्रतिनिधिहरूलाई इमानदारीपूर्वक जनताको हितमा काम गर्न सिकाएको स्पष्ट पार्दै उहाँले भनपाका जनप्रतिनिधिहरू भक्तपुरमा सकारात्मक परिवर्तन ल्याउन निरन्तर लागिरहेको बताउनुभयो ।

चिनियाँ संस्कृति मन्त्रीले भक्तपुर चिनियाँ पर्यटकहरूको निम्ति तीर्थस्थल भन्नुभएको स्मरण गर्दै उहाँले सजिलो काम सबैले गर्नसक्ने हुँदा युवाहरू गाऱ्हो काम गर्न अघि सर्नुपर्ने बताउनुभयो ।



भनपा, महिला बालबालिका तथा समाज कल्याण समितिका अध्यक्ष रोशनमैया सुवालले सिकेको भाषाको निरन्तर अभ्यासमा जोड दिनुभयो ।

# भनपा–७ मा आगामी योजनाबारे सुझाव संकलन

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कमीसन विना काम नगर्ने प्रवृत्ति, व्यक्तिगत स्वार्थ र सबै कुरामा अरुको भर पर्दा देश आर्थिक रुपले अगाडि बढ्न नसकेको विचार राख्नुभयो।

भक्तपुर नपा वडा नं. ७ को आयोजनामा वैशाख २८ गते सम्पन्न वडाको प्रगति विवरण एवम् आगामी योजना सुझाव संकलन तथा प्रबचन कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले नाराले मात्र देशको विकास नहुने बताउनुहुँदै भक्तपुरवासी जनताका राय सुझाव लिएर नगरपालिकाले आगामी वर्षको योजना तर्जुमा गर्दै जाने बताउनुभयो।



उहाँले विद्यार्थीहरूको रोजाई निजी विद्यालय भएको हुँदा सामुदायिक विद्यालयको स्तर उठ्न नसकेको बताउनुहुँदै भक्तपुर नपाद्वारा सञ्चालित कलेजले देशभरीका विद्यार्थीहरूलाई सस्तोमा गुणस्तरीय शिक्षा प्रदान गरिरहेको बताउनुभयो।

सम्पदा संरक्षणमा विदेशीको दबाब र हस्तक्षेप




अस्वीकार्य भएको बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नपाले नगरभित्रका पर्ति जग्गा संरक्षणलाई पनि प्राथमिकताका साथ अगाडि बढाईरहेको बताउनुभयो।

कर्यक्रममा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले वडामा भइरहेको विकास निर्माणका काम र वडाको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुहुँदै भक्तपुरमा स्तरीय खेल मैदान बनाउने योजना रहेको बताउनुभयो।

उहाँले शरिरको सन्तुलित विकासको निम्ति शारिरीक ब्यायाममा जोड दिनुपर्ने बताउनुहुँदै भक्तपुर नपाले गरिब तथा जेहेन्दार विद्यार्थीहरूलाई उच्च शिक्षा हासिल गर्न रु ५ लाखसम्म सहुलियत दरमा शैक्षिक ऋणको व्यवस्था गरेको बताउनुभयो।

कार्यक्रममा भनपा वडा नं. ७ का वडासदस्यद्वय रञ्जना त्वाती र हरिरत्न गोर्खाली, नेमकिपा ७ नं. वडा एकाई समितिका संयोजक बलराम गोसाईले पनि वडामा भइरहेको विकास निर्माणका गतिविधिबारे प्रष्ट पार्नुभयो।

## घाइते विदेशी पर्यटकको उद्धार

भक्तपुर घुम्न आएका हल्याण्डका ४८ वर्षका पर्यटक जुरेक ड्रेबेस मंगलबार उच्च रक्तचापका कारण वैशाख ३१ गते भक्तपुरको भोलाछेँ टोलमा अचानक अचेत भई लडेर घाइते भएका थिए। रक्तचापको कारण लडेर घाइते भएका जुरेकको टाउकोमा ठूलो चोट लागेको थियो। घाइते पर्यटकलाई स्थानीय डा.बालकृष्ण चाँगुभारीले टाउकोमा सामान्य उपचार गरी भक्तपुर नगरपालिकाको एम्बुलेन्सबाट मध्यपुर अस्पताल पुऱ्याएका थिए। घाइतेको उदार  कार्यमा भक्तपुर नगरपालिकाका पर्यटक सेवा केन्द्रका कर्मचारीहरू र स्थानीय नगरबासीहरूले सहयोग गरेका थिए। उक्त घाइते पर्यटकका साथीहरूले उद्धारका सहयोगीहरूलाई धन्यवाद दिँदै नेपालीहरू स्नेही भएको बताएका थिए।



# ख्वप माध्यमिक विद्यालयमा कक्षा १२ अध्ययन पूरा गरेका विद्यार्थीहरूको बिदाइ कार्यक्रम

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित)ले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेजमा कानुन र फाइन आर्ट (चित्रकला) विषयको आवश्यकता औंल्याउनुहुँदै नयाँ पुस्ताका विद्यार्थीहरूलाई भूगोल, राजनीतिशास्त्र, इतिहास र कला संस्कृति जस्ता विषय अध्ययन गर्न प्रेरित गर्दै लानुपर्ने बताउनुभयो।

ख्वप माध्यमिक विद्यालयमा शैक्षिक वर्ष २०७५/७६ मा कक्षा १२ अध्ययन पूरा गरेका विद्यार्थीहरूको बिदाइ कार्यक्रममा वैशाख २७ गते बोल्नुहुँदै अध्यक्ष बिजुक्छेंले संविधान बनाउने जिम्मेवार व्यक्तिहरूले संविधानको मर्म थाहा नपाउँदा देशको स्थिति अस्तव्यस्त भएको बताउनुभयो। कला र संस्कृतिमा धनी भक्तपुर नगरको संरक्षण र प्रवर्द्धनको निम्ति चित्रकला, काष्ठकला, धातुकला, मूर्तिकला आदिको संग्रहालयको आवश्यकता औंल्याउनुहुँदै अध्यक्ष बिजुक्छेंले भक्तपुरका खेलमैदानहरूको स्तरोन्नति हुनुपर्नेमा जोड दिनुभयो। उहाँले भक्तपुरमा ठूलो नाचघर र सभाभवन बनाउन भक्तपुर नगरपालिकाले अगुवाई गर्नुपर्ने बताउनुहुँदै कुनै व्यक्तिको नाममा नगर, सडक मार्ग र विश्वविद्यालय तथा कलेजको नाम राख्नु उपयुक्त नभएको बताउनुभयो।




नेपाल मजदुर किसान पार्टीका सचिव एवम् संघीय सांसद प्रेम सुवालले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित सातवटा कलेजहरू व्यापारिक ढंगले खोलिएका निजी कलेजहरूको विरुद्धमा खुलेका शैक्षिक संस्थाहरू भएको बताउनुहुँदै निजी शैक्षिक संस्थाहरूले शिक्षाको नाममा लाखौं विद्यार्थीहरूलाई ठगिरहेको बताउनुभयो।

देशमा नक्कली प्रमाणपत्रको बिगबिगी बढिरहेको औंल्याउनुहुँदै सांसद सुवालले सरकारको विभिन्न क्षेत्रमा कार्यरत व्यक्तिहरूकै कारण देशमा अनियमितता र भ्रष्टाचारको घटनाहरू बढिरहेको स्पष्ट पार्नुभयो।


कार्यक्रममा बोल्नुहुँदै अध्यक्ष बिजुक्छें

शिक्षालाई उत्पादन श्रमसँग जोड्ने गरी ख्वप स्थापनामा जोड दिने बताउनुहुँदै सांसद सुवालले ख्वप विश्वविद्यालयलाई पूँजीवाद र साम्राज्यवादविरुद्ध लड्ने विश्वविद्यालयको रूपमा स्थापित गर्ने बताउनुभयो।

भक्तपुर नगरपालिकाका प्रमुख तथा कलेज व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिले भक्तपुरको सन्तुलित विकासमा जोड दिँदै शिक्षा क्षेत्रलाई नमुनाको रूपमा प्रस्तुत गर्ने उद्देश्य नगरपालिकाले बोकेको बताउनुहुँदै विद्यार्थीहरूले युग सुहाउँदो शिक्षा हासिल गर्नुपर्नेमा जोड दिनुभयो।

राज्यले शिक्षा क्षेत्रलाई प्राथमिकतामा नराखेको आरोप लगाउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले शिशुस्याहारदेखि विश्वविद्यालयको शिक्षा प्रदान गर्ने र देशको निम्ति आवश्यक दक्ष जनशक्ति तयार गर्ने लक्ष्य बोकेको बताउनुभयो।

सांसदहरू देशका कानुन निर्माता भएको बताउनुहुँदै प्रमुख प्रजापतिले सांसदहरू देशको लागि आवश्यक कानुन निर्माण गर्न छोडेर विकासे कार्यकर्ताको रूपमा परिचालित हुनु गलत भएको बताउनुभयो।

भक्तपुर नपाका उपप्रमुख एवम् कलेज व्यवस्थापन समितिका उपाध्यक्ष रजनी जोशी भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउन नगरपालिकाद्वारा सञ्चालित कलेजहरू महत्वपूर्ण योगदान पुऱ्याउने बताउनुहुँदै विभिन्न विषयको शिक्षा भक्तपुरमै उपलब्ध भएको बताउनुभयो।

कार्यक्रममा ख्वप कलेजका प्राचार्य रूपक जोशी, ख्वप माविका प्राचार्य प्रकाशकुमार श्रेष्ठ, ख्वप बहुप्राविधिक अध्ययन संस्थानका प्राचार्य रत्नसुन्दर लासिवा, ख्वप ई. कलेजका प्राचार्य सुजन माक र ख्वप कलेज अफ ई. का प्राचार्य सुनिल दुवालले पनि आ-आफ्नो धारणा व्यक्त गर्नुभएको थियो।

# पम्परागत सम्पदा बस्ती पुन:निर्माणसम्बन्धी छलफल कार्यक्रम

राष्ट्रिय पुन:निर्माण प्राधिकरणको आयोजनामा वैशाख २६ गते विश्व सम्पदा क्षेत्र संरक्षण तथा विकास कार्य र पम्परागत सम्पदा बस्ती पुन:निर्माण कार्यक्रमसम्बन्धी जनप्रतिनिधिहरू, सम्पदा विज्ञहरू र परामर्शदाताहरूसँग छलफल कार्यक्रम सम्पन्न भयो ।



कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले उपभोक्ता समितिमार्फत् बनेका सम्पदाहरू गुणस्तरीय हुने र स्थानीय जनताको अपनत्व रहने बताउनुहुँदै सम्पदा र भौतिक निर्माण उपभोक्ता समितिमार्फत् गर्नुपर्नेमा जोड दिनुभयो ।

भूकम्पमा भत्केका भक्तपुरका केही सम्पदाहरू निर्माण सम्पन्न भइसकेको र केही पुन:निर्माणकै क्रममा रहेको जानकारी गराउनुहुँदै प्रमुख प्रजापतिले सम्पदा पुन:निर्माणको जिम्मा स्थानीय सरकारलाई दिएको खण्डमा पुन:निर्माणको काम छिटो हुने बताउनुभयो ।

प्रमुख प्रजापतिले सम्पदा निर्माणमा राज्यले आवश्यक काठ उपलब्ध गराउनुपर्ने, बजेटको बन्दोबस्त गर्नुपर्ने र दक्ष जनशक्ति उत्पादनमा ध्यान दिनुपर्नेमा जोड दिँदै सांस्कृतिक सम्पदाहरू मौलिक स्वरुपमा पुन:निर्माण गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको आयोजनामा भएको दोस्रो अन्तराष्ट्रिय सम्मेलनले सम्पदा पुन:निर्माण गर्दा अनुसन्धान र मौलिक शैलीलाई जोड दिनुपर्ने निष्कर्ष निकालेको पनि उहाँले बताउनुभयो ।

सांस्कृतिक सम्पदास्थलमा देखिएको दृश्य प्रदूषण हटाउनको लागि अव्यवस्थित तार भूमिगत गर्नुपर्ने र मूर्त-अमूर्त सम्पदा संरक्षणमा प्राधिकरणको ध्यान जानु आवश्यक भएको उहाँले बताउनुभयो ।

कार्यक्रममा राष्ट्रिय पुन:निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले काठमाडौं उपत्यकाका सम्पदा क्षेत्र पुन:निर्माण कार्यमा ढिलाइ भइरहेको स्वीकार्दै प्राधिकरणले विपद्‌लाई अवसरको रुपमा प्रयोग गरी पुन:निर्माणको कार्यलाई प्राथमिकतामा राख्दै आएको बताउनुभयो ।

उहाँले परामर्शदाताहरू जिम्मेवार व्यक्ति भएकोले समयमै गुणस्तरीय निर्माण सम्पन्न गर्न जोड दिँदै प्राधिकरणको काममा सबै निकायले समन्वय र सहयोगी भूमिका निर्वाह गर्नेमा आशा व्यक्त गर्नुभयो ।


कार्यक्रममा राष्ट्रिय पुन:निर्माण प्राधिकरणका डा.चन्द्रबहादुर श्रेष्ठ र उपत्यकाका विभिन्न सांस्कृतिक क्षेत्रका परामर्शदाताहरूले आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।



## शारीरिक व्यायाम उद्घाटन

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपाद्वारा ख्वप इन्जिनियरिङ कलेजलाई वितरित शारीरिक व्यायामका सामाग्रीको वैशाख २५ गते उद्घाटन गर्नुहुँदै ।

## भक्तपुर नगर क्षेत्रमा परम्परागत शैलीमा घर निर्माण गरी निर्माण सम्पन्न प्रमाण पत्र लिएका घरधनीहरूको नाम, अनुदान रकम र घरको तस्बिर




कृष्णराम कुम्पाख (वडा नं. ६)
अनुदान रकम रु. २,१३,६५३।-




कृष्णश्वरी मल्ल प्रधान (वडा नं. २)
अनुदान रकम रु. २,४९,३३३।-



रत्नकेशरी कक्षपति (वडा नं. ६)
अनुदान रकम रु. ४,७०,९५१।-




विश्वराम प्रजापति (वडा नं. ९)
अनुदान रकम रु. ३,५७,६६८।-



विकास कोजु (वडा नं. १० )
अनुदान रकम रु. १,५५,२५८।-



भनपा प्रमुखसँग ललितपुर महानगरपालिकाका प्रतिनिधि मण्डलको भेट



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र प्रधान सेनापति पूर्णचन्द्र थापा बीच भनपा वडा नं.१ सल्लाघारीस्थित रानीपोखरी जीर्णोद्धार र सिद्धपोखरी उत्तरतर्फको खेल मैदान खुल्ला गर्ने विषयमा छलफल









प्रमुख सुनिल प्रजापति भक्तपुरका विभिन्न विकास निर्माण र सम्पदा संरक्षणका योजनाहरुको स्थलगत अवलोकन गर्नुहुँदै









भक्तपुरको विकास निर्माण निरीक्षणको क्रममा प्रमुख प्रजापति

# नगर प्रमुख सुनिल प्रजापतिसँग प्याब्सनका प्रतिनिधिहरूको भेट

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग वैशाख २३ गते प्याब्सनका प्रतिनिधिहरूले भेट गर्नुभयो ।

भेटमा प्रमुख प्रजापतिले भक्तपुरको शैक्षिक विकासमा सामुदायिक र निजी विद्यालयको भूमिका उल्लेखनीय भएको बताउनुहुँदै विद्यार्थीहरूमा सैद्धान्तिक ज्ञान सँगसँगै व्यवहारिक र सेवा गर्ने भावनाको विकास गर्नुपर्ने बताउनुभयो ।



निजी विद्यालयको योगदान र भूमिकाबारे चर्चा गर्नुहुँदै प्रमुख प्रजापतिले कानुन र संविधानको पालना सबैको हितमा हुने र सबैले त्यसको पालना गर्नुपर्नेमा पनि जोड दिनुभयो ।

प्रमुख प्रजापतिले शिक्षा व्यापार होइन, सेवा हो, शिक्षा र स्वास्थ्यमा राज्यले बढी लगानी गरी सबै जिम्मेवारी लिनुपर्नेमा जोड दिनुभयो ।

शैक्षिक गुणस्तर राम्रो भएको विद्यालय नै विद्यार्थीको पहिलो रोजाइँ हुने बताउनुहुँदै प्रमुख प्रजापतिले राजनीतिशास्त्र, इतिहास, भूगोल, संस्कृति पढ्ने विद्यार्थीको लागि भक्तपुर नगरपालिकाले छात्रवृत्तिको व्यवस्था गरेको बताउनुभयो ।

भेटमा प्याब्सन भक्तपुर जिल्लाका अध्यक्ष रमेशचन्द्र श्रेष्ठले भक्तपुर नगरपालिका नगर शिक्षा शाखाले निर्धारण गरेको शुल्क प्रस्ताव र छात्रवृत्तिबारे जिज्ञासा व्यक्त गर्दै गुणस्तरीय शिक्षाको लागि शुल्क व्यवस्थापन आवश्यक भएको, छात्रवृत्ति पाउने विद्यार्थीको पहिचान आवश्यक भएको र शुल्क निर्धारणले भक्तपुरका विद्यालयहरू सञ्चालनमा कठिनाई हुन नहुनेलगायतका विचार प्रस्तुत गर्नुभयो ।

एभरेष्ट इ. स्कूलका प्रिन्सिपल भक्तराज भण्डारीले भक्तपुरका विद्यालयहरूले अन्य क्षेत्रको भन्दा कम शुल्कमै गुणस्तरीय शिक्षा प्रदान गरिरहेको र विद्यार्थीलाई प्रदान गरिएको सेवा सुविधा पनि स्तरीय भएको बताउनुभयो । अभिभावकले तिर्न सक्ने शुल्क निर्धारण विद्यालयहरूले गर्नुपर्ने बताउनुहुँदै उहाँले शिक्षकहरूको स्तर अभिवृद्धि गर्न विभिन्न तालिमहरू सञ्चालन गरिरहेको बताउनुभयो ।

# दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनको समीक्षा कार्यक्रम




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इञ्जिनियरिङ कलेज र ख्वप कलेज अफ इञ्जिनियरिङको संयुक्त आयोजनामा वैशाख १२–१४ गते सम्पन्न 'भूकम्प इञ्जिनियरिङ र विपदपछिको पुनःनिर्माण योजना' बारे सम्पन्न दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनको समीक्षा कार्यक्रममा वैशाख २५ गते बोल्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलगायत अन्य ।

## सृजना नगरका ज्येष्ठ नागरिकहरूको सम्मान

# समाज र देशको निःस्वार्थ रूपमा काम गर्नेहरूको सम्मान हुनुपर्ने

इशानेश्वर मन्दिर क्षेत्र विकास तथा संरक्षण उपभोक्ता समितिको आयोजनामा भक्तपुर नगरपालिका वडा नं. १ सृजनानगरको इशानेश्वर मन्दिर प्राङ्गणमा मातातीर्थ औंसीको अवसरमा वैशाख २० गते ज्येष्ठ नागरिकहरूको सम्मान कार्यक्रम सम्पन्न भयो।





ज्येष्ठ नागरिकहरूलाई सम्मान गर्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले राज्यले कर्मचारीहरूलाई जस्तै कानुन बनाएर मजदुर-किसानहरूको लागि पनि पेन्सनको व्यवस्था गर्नुपर्ने बताउनुभयो। कर्मचारीहरूले राज्यको काम गरेबापत पेन्सन पाउँछ, तर मजदुर वर्गलाई लक्षित उपलब्धीमूलक कार्यक्रम नभएको बताउनुभयो।

भक्तपुर नगरपालिकाले ज्येष्ठ नागरिकहरूको लागि आदर निकेतनको बन्दोबस्त गर्ने तयारी गरिरहेको र नगरवासी ज्येष्ठ नागरिक, एकल महिला, अपांगता भएका व्यक्तिहरूलाई सामाजिक सुरक्षा भत्ता सबै वडा कार्यालयहरूमा जनप्रतिनिधिमार्फत वितरण गरिँदै आएको जानकारी दिनुभयो।

सिंहदरबार, बालुवाटारजस्ता देशका प्रमुखहरू बस्ने सार्वजनिक जग्गा व्यक्तिको नाममा हुनु र अपराधी-कालाबजारीको संरक्षण हुनु पूँजीवादी व्यवस्थाको विकृती भएको बताउनुहुँदै प्रमुख प्रजापतिले पूँजीवादी व्यवस्था कामदार वर्गको हितमा नहुने बताउनुभयो।

ज्येष्ठ नागरिकको त्याग र बलिदानले समाज व्यवस्थित ढंगले अगाडि बढ्ने बताउनुहुँदै प्रमुख प्रजापतिले समाज र देशको निम्ति निःस्वार्थ रूपमा काम गर्नेहरूको समाजमा सम्मान हुनुपर्ने बताउनुभयो। प्रमुख प्रजापतिले वर्तमान सरकारप्रति जनताको विश्वास घट्दै गएको बताउनुहुँदै नक्कली कम्युनिष्टहरूले गरिब जनताको हितमा ऐन-कानुन नबनाउने प्रस्ट पार्नुभयो।

अग्रज नागरिक समाजका अध्यक्ष महाप्रसाद पराजुलीले भक्तपुर जिल्ला देशकै सानो जिल्ला भएर पनि सबैको लागि अनुकरणीय कार्य गरिरहेको बताउनुभयो।

कार्यक्रममा अग्रज नागरिक समाजका प्रवक्ता गोविन्द निरौला, दिवनाथ चापागाइँलगायतले पनि बोल्नुभएको थियो।

कार्यक्रममा विभिन्न व्यक्तित्वहरूले आमाको सम्मानमा कविता वाचन गर्नुभएको थियो।

भक्तपुर नगरलाई सधैं सफा-सुग्घर राख्नु हामी सबै असल नगरवासीको कर्तव्य हो ।

## ख्वप कलेजका विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण

# सबै विद्यार्थीहरूलाई समान ढङ्गले अगाडि बढाउने भनपाको सोच

ख्वप कलेज तथा शारदा क्याम्पसमा स्नातक तह पहिलो र दोस्रो वर्ष, बीबीएम पहिलो सेमेष्टर तथा स्नातकोत्तर तह दोस्रो सेमेष्टरमा अध्ययनरत गरिब तथा जेहन्दार ८० विद्यार्थीहरूलाई एक कार्यक्रमबीच वैशाख २० गते छात्रवृत्ति वितरण गरियो ।



छात्रवृत्ति पाउन सफल विद्यार्थीहरूको अभिभावकहरूको उपस्थितिमा भएको उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख एवम् कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले छात्रवृत्ति वितरण गर्नुहुँदै छात्रवृत्ति पाउन सफल विद्यार्थीहरूबाट कलेजले लिएको उद्देश्य पूर्तिमा सहयोग पुग्ने आशा व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, 'आर्थिक रूपले कमजोर जनताले समेत उच्च शिक्षामा पहुँच पुऱ्याउन सकियोस् भन्ने उद्देश्यले भनपाले कलेजहरू सञ्चालन गरिरहेको छ । हाम्रा विद्यार्थीहरू अनुशासित हुनुका साथै २१ औं शताब्दीको चुनौतीलाई सामना गर्न सक्ने सक्षम हुनुपर्छ ।'

आर्थिक कमजोरीका कारण बीचमा पढाइ छोड्न नपरोस् भन्ने भावनाकासाथ भनपाले रू. ५ लाखसम्मको सहुलियत दरमा शैक्षिक ऋण प्रदान गर्ने व्यवस्था गरेको जानकारी गराउनुहुँदै उहाँले भन्नुभयो, 'सबै विद्यार्थीहरूलाई समान ढङ्गले अगाडि बढाउने सोच भनपाले लिएको छ । भनपाको अनुमतिमा अनुसन्धान तथा रिपोर्ट तयार गर्ने विद्यार्थीहरूलाई नगरपालिकाले आर्थिक सहयोग दिने व्यवस्था गरेको छ ।'

सोध–अनुसन्धानको निचोडअनुसार नगरपालिकाले सरसफाइ, सम्पदा संरक्षण, पुनःनिर्माण, स्वास्थ्य सेवा, पर्यटन विकास र शिक्षाक्षेत्रमा विशेष जोड दिई कार्य गरिरहेको जानकारी दिनुहुँदै प्रमुख प्रजापतिले समाजउपयोगी विषयमा अनुसन्धान गर्नुपर्ने खाँचो औंल्याउनुभयो ।

'भनपामा बस्ने हरेक नागरिक स्वस्थ र शिक्षित होस् भन्ने उद्देश्यले नगरपालिकाले काम गरिरहेको छ । भनपालाई देशकै नमूना नगर बनाउने हाम्रो योजना छ । भनपाबाट सञ्चालन हुने ख्वप विश्वविद्यालय देशकै नमूना विश्वविद्यालय हुनेछ', उहाँले भन्नुभयो ।

संविधानको भावनाअनुसार काम नगरी देशमा निर्देशित सङ्घीयता लागू गर्न खोज्ने सरकारको कदमको हामी विरोध गर्छौं, प्रमुख प्रजापतिले भन्नुभयो ।

ख्वप कलेजका प्राचार्य रूपक जोशीले कलेजका छात्रवृत्ति प्रदान गरिने नियमहरूबारे जानकारी दिनुहुँदै विश्वविद्यालयले निर्धारण गरेअनुसार कलेजले छात्रवृत्ति प्रदान गर्दै आएको जानकारी दिनुभयो ।



कार्यक्रममा कलेजका उपप्राचार्य राजेशकुमार श्रेष्ठले पनि बोल्नुभएको थियो ।

# युवाहरू विदेशिंदा पूँजीपति वर्ग र विदेशी दलाललाई फाइदा

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित)ले वर्तमान सरकार पूँजीपति वर्गको हितमा बनेको सरकार भएकै कारण व्यापक श्रमिक वर्गको हित हुने नीति नल्याएको बताउनुभयो। उहाँले बहुमत प्राप्त सरकार र राजनीतिक पार्टीले गलत र जनविरोधी ऐन–कानुन बनाएका कारण कामदार वर्गको राजनैतिक अधिकार र मजदुर हकहितका कुराहरू गौण बन्दै गइरहेको बताउनुभयो।




नेपाल कर्मचारी समाज भक्तपुर जिल्ला समितिको आयोजनामा वैशाख १७ गते १३० औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा आयोजित कर्मचारी भेला तथा प्रशिक्षण कार्यक्रममा बोल्नुहुँदै अध्यक्ष बिजुक्छेंले नेपाल सरकारले नेपाली युवालाई विदेशमा आधुनिक दास बनाई कामदारहरूलाई सस्तो ज्यामीको रूपमा शोषण गर्न दिंदै छ भन्नुभयो। उहाँले नेपाली युवाहरू विदेशमा जाँदा पूँजीपति वर्ग र विदेशी दलाललाई फाइदा भइरहेको बताउनुहुँदै गलत कामको परिणाम पनि सधैं गलत नै हुने बताउनुभयो।

मजदुरहरूको बौद्धिक स्तर र शारीरिक विकासको लागि अध्ययन र शारीरिक व्यायामको आवश्यकता औंल्याउनुहुँदै कार्यालय सहयोगी र सफाइ मजदुरहरूले सरसफाइमा ध्यान दिई मद्यपान र मादक पदार्थ सेवनजस्ता कुलतबाट टाढा हुनुपर्ने बताउनुभयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले नक्कली कम्युनिष्ट सरकारले निजी संस्थाको सञ्चालक समितिको रूपमा काम गरिरहेको र निजी क्षेत्रलाई प्राथमिकतामा राख्ने पूँजीवादी व्यवस्थाको विशेषता रहेको बताउनुभयो। वंशजको आधारमा नागरिकता पाएकालाई जन्मको आधारमा नागरिकता दिनु गलत भएको बताउनुहुँदै प्रमुख प्रजापतिले विदेशीलाई सहजै नागरिकता वितरण गर्दा देशको सार्वभौमिकता गुम्नुका साथै विदेशीहरूले नै शासन गर्न सक्ने खतरा हुने बताउनुभयो।

नेपाल कर्मचारी समाजका अध्यक्ष गौतमप्रसाद लासिवाले पूँजीवादी पार्टीले गरेका कुकृत्यबारे कामदार वर्गलाई सचेत गर्नु र संगठित बनाउनु आवश्यक भएको र सफाइ मजदुरहरू स्वस्थ भए मात्रै जनताको सेवा गर्न सकिने विचार व्यक्त गर्नुभयो।

नेमकिपाका केन्द्रीय सदस्य एवं भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले कामदार वर्गको हक अधिकारको सुनिश्चितताको निम्ति राजनीति र वर्गीय रूपमा सचेत र संगठित हुनुपर्ने बताउनुहुँदै राज्यले युवा लक्षित गतिविधि गर्दा विदेशी भूमिमा श्रम पसिना बगाएर विदेशी भूमिमा रमाउने युवाहरूको सङ्ख्या बढिरहेको बताउनुभयो।

कार्यक्रममा नेपाल क्रान्तिकारी मजदुर संघका अध्यक्ष राजेन्द्र चवालले मई दिवसको इतिहास र मजदुर आन्दोलनको पृष्ठभूमिबारे प्रस्ट पार्नुभयो।

कार्यक्रममा नेपाल कर्मचारी समाज भक्तपुर जिल्ला समितिका अध्यक्ष काजीबहादुर पञ्च, उपाध्यक्ष राजन जति र दिलिपकुमार सुवालले पनि आ-आफ्नो धारणा व्यक्त गर्नुभएको थियो।

Khwopa Circle
An Undertaking of Bhaktapur Municipality

**ख्वप सर्कलको आयोजनामा अन्तर्राष्ट्रिय श्रमिक दिवस**

# देश विकासको लागि असल, इमानदार र देशभक्त राजनीतिक नेता/कार्यकर्ताहरू आवश्यक




१३० औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूको आयोजनामा वैशाख १८ गते ख्वप कलेजमा प्रवचन कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले देश विकासको लागि असल, इमानदार र देशभक्त राजनीतिक नेता/कार्यकर्ताहरू आवश्यक भएको बताउनुभयो।

एमाले र काङ्ग्रेसका नेताहरू भारतको 'ट्रोजन हर्स' भएको उल्लेख गर्दै अध्यक्ष रोहितले भन्नुभयो, 'अन्तर्राष्ट्रिय सन्धि-सम्झौता र त्यसले पार्ने प्रभावबारे जानकारी नराखी सत्तामा रहेका मन्त्री/प्रधानमन्त्रीले हस्ताक्षर गर्दा देशमा विदेशी हस्तक्षेप बढेको छ।'

'जनताको पिर/मर्कालाई सम्बोधन गर्ने र अन्यायविरूद्ध लड्ने नयाँ युवा पुस्ता तयार गर्न प्राध्यापकहरूले मेहनत गर्नुपर्छ। राम्रो राजनीतिक कार्यकर्ता तयार नभएसम्म देश अगाडि बढ्नेछैन।' उहाँले भन्नुभयो।

बुद्धिजीवीहरूले मजदुर-किसानलगायत कामगरी खाने वर्गको पक्षमा लेख/रचनाहरू लेखी मजदुर दिवस मनाउनुपर्ने धारणा अध्यक्ष रोहितले राख्नुभयो।

भेनेजुयलामाथि संरा अमेरिकाको हस्तक्षेप निन्दनीय भएको चर्चा गर्नुहुँदै उहाँले प्रश्न गर्नुभयो, 'भेनेजुयलमाथि संरा अमेरिकाले गरेजस्तै चीन र भारतले एसियामा हस्तक्षेप गरे संसारमा प्रजातन्त्र कहाँ रहन्छ ?'

'भेनेजुयलामा आर्थिक सङ्कट आएको नभई ल्याइएको हो, भेनेजुयलाको आफ्नै स्रोत-साधन छ' उहाँले भन्नुभयो।

'ठूला सञ्चार माध्यमहरू पैसा कमाउने पूँजीपति वर्गको सेवा गर्ने उद्देश्यले सञ्चालन भइरहेको हुँदा जनताको पक्षमा लेखेका लेख तथा समाचारहरू प्रकाशित नगरिएको हो', उहाँले भन्नुभयो।

पार्टीको सिफारिस वा भागवण्डामा मनोनयन भएका न्यायाधीशहरूले निष्पक्ष न्याय दिनेमा शङ्का उठ्ने उहाँले उल्लेख गर्नुभयो।

कार्यक्रमका सभापति विद्यालय/कलेज सञ्चालक समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले संविधानको मर्म र भावनाअनुसार देश अगाडि बढ्न नसकेको बताउनुभयो।

सरकारले सङ्घीयताको मान्यताविपरीत केन्द्रको सर्देशनमा स्थानीय तह संचालन गर्न खोज्नु गलत भएको उल्लेख गर्नुहुँदै निजीकरणलाई जोड दिने नेकपा सरकार कम्युनिष्ट नभएको स्पष्ट छ भन्नुभयो।

विदेशी लगानी नाफा कमाउनकै लागि भएकोले स्वदेशी पूँजी विकास नभएसम्म देशले समृद्धि प्राप्त गर्न नसकिने बताउनुभयो।

विद्यालय सञ्चालक समितिका उपाध्यक्ष एवम् भक्तपुर नगरपालिकाका उपमेयर रजनी जोशीले भनपाले जनताको पक्षमा काम गरिरहेको बताउनुभयो।

शिक्षाको माध्यमबाट देशलाई अगाडि बढाउने लक्ष्यअनुसार भनपाले ७ वटा शैक्षिक संस्थाहरू सञ्चालन गरी देशकै सेवा गरिरहेको बताउनुभयो।

कार्यक्रममा ख्वप कलेजका प्राचार्य रूपक जोशी, ख्वप माविका प्राचार्य प्रकाशकुमार श्रेष्ठ, ख्वप बहुप्राविधिक अध्ययन संस्थानका प्राचार्य डा. रत्नसुन्दर लासिवा, ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य इ. सुजन माक र ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवालले मजदुर दिवसबारे बोल्नुभएको थियो।

कार्यक्रममा शिक्षक राजेशकुमार श्रेष्ठ र सुनिता गाइँसीले पनि बोल्नुभएको थियो।

# ऋषेश्वर लौकिवा महादेव मन्दिरको शिलान्यास

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले बिहीबार भक्तपुर नपा वडा नं. ८ मा अवस्थित ऋषेश्वर लौकिवा महादेव मन्दिरको शिलान्यास वैशाख १९ गते गर्नुभयो ।

शिलान्यास कार्यक्रममा प्रमुख प्रजापतिले भूकम्पबाट क्षतिग्रस्त मठ, मन्दिर, पाटी, पौवा, पोखरी, शिवालय आदिको



संरक्षणका कामहरू भइरहेको बताउनुहुँदै भक्तपुरको विकास निर्माणमा स्थानीय जनताको सक्रिय सहभागिताको महत्त्वपूर्ण भूमिका रहेको बताउनुभयो ।

भक्तपुरका जनताको साथ र सहयोगी भावनाले गर्दा अरु ठाउँको तुलनामा भक्तपुर व्यवस्थित र सफा भएको बताउनुहुँदै प्रमुख प्रजापतिले सार्वजनिक सम्पदाहरू गुणस्तरीय ढंगले निर्माण भए पुर्खाले छोडेको सम्पत्ति सुरक्षित रूपमा नयाँ पुस्तालाई हस्तान्तरण गर्न सकिने बताउनुभयो ।

उहाँले ठेक्कापट्टाको काममा जनताको अपनत्व नरहने बताउनुहुँदै भक्तपुर नगरपालिकाले यहाँका सबै सम्पदा संरक्षण कार्य उपभोक्ता समितिमार्फत निर्माण गरिरहेको बताउनुभयो । प्रमुख प्रजापतिले सुख्खा समयमा खानेपानीको अभावलाई कम गर्न भनपाले विभिन्न वडामा डीप बोरिङको कार्य गरिरहेको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ८ का वडाध्यक्ष महेन्द्र खायमलीले सार्वजनिक निर्माणमा नगरवासीहरूलाई उत्तरदायी बनाउन सके गुणस्तरीय निर्माण हुने बताउनुहुँदै भक्तपुर नगरपालिकाले जनताकेन्द्रित गतिविधिमा जोड दिइरहेको बताउनुभयो ।

ऋषेश्वर लौकिवा महादेव मन्दिरको पुनःनिर्माण वडा बजेटबाट हुने जानकारी गराउनुहुँदै अध्यक्ष खायमलीले उपभोक्ता समितिमा बसेर कार्य गर्न र जनश्रमदानको लागि प्रेरित गर्नुभयो ।

कार्यक्रममा उपभोक्ता समितिका अध्यक्ष विवेक कुस्मा, वडा सदस्य कृष्णगोपाल छुस्याबाग र स्थानीय कृष्णप्रसाद कुस्माले मन्दिर पुनःनिर्माणमा वडावासीहरूको सक्रिय सहभागिताको लागि आह्वान गर्नुभयो ।


**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर-२

**ट्राइसाइकलमार्फत फोहोर सङ्कलनबारे सूचना !**

ऐतिहासिक एवम् सांस्कृतिक नगर भक्तपुरलाई सफा, स्वच्छ र सुन्दर बनाउन नगरबासी दाजुभाई दिदी बहिनीहरूले सहयोग गर्नुभएकोमा धन्यवाद ज्ञापन गर्दै नगरको फोहोरमैला सङ्कलन कार्य लाई थप व्यवस्थित एवम् प्रभावकारी बनाउन ***यही २०७६ जेठ १ गतेदेखि*** ट्राइसाइकलमार्फत सबै वडामा घर-पसल/व्यवसाय/कार्यालयको कुहिने नकुहिने फोहोर अलग्ग-अलग्ग सङ्कलन गरिने व्यहोरा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

***प्रत्येक वडामा अलग्ग ट्राइसाइकलको बन्दोबस्त गरी एक दिन कुहिने फोहोरमात्र र अर्को दिन नकुहिने फोहोरमात्र सङ्कलन गरिनेछ ।***

*फोहोर सङ्कलन गरिने समय*
हरेक दिन बिहान ६:०० बजेदेखि १० बजे सम्म
दिनको २ बजेदेखि ५ बजे सम्म

- घर-घरबाट नै कुहिने र नकुहिने फोहोर छुट्याएर सङ्कलनकर्तालाई देऔं ।
- घर, पसल, व्यवसाय, कार्यालयको फोहोर जथाभावी सडकमा नफालौं, सभ्य नागरिकको परिचय देऔं ।

# सम्पदाहरू पुनःनिर्माण गरिंदा अनुसन्धानलाई जोड दिनुपर्छ : प्रमुख प्रजापति

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले ख्वप इन्जिनियरिङ कलेजको आयोजनामा सम्पन्न तीनदिने अन्तर्राष्ट्रिय सम्मेलनमा ९ वटा देशका २५० जना स्वदेशी–विदेशीको सहभागिता रहेको र विपद् व्यवस्थापनसम्बन्धी ६२ वटा कार्यपत्र प्रस्तुत भएको जानकारी गराउनुभयो। भूकम्प, डुबान, बाढी-पहिरोजस्ता प्राकृतिक प्रकोपपछि विपद् व्यवस्थापन गर्न अन्तर्राष्ट्रिय सम्मेलनले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुहुँदै प्रमुख प्रजापतिले सम्पदाहरू पुनःनिर्माण वा जीर्णोद्धार गरिंदा अनुसन्धानलाई जोड दिनुपर्ने र मौलिक स्वरूपलाई प्रमुख प्राथमिकतामा राखिनुपर्ने सम्मेलनको निष्कर्ष रहेको बताउनुभयो।

बुधबार भक्तपुर एफ.एम.को 'साझा सरोकार' कार्यक्रममा सञ्चारकर्मी उत्तम आलेसँग वैशाख १९ गते भएको कुराकानीमा प्रमुख प्रजापतिले नेपाल सरकारले भूकम्प पीडितलाई दिएको अनुदान अपुग भएको बताउनुहुँदै भक्तपुरका सांस्कृतिक सम्पदाहरू उल्लेख्य मात्रामा पुनःनिर्माण सकिएको र अझै केही सम्पदाहरू निर्माणाधीन अवस्थामा रहेको बताउनुभयो।

प्रमुख प्रजापतिले नेमकिपाको **'एक घर एक स्नातक'** योजनाले आज भक्तपुरलाई शिक्षाको उत्कृष्ट गन्तव्यस्थलको रूपमा परिचित गराउन सहयोगी भूमिका खेलेको बताउनुहुँदै शिक्षकहरूले इमानदारीपूर्वक अध्यापन गराएका कारण भक्तपुरको नतिजा उत्कृष्ट रहँदै आएको स्पष्ट पार्नुभयो। ख्वप विश्वविद्यालयको विधेयक पारित भएमा देशकै नमुना विश्वविद्यालयको रूपमा सञ्चालन गर्ने उद्देश्य नगरपालिकाको रहेको बताउनुहुँदै प्रमुख प्रजापतिले




आर्थिक रूपमा पछाडि परेका गरिब तथा जेहेनदार विद्यार्थीको लागि सहुलियत दरमा रु. ५ लाखसम्मको शैक्षिक ऋणको व्यवस्था र राजनीतिशास्त्र, इतिहास, भूगोल, संस्कृति पढ्ने विद्यार्थीको लागि छात्रवृत्तिको व्यवस्था गरेको बताउनुभयो।

भक्तपुरको रानी पोखरी जनताले नै उपयोग गर्दै आएको ऐतिहासिक महत्त्व बोकेको पोखरी भएको उल्लेख गर्नुहुँदै उहाँले रानी पोखरी पुनःनिर्माण गर्न सम्बन्धित सरोकारवालाहरूसँग समन्वय गरिरहेको र प्राप्त प्रमाणको आधारमा पोखरीलाई मौलिक स्वरूपमै पुनःनिर्माण गर्ने नगरपालिकाको योजना रहेको बताउनुभयो।

तीन दशक पहिलेदेखि पानी सुकेको भक्तपुरको दूधपाटीमा अवस्थित भाजु पोखरीलाई पुनः जीवन दिने काम पनि भइरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुरका मूर्त र अमूर्त सम्पदाको संरक्षणमा नगरपालिकाले अग्रणी भूमिका खेल्ने बताउनुभयो।

# भक्तपुरमा मोतिबिन्दुको शल्यक्रिया सुरु

तिलगंगा आँखा केन्द्रको प्राविधिक सहयोगमा भक्तपुर जिल्लामा सञ्चालनमा रहेको भक्तपुर जिल्ला सामुदायिक आँखा केन्द्रले क्रमशः आफ्नो सेवा विस्तार गरेको छ। भक्तपुरमै एउटा सुविधासम्पन्न आँखा अस्पताल बनाउने उद्देश्य लिएको केन्द्रले अब २०७६ साल जेठ १ गतेदेखि हरेक दिन साँझ ३:३० बजेदेखि ५:३० बजेसम्म विस्तारित आँखा सेवा प्रदान गर्ने भएको छ भने प्रत्येक महिनाको २ दिन मोतिबिन्दुको शल्यक्रिया गर्ने जनाएको छ। भक्तपुरमा मोतिबिन्दुको शल्यक्रियाको लागि गत २०७५ साल चैत १५ गते नै शल्यक्रिया कक्षको उद्घाटन भएको थियो।

केन्द्रको सेवा बिस्तार गर्ने निर्णय २०७६ साल वैशाख २७ गते केन्द्रको व्यवस्थापन समितिको अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा बसेको व्यवस्थापन समितिको बैठकले गरेको स्रोतले जनाएको छ।

# ‘सरकारले बजेट र काठ उपलबध गराएमा भक्तपुर छिट्टै पुरानै अवस्थामा देख्न पाउनेछ’




**सुनिल प्रजापति, भक्तपुर नगरपालिका प्रमुख**

दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी हुन आउनुभएका नेपाली र विभिन्न देशबाट पाल्नुभएका मित्रहरू, यहाँहरू सबैलाई भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु । यहाँहरूको सक्रिय सहभागिताले हाम्रो कार्यक्रम भव्य रूपमा सफल भयो । हामी भक्तपुरवासीहरू कला, संस्कृति, सम्पदा संरक्षण, शिक्षा– स्वास्थ्य र विकास निर्माणको माध्यमबाट देशको सेवा गर्दैछौं ।

ख्वप इञ्जिनियरिङ कलेज र ख्वप कलेज अफ इञ्जिनियरिङ मात्र होइन नगरपालिकाअन्तर्गत सञ्चालित सबै कलेजहरूमा अनुसन्धानमा जोड दिंदैछौं । हाम्रा हरेक कलेज अध्ययन अनुसन्धानको केन्द्र होस् भने हामी चाहन्छौं । त्यसको निम्ति नगरपालिकाले आवश्यक बन्दोबस्त गर्दै जानेछ ।

२०७२ सालको भूकम्पबाट क्षतिग्रस्त थुप्रै सम्पदाहरू निर्माण गर्न बाँकी छन् । पुनःनिर्माण वा जीर्णोद्धारको नाउँमा सबै काम अरुले गरी देओस् भन्ने सोच हामीमा छैन । हाम्रो स्रोत, ज्ञान, बुद्धि र विवेकले भ्याएसम्म हामी आफै गर्न तयार छौं । आफ्नो खुट्टा बलियो भएको व्यक्तिमात्रै स्वाभिमानीपूर्वक बाँच्न सक्छ भन्ने मान्यता हामी राख्छौं ।

हामीले गरेका काममा धेरै विशेषज्ञ साथीहरूले निरन्तर सहयोग गर्दै आउनुभएको छ । स्थानीय जनता, बुद्धिजीवी साथीहरूको साथ र सहयोगले हामी अहिलेको अवस्थामा आइपुग्न सफल भएका छौं । नगरपालिकाको हरेक काममा सेवा भावले सहयोग गर्ने हाम्रा सहयोगी देशी विदेशी मित्रहरूलाई धन्यवाद दिन चाहन्छु ।

भूकम्पपछि हामीलाई केही विदेशी मित्रहरूले सहयोग गर्न खोज्नुभयो । सोही अनुरुप २०७२ साल पुस महिनामा नेपाल सरकार र जर्मन सरकारबीच पूर्वाधार र सम्पदा पुनःनिर्माण तथा जीर्णोद्धार गर्ने सम्बन्धमा भएको थियो । सम्झौतामा भक्तपुरको ३ वटा विद्यालय, १० वटा सम्पदाहरू (५ तले मन्दिर, भैरवनाथको मन्दिर, पुजारी मठ, दरबार क्षेत्रस्थित कला संग्रहालय रहेको भवनलगायत) को लागि केएफडब्लु (जर्मन विकास बैङ्क) मार्फत् १ करोड युरो अर्थात् झण्डै रु. १ अर्ब २० करोड सहयोग गर्ने उल्लेख थियो । त्यसबेला जनप्रतिनिधिहरू थिएनन् । भूकम्पको २ वर्षपछि हामीले पद्भार ग्रहण गर्‍यौं । नेपाल सरकार र जर्मनी सरकारबीच भएको सम्झौताबारे विज्ञहरूसँग सल्लाह गर्‍यौं ।

पुरातात्विक र सांस्कृतिक महत्त्वका सम्पदाहरू अत्यन्त संवेदनशील भएकोले ती सम्पदाहरू पुराना अनुभवहरू र दक्ष जनशक्तिका आधारमा हामी आफैले पुनःनिर्माण र जीर्णोद्धार गर्न सक्ने निष्कर्षमा पुग्यौं । आश्चर्यको कुरा भक्तपुर नगरपालिकासँग सम्झौता हुनु अघि नै केएफडब्ल्युले विद्यालयहरू र सम्पदाहरूको क्षतिको विवरण आफै तयार गर्न लगायो र त्यसको लागि १ करोड रुपैयाँ खर्च भइसकेको बताइयो ।

केएफडब्लुको रिपोर्टअनुसार पुनःनिर्माणमा आधुनिक प्रविधि प्रयोग गर्ने, ढलान र स्टिलको प्रयोग गर्ने योजना थियो । युनेस्कोको सिद्धान्तअनुसार सकेसम्म पुरानै प्रविधि र शैलीको प्रयोग गर्नुपर्छ । भनपासँग ५५ झ्याल दरबार, भैरवनाथको मन्दिरलगायतका सम्पदा निर्माण र जीर्णोद्धार गर्दा प्राचीन मौलिक शैली र निर्माण सामग्रीको प्रयोग गरेको अनुभव छ ।

भक्तपुरको निम्ति मात्रै होइन देशकै सम्पदा संरक्षणको लागि निरन्तर सहयोग गर्दै आउनुभएका प्रा. प्रेमनाथ मास्के, प्रा. सुदर्शनराज तिवारी र ख्वप इञ्जिनियरिङ कलेजका विज्ञ प्राविधिकहरूले केएफडब्लुको प्रस्तावलाई एकमतले अस्वीकार गर्नुभयो । उहाँहरूको राय र सल्लाअनुसार केएफडब्लुको पैसालाई भन्दा सम्पदाको मौलिक शैली बचाइ राख्नुलाई हामीले जोड दियौं ।

कला संग्रहालय रहेको भवन मल्लकालीन वा राणाकालीन भन्ने विषयमा लामो बहसपछि मल्लकालीन शैलीमै निर्माण गर्ने टुङ्ग्याएका छौं । बजेट अभावको

# 'कम्युनिष्ट' तिनको आवरण हो, आस्था होइन

• सुरेन्द्रराज गोसाई

शासकहरूले यहाँ क्रान्ति र समाजवादबारे खूब चर्चा गरे। क्रान्तिको अर्थ मौलिक परिवर्तन तथा आमूल परिवर्तन हो। कार्ल मार्क्सले पूँजीपति वर्गको 'स्वर्ग' माथि धावा बोलेर त्यसलाई ध्वस्त पारी कामदार वर्गको शोषणरहित शासन सत्ताको स्थापनालाई क्रान्ति भन्नुभएको हो। पूँजीवादी व्यवस्था कायम नै राखी सामान्य सुधारमा रमाउनु र पूँजीवादलाई मलजल गर्नु तथा साम्राज्यवादको सेवा गर्नु भनेको संशोधनवाद हो, समाजवादको अपव्याख्या हो। त्यो क्रान्ति होइन धोका हो। संसदबाटै समाजवाद स्थापना गर्ने सपना देख्नु, संसदमा बहुमत हुनु र बन्दुक बोक्नुलाई नै समाजवाद ठान्नु बर्नस्टिनहरूको बाटो हो, कार्ल मार्क्सको होइन। बर्नस्टिनहरू क्रान्तिका विरोधी थिए र छन्।

हिजो पञ्चायतले पनि शोषणरहित समाज स्थापना गर्ने नारा बनाएको थियो। नेपाली कांग्रेसले पनि समाजवादको नारा दियो। तर, न पञ्चायत न त नेपाली कांग्रेस नै कम्युनिष्ट हुन्। यस आधारमा अहिलेको शासक दलको समाजवाद र समृद्धि झूटको खेती हो। 'कम्युनिष्ट' तिनको आवरण हो, आस्था होइन। 'समाजवाद' तिनको आडम्बर हो, आचरण होइन। तिनलाई उदाङ्ग्याउँदै र वैचारिक सङ्घर्ष तीव्र पार्दै नेपाली जनता समाजवादी क्रान्तिको तयारीमा जुट्दै जानेछन्। जनताले समाजवाद कसैको सौख र ठट्टाको विषय होइन भन्ने बुझ्दै जानेछन्।



यस आधारमा यो विनियोजन विधेयक शासकहरूले दाबी गरेझैं समाजवादको सामान्य अंशको पनि आधार-पत्र होइन, बरु अलमल-पत्र भने जरुर हो।

विनियोजन विधेयक, २०७६ का सिद्धान्त र प्राथमिकतामाथि छलफल चलिरहेको छ। विधेयकमा के छ भन्ने विषय एउटा पक्ष हो भने त्योभन्दा महत्त्वको विषय भनेको यो विधेयकको पृष्ठभूमि के हो र कसले तयार गऱ्यो भन्ने हो। यो विधेयक त्यस्तो सरकारले ल्याएको छ जो हिजोको विधेयकको लक्ष्य पूरा गर्न पूर्णरूपमा असफल रह्यो, जसले आफैले बनाएको सिद्धान्त र प्राथमिकताका कुराहरूलाई आफैले कुल्च्यो, जसले बनाएको बजेट विफल भयो, जसले

---

➲➲ कारण नगरपालिकाले अगाडि बढाउन सकेको छैन। कला संग्रहालय रहेको भवन, दरबार स्क्वायरस्थित भनपा पुरानो भवन, पुजारी मठ, नगरपालिकाको कानुन शाखा रहेको भवनलगायत थुप्रै सम्पदाहरू पुन:निर्माण वा जीर्णोद्धार गर्न बाँकी छन्। यसबारे राष्ट्रिय पुन:निर्माण प्राधिकरणका प्रमुखज्यूको ध्यानाकर्षण गर्न चाहन्छौं। सरकारले आवश्यक बजेटको व्यवस्था र सहज रुपमा काठ उपलब्ध गराइ दिएमा भक्तपुरका सम्पदाहरूको स्वरुप छिट्टै नै पुरानै अवस्थामा फर्किनेछन्। पुन:निर्माणको अरबौं रुपैयाँ सरकारको बैङ्कमा राखेर हाम्रा सम्पदाहरू आफै निर्माण हुने होइन।

आर्थिक सहयोग अरुबाटै लिएर भए पनि प्राविधिक, प्रविधि र जनशक्ति तथा निर्माण सामग्री जति हाम्रै गर्न सके हाम्रो मौलिकतामा अलिकति पनि आँच नआउने गरी सम्पदाहरूको पुन:निर्माण र जीर्णोद्धार गर्न सक्छौं। सबै कुरा अरुबाट मात्रै लिनुभन्दा हाम्रा प्राचीन प्रविधि हामीले मात्रै होइन, अरुलाई पनि दिन सक्छौं। ठूलठूला भूकम्पमा पनि नभत्केका सयौं वर्ष पुराना हाम्रा सम्पदाहरूले प्राचीन कालमा हामी प्रविधिमा अत्यन्त सम्पन्न भएको प्रमाण प्रस्तुत गरिरहेका छन्। यसबाट आजका विशेषज्ञहरूले सिक्नुपर्छ।

हाम्रा प्राचीन प्रविधिमा हाम्रा प्राविधिकहरू, सिकर्मी, डकर्मी आफै विशेषज्ञ हुन्। अरुको सहयोगमा मात्रै भर परेर हामीले हाम्रो देशलाई विकास र समृद्ध बनाउन सक्दैनौं।

यस दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनबाट निकालेको निष्कर्ष नेपालको निम्ति महत्त्वपूर्ण विषय बन्नेछ र त्यसलाई नगरपालिकाले कार्यान्वयनको लागि सक्दो अगुवाई गर्नेछ।

*(भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा वैशाख १२-१४ गते सम्पन्न 'भूकम्प इन्जिनियरिङ र विपदपछिको पुन:निर्माण योजना' बारे दोस्रो अन्तर्राष्ट्रिय सम्मेलन समापन समारोहमा व्यक्त मन्तव्यको सार संक्षेप- सम्पादक।)*

प्रदेशको आर्थिक गतिविधि अत्यन्त दयनीय र लज्जाजनक हुँदासमेत नैतिक जिम्मेवारी लिएन, जसले ठूलठूला आश्वासन बाँड्यो तर सानो सिन्कोसमेत भाँचेन। बजेटको एकचौथाइ पनि पूँजीगत खर्च नगर्ने सरकार कुन मुखले, कुन नैतिकताले समृद्धिको सपना बाँड्दै छ ? प्रदेशका जनतासमक्ष आफ्नो कमजोरी र गल्ती महसुस गर्दै आत्मालोचना गर्नुपर्थ्यो र क्षमा याचना गर्दै सुधिने प्रतिबद्धता व्यक्त गर्नुपर्थ्यो। अहङ्कार होइन इमानदारी देखाउनु नै प्रतिष्ठाको परिचायक हुनेछ। त्यो मौका प्रदेश सरकारले गुमाएको छ।

यो विनियोजन विधेयक त्यस्तो सरकारले ल्याएको हो जसले जनताको विश्वास गुमाउँदै छ, जो आफैँप्रति पनि विश्वस्त एवं इमानदार छैन, जो कोहीप्रति जवाफदेही बन्न आवश्यक ठान्दैन। त्यस्तो सरकारको मीठो सपना र आश्वासन भनेको व्यर्थ हो र ढाँटबाहेक अरु केही हुनैसक्दैन।

एउटा प्रसिद्ध भनाइ छ, तिमी केही मानिसलाई केही पटक मूर्ख बनाउन सक्छौ तर सबैलाई सधैँ मूर्ख बनाउन सक्दैनौ। वर्तमान प्रदेश सरकार बारबार यो प्रदेशका जनतालाई मूर्ख बनाउने चेष्टा गर्दै छ। फेरि पनि प्रदेश सरकार यो विधेयकमार्फत शब्दजालमा फसाएर, अलङ्कारमा अल्मल्याएर, आश्वासनै आश्वासनमा भुलाएर छलकपट गर्दै छ। मुलाले आफ्नो खाडल आफै खन्छ भनेझैँ वर्तमान प्रदेश सरकार आफ्नो अवसान आफै आमन्त्रण गर्दै छ।

नेपालको संविधानले प्रदेश नं ३ मा १३ वटा जिल्ला रहने प्रस्ट बन्दोबस्त गरेको छ। प्रदेश सरकारले यो विधेयक ल्याइरहँदा र बजेट बनाइरहँदा केही सवाल टड्कारो खडा हुन्छन्। यो प्रदेशमा १३ वटा जिल्ला, ६६ निर्वाचन क्षेत्र र ११९ पालिका छन् भन्ने हेक्का सरकारलाई छ कि छैन ? त्यसको अभिव्यक्ति या जवाफ बजेटमार्फत दिन प्रदेश सरकार तयार छ कि छैन ? लैङ्गिक विभेद, जातीय भेदभाव मेट्ने नारा दिनेले बजेटमा किन क्षेत्रीय भेदभाव, पदीय प्रभाव, शक्तिको अहङ्कार, बलको मिचाइ प्रस्ट झल्काउन अप्ठ्यारो मान्दैन ? बजेटमा प्रदेशको सरहद या क्षितिज खुम्च्याउने काम सरकार स्वयम्बाट किन हुन्छ ? के दुईतिहाइ बजेट एक–दुई मन्त्रीको कब्जामा जानैपर्छ ? के सङ्घीयतामा जनताले यस्तै सामन्ती र राणा प्रवृत्तिधारीहरूबाट पददलित भएर बाँच्नुपर्ने हो ? यी संवेदनशील सवालप्रति बेलैमा सचेत रहन सरकारको ध्यानाकर्षण गराउँदछौँ।

पुनः हामी जोडका साथ भन्छौँ, सङ्घीयताको मूल मर्म भनेको विकेन्द्रीकरण, स्वायत्तता, सन्तुलित विकास, सेवा तथा सुविधाको यथोचित वितरणसहितको न्यायपूर्ण तथा सम्मानजनक शासन प्रणाली हो। यो भावनाको हरपल उच्च कदर गर्नु र सोहीबमोजिम बजेट निर्माण गर्नु सरकार स्वयम्को पक्षमा हुनेछ। हामीलाई आशा छ, आफ्नो खुट्टामा आफैले बञ्चरो प्रहार स्वस्थ व्यक्तिले गर्नेछैन।

प्रस्तुत विधेयकमा उल्लेख गरिएको छ, 'सङ्घीयता कार्यान्वयनको सुरुआती चरण भएको, नेपाल सरकारले प्रदेश सरकारको लागि गर्नुपर्ने नीतिगत प्रबन्ध तथा संरचनाका आधारशिला तयार भई नसकेको, प्रदेश सरकारको क्षेत्राधिकारमा पर्ने योजना, कार्यक्रम तथा संरचनाहरू आवश्यक मात्रामा हस्तान्तरण तथा बुझबुझारथ भई नसकेको, प्रदेश सरकारलाई आवश्यक पर्ने नीति, ऐन, नियम, मापदण्ड, कार्य प्रणाली बनी नसकेको अवस्था' हो। यस चित्रले केही प्रश्न जरुर जन्माउँछ। यति गम्भीर विषयप्रति सरकारले दुई वर्षसम्म किन बेवास्ता गऱ्यो ? सरकार किन उदासीन बन्यो ? किन तयारी थालेन ? यति लामो अवधिसम्म बेवारिसे अवस्थामा छोड्नु र सुस्तता देखाउनु गैरजिम्मेवारीपनको पराकाष्ठा नभए के हो ?

यही पृष्ठभूमिमा प्रधानमन्त्री ओलीबाट 'प्रदेशहरू किन छटपटाएका ?' 'प्रदेश सरकार 'स्वतन्त्र सरकार' नभई 'नेपाल सरकारको एकाइ' हुन् भन्ने अभिव्यक्ति आउनु के काकताली मात्र हुनसक्ला या वास्तविकता अर्कै छ ? सङ्घीयतालाई कमजोर बनाउने, प्रदेशहरूको अधिकार खोस्नेजस्ता जो कसैको षड्यन्त्र कुनै आधारमा नेपाली जनताको निम्ति स्वीकार्य हुनेछैन।

यो विधेयक आफैमा विरोधाभासपूर्ण छ। एकातिर विधेयकमा यो प्रदेश तीव्र विकासतिर लम्किरहेको, समृद्धितर्फको यात्रा, उत्कृष्ट प्रदेश आदि आलङ्कारिक शब्द उल्लेख छन् भने अर्कोतिर परनिर्भरता तोड्नु पर्ने, गरिबी न्यूनीकरण, पछौटेपन, सम्पूर्ण विभेद र खाद्यान्न अपुगको स्थिति अन्त्य गर्नेतर्फ बजेट केन्द्रित रहने बताइएको छ। गरिबी, पछौटेपन, खाद्यान्न अभाव, उत्पादनविहीनता आदि वास्तविकताबीच तीव्र विकास, समृद्धिको नारा लगाउनु कुन आधारमा समीचीन मान्न सकिएला ? ढाँटेको कुरा काटे पनि मिल्दैन भनेको सायद यही हो। फोहरलाई जति छोपे पनि दुर्गन्ध नआउने कुरै छैन। प्रदेश सरकारको यही हालत देखिइँदै छ। शब्द सृङ्गारले मात्रै मानिसको पेट भर्दैन र देशको विकास हुनेछैन।

नयाँ नारा जन्माउन र मनोरञ्जन प्रदान गर्न भने प्रदेश सरकार भुल्दैन। 'प्रदेश समृद्धिको आधारः श्रम, सृजना, उत्पादन र रोजगार' को नयाँ नारा प्रस्तुत गरिएको छ। यो पटकको नारामार्फत हामीले हिजो श्रम होइन लुटपाट मच्चायौं, सृजना होइन ध्वंश गऱ्यौँ, उत्पादन होइन कल–कारखाना ध्वस्त पाऱ्यौँ र रोजगारको अवसर होइन पौरखी हातहरूलाई विदेश खेद्यौँ, ती विगतका कार्यप्रति हाम्रो पश्चाताप छ भन्न खोजिएको हो कि ? यदि यो शासक दलको अपराधबोध, पश्चाताप र प्रायश्चितको अभिव्यक्ति हो भने केही आशा गर्ने ठाउँ जरुर हुनेछ।

*(जेठ ९ गते भएको प्रदेश विनियोजन विधेयकमाथिको छलफलमा प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले राख्नुभएको विचार)*

अन्तरवार्ता

# 'ज्ञान विज्ञानको केन्द्र र सम्पदा संरक्षित नगर बनाउने  हाम्रो लक्ष्य हो'

• सञ्जीव दुलाल


सुनिल प्रजापति-मेयर, भक्तपुर नगरपालिका

शिक्षा, स्वास्थ्य र सम्पदा संरक्षणलाई प्राथमिकतामा राख्दै आएको भक्तपुर नगरपालिका विश्वको प्रख्यात सम्पदाहरू रहेको नगरपालिका हो । नगरको आधाभन्दा बढी सांस्कृतिक सम्पदा विश्वसम्पदामा दरिएका छन् । वर्षभरिमा बिस्केट जात्रा, गाईजात्रा, नवदुर्गागणको जात्रालगायत सयौं जात्राहरू मनाइने यस नगरपालिकालाई देशकै नमुना नगरपालिकाका रूपमा विकास गर्न अहोरात्र खटिरहेका मेयर सुनिल प्रजापतिसँग नगर विकासका योजना, भावी कार्यक्रम र चुनौतीका विषयमा राजधानी सहकर्मी सञ्जीव दुलालले गरेको कुराकानीको सम्पादित अंश !

**लामो समय जनप्रतिनिधि नभएको अवस्थामा तपाईंहरू आउँदा कस्ता अपठ्ठेराहरू बेहोर्नु पर्‍यो ?**

लामो समय जनप्रतिनिधिको अभाव भक्तपुर नगरपालिकाले पनि खेपेको नै थियो । नयाँ जनप्रतिनिधि नआएसम्म पहिले निर्वाचित जनप्रतिनिधिहरूले नै काम गर्न पार्टीको निर्देशन थियो । समस्याहरू धेरै थिए । त्यति बेला जनप्रतिनिधिहरू भए पनि उहाँहरूले केही गर्न सक्ने अवस्था थिएन । पुरै सिस्टम कर्मचारीतन्त्रको हातमा थियो । विकासले गति लिन सकेको थिएन । सम्पदा संरक्षणले तीव्रता लिन सकेको थिएन । भक्तपुरको पनि समस्या त्यही हो । तर, नयाँ प्रतिनिधि नआए पनि पुरानै प्रतिनिधिले शिक्षासम्पदा संरक्षण अनि स्वास्थ्यमा नगरमा गर्नुपर्ने विकास भने अन्य नगरमाभन्दा तदारुकताका साथ नै गर्नुभएको थियो ।

**भक्तपुर नगरलाई नमुना नगर पनि भन्छन् । कसरी यो नगर नमुना हुन सफल भयो ?**

हामी भक्तपुरलाई सबै क्षेत्रमा नमुना बनाउने कोसिसमा छौं । शिक्षा, स्वास्थ्य र सम्पदा संरक्षणका सवालहरूका साथै सफा नगरका रूपमा नमुना बनाउन विभिन्न प्रयत्नहरू भइरहेका छन् । यसका लागि नगरवासीको पनि ठूलो हात छ । उहाँहरूको साथ र सहयोगले हामीले भक्तपुरलाई नमुना सहर बनाउने प्रयत्न गरिरहेका छौं ।

**शिक्षा, स्वास्थ्य आदिका माध्यमबाट नमुना सहर बनाउने कुरा गर्नुभयो, सम्भव छ ?**

भक्तपुर नगर देशको पहिलो नगरपालिका हो, जसले शिक्षण संस्थामार्फत शिक्षित तथा दक्ष जनशक्ति उत्पादन गर्न लागिपरेको छ । हामीसँग हाल सातवटा शैक्षिक संस्था छन् । दुई इन्जिनियरिङ कलेज, बहुप्राविधिक शिक्षालय, ख्वप कलेजलगायतका शैक्षिक संस्था नगरपालिकाको पहलमा सञ्चालनमा छन् । यसमा ५ हजार ७ सयभन्दा बढी विद्यार्थी अध्ययनरत छन् । शिक्षालाई श्रमसँग कसरी जोडेर अघि बढाउन सकिन्छ भनी शिक्षाको व्यावहारिक पक्षमा पनि उत्तिकै जोड दिएका छौं । हामीलाई सरकारले ख्वप विश्वविद्यालयको अनुमति दिएको खण्डमा हामीले कम लागतमा दक्ष जनशक्ति उत्पादन गर्न सक्छौं । बढ्दो महँगीमा १५ देखि २० लाखमा हामी डाक्टर उत्पादन गर्न सक्छौं । यसका साथै नगरपालिकाले स्वास्थ्य क्षेत्रलाई सुधार गर्ने उद्देश्यका साथ हरेक वडामा नर्सको व्यवस्था गरेको छ । ती स्वास्थ्यकर्मीले घरघरमा गएर जनतालाई स्वास्थ्यसेवा दिँदै आएका छन् ।

भर्खर मात्र भक्तपुर जिल्लालाई नै मध्यनजर गर्दै सुविधासम्पन्न अस्पताल निर्माणका लागि ख्वप अस्पतालको शिलान्यास गरेका छौं । यो सञ्चालनमा आएपछि अझ बढी सेवा दिन सकिने कुरामा हामी विश्वस्त छौं । नगरभित्र रहेका सम्पूर्ण सामुदायिक विद्यालयको सुधार गर्दै निजीभन्दा बढी राम्रो कसरी बनाउन सकिन्छ भनी हामी शिक्षा सुधारको काममा लागिपरेका छौं । यी सबै कामहरू पूरा गर्दै नमुना नगर बनाउन हामी लागिपरेका छौं ।

**स्थानीय निकायको पाठ्यक्रमको सवालमा कति काम सम्पन्न भयो ?**

स्थानीय निकायले बनाउनुपर्ने पाठ्यक्रम विकासमा पहिलो नगर हुँदै अघिल्लो वर्ष नै कक्षा एक र छको पाठ्यक्रम निर्माण गरी लागू गराइसकेका छौं । यो वर्ष हामीले कक्षा दुई र सात को पाठ्यक्रम लागू गराएका छौं । भक्तपुका जुनसुकै विद्यालयमा अध्ययन गर्ने विद्यार्थीले नगरको चिनारी, यहाँका विशेषता कला, संस्कृति आदिको विषयमा जानकारी पाउन सकून् भनी नै पाठ्यक्रम विकास गरिरहेका छौं । यही क्रममा अन्य कक्षाको लागि पनि पाठ्यक्रम विकासमा हाम्रो टोली लागिपरिरहेको छ ।

**भक्तपुर नगरपालिकाले शिक्षामा प्रदान गर्न लागेको ऋण कस्तो खालको ऋण हो ?**

हामी नगरको शिक्षालाई रोजगारसँग जोड्नुपर्छ भन्ने अवधारणाका साथ काम गरिरहेका छौं । यसको निरन्तरतास्वरूप गरिब तथा विपन्न वर्ग, जो अध्ययन गर्न

भने अब्बल छन्, ती विद्यार्थीहरूलाई पढ्नबाट वञ्चित हुनु नपरोस् भनेर यो अवधारण ल्याइएको हो। हालसम्म ऋणका लागि ४५ जनाबाट आवेदन पनि आइसकेको छ। हामी उनीहरू विपन्न हुन् या हैनन् भन्ने विषयमा अध्ययन गरी विपन्न भएका हकमा जनही ५ लाखसम्म शैक्षिक ऋण उपलब्ध गराउने प्रक्रियामा छौं। हामी हाम्रो नगरमा भएका युवा विद्यार्थीहरू गरिबीका कारण शिक्षाबाट वञ्चित नहोऊन् भनी यो कार्यक्रम लागू गर्न थालेका छौं।

**सम्पदाको खानी नै रहेको प्राचीन नगर भक्तपुरमा भूकम्पपछि तहसनहस भएको सम्पदाको पुनर्निर्माणको कामलाई कसरी जारी राख्नु भएको छ ?**

भूकम्पपछि सम्पदा पुनर्निर्माण हाम्रो ठूलो चुनौती थियो। हाम्रो नगरका सानाठूला गरी १ सय १५ वटा सम्पदाहरू पुनर्निर्माण गर्नुपर्ने थियो। हामीले काम गर्दै जाँदा हालसम्म ८३ वटा सम्पदाको पुनर्निर्माणको काम सम्पन्न गरिसकेका छौं भने बाँकी ३२ वटाको काम जारी रहेको छ।

**सांस्कृतिक नगरका रुपमा चिनिने भक्तपुरको विभिन्न संस्कृति जगेर्नाका लागि नगरले गरेको थप काम केही छ ?**

संस्कृति संरक्षणाका लागि नगरभित्र हुने विभिन्न जात्रा आदिको लागि पनि नगरपालिकाले विभिन्न तवरबाट काम गरिरहेको छ तर गुठी संस्थान जसले ती जात्राआदिका लागि गर्नुपर्ने दायित्व पूरा नगर्दा हामीलाई यसको पनि भार परेको छ। तथापि, हाम्रो नगरभित्र भएका जात्रा तथा परम्परा लोप हुन नदिन हामीले जात्राहरूको विषयमा अध्ययन गरी ती जात्रा कसरी सञ्चालन हुन्छन् र कसरी नगरपालिकाले ती सबैको समन्वय गर्न सक्छ भनेर लोप भएका जात्रा पुनः सञ्चालन गर्न र लोप हुन लागेकालाई जोगाउन विभिन्न काम गरिरहेका छौं।

- शिक्षा, स्वास्थ्य र सम्पदा संरक्षणका सवालहरू प्राथमिकतामा छन्
- दुई इन्जिनियरिङ कलेज, बहुप्राविधिक शिक्षालय, ख्वप कलेजलगायतका शैक्षिक संस्था नगरपालिकाको पहलमा सञ्चालनमा छन्
- गरिब तथा जेहेनदार विद्यार्थीलाई ५ लाखसम्म शैक्षिक ऋण उपलब्ध गराउने तयारीमा छौं
- पुनर्निर्माण गरिनुपर्ने १ सय १५ सम्पदाहरूमा ८३ वटा सम्पन्न भई बाँकी ३२ वटाको काम जारी रहेको छ

**गुठी संस्थानका कारण भक्तपुर नगरका जात्रामा कस्तो असर परेको छ ? गुठीका कारण पनि जात्रा जोगाउन समस्या भएका कुरा आएको छ नि ?**

गुठी संस्थानले राम्रो काम गर्न सकेको छैन। यो उठाउने संस्था मात्र हो, यसले विभिन्न बहानामा भक्तपुर नगरभित्र ठूलो रकम भाडाका रूपमा उठाउँछ तर उठेको रकमअनुसार काम गरेको देखिँदैन। ५० वर्ष पहिले सय रूपैँया दिने जात्रालाई हाल पनि उही सय रूपैयाँ नै दिने चलनले जात्रा चलाउन समस्या हुने देखिएको छ। अब गुठी संस्थान नै खारेज गरी स्थानीय तहलाई नै त्यसको कामको जिम्मेवारी दिनुपर्ने देखिन्छ।

**स्थानीय निकाय सञ्चालन सम्बन्धमा ऐन कानुनको निर्माणको काम कसरी अगाडि बढिरहेको छ ?**

स्थानीय तहका गठन भएपछि विभिन्न कामहरूको जिम्मेवारी हामीहरूको काँधमा आए। ती कामकाज सम्पन्न गर्न आवश्यकताअनुसार नै हामीले कानुन निर्माण गर्दै आएका छौं। शिक्षा, सहकारी तथा सम्पदा पुनर्निर्माणका लागि उपभोक्ता समितिको आवश्यक पर्ने नियम, कानुन तथा ऐन बनाउँदै आएका छौं।

**हाल विद्यमान कर्मचारी समायोजनले नगरमा कस्तो असर परेको छ ?**

यो देशव्यापी समस्या हो। तर, हामीले आवश्यक पर्ने कर्मचारीभन्दा बाहेक अरूलाई लिएका छैनौं र लिने पनि छैनौं। शिक्षाको कामको जिम्मेवारी आयो, कर्मचारी पनि आए र हामीले लियौं। यस्तैगरी महिला विकास, पशु, कृषि आदिका कर्मचारी साथै काम पनि आयो र हामीले उनीहरूलाई हिजो जो काम गर्दै आएका थिए, उही काम गर्ने गरी लियौं। तर, अब अनावश्यक रूपमा भने हामी कर्मचारी लिने पक्षमा छैनौं।

**युवा लक्षित कार्यक्रम के गर्दै छ नगरपालिका ?**

पहिलो कुरा त हामी दक्ष जनशक्ति उत्पादनमा नै जोड दिँदै प्राविधिक जनशक्ति उत्पादनमा लागिपरेका छौं। यसका लागि सातवटा शिक्षण संस्थामार्फत काम गरिरहेका छौं। यसका साथै हामी सीपमूलक तालिम, काष्ठकला तालिम, ढुंगाकला, मूर्तिकला, सिलाई, माटो जाँच, बीउबिजन छनोट गर्ने विभिन्न तालिम पनि दिँदै छौं।

**नगरमा कस्ता चुनौतीहरू रहेका छन् ?**

हनुमन्ते खोलाको फोहर व्यवस्थापनको समस्या हो। जर्मन प्राजेक्टले तात्कालीन समयमा सिधै नदीमा ढल मिसाइदियो। हाल उक्त व्यवस्थापन गर्न हामीलाई चुनौती भएको छ। यसका साथै खानेपानीको समस्या, सम्पदा संरक्षण, जनसंख्या व्यवस्थापन आदि पनि थप चुनौतीका रूपमा हामी माझ छन्। हामी हाम्रो नगरलाई कसरी अरू नगरभन्दा फरक बनाउने भन्ने उद्देश्यले काम गरिरहेका छौं। हामी व्यवस्थित नगर बनाउने उद्देश्यका साथ नगर विकासका काममा पनि लागि परेका छौं। भक्तपुर नगर एक सुन्दर एवं राम्रो नगर बनाउन हामी कम्मर कसेर लागिपरेका छौं।

*(राजधानी दैनिक, जेठ २, २०७६)*

# मौलिक पर्व सिथि नखा



ओम धौभडेल

चन्द्रमाको तिथिमा प्रत्येक १५/१५ दिनको अन्तरमा पूर्णिमा र औँसी आउँछ। पूर्णिमाको दिन आकाशमा पूरा चन्द्रमा देखापर्छ। त्यसपछि क्रमशः प्रतिपदा, द्वितीया, तृतीया, चतुर्थी, पञ्चमी, षष्ठी, सप्तमी, अष्टमी, नवमी, दशमी, एकादशी, द्वादशी, त्रयोदशी, चतुर्दशी हुँदै औसी आईपुग्छ। सुरुको १५ दिन शुक्ल पक्ष हुन्छ भने पछिको १५ दिन कृष्णपक्ष हुन्छ। बाऱ्ह महिनामा बाऱ्ह चोटी नै यसरी शुक्लपक्षको षष्ठी तिथि आउँछ। यसमा जेष्ठ शुक्ल पक्ष तिथिको षष्ठिको दिन सिथिले प्रख्यात छ। नेवार समाजले प्रत्येक वर्ष मनाउँदै आएको सिथि यहि ज्येष्ठ शुक्ल षष्ठिको दिन पर्छ। यसबाट पनि षष्ठिको अपभ्रंश सिथि हो भन्ने स्पष्ट हुन्छ। यस दिन कुमार षष्ठि नामले पनि चिनिन्छ।

काठमाडौं उपत्यकामा बस्ने आदिवासी नेवाःहरूको वर्षभरि विभिन्न जात्रा, चाडपर्व, उत्सव आदिले भरिएको हुन्छ। त्यसमा पनि वर्षभरिको पहिलो चाड घण्टाकर्ण पर्व (गाथामोग चऱ्हे) लाई लिने गरिन्छ भने सबैभन्दा अन्तिम चाड ज्येष्ठ शुक्ल षष्ठीको दिन मनाउने कुमार षष्ठी अर्थात् सिथिलाई लिने गरिन्छ। यसरी नेवाःहरूको वर्षदिनको सबैभन्दा अन्तिम चाड भएर सिथिलाई यहाँ धुमधामसँग मनाउने गर्दछन्। यस पर्वबारे हाम्रा बंशावली एवं विभिन्न पुराणहरूमा समेत उल्लेख गरिएको छ। यसमध्ये मार्कण्डेय पुराणअनुसार जेष्ठ शुक्ल षष्ठीको दिन देवाधिदेव महादेवको ज्येष्ठपुत्र कार्तिकेय कुमारको जन्मदिन भएको मानी उक्त दिन कुमारको विशेष पूजाआजा गरिन्छ र कुमारकै नामबाट उक्त दिनलाई कुमार षष्ठीसमेत भनिएको पाइन्छ। यस दिन घर र वरिपरि सरसफाइ गरी कार्तिकेय कुमारको पूजाआजा गर्नाले घरमा सुख, शान्ति कायम हुने, कार्यसिद्धि प्राप्त हुने र सुस्वास्थ्य लाभ हुने उक्त पुराणमा उल्लेख छ।

नेवार समाजमा सबैभन्दा पहिले पुजिने देवता गणेश भए पनि त्यो भन्दा पहिले कुमारलाई पूजा गर्नुपर्ने गरी प्रत्येक घरको मूलढोका अगाडि क्षेत्रपाल (पिखालाकी) का रूपमा कुमारको प्रतिकात्मक मूर्ति स्थापना गरिएको हुन्छ। यसमा प्रायः ६ वटा कमलको फूलको पात अंकित हुन्छ। त्यस्तै सिथिको दिन कागजमा ६ वटा कमलको फूलको पात अंकित गरी झ्याल वा कौसीमा झुन्ड्याउने चलन छ। त्यसअघि कुमारको उक्त प्रतिकात्मक मूर्तिमा ६ वटा विभिन्न थरीका अन्नबाट बनेको चटामरी, ६ थरीका दालबाट बनेको वः (बारा) र ६ थरीका सागसब्जीका तरकारी चढाई पूजा गर्ने गर्दछन्। यसरी षष्ठीको दिन ६ टाउको भएको कार्तिकेय कुमारलाई ६ थरीका चटामारी, वः (बारा) र तरकारी चढाउनुको पछाडि ६ अंकको ठूलो महत्त्व रहीआएको छ।

यता कुमारको छुट्टै विशेषता भएको मूर्तिमा काठमाडौं हाँडीगाँउको ६ टाउके मूर्ति, धुलिखेलको पार्वती मन्दिरमा रहेको मूर्ति, काठमाडौं जैशीदेवलको मूर्ति, भक्तपुर तिलमाधव नारायण मन्दिरमा रहेको कुमारको मूर्ति प्रसिद्ध मूर्तिहरू हुन्। यसमा सिथिको दिन काठमाडौं जैशीदेवलभित्रको कुमारको मूर्ति बाहिर ल्याई पूजाआजा गर्ने चलन छ। सिथी सुरु हुनु तीन दिन अगाडि नै कुमारको मूर्ति बाहिर ल्याई सफा गरेपछि रङ्गरोगन र श्रृङ्गार गरी बाहिर प्रदर्शनमा राखिन्छ र सिथिको दिन विभिन्न खाद्य पदार्थहरूसहित पूजाआजा गरिन्छ। भोलिपल्ट उक्त मूर्ति एउटा विमान खटमा राखी बाजागाजाका साथ नगर परिक्रमा गराउने काम हालसम्म पनि थानकोट भेगका नगरकोटी र बलामीहरूले गर्दै आएका छन्। त्यस्तै ने.स. ७९२ को एउटा गीति ग्रन्थमा 'कुमार खुपात ख्वाल किजां थुव' भनी स्पष्ट रूपमा कुमारका ६ वटा शीर हुने उल्लेख छ। यस बाहेक कुमार देवगणका सेनापति भएका नाताले सिथिको दिन नक्कली युद्धाभ्यास समेत हुन्थ्यो। जुन मध्यकालमा प्रशस्त सेना नहुँदा बाहिरी शक्तिले आक्रमण गरिरहेको समयमा यहींकै स्थानीयलाई युद्धाभ्यास गर्ने हेतुले सिथिको दिन नक्कली युद्धको अभ्यास हुन्थ्यो। यसमा नगरको तल्लो भेग र माथिल्लो भेगका मानिसहरू एक आपसमा नक्कली युद्ध गर्थ्यो। युद्धमा हारेका वा समातेकालाई नरबली समेत दिन्थ्यो। कान्तिपुर राज्यको एउटा उदाहरण यहाँ दिन सकिन्छ। कान्तिपुर राज्यको माथिल्लो र तल्लो भेगका बिच विष्णुमति, कंकेश्वरी र इन्द्रायणी नेर युद्ध हुँदा समातेकालाई आ-आफ्नो राज्यका देवी कहाँ बली दिन्थ्यो। अन्धविश्वासको कारण शत्रुको हातमा परेकालाई माथिल्लो टोलकोले ईन्द्रायणीमा र तल्लो टोलकोले कंकेश्वरीमा बली दिने गर्थ्यो।

यो चलन धेरै पछिसम्म चल्यो। यो खराब चलनलाई राणा प्रधानमन्त्री जङ्गबहादुरले बन्द गरिदियो। यस्तो चलन बनेपामा समेत रहेको देखिन्छ। तल्लो र माथिल्लो भेगको बिच इँटाले हान्ने चलन पछिसम्म पनि सिथिको दिन थियो। जुन अचेल छैन।

प्रत्येक नेवार घरको पहिलो वास्तु सूचक पिखालाकी हो। घर अगाडि स्थापित यो गोलो ढुङ्गाले नेवार समुदायको वास्तुको परिचय दिन्छ। घर तयार भइसकेपछि मूलढोका अगाडि राखिने पिखालाकीको पूजा गृहप्रवेशको क्रममा छानाबाट योमरी गुडाउने र पानी बर्साउने क्रमसँग जोडिन पुग्छ। जुन प्रत्येक पल्ट घर बाहिर पूजा गर्ने क्रममा पिखालाकीको पूजा अनिवार्य रूपले गर्नुपर्छ र प्रत्येक दिन निःल (शुद्ध जल) ले छर्किनुपर्छ। त्यति मात्र होइन, ईही (बेल विवाह) गरेकी छोरी घर भित्र्याउन अघि यहाँ घरकी मुली नकींले विधिपूर्वक पूजा-आजा गरी स्वागत गर्ने ठाउँ उही पिखालाकी हो। त्यस्तै विवाहको क्रममा छोराबुहारीलाई यही पिखालाकी अगाडिबाट विधिपूर्वक पुजागरि घर भित्र्याइन्छ। लक्ष्मी पुजाको दिन पिखालाकीदेखि घरको ढुकुटीसम्म गोबर र रातोमाटोले लिप्ने चलन छ। जन्म रथारोहण, जन्मदिनदेखि हरेक शुभकार्यमा मात्र हैन मृत्यु संस्कारमा समेत पिखालाकीको ठूलो महत्त्व छ।



चटामरी र वः

धार्मिक मतले पिखालाकीलाई जे-जस्तो ब्याख्या गरे तापनि यो आफैमा शुद्ध नेपालभाषाको शब्द हो। जहाँ पिखाले घरको छानालाई सिमाना बनाई सिधा जमिनसम्मको भाग जनाउँछ। छानाबाट भित्र परेको भागलाई पाखां दुने (पाखा भित्र) र बाहिरको भागलाई पाखां पिने (पाखा बाहिर) भनी स्पष्ट पार्ने क्रममा यही छानाबाट सिधा मुनितिर मूलढोका अगाडि स्थापित गोलोढुङ्गा पिखालाकी बनेको भाषा वैज्ञानिक दृष्टिकोणले धेरै नजिक हुन आउँछ। ने.स. ५९१ मा लेखिएका अमरकोशमा लखुको अर्थ पानी बाची शब्दको रूपमा ब्याख्या गरेको छ। ने.स. ५०० मा नेपालमण्डलको राजधानी भक्तपुरमा पानी नपरि समयमै धान रोप्न नपाउँदा तत्कालिन राजा जयस्थिति मल्लले लवंख्यात (पानी माग्ने जात्रा) सम्पन्न गरेको गोपाल राजवंशावलीमा उल्लेख छ। यहाँ लखु शब्दले पानीसँग सम्बन्ध राख्ने अर्को महत्त्वपूर्ण विश्लेषण जोड्ने हो भन्ने छानाबाट झरेको पानी पर्ने ठाउँ ढुङ्गा नै पिखालाकी हो भन्ने स्पष्ट हुन्छ।

हाम्रा धार्मिक ग्रन्थहरूले कुमार अर्थात् पिखालाकीलाई एकजना वास्तुकलाविद् पनि मानेको सन्दर्भमा वास्तुकलाको अर्को महत्त्वपूर्ण ग्रन्थ प्रतिष्ठा सार सम्मुचयमा समेत कुमारको जिकिर हुनु र उनै वास्तुशास्त्रले कुमारलाई क्षेत्रपालको समेत संज्ञा दिएको बिचारणीय पक्ष हो। तर नेवार समुदाय पिखालाकीलाई क्षेत्रपात्रभन्दा पनि कुमारकै रूपमा पूजा गर्न रुचाउँछ र आफ्नो मूलढोका अगाडि स्थापना गरी दिनहुँ पूजा गर्नेदेखि शुभ-अशुभ हरेक कार्यमा संलग्न गराउन चाहन्छ। जेष्ठ शुक्ल षष्ठी अर्थात् सिथि नखाको बिहान नेवार समुदायले आ-आफ्नो घरको मूलढोका अगाडि स्थापित गोलाकार ढुङ्गामा वः (बारा) चटामारी (चामलको पिठोको रोटी) सहित पूजा गर्ने चलन छ। त्यसो त प्रत्येक दिन यसमा पूजा गर्ने चलन नभएको होइन। तर विशेष रूपले पूजिने दिन सिथि नै हो। यसदिन पूजा गरिने कुमार देवतालाई सिथि द्यः भन्ने गरिन्छ। सिथि द्यः पूजा गर्ने क्रममा बनाउने मन्दलाई सिथि मन्द भनिन्छ। यसदिन विशेष रूपले खाने वः अर्थात् बारालाई सिथि वः भन्ने चलन छ। यसदिन सिथि द्यःलाई चढाउने फूललाई सिथि स्वां भनिन्छ। जसमा भूईचम्पा फूल, दुबो र जयन्ति फूल पर्छ।

परापूर्व कालमा कयौं नगरबस्तीमा उक्त दिन सम्पूर्ण नगरवासी अनिवार्य रूपमा सम्मिलित भई ठाउँ ठाउँका बिग्रेका गढ, किल्ला बनाउने, मठमन्दिर, सत्तल पाटीमा उम्रेको घाँस उखेल्ने तथा पोखरी, इनार, कुवा, धारा आदि सफा गर्ने कार्य हुन्थ्यो। यसै अनुरूप आजसम्म पनि सिथिको दिन यस्ता कार्य हुँदै आएको र सिथिलाई यहाँ सयौं वर्ष अगाडिदेखि देश रक्षा, स्वास्थ्य एवं सुख, शान्तिको पर्वको रूपमा लिइँदै आएको छ। यस्तो चलन यहाँ परापूर्वकालदेखि नै चलिसकेको प्रमाण ने.सं. ५७३, वि.सं. १५१० मा तत्कालिन राजा यक्ष मल्लको भक्तपुर दरबार क्षेत्रमा रहेको एक अभिलेखबाट स्पष्ट हुन्छ। हाल भक्तपुर क्षेत्रको शोभा बनेको स्वर्णद्धारको पश्चिमाभिमुख उक्त अभिलेखअनुसार आजभन्दा ५५० वर्ष अगाडि नै यस पर्वलाई सिथि भनी उल्लेख गरेबाट यसको महत्त्व अझ बढेको छ। यक्ष मल्लको समयसम्म बृहत नेपालको राजधानी भक्तपुर रहेको सन्दर्भमा उनले भक्तपुरलाई चारैतिर अग्ला अग्ला पर्खालले मोडी नगर पस्ने द्वारहरू ठाउँठाउँमा बनाउन लगाएका थिए। यसरी बनाएको गढ वा किल्लाको मर्मत गर्ने कार्य सिथिको दिन तोकिएको उक्त अभिलेखबाट थाहा हुन्छ।

जेष्ठ शुक्ल षष्ठीको बिहानदेखि नै घर लिपपोत गरी घरभरि गोबर र रातोमाटोले लिप्ने गर्छ। अघिल्लो दिनमै जुठो भाँडा सबै सफा गरिएको हुन्छ। यसदिन देवाली गर्नेहरूले यो कार्य तदारुकताका साथ सम्पन्न गरेको हुन्छ। देवालीको साथै आफू खानको लागि वः चटामारी पकाउँछ। सवैको घरघरमा वः चटामारी पाकेपछि आफ्नो नजिकैको गणेद्य लगायत पिखालाकी र अन्य देवदेवीलाई वः चटामारी चढाउँछ। घरमा सवै परिवारसँगै बसी वः चटामारी खान्छ। दिउँसोदेखि आफ्नो बस्तिभित्र रहेको पानीको भण्डार जस्तै इनार, पोखरी, कुवा, जलद्रोणी, ढुङ्गेधारा आदि सफा गर्न टोलबासी सबै मिली जनश्रमदानमा जुट्छ। यसमा इनारलाई बढी महत्त्व दिएको हुन्छ। इनार सफा गरी चार दिनसम्म कसैले पानी लिन मनाही गरेको हुन्छ। देवाली हुनेको त्यो दिन ठूलो भोज नै हुन्छ। देवालीको अन्तिम दिन मानिने भएकोले यसदिन देवाली गर्न बाँकी भएका सबैले देवाली गरेको हुन्छ। र साँझ स्यु काय भोज खान्छ। यसदिन काठमाडौं जैशीदेवलमा कुमार कार्तिकेयको जात्रा हुन्छ। यता भक्तपुरमा भगवतीको जात्रा हुन्छ। यसदिनदेखि भक्तपुरको प्रसिद्ध नवदुर्गा भवानीको विशेष पूजा गर्ने चलन छ। यही बेला किसानहरूले गहुँ भुटेर छुस्या बनाइ त्यसको सतु बनाइ नवदुर्गालाई चढाइ न्वागी खाने चलन छ। जसलाई म्हुछ्यामारी भनिन्छ।

नेवार समाजमा मनाउने विभिन्न चाडपर्वमा वर्षको अन्तिम चाडको रूपमा सिथिलाई लिने सन्दर्भमा सिथि पछि यहाँका अधिकाशं किसानहरू रोपाइँको लागि लागीपर्ने भएकोले सिथि वर्षभरिका चाडपर्वमा अन्तिम गन्तब्यको रूपमा चिनिन्छ।

यो पर्व पानीसित सम्बन्धित एक पर्व हो। यसदिन पानीको मुहान सफा गर्ने भएकोले मानव जीवनको लागि अति आवश्यक पानीको स्रोत सफा गर्ने दिनको रूपमा सिथि महत्त्वपूर्ण पर्व हो। सिथि पछि वर्षायाम शुरु भई पानी पर्ने हुँदा यसदिन पानीको स्रोत सफा गरे वर्षभरि पानीको स्रोत सफा हुन्छ भन्ने मान्यता अत्यन्त वैज्ञानिक तथ्य मान्न सकिन्छ। पानी मानव जीवनको लागि अति महत्त्वपूर्ण वस्तु भएकोले सिथि एकदिन मात्र पानीको स्रोत सफा गरेर अरु दिन फोहोर गर्ने भए सिथिको महत्त्व हामीले बुझ्न नसकेको अर्थ लाग्छ। पानीको स्रोत सफा गर्न सिथि नै कुर्नुपर्ने बाध्यता हटाई सधैं पानीको स्रोत सफा गर्ने बानी बसाल्नुपर्छ। इनार, पोखरी, जलद्रोणी, ढुङ्गेधारा जस्ता पानीको स्रोत सफा गर्दा निस्केको फोहोर ब्यवस्थित तवरले ब्यवस्थापन गर्नु अर्को आवश्यकता हो। नत्र पानीको स्रोत सफा गरी वातावरण फोहर भए त्यसको केही अर्थ रहँदैन।

सिथिको दिनलाई वातावरण दिवसको रूपमा मनाउन सके एकातिर हाम्रो संस्कार पर्वको महत्त्व पनि बढ्ने अर्कोतिर वर्तमान समयानुकूल दिनको रूपमा यसपर्वको महत्त्व बढ्नेतिर ध्यान दिनुपर्छ। यस दिन सबैले नुहाउनुपर्ने, ननुहाए वर्षा खप्न नसक्ने धारणा छ। यो बेला घर, सागाल सबै सफा गटी मल खेतमा राख्न लाने चलन छ। पहिला यसैलाई मोहियानी मान्थे।

सिथिको दिन चामलको पिठोले बनेको चटामारी र मास तथा मुगीले बनेको वः (बारा) खाने चलनले नेवार परिकार खाने विशेष दिनको रूपमा सिथिलाई लिने गर्छ। यो सिथिको एउटा महत्त्वपूर्ण पक्ष हो। सिथिको दिन देवालीको अन्तिम दिन मानि जसको देवाली बाँकी छ, सकाउने परम्परा रहेबाट सिथि पर्व आफैंमा महत्त्वपूर्ण पर्व हो भन्ने बुझ्न सकिन्छ। सिथिको दिन कुमार तथा पिखालाकीको विशेष प पूजा तथा जात्रा गर्ने परम्परा रहेबाट धार्मिक दृष्टिकोणले सिथि महत्त्वपूर्ण छ। वः चटामारी नेवार परिकार हो। सिथिको दिन वः चटामारी खाने चलन त छदैंछ। यो परिकार अरुबेला पनि खान सकिन्छ भन्ने भावना सवैमा जगाउन नेवार समुदायबाहेक अरुलाई पनि वो चटामारीको महत्त्वबारे जानकारी दिई अरुबेला पनि वः चटामारी खाने चलन बसाल्न सकिन्छ।

सिथि पछि वर्षायाम आउने हुँदा हावापानीमा ओसिलोपना बढ्न गई घरमा सञ्चय गरेको अन्नमा ढुसी पर्ने, किरा लाग्ने समस्या आईपर्छ। यसको निदानको लागि भकारीमा भएको चामल तथा दलहनलाई पिँधेर वः चटामारी खाने चलन आफैंमा वैज्ञानिक हो। सिथि एक मौलिक नेवारी परम्परा हो, जुन पूर्णतया ऋतु तथा मौसमसित सम्बन्धित छ। ऋतु तथा मौसमअनुसार विभिन्न खाना खाने चलन सिथिमा पनि भएको कारण हाम्रा पूर्वजहरूको दूरदर्शिताबारे थाहा पाउन यस पर्वले धेरै मद्दत गर्छ।

**शब्दावली**

सिथिः षष्ठी तिथिको अपभ्रंश
सिथि द्यः सिथि देवता
सिथि स्वांः सिथि फूल
सिथि मन्दः सिथि मण्डल
सिथि वः : सिथिको समय खाने बारा
सिथि नखाः सिथि चाड
पुन्हिः पूर्णिमा वा पूर्णे
चटामारीः चामलको पिठोको रोटी
वः : मास वा मुगी पिँधेर बनाएको गोलो रोटी वा कसु वः
पिखालाकीः नेवार घरको मूलढोका अगाडिको गोलो ढुङ्गा जसलाई देवताको प्रतिकको रूपमा पुजिन्छ
योमरीः चामलको पिठोको लटु आकारको भित्र चाकुको झोल भएको रोटी/सबैलाई मनपर्ने रोटी
दिगु पुजाः देवाली पुजा/कुल पुजा
स्यु काय भ्वयः बलि दिएको बोका वा हाँसको टाउकोको भागसहित खाइने भोज


# चाड-पर्व सुधार र समस्या



डा. वीरेन्द्रप्रसाद कायस्थ

सिद्धान्त ज्योतिषमा सूर्यको भ्रमण मार्गलाई क्रान्तिवृत (Fcliplic) भनिन्छ। क्रान्तिवृतको समतलमा १२ राशि २७ नक्षत्र रहन्छन्।

नाडीवृत र क्रान्तिवृत २३.५ को कोण बनाई एक अर्कालाई दुई ठाउँमा काटेका हुन्छन्। यो दुई कटान विन्दुलाई सम्मात विन्दु (Equinox) भनिन्छ। यहि सम्पात विन्दुबाट क्रान्तिवृतको उत्तरोगोल र दक्षिण गोल छुट्टिने हुनाले यसलाई अयन-विन्दु भनिन्छ।




अयनको अर्थ हो बाटो। उत्तरायणले उत्तरको बाटो दक्षिणायनले दक्षिणको बाटो भन्ने बुझिन्छ। क्रान्तिवृत वक्र भएकाले सूर्य ६ मास उत्तर र ६ मास दक्षिणमा उदय हुन्छ यसैलाई उत्तरायण र दक्षिणायन भनिन्छ।

भूमध्ये रेखाले (Equator) उत्तर र दक्षिण दुई भागमा विभाजित गरिदिएको छ। भूमध्य रेखाको धरातललाई अनन्त आकाशमा फैलाउन्दै लैजान्दा कल्पित खगोल (Celestia Sphere) जहाँ पुगेर कट्छ त्यसबाट बनेको वृतलाई नाडीवृत (Celestial Equater) भनिन्छ। समयको मान यसै वृत्तबाट थाहा हुन्छ। सूर्य क्रान्तिवृतमा घुम्दै जब यस सम्पात विन्दुमा आइपुग्छ त्यस बेला दिन र रात बराबर हुन्छन्। यस दिनलाई विषुवत् दिन (Equator Day) भनिन्छ। दिन बढ्ने रात घट्ने क्रममा छ भने त्यो सम्पात पूर्व हुन्छ। यसलाई मेष विषुवत् वा वसन्त सम्पात (Varnal Equirox) भनिन्छ। त्यस्तै दिन घट्ने रात बढ्ने क्रममा छ भने, त्यो सम्पात पश्चिमको हुन्छ। यसलाई तुला विषुवत् वा शख् सम्पात (Autummal Equinox) भनिन्छ। मेष सम्पात र तुला सम्पातमा सुर्यको प्रवेश हुनुलाई क्रमशः मृष संक्रान्ति र तुला संक्रान्ति भन्ने चलन छ।

जब पृथ्वी तुला राशीमा आउँछ तब सूर्य मेष राशीमा देखिन्छ।

क्रान्तिवृतको ३६० राशी चक्रलाई सम्मान रूपले १२ भाग गरी प्रत्येक भाग ३६०/१२=३० लाई एक राशी मान्ने गरिएको हो। यसको गणना मेषबाट शुरु हुन्छ। त्यस कारण मेष संक्रान्ति र मेष राशीको आदि विन्दु एउटै हुनुपर्ने स्पष्ट देखिन्छ। मेष राशीको प्रारम्भ अश्विनी नक्षत्रबाट हुन्छ। यसकारण मेष संक्रान्तिले अश्विनी नक्षत्र समूहमा सूर्यको प्रवेश भन्ने बुझाउँछ।

नक्षत्र मण्डलको दैनिक भ्रमणकाललाई एक नक्षत्र दिन भनिन्छ। अर्थात जति समयमा नक्षत्र मण्डलको एक चक्र भ्रमण पूर्ण हुन्छ। त्यति नै समयको एक नक्षत्र दिन हुन्छ। पूर्णिमाको दिन कृति आदि दुई नक्षत्रहरूको संयोगले कार्तिक आदि महिना हुन्छ भने फाल्गुन, भाद्र, आश्विन महिनामा तीन-तीन नक्षत्रको संयोग हुन्छ। जस्तै पूर्णिमाको दिन कृतिका वा रोहिणी नक्षत्र हुन्छ भने त्यस महिनालाई कार्तिक भनिन्छ। त्यसै गरी पूर्णिमाको दिन मृगशिरा वा आर्द्राको संयोग भएमा मार्गशिष अर्थात मंसिर महिना हुन्छ। यसलाई स्पष्ट पार्नको लागि तालिका प्रस्तुत गरिएको छ।

**मास तालिका**

| नक्षत्र | तिथि | मास |
|---|---|---|
| १) कृतिका, रोहिणी | पूर्णिमा | कार्तिक |
| २) मृगशिर, आर्द्रा | पूर्णिमा | मार्गशीर्ष |
| ३) पुनबर्सु, पुष्य | पूर्णिमा | पौष |
| ४) अश्लेषा, मधा | पूर्णिमा | माघ |
| ५) पूर्वश, उत्तर फा, हस्ता | पूर्णिमा | फाल्गुण |
| ६) चिगा, स्वाति | पूर्णिमा | चैत्र |
| ७) विशाखा, अनुराधा | पूर्णिमा | वैशाख |
| ८) ज्येष्ठा, मूल | पूर्णिमा | ज्येष्ठ |
| ९) पूवाषाढा, उत्तराषाढा | पूर्णिमा | आषाढ |
| १०) श्रवण, घनिष्ठ | पूर्णिमा | श्रावण |
| ११) शतभिषा,पूर्वभाद्र,उतारामा | पूर्णिमा | भाद्र |
| १२) रेवती, अशिवनी, भरणी | पूर्णिमा | असोज |

शारुत्राकारहरूले चारवटा संक्रान्तिलाई निकै महत्त्व दिएका छन्। ती हुन् १. मेष(वैशाख) २. कर्कट (श्रावण) ३. तुला (कार्तिक) ४. मकर (माघ) यो संक्रान्तिको आफ्नै विशेषता छ ।

मेष र तुला संक्रान्तिमा दिनरात बराबर हुन्छ। कर्कट संक्रान्तिमा दिन सबभन्दा लामो र रात सबभन्दा छोटो हुन्छ। त्यसपछि क्रमशः दिन घट्ने र रात बढ्ने क्रम सुरु हुन्छ। तुला संक्रान्तिमा दिन रात बराबर हुन्छ भने मकर सत्रान्तिमा दिन सबभन्दा छोटो र रात सबभन्दा लामो हुन्छ। यस पछि क्रमशः दिन लामो र रात छोटो हुन थाल्छ ।

आकाशमा सूर्य र चन्द्रको आकर्षणले पृथ्वीलाई प्रभाव पार्दछ। पृथ्वीको पिण्ड सबैतिर एकनास नभएकोले आकर्षण शक्तिको प्रभाव पनि एकनासले पर्दैन केहि विचलन आउँछ। यसले गर्दा ध्रुव र नाडीवृतमा पनि विचलन आउँछ। नाडीवृत विचलित भएपछि सम्पात विन्दु अर्थात अयन विन्दुहरू (मेष सम्पात, तुला सम्पात, कर्कट र मकर) पनि विचलित हुन्छन्। अयन विन्दुको यही विचलनलाई अयन विचलन (Precession of the Equinoxes) भनिन्छ ।


प्रथम विन्दु (वसन्त सम्पात) विचलित भएपछि बाँकी तीनवटा विन्दु (कर्कट, तुला र मकर) सम्पातहरूमा पनि विचलन आउँछ। त्यसैले मकरले आरम्भमा उत्तरायण र कर्कटको आरम्भमा दक्षिणायन हुने नियममा विचलन आएको छ ।

अन्य विन्दुहरू स्थिर छैन, चलायमान छन् अर्थात तिनमा गति छन्। अयन चालनको गति र दिशाको विषयमा विचार गर्दा गतिमा मतभिन्नता पाए तापनि दिशामा भने सबैले पश्चिमतिर सरिरहेको स्वीकारेका छन्। सूर्य सिद्धान्त अनुसार यसको गति ५४ विकला हुन्छ भने आधुनिक ज्योतिषीहरूले ५१ विकला जति मानेका छन्।

कुनै बेला वसन्त सम्पात विन्दु मेष राशिको आदिमा नै पर्दथ्यो तर स्थिर नक्षत्रको सापेक्षतामा प्रतिवर्ष सर्दे अहिले २३.५ जति पछाडि सरिसकेको छ। यही मेषादी र वसन्त सम्पातको अन्तरलाई अयनाश भनिन्छ। सम्पातबाट गणना गरिने ग्रह, नक्षत्र, संक्रान्तिहरूमा अयनाशसमेत जोडिने भएकोले "सायन" भनिन्छ।

निरयण-सायन-चन्द्रवर्ष मान सूर्यले ३६० ।१२ राशि भोग गरेपछि एक वर्ष पूरा हुन्छ। यसको लागि लाग्ने समय ३६५ दिन। १५ घीर ३१ पल ३० विपल उल्लेख गरिएको छ। स्थिर नक्षत्रका आधारमा वर्षमान निर्णय गरिने भएकोले यसलाई नक्षत्र सौर वर्ष (Sidereal Solar Year) भनिन्छ। हिन्दुहरूको प्रमाणिक वर्ष यही हो।

पाश्चात्य प्रचलनमा भने तिथिपत्र (Calender) अव्यवस्थित र निकै अस्तव्यस्त भएकाले राजा जुलियस सीजरले सुधार गरेर वर्षमान ३६५ दिन ६ घण्टा मानी जुलियन




राशि चक्र

क्यालेण्डर चलाए। यस वर्ष मानले ऋतुसँग मेल नखाएको देखेर ई.सन् १५८२ मा पोप गेगोरीले ऋतुसँग मिलाउन सूर्य वसन्त सम्पातबाट भ्रमण गर्दै फेरि त्यही ठाउँ वसन्त सम्पातमा नै आइपुग्दा (२१ मार्चमा) एक वर्ष पूरा हुन्छ भनी घोषणा गरे तर वर्षारम्भ भने वसन्तसम्पात भन्दा २ महिना ३ हप्ता अगाडि (१ जनवरी) नै माने।

प्रतिवर्ष वसन्त संम्पात ५१ विकला सूर्यतिर सर्ने भएकाले सूर्यलाई वसन्त सम्पातबाट त्यहि सम्पातमा आइपुग्दा ५१ विकला किफायत हुने भयो। यसरी राशिचक्रमा सूर्यले ३६०° को सट्टा ३५९° ५९'९" पार गरे पछि साम्पातिक वर्ष पूरा हुने हुन्छ । यसलाई लाग्ने समय ३६५ दिन १४ घण्टा ३१ पल ५५ विपल हुन्छ। सम्पातका आधारमा वर्षमान निर्णय गरिने भएकाले यसलाई साम्पातिक सौर वर्ष (Tropical Solar yeaer) भनिन्छ। क्रिश्चियन धर्मालम्बीहरूले पोप ग्रेगारीएको आज्ञाअनुसार यसैलाई प्रामाणिक वर्ष माने।

एक राशीबाट अर्को राशीमा हुने सूर्यको भ्रमणलाई संक्रान्ति भनिन्छ। सोही संक्रान्तिको नामानुसार चन्द्रमासको नामाकरण गरिन्छ। जुन चन्द्रमासमा सायन मेष संक्रान्ति हुन्छ। अर्थात वसन्त सम्पातमा सूर्यगमन हुन्छ त्यसलाई चैत्रमास भनिन्छ। बैशाख दिमास व्यवस्था यसै सिद्धान्तमा गरिएको छ। यस पद्धतिअनुसार चैत्रमासमा सँधै वसन्त आरम्भ हुन्छ। भने आर्द्रा नक्षत्रमा वर्षा ऋतु आरम्भ हुन्छ। यसरी ऋतुहरूको क्रम यथावत हुने देखिन्छ।

दिन गणनाको प्राकृतिक साधन सूर्योदय मासगणनाको साधन चन्द्र बिम्वको पूर्णदृश्य वा अदृश्य हुनु हो भने वर्षगणनाको स्वाभाविक साधन ऋतुहरूको परिक्रमा हो। ऋतुहरू ६ वटा छन्।

| | |
|---|---|
| वसन्त ऋतु | चैत्र-वैशाख |
| ग्रीष्म ऋतु | जेठ-असार |
| वर्षा ऋतु | श्रावण-भाद्र |
| शरद ऋतु | आश्विन-कार्तिक |
| हेमन्त ऋतु | मंसिर-पुष |
| शिशिर ऋतु | माघ-फाल्गुण |

ऋतु उत्पन्न नभई १ वर्षको कालमान असम्भव हुने र ऋतु उत्पन्न हुनुमा सूर्यकारक भएकोले सौरमानको वर्षकाल भन्ने गरिएको हो। सौर वर्ष भन्दा चन्द्रमाको वर्ष लगभग ११ दिनले कमी हुने भएकोले १२ चन्द्रमासमा सम्पूर्ण ६ वटा ऋतुहरूको पूर्ण आकृति हुन सक्दैन। यसकारण अधिकमासको गणना प्राचिनाचार्यहरूले गरेको सिद्ध हुन जान्छ। यदि अधिकमासको गणना नगर्ने हो भने मुस्लिमहरूको मुहरंभ पर्व ३३ वर्षमा सम्पूर्ण ६ ऋतुहरूमा घुमेर पर्न आए जस्तै ३३ वर्षमा चैत्र महिनामा सम्पूर्ण ६ ऋतुहरू परिवर्तन हुँदै आइपर्ने देखिन्छ। ऋतुगणना सायनमासमा आधारित भएको देखिन्छ। ऋतुहरूलाई यथावत् राख्नको लागि अधिकमास गणना पद्धति अगाडि सारिएकाले अधिकमास गणनाले पनि सायनमान स्वीकार गरेको देखिन्छ। अधिकमास नमान्दा जसरी ३३ वर्षमा प्रत्येक महिनामा सबै ऋतुहरू घुमेर आईपर्छ त्यस्तै निरयण सौरवर्ष भन्दा लगभग २६,००० वर्षमा एकै महिनामा सम्पूर्ण ऋतुहरू सुरु हुने देखिन्छ। अर्थात अहिले चैत्रमा वसन्त ऋतु प्रारम्भ हुन्छ। भने ४,२५० वर्ष पछि ग्रीष्म ऋतु ८५०० वर्षपछि वर्षा ऋतु, त्यस्तै १७००० वर्ष पछि हेमन्त ऋतु शुरु हुने देखिन्छ। यसबाट प्रत्येक ३३ वर्षपछि हुन सक्ने ऋतुमास विचलनलाई निराकरण गर्न अधिकमास गणना गरेको भन्ने पनि देखिन्छ। वर्षमानको प्रयोग वैद्धिक कालदेखि नै व्यावहारिक अर्थमा भएको पाइन्छ।

प्राचिन आचार्यहरूले क्रान्तिवृत तथा नाडीवृतको सम्पात विन्दु सधैं एक नास अश्विनी नक्षत्रको आरम्भ विन्दुमा नै भइरहन्छ भन्ने मानिसको सम्पात विन्दु चलाएमान रहेकाले मीन राशिको अन्तिम भागतर्फ सरिसकेको पाइयो। अयनाशको वार्षिक गति ५८।८ विकला करिब हुन्छ। प्रसिद्ध ज्योतिष सम्प्रदायहरूमा "अयनांश" वा अयन चलनको सम्बन्धमा कुनै चर्चा गरिएको छैन। आचार्य वराहमिहिरले आफ्नो पञ्च सिद्धान्तमा अयन चलनको सम्बन्धमा कुनै चर्चा गरेको छैन। हाल प्रचलनमा रहेको सूर्य सिद्धान्तको मतअनुसार एक युगमा नाडीवृत तथा कान्तिवृतको सम्पात ६०० पटकसम्म पश्चिम तथा पूर्वको पालैपालो ओहोर-दोहोर गरिरहन्छ।

वर्तमान सूर्यसिद्धान्तको मतअनुसार 'क्रान्तिवृत' तथा नाडिवृतको सम्पात स्थिरमेषदि विन्दुबाट २७ अंश सम्म पश्चिमतर्फ सर्छ र त्यसपछि सम्पूर्ण नक्षत्रको भ्रमण नगरी पूर्वतर्फ नै फर्केर शून्य अयनाश भएको मूल स्थानमा नै आइपुग्ने हुन्छ। त्यसपछि पुनः २७ अंशसम्म पूर्वतर्फ सर्दै गएर केही सयवर्ष पछि फेरि पनि मेषारम्भ विन्दुको मूल स्थलमा नै आइपुग्ने हुन्छ। यसरी १०८ अंशको पातभगण हुन्छ भन्ने मानिन्छ। यस अनुसार एक वर्षमा अयन गति ५४ विकता करिब हुन्छ।

अन्तमा आस्था मूल्य-यान्यताहरू आ-आफ्नै सामाजिक तथा जातीय पहिचान हुन्। अहिले जुन किसिमको तथा पर्वहरू प्रचलनमा रहेका छन् विश्वभर फैलिएर रहेका सम्पूर्ण वैद्धिक सनातन धर्मावलम्बी हिन्दुहरूको निम्ति त्यही नै आदर्श रहि आएको छ। हामी नेपालीहरू पनि त्यसैबेला ती वैत, पर्व

तथा चाड-पर्वहरू मनाउँछौं। कारण सबैका आस्थाका आधार धर्मशास्त्रहरू एउटै रहेका छन्। यसलाई संरक्षण नगरिएमा त्यस जातिको पहिचान नै समाप्त हुने र त्यस जाति नै लोप हुने हुन्छ। सामाजिक आस्था तथा विश्वासहरूको कुनै वैज्ञानिक आधार हुन्छ भन्ने हुँदैन। उदाहरणको निम्ति-दुर्गापूजा गरेर वा मान्यजनहरूबाट आशिर्वाद ग्रहण गरेर राम्रो फूल प्राप्ति हुन्छ नै भन्ने पनि वैज्ञानिक आधार छैन। तैपनि हामीले हजारौं वर्षदेखि आफ्ना मूल्य-मान्यता तथा परम्पराहरूलाई अनुशरण गर्दै आइरहेका छौं। यो हाम्रो संस्कृति हो। यस परम्परालाई तोड्नु भनेको आफ्नो जातीय पहिचानलाई समाप्त पार्नु हो।

चाड-पर्वहरू विज्ञान सम्मत भएमा राम्रो हो तर विज्ञान सम्मत नै हुनुपर्दछ भन्ने छैन। जस्तै इस्लामीहरूले तिथीअनुसार आ-आफ्नो चाडपर्व मनाउने गर्दछ। त्यहाँ तिथिहरूलाई ऋतुहरूसँग मिलान गर्ने कुनै व्यवस्था छैन। यसैले उनका चाड-पर्वहरू हरेक वर्ष सरदर ११ दिन जतिको हिसाबले अगाडि सर्दैजाने हुन्छ। यो उनीहरूको आफ्नै विशेषता हो। यसमा परिवर्तन गर्नु सम्भव छैन्। त्यस्तै हाम्रा चाड-पर्वहरू पनि हाम्रा आदर्श हुन्। यसमा परिवर्तन गर्नु सम्भव छैन्।

### आइपर्ने समस्याहरू

१) आफ्ना सांस्कृतिक मूल्य एवं मान्यताहरू माथि आस्था राख्दै आएका सर्वसाधारण नागरिकहरू दिग्भ्रमित हुने र फलस्वरूप उनीहरूमा आफ्नो मूल्य एवं मान्यताहरूप्रति अनास्था फैलने।


२) मीन-संक्रान्तिको लोप हुने र त्यसभन्दा पछिका संक्रान्ति एवं अन्य चाडपर्वहरू पनि एक महिना पहिला नै हुने भई विश्वभर फैलिएका वैदिक सनातन धर्मालम्वी अन्य हिन्दु, बौद्ध, तथा जैनहरूदेखि हामी नेपाली नागरिकहरू सर्वथा अलग अलग हुने।

३) हाम्रा चाड-पर्वहरू विश्वभर फैलिएका भन्दा पहिले नै मनाइँदै विजया दशमी, दिपावली, विवाह-पञ्चमी, शिवरात्री, तथा जन्माष्टमीहरू जस्ता एकै समयमा मनाईआएका चाड-पर्वहरू अन्योलमा पर्ने यसले खासगरी तराईका नागरिकहरू प्रभावित हुने।

४) हाम्रा व्रत, पर्व तथा चाडवाडहरूसँग बाह्यजगत्का तीर्थयात्रीहरूको व्रत, पर्व तथा चाडवाडहरू मेल नखाने भएकाले तीर्थयात्रीहरूको आवगमन शिथिलता आउने र यसबाट पर्यटन उद्योग माथि व्यापक असर पर्ने।

५) राज्यको तर्फबाट बलपूर्बक लागू गराउने प्रयास भएमा यसले अस्थिरता तथा अन्योल उत्पन्न हुने हुन्छ।

## बासिबियाँलो




चारवटा वर्गाकारमा तीनवटा समान छन् तर एउटा फरक छ कुन होला ?

(उत्तर ८१ पृष्ठमा छ)

भक्तपुर नगरपालिकाको
रेडियो कार्यक्रम
'ख्वप सः' अर्थात्
'भक्तपुर आवाज'
भक्तपुर एफ.एम १०५.४ मेगाहर्जमा सुन्नुहोस्
बुधबार : बिहान ७:३० देखि ८:३०
शुक्रबार : बेलुकी ६:३० देखि ७:३० सम्म

झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।

# परम्परागत नेवार वस्तीको वास्तुसंरचना



डा. बलराम कायस्थ

प्राचीन नेवार शहरवस्तीहरू सामान्यतः एउटा निश्चित् भौगोलिक घेराभित्र गुचमुच्च भइ बसेका हुन्छन्। वस्तीभित्र प्रवेश गर्न ठाउँठाउँमा प्रवेशद्वारहरू बनाइएका हुन्छन्। द्वार बन्द गरेपछि वस्तीभित्र छिर्न असम्भव जस्तै हुन्छ। यसैले यी शहरवस्तीहरू प्रायः एक किसिमको गढकै रूपमा बसाइएका हुन्थे। उपत्यकाका प्राचीन मानववस्तीहरूलाई दृष्टिगत गर्दा पनि यो भनाई तथ्यसंगत देखिन्छ।

काठमाडौं उपत्यकाको नेवार समाज सांस्कृतिक इतिहास प्रधान समाज हो। उपत्यकाका तीन प्रमुख शहर काठमाडौं, ललितपुर, भक्तपुरलगायत उपत्यका वरपरका प्राचीन वस्तीहरू नेवार बाहुल्य शहर वस्तीहरू हुन्। नेवारहरू पेरिसका मानिसहरू जस्तै धेरै मानिसहरू भएको, धेरै तला भएका घरहरूमा, हल्लाखल्ला भएको साँगुरो ठाउँमा बस्न मन पराउँछन्। गाउँ होस् वा शहर सबै ठाउँमा यिनीहरू गुचमुच्च भएर बस्दछन्। यिनीहरू एक्लिएर बस्दैनन्, समाजका सबैसँग घुलमिल गरी बस्न रुचाउँदछन्। र पुराना शहर वस्तीका नेवारहरू आफ्नै सजातीय समूहसँग मात्र नजिक भइ बसेका देखिन्छन्। यिनमा सामाजिक सद्भाव र आफ्नो सभ्यता संस्कृतिप्रति अगाध आस्था प्रबल रूपमा रहेको हुन्छ। यसर्थ यी शहरवस्तीको निर्माणमा यहाँको आफ्नै परम्परागत मौलिक शिप, शैली र शिल्प विद्यमान रहेको पाइन्छ। सामान्यतः नेवार वस्तीमा ढुंगा छापेको बाटो, इँटा छापेको चोक, गल्ली, इँटाले नै बनेका तीन, चार तलासम्मका अग्ला घरहरू, घरहरू पनि सँगै जोडेर बनाइएका हुन्छन्। कुनै कुनै अपवाद बाहेक नेवार समाजमा एकतले घर हतपत पाइँदैन। धेरैजसो घर काँचो र पाको इँटा, माटो, काठ आदिले बनेको पाइन्छ। छाना झिंगटी वा टायलले छाएका हुन्छन्।

स्थानीयवासीका घर जस्तै मठमन्दिरहरू पनि प्रायः गरेर तीन, चार तलाकै हुन्छन्। शहरवस्तीभित्र हरेक ५०, ६० कदमको दूरीमा खुल्ला चोक, डबली, ढुंगेधारा, ईनार, पोखरी, सत्तल, पाटी, मठ, मन्दिर, बौद्ध विहार, चैत्यहरू रहेका हुन्छन्। मल्लकालमा धर्मप्रचारका लागि यहाँ आएका इसाई पादरीहरूले शहरभित्र पाटी, पौवा, धारा, पोखरी आदिको प्रशस्त व्यवस्था गरिएको तर सरसफाईको भने कमी रहेको तथ्य उल्लेख गरेका छन्।

नेवारहरूको घरको प्रत्येक तलालाई त्यसको उपयोगका आधारमा मौलिक नाम दिइएको पाइन्छ। जस्तोः भुँईतलालाई (छेंदी) छिंडी, पहिलो तल्लालाई (मातं) मातन, दोश्रो तल्लालाई (च्वतं) च्वता (बैठक) सबभन्दा माथिल्लो तल्लालाई (बजिंगल) बुइगल 'बैग' भनिन्छ। सबभन्दा माथिको तलालाई भान्सा र पूजाकोठाको रूपमा प्रयोग गरिएको हुन्छ। सबैभन्दा स्वच्छ र अग्लो ठाउँ भएकोले भान्साघरलाई सबैभन्दा पवित्र मानिन्छ। त्यसभन्दा मुनिको तलामा पाहुनापासाको जमघट, परिवारका सदस्यहरूबीच भलाकुसारी वा छलफल गर्ने प्रयोजनका लागि बैठक (फराकिलो किसिमको कोठा) बनाइएको हुन्छ। त्यसभन्दा मुनि मातन तला विशेष गरेर परिवारका सदस्यहरूको शयन कक्ष (सुत्ने कोठा) को रूपमा उपयोग गरिन्छ। सबभन्दामुनिको तल्लामा कृषि पैदावारबाट आएका छ्वाली, पराल, काठपात लगायतका वस्तुहरू भण्डार गरिन्छ। झ्याल पनि तल्लैपिच्छे फरक हुन्छ। जस्तोः भुँइ तल्ला र मातन तल्ला विशेषगरेर भण्डार र शयनकक्ष हुने भएकोले त्यसमा तिका झ्याः (आँखी झ्याल), त्यसभन्दामाथिको तल्ला बैठक कक्ष हुने भएकोले प्रशस्त प्रकाश छिरोस् भनेर त्यसमा सँझ्याः (सँझ्याल) हालिएको हुन्छ। सबभन्दा माथिको तल्लाको छाना झिंगटी वा टायलले छाएको हुन्छ। र यो सामान्यतः दुई पाखे हुन्छ। यो छाना भिरालो पारेर घरको गारोभन्दा २, ३ फूटजति बाहिर निकालिएको पालिदार अर्थात् पेगोडा शैलीको हुन्छ। पालि अड्याउनका निम्ति अर्थात् छानाको भार थाम्नका लागि छानामुनि अगाडि पछाडि दुवैतिर गारोको बाहिरपट्टि त्वाक्कः राखी त्यसमाथि ४५ डिग्रीको कोणमा त्वानासीहरू ठड्याईएको हुन्छ। अगाडिको मोहडामा उज्यालोकालागि छानाको बीचमा झ्याल र पछाडिको मोहडामा भाँडावर्तन माझ्न, जाडोमा घाम ताप्न, लुगा वा बिस्कुनहरू सुकाउन ससानो कौशी निकालिएको हुन्छ। घर निर्माणमा स्थानीय शिप र सामग्रीहरूको अत्यधिक रूपमा प्रयोग गरिन्छ। विशेषगरेर ढुंगा, माटो, इँटा, काठ आदिबाट घर बनाइन्छ। घरका ढोका, झ्याल, दलीन, खम्बा, निदाल, टुँडाल, त्वानासी, त्वाक्कः, मुसि, मुठलबाला, चुकुल, भर्याङ, बार्दली आदि सबै काठकै हुन्छ। झ्याल, ढोका, खम्बा, टुँडालहरूमा आकर्षक बुट्टा काटिएको हुन्छ। यसैले घर निर्माणमा काठको अत्यधिक प्रयोग गरिएको देखिन्छ। ढुंगाको प्रयोग विशेष

गरेर भुइँतलामा गरिन्छ । जस्तोः जग निर्माण गर्दा, पेटी बनाउँदा, ढोकाको चौकोस, खम्बा आदिलाई टेवा दिन चिल्लो चारपाते ढुंगा प्रयोग गरिन्छ । यसमा दक्ष जनशक्तिका रूपमा रहेका परम्परागत पेशाकर्मी अवाल, डकर्मी, सिकर्मी, लोहँकर्मी आदि उपयोग गरिन्छ । यसरी मौलिक शिप, शैली र स्थानीय सामग्रीहरू प्रयोग गरेर बनाइएका यस्ता घरहरू जाडोमा न्यानो र गर्मीमा शितल हुने गर्छन् । यताबाट यी मौलिक शैलीका परम्परागत नेवारवस्तीका घरहरू आजका वातानुकूलित आधुनिक घरहरूभन्दा कम छैनन् भन्ने बुझिन्छ । त्यसबेला घर, पाटी, पौवा, मठ, मन्दिर दरबार आदि निर्माण गर्दा कलापक्षलाई यथेष्ट रूपमा महत्त्व प्रदान गरिएको हुन्थ्यो । कलामा धार्मिक भावनालाई संयोजन गरिएको हुन्थ्यो । मल्लकालमा यो जुन तीन चार तले घरहरू बनेको उदाहरण पाईन्छ, त्यसआधारमा संभवतः प्राचीनकाल विशेष गरेर लिच्छवीकालमा पनि प्रायः घरहरूको स्वरूप त्यस्तै रहेको अनुमान हुन्छ । किनकि कुनै पनि कलाको विकास युगौंयुगको अनुभव र अभ्यासबाट हुने हुन्छ । तर ध्यान दिन योग्य कुरा के छ भने त्यसबेला न्यून जनसङ्ख्या र व्यापार व्यवसायको विकास नभइसकेकाले वस्तीहरू पातलो र छरिएर रहेका हुन्थे भन्ने अनुमान गर्न सकिन्छ ।

मानिसको मृत्यु हुँदा दाहसंस्कार गर्न प्रत्येक शहरवस्तीदेखि बाहिर नदीकिनारमा आवश्यक पर्ने पवित्र घाटहरू बनाइएका हुन्थे । व्यवस्थित ढंगले बनाइएका यस्ता प्राचीन घाटहरूको ठूलो धार्मिक र सांस्कृतिक महत्त्व रहिआएको छ । यसैले पौराणिककालदेखिका यी घाटहरू पवित्र तीर्थस्थलका रूपमा प्रख्यात रहेका छन् । जस्तोः पशुपति क्षेत्रको आर्यघाट, भक्तपुरको हनुमानघाट, ललितपुरको शङ्खमूलघाट आदिको महिमाबारे स्कन्दपुराणको हिमवत्खण्ड, पशुपति पुराण, नेपाल महात्म्य आदिमा वर्णन गरिएको पाईन्छ । तर जनसङ्ख्याको अत्यधिक चाप, प्रदुषण, ढलको फोहर नदीमा ल्याएर मिसाउने जस्ता कारणहरूले गर्दा कुनैबेला निर्मल र स्वच्छ जलप्रवाह हुने यहाँका नदी र त्यस छेउछाउका पवित्र घाटहरू आज दुर्गन्धित र प्रदुषित बन्न पुगेका छन् । यहाँको नगरीय संरचनामा जातीय उँचनीचको प्रभाव पनि प्रष्ट रूपमा परेको पाईन्छ । जस्तोकि नगरको मध्यभागमा लायकू (राजकुल) रहेको हुन्छ, जहाँ प्रशासन प्रमुखका रूपमा राजा, राजपरिवार, राजाका आफन्तहरू, त्यस वरपर गुरु पुरोहित, भारदारवर्ग, त्यसपछि विभिन्न व्यवसाय गर्ने बैश्य वर्ग, किसान वर्ग र अन्त्यमा नगर सीमामा कसाही र नगरबाहिर पोडे, च्यामे जस्ता अछुत जातिको बसोबास रहेको पाईन्छ । उदाहरणका रूपमा प्राचीन नगर भक्तपुरलाई लिन सकिन्छ, जहाँ जातीय उच्चताको प्रभाव यहाँको नगरीय संरचनामा स्पष्टरूपले परेको पाईन्छ । जस्तैः– नगरको केन्द्रमा राजदरबार, राजदरबारको दक्षिणतिर राजपुरोहित ब्राम्हणहरू, दक्षिण पश्चिम, दक्षिणपूर्व, उत्तरपूर्व र पूर्वतिर राजपरिवारका नातेदारहरू, राजपरिवारसँग सम्बन्धित हाडा, मल्ल, प्रधानाङ्ग, जोशी, धौभडेल जस्ता छथरिया नेवारहरूको बसोबास अद्यावधि रहेको छ । त्यस्तै भक्तपुर शहरको केन्द्रबिन्दुको रूपमा रहेको तौमढी टोलले पनि भक्तपुर शहरको सामाजिक वर्गीकरणलाई प्रतिविम्वित गर्दछ । जस्तोः पाँचतल्ले मन्दिरबाट तल झर्दा क्रमशः छथरिया नेवारहरूको बसोबास, त्यसपछि पाँचथरियाहरू, त्यसपछि ज्यापूहरू र आखिरमा खोलाको तीरैतीर पोडे वस्ती आउँछ । यसरी शहरवस्ती निर्माणमा सामाजिक प्रभाव परेको थाहा हुन्छ । त्यस्तै पहिले समाजका सबै वर्गले सबै किसिमका घरहरू बनाउन पाइँदैनथ्यो । खास गरेर पोडे, कसाही र कुल्लु (चर्मकार) लाई झिंगटीको छाना हाल्न निषेध गरिएको थियो । शुद्र सहितका चार वर्णका मानिसले घर बनाउँदा वास्तु प्रकरणको र अष्ट–वर्गका नियमहरू मान्नु पर्दथ्यो । ब्राम्हण, क्षत्रीयले घरको जग राख्दा ब्राम्हणलाई बोलाई पूजा गराउँथे भने वैश्य र शुद्रले दैवज्ञबाट पूजा गराउनु पर्थ्यो ।

त्यसै गरेर शहर वस्तीको संरचनामा धार्मिक पक्षको पनि महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ । स्थानीय रूपमा प्रख्यात देवदेवीलाई आ–आफ्नो नगर संरक्षक देवताका रूपमा मान्ने प्रचलन यहाँ आमरूपमा देख्न सकिन्छ । जस्तोः भक्तपुरमा नवदुर्गा र भैरब, काठमाडौंमा कुमारी, ललितपुरमा मच्छेन्द्रनाथ, बनेपामा चन्द्रेश्वरी, साँखुमा बज्रजोगिनी, थिमीमा बालकुमारी आदिलाई आफ्नो स्थानको शक्तिशाली देवताका रूपमा मान्ने परम्परा स्थानीयवासीमा आजसम्म पनि रहँदै आएको पाईन्छ । प्राकृतिक प्रकोप, दैवी विपत्ति, अनिकाल, महामारी, बाह्य आक्रमण जस्ता अनिष्ट र दुर्भिक्षबाट मुक्त रहन प्रायःजसो नगरवस्ती वरिपरी शक्तिशाली देवीदेवता प्रतिष्ठापन गरिएका हुन्थे । जस्तोः उदाहरणका रूपमा भक्तपुरलाई राजधानी शहरको रूपमा निर्माण गर्दा राजा आनन्ददेव (वि.सं. १२०४–१२२४) ले तान्त्रिक रूपमा यसको सुरक्षाका लागि शहरको बाहिरी घेरामा अष्टकोण मण्डलाकार बनाई अष्टमातृका देवीहरूको शक्तिपीठ स्थापना गरी केन्द्रमा त्रिपुरासुन्दरी प्रतिस्थापित गरेका थिए । यसैले भक्तपुरवासीहरूमा आज पनि नवदुर्गालाई नगर संरक्षिका देवीको रूपमा श्रद्धापूर्वक पुज्ने परम्परा रहेको पाईन्छ ।

नेपाल उपत्यकाको नेवार वस्तीबारे अध्ययन गर्दा के देखिन्छ भने लिच्छवीकालको भन्दा मल्लकालको वस्तीको

स्वरूपमा केही अन्तर आएको देखिन्छ । किनकि अब बस्तीहरू पहिले जस्तै छरिएर बस्नुको सट्टा एक्कै ठाउँमा गुचमुच्च भएर बस्ने क्रम शुरु भएको देखिन्छ । मल्लकालमा नेवार शहरवस्तीहरू गुचमुच्च पर्नु र घरहरूसँगै जोडेर बनाइनु अर्थात् गढ रूपको वस्ती विकास हुनुको पछाडि मुख्य कारण आत्मसुरक्षा देखिन्छ । किनकि मध्यकालमा आक्रमण, प्रत्याक्रमणहरू बरोबर भइ रहने गर्दथ्यो र त्यसबाट सुरक्षित रहन यस किसिमको वास्तुविधि अपनाइएको थाहा हुन्छ । भक्तपुर, कीर्तिपुरलगायतका यहाँका प्राचीन नगरवस्तीहरू गोर्खाली फौजले आफ्नो राज्यविस्तार अभियानका क्रममा अथक प्रयास र ठूलो संघर्ष पश्चात् मात्र विजय गर्न सकेका उदाहरणबाट पनि यस तथ्यलाई पुष्टि गर्दछ । वास्तवमा मल्लकालमा आएर व्यापार व्यवसायको क्षेत्रमा देखापरेको उन्नतिका कारण प्रायः साना ठूला सबै बस्तीहरूले शहरी रूप लिएकाले बस्ती बसाइमा पहिलेको तुलनामा केही अन्तर आयो । पहिलेका खोपृङ्ग, युपग्राम, कोलीग्राम जस्ता व्यापारिक केन्द्रहरू अब भक्तपुर, कान्तिपुर, ललितपुर आदि ठूला शहरका रूपमा विकास भए । अब छरिएर खुल्ला ठाउँमा बस्ने प्रथा छुट्दै गयो । बस्ती शहरहरू झनझन बाक्लो हुँदै गुचमुच्च पर्न गए । यसरी त्यसबेला गुचमुच्च भई एकैठाउँमा मिलेर बस्नुमा व्यापारिक कारोबार भन्दा आत्मसुरक्षा प्रमुख कारण बन्न गएको थियो । यस सन्दर्भमा नेपाल भित्रै उदाएका अनेकन राजनैतिक शक्तिबीच आपसमा लडाई भिडाई भइरहने, बाह्य क्षेत्रबाट पनि बराबर आक्रमण भइरहने हुनाले शहरहरू ठूलठूला गढका रूपमा परिणत हुनथाले । अनि अलि ठूला बस्तीलाई पनि किल्लाका रूपमा परिणत गर्ने प्रयास गरिन्थ्यो । जस्तोः राजा यक्षमल्लले बाह्य खतराबाट सुरक्षित रहन तत्कालीन राजधानी शहर भक्तपुरलाई सारा जनताको सहायता लिई सामरिक दृष्टिले एउटा गढको रूपमा परिणत गरिदिएका थिए । छरिएर बस्दा निरन्तरको युद्ध र बराबर लुट खसोट हुने त्यससमयमा गढ किल्ला रूप दिइएका बस्ती बाहिर बस्दा जिउधनको सुरक्षा नहुने हुनाले मानिसहरू प्रायःगरेर यस्तै सुरक्षित गढ वा किल्ला रूपका बस्तीभित्र बस्न रुचाउनु स्वाभाविकै पनि थियो ।

मानवजीवनको आधारभूत आवश्यकतामध्ये पानी एक निर्विकल्प तत्व हो । पानी बिना जीवन असम्भव जस्तै हुन्छ । यसैकारण जहाँ पानीको सर्वसुलभ आपूर्ति हुन्थ्यो, त्यहीं नै वस्ती बसाइएको देखिन्छ । यहाँका मल्ल शासकहरूले पानीको सर्वसुलभ आपूर्तिका लागि अनेक प्रबन्ध मिलाएर गएका थिए । जस्तैः पोखरी, ढुंगेधारा, कुवा, ईनार, राजकुलो आदिको निर्माण गरे । यसमा विशेषगरेर कुलोकोपानी खेतीको सिंचाइका लागि, पोखरीको पानी समस्त तिर्खाएका पशुपन्छी, जीवजन्तुको प्यास मेट्नुका अतिरिक्त शहर वस्तीभित्र आगोलागी हुँदा अग्नी समन गर्न र धारा र ईनारको पानी पिउनकालागि उपयोग गरिन्थ्यो । ढुंगेधारा, कुवा, ईनारहरू शहरका प्रत्येक टोल, वस्तीहरूमा खनिएको हुन्थ्यो भने ठूल्ठूला पोखरीहरू नगरबाहिर खुल्ला ठाउँमा बनाइएका हुन्थे । त्यस्तै बटुवाहरूको बिश्रामका लागि सत्तल पाटी, कुनै काम पर्दा भेला हुन खुल्ला चोक, डबलीहरू निर्माण गरिएको हुन्थे । दैवी विपत्ति, प्राकृतिक प्रकोप, आगोलागी, हैजा महामारी जस्ता घटनाहरू हुँदा पिडितलाई राहत प्रदान गर्न शहरबाहिर ठूल्ठूला चौर वा टुँडिखेल बनाइएको आज पनि देख्न सकिन्छ ।

यसप्रकार त्यसबेलाका यी वस्तीहरू अहिलेका अव्यवस्थित शहरीकरण भन्दा धेरै हदसम्म ब्यबस्थित ढंगले बसाइएका थिए भन्ने थाहा लाग्दछ । अझ महत्त्वपूर्ण कुरा के छ भने यहाँका प्राचीन शहरवस्तीहरू जुन छन्, तिनलाई गहिरिएर अध्ययन गरेमा ती प्रयाशः समथर भूमिमा भन्दा उच्च भूभाग अर्थात् डाँडोमा बसेको देखिन्छ । यसको मुख्य कारण बाह्य आक्रमणबाट बच्न, प्राकृतिक विपत्ति र हिंस्रक जीवजन्तुहरूबाट जोगिन, यस भन्दा पनि महत्त्वपूर्ण पक्ष समथल भूमी खेतीका लागि उपयुक्त हुने भएकोले उच्चभूस्थलमा वस्ती बसाइएको अनुमान हुन्छ । भक्तपुर, कीर्तिपुर, थिमी, साँखुलगायत काठमाडौं उपत्यकाका प्राचीन वस्तीहरू यसका ज्वलन्त उदाहरणहरू हुन् । अस्तु !

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर-२

**6f}d9L lf]qdf rf/kf^\u] ;jf/L ;fwg k|j]z**
**lgif]w;DaGwL ;'rgf**

भक्तपुर नगरपालिका वडा नं. ५ स्थित विश्व प्रसिद्ध ङातापोल परिसरको सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखेर स्थानीय जनता, बुद्धिजीवी र सरोकारवालाहरूको सुझावअनुसार त्यस क्षेत्रमा पूर्वमा क्वाछें, पश्चिमा स्वपुंग भैरव, उत्तरमा चतुब्रम्ह महाविहारको पूर्वी बाटो र दक्षिणमा तीलमाधव नारायण मन्दिरको पूर्वी ढोका चलाखु यता चार किलाभित्रको क्षेत्रमा हाललाई २०७५ माघ १ गतेदेखि बिहान ७:०० बजेदेखि बुलुकी ७:०० बजेसम्म हरेक दिन चारपाङ्ग्रे सवारी साधन प्रवेश निधेष गर्ने निर्णय भएको हुँदा सम्पूर्ण सवारी साधन धनीहरू तथा सर्वसाधारणहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# विश्व व्यापार संगठन र नेपालको कृषि



सबिन ख्याजू

## पृष्ठभूमि

विश्व व्यापार संगठनको स्थापना सन् १९९५ जनवरी १ मा भएको हो। स्विट्जरल्याण्डको जेनेभामा यसको कार्यालय अवस्थित छ। यस संगठनमा १६४ वटा सदस्य देशहरू छन्। यस संगठनको मूल उद्देश्य अन्तर्राष्ट्रिय व्यापारको भन्सार शुल्क र अवरोधहरू हटाउनु हो। सदस्य देशहरूबीच सामान, सेवा र बौद्धिक सम्पत्ति अधिकारको व्यापार नियमनको कार्य यस संगठनले गर्दछ। ती देशहरूबीच व्यापार सम्झौता र विवाद समाधानका जिम्मेवारी निर्वाह गर्दछ।

संगठन व्यवस्थित नवउदारवादी आर्थिक नीति अवलम्बन गरी अगाडि बढेको छ। यसलाई पूँजीवादको आक्रमक रूपमा पनि बुझ्न सकिन्छ। पूँजीवादी देशहरूले आर्थिक रूपमा कमजोर देशहरूबाट कच्चा पद्धार्थहरू आयात (दोहन) गर्न र आफ्नो देशको प्रशोधित र महङ्गा सामानहरू निर्यात गर्न यो नीति अंगालेको हो। कमजोर देशमा आफ्नो सामान निर्यात गरी बजार कब्जा गर्ने मूख्य उद्देश्य (स्वार्थ) राखेको हुन्छ। अहिलेसम्मको तथ्याङ्क हेर्दा संसारको ९८ प्रतिशत भाग ओगटेको छ। यसकारण यो संसारको सबैभन्दा ठूलो आर्थिक संगठन हो। नेपालले सन् २००४ अप्रिल २३ का दिन सदस्यता लिएको थियो ।

यस संगठनले ६० भन्दा बढी सम्झौताहरू हेरेको हुन्छ। त्यसमध्ये एक कृषि व्यापार हो। कृषिसम्बन्धी सम्झौताअन्तर्गत तीन अवधारणा वा जगहरू क्रमशः आन्तरिक सहयोग, बजारको पहुँच र निर्यात अनुदान छन्।

आन्तरिक सहयोगः सरकारले अनुदानको कार्यक्रम प्रयोग गरेर कृषि उत्पादन बढाउने नीति लिएको हो। उदाहरणको लागि, ग्रिन बक्स नीतिअन्तर्गत तालिम प्रदान गर्ने, अनुसन्धान कार्य अगाडि बढाउने पर्दछन् भने एम्बर बक्स नीतिअन्तर्गत कृषकको उत्पादित वस्तु किनिदिने उल्लेख छ।

बजारको पहुँचः नवउदारवादी नीतिअनुसार बजारलाई खुल्ला बनाउन यो नीति अगाडि ल्याइएको हो। यस अन्तर्गत तीन पाटोलाई ध्यान दिइएको छः

- कृषि वस्तु बजारलाई पारदर्शी, अनुमानयोग्य र प्रतिस्पर्धी बनाउने,
- राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारबीच सम्बन्ध स्थापित र बलियो बनाउने र
- बजारको आधारमा दुबै कृषि र अर्थतन्त्रमा न्यून मात्रामा भएका स्रोतसाधनको अधिकतम मात्रामा प्रयोग गरिने।

निर्यात अनुदानः निर्यात अनुदान भन्नाले सामान विदेश निर्यातलाई प्रोत्साहन गर्ने र आफ्नै देशमा विक्रि निरुत्साहित गर्ने सरकारको नीति हो। विदेश निर्यात गर्नेलाई सिधा भुक्तानी, कम व्याजमा ऋण, कर छुट, सरकारी खर्चमा अन्तर्राष्ट्रिय विज्ञापनका माध्यमबाट यसलाई सहयोग गरिन्छ।


## नेपालको परिप्रेक्ष

नेपालले आफ्नो उत्पादनको आधारमा विश्व व्यापार संगठनमा सहभागी हुने नहुने निर्क्यौल गरिनु पर्दथ्यो। नेपाल संगठनमा सहभागी हुने त्यो स्तिथिमा थिएन र छैन। सदस्य भइसकेपछि पनि कृषिमा व्यवसायिकीकरण र आधुनिकीकरण/यान्त्रिकीकरणमा ध्यान पुऱ्याएर कामलाई रफ्तार दिनुपर्दथ्यो। यी दुईक वटै पक्षमा नेपाल निकै पछाडि छ।

## व्यवसायिकीकरण

नेपालको आफ्नै बजारको माग बमोजिमको उत्पादन छैन। खाद्यान्न, तरकारी, फलफुल र मासुजन्य वस्तुमा नेपाल आत्मनिर्भर छैन। हरेक वस्तुको ठूलो मात्रामा आयात गर्नुपर्ने बाध्यता छ। व्यवसायिकीकरणको लागि उत्पादन प्रमुख पक्ष हो। विगत नौ बर्षमा कृषि वस्तुमा नेपालको परनिर्भरता पाँच गुणाले वृद्धि भयो। नेपाल सरकारअन्तर्गतको भन्सार विभागको प्रतिवेदनअनुसार आर्थिक बर्ष २०७४/७५ मा कृषि आयातको मूल्य रु दुई सय अर्ब पुग्यो जुन अहिलेसम्मको उच्च हो। अन्नबाली रु ४४.५२ अर्ब, खाने तेल र घ्यू २८.७२ अर्ब, तरकारी रु २२.६७ अर्ब, पशु आहारा १५.५१ अर्ब, मल १५.२३ अर्ब, फलफुल रु १४.५२ अर्ब, चिनी र कन्फेक्शनरी १३.७२ अर्ब, तेल निकाल्ने दाना रु ११.३४ अर्ब, कफी, चिया र मसलाहरू रु १०.७४ अर्ब र पशु ४.१३ अर्बबराबरको आयात भएको थियो।

नेपालमा प्रति वर्ष दश प्रतिशतको दरले आयात उकालो चढेको छ। सम्पूर्ण आयातको १७ प्रतिशत भाग कृषि वस्तुले ओगटेको छ। विशेषज्ञहरूकाअनुसार मध्यम वर्गीय



जनताको वृद्धि, जनसङ्ख्या वृद्धि र कृषि उत्पादन घट्नुलाई यसको कारण भनिएको छ। साथै, किसानहरू विदेशिने वढ्दो क्रमले उर्वर खेत बाँझो हुनुमा मद्दत पुगेको छ।

नेपाल कृषि वस्तुको प्रशोधन क्षेत्रमा धेरै पछाडि छ। धान, गहुँ, चिनी, फलफूलगायतका केही बालीको प्रशोधन भएका छन्। बजारको मागबमोजिम पुऱ्याउन सकेका छैनन्। प्राय वस्तु कच्चा छन्। बजार र उपभोक्ताको चाहनाअनुसारको गुणस्तर वृद्धि हुन सकेन। अन्तर्राष्ट्रिय बजारमा नेपालका कृषि वस्तु पुग्न त मुस्किल छ।

## आधुनिकीकरण/यान्त्रिकीकरण

नेपालमा आधुनिक यन्त्रहरूको प्रयोग भर्खर शुरुवाती अवस्थामा छ। उत्पादन र उत्पादकत्वको वृद्धि गर्न यान्त्रीकरणको जरुरी हुन्छ। विकसित देशहरूमा अपनाइएका यी प्रविधिलाई व्यापकता दिनु पर्ने आवश्यकता छ।

तरकारी खेतीमा थोपा सिंचाई सबैभन्दा उत्तम विधि हो। बेमौसमी उत्पादन प्रविधिलाई प्राथमिकता नदिइकन उत्पादन र उत्पादकत्व वृद्धि गर्न सकिन्न। जमिनलाई खण्डीकरण रोकेर चक्लाबन्दीको नीति बनाउने र व्यवहारमा उत्तार्नु पर्दछ। सिंचाईको सुविधालाई बढावा दिनु पर्दछ। रोगकीरा व्यवस्थापनमा विशेष ध्यान पुऱ्याउनु पर्ने हुन्छ। क्वारेन्टाइन जाँचबुँझमा पैसाको मिलेमत्तो रोकेर स्वच्छ प्राविधिक वातावरण कायम हुनु आवश्यक छ। सिमाना खुल्ला भएकै कारण चोरी पैठारीको राज चलेको छ। सिमानालाई पूर्ण रूपमा बन्द (सिल) नगरेसम्म क्वारेन्टाइनले नतिजा दिन सक्दैन।

बीउ उत्पादनमा आत्मनिर्भरताले कृषिको भविष्य दर्शाउँछ। मोन्सान्टो कम्पनीको मकैको बीउले संसारभरी बजार जमायो। हाइब्रिड बीउबाट अर्को पुस्ताको बीउ उत्पादन गर्न सकिन्न। स्थानीय जातका बीउहरू हराउँदै गएका छन्। हाइब्रिड बीउको मात्र प्रयोग हुने किसानले स्थानीय जातका बीउबाट विमुख हुनु पर्दछ। जब स्थानीय बीउ मासिन्छ तब बजार ती हाइब्रिड बीउको मूल्य बढ्छ जसकारण किसानको लागि कृषि कार्यको लागत बढ्न जान्छ।

आजसम्म पनि नेपालमा परम्परागत खेती प्रणालीबाट बैज्ञानिकता रूपान्तरण हुन सकेको छैन। मान्छे आफ्नै हातले ज्यावल समाई काम गरेको खेतबारीमा देख्न सक्छौं। ट्याक्टर, पम्प, रिपर, प्लान्टर, कम्बाइनलगायतका मेसिनहरूको प्रयोग निकै न्यून छ। सिमित धनी किसानहरूले बाहेक साना किसानकोमा यी प्रविधि पुग्न सकेको छैन। गरिबीको कारणले पनि प्रविधि अपनाउन नसकेको अवगत नै छ। किसानसँग नयाँ औजार वा मेसिन प्रयोग गर्ने शीप छैन। सरकारले किसानहरूलाई तालिम प्रयोग सम्बन्धी आवश्यक ज्ञान र शीप प्रदान गर्नु आवश्यक छ। मल कारखानाको स्थापना गर्नु आधारभूत कुरा हो। आवश्यक मात्राको बीउ उत्पादन, प्रशोधन र चिस्यान केन्द्रको व्यवस्थामा विशेष ध्यान दिनु आवश्यक छ।

कृषि विकास रणनीति (सन् २०१५-२०३५) अन्तर्गत प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले सात प्रदेशमा पाँच सय हेक्टर ओगटेको ३० वटा जोन र दश हेक्टर ओगट्ने २,१०० वटा पकेट क्षेत्रहरू निर्धारण गरेर काम गरेको थियो। यस कार्यक्रमबाट वास्तविक किसानले फाइदा लिन सकेको देखिन्न।

कृषकहरूलाई भनेर दिइएको अनुदान भ्रष्ट सरकारी



कर्मचारीहरूले भाग खोज्ने गरेका कैयौं उदाहरणहरू छन्। नक्कली बील बनाउने, कम गुणस्तरका सामग्री वितरण गर्ने, वास्तविक किसानलाई अनुदान नदिई खेतमा काम नगर्ने वा धनी किसानलाई मात्र वितरण भएको सरकारी उच्च तहका कर्मचारीहरू नै बताइरहेका छन्।

## अन्त्यमा

ठूलो माछाले सानो माछालाई खान्छ भनेजस्तै विश्वका ठूला अर्थतन्त्रले नेपालको सानो अर्थतन्त्रलाई धरासायी बनाउन धेरै समय लाग्दैन। नेपालका धनी मानिसहरू पनि नाङ्लो पसलेमा झर्न सक्ने सम्भावना धेरै छन्। बहुराष्ट्रिय कम्पनीले नेपालमा भएका नाफा सबै सोरेर विदेश लान्छ। धेरैलाई थाहा छ, नेपालको सम्पूर्ण बजेट बराबर अथवा सोभन्दा बढी सम्पत्ति ती कम्पनीमा भएका धेरै छन्।

विश्व व्यापार संगठनमा सदस्य भएपछि त्यसबाट आउने अवसरको प्रयोग गरिनुपर्दछ। तर त्यसबाट आउने अनेक चुनौतिहरू सामना र समाधान गर्न धेरै कार्य गर्नुपर्दछ। कृषिमा उत्पादन र उत्पादकत्व वृद्धि गर्नु अनिवार्य छ। कृषिमा व्यवसायिकीकरण र आधुनिकीकरण मार्फत अर्थतन्त्रलाई सबल बनाउनेमा ध्यान जान आवश्यक छ। विश्व व्यापार संगठनको गतिमा नेपालको अर्थतन्त्र गुड्न नसके हाम्रो बगैंचामा साँढे पसेजस्तै हुनेछ। यसको लागि तारबार लगाउन जरुरी हुन्छ। यसको विकल्प भनेको आफ्नो अर्थतन्त्र बलियो बनाउनु नै हो। यसमा नीजि क्षेत्र होइन सरकार आफैं जिम्मेवार भएर अगाडि लम्कनु पर्दछ।

# चुनावमा पैसा र सामान बाँड्ने, गुण्डागर्दी गर्ने पार्टी कम्युनिष्ट हुन सक्दैनन्

**• प्रेम सुवाल**

सर्वप्रथम पार्टी अध्यक्ष नारायणमान बिजुक्छैँज्यूको तर्फबाट समेत यो सम्मेलनको पूर्ण सफलताको शुभकामना दिन चाहन्छु । नेपाल मजदुर किसान पार्टीको मार्ग निर्देशक सिद्धान्त मार्क्सवाद–लेनिनवाद र माओ त्सेतुङ विचारधारा हो । पार्टीको तत्कालीन कार्यक्रम जनताको प्रजातन्त्र र दीर्घकालीन कार्यक्रम समाजवाद हुँदै साम्यवादमा पुग्ने हो ।

चुनावबाट समाजवाद आउँदैन । मार्क्सको निधनपछि उहाँकै शिष्य वर्नस्टिनले चुनावबाट समाजवाद आउने संशोधनवादी विचार ल्याएका थिए । यो संशोधनवादी विचारको लेनिन र स्तालिनले खण्डन गर्नुभएको थियो । रूसमा मेन्शेविकहरू चुनावबाट सरकारमा गएर राज्य कोष दोहनमा लागेका थिए । भारतमा डांगे गुटले यस्तै संशोधनवादी विचारको पक्ष लिएका थिए । नेपालमा एमालेका तत्कालीन नेता मदन भण्डारीले चुनावबाट समाजवाद ल्याउने ‘जनताको बहुदलीय जनवाद’ संशोधनवादी नीति ल्याएका थिए । यसकारण मदन भण्डारी नेपालका वर्नस्टिन हुन् । अहिले भण्डारीका कार्यकर्ताहरू नेकपाको नाममा पुँजीवादी सरकारमा छन् ।

भारतीय विस्तारवादअनुकूल संविधान संशोधन गर्न एमाले–माओवादीको चुनावी मोर्चा र पार्टी एकता गराइएको हो । ओली–दाहाल सरकारले नागरिकता ऐन संशोधन विधेयकमा नेपालमा विवाह भएका भारतीय छोरीले तत्काल अङ्गीकृत नेपाली नागरिकता पाउने व्यवस्था छ । भारतको कानुनअनुसार त्यहाँ विवाह भएको नेपाली छोरीले सात वर्षपछि मात्र नागरिकताको लागि निवेदन दिन पाउँछन् । नेपालको प्राकृतिक स्रोत–साधन कब्जा गर्दै आएको भारतीय विस्तारवाद ओली–दाहालको नेकपा सरकारमार्फत नेपालको आन्तरिक मामिलामा हस्तक्षेप गर्दै छ । एमाले–माओवादीको संयुक्त मोर्चाले निर्वाचनमा दुईतिहाइ मत प्राप्त गऱ्यो । तर, सरकार गठन गर्न भारतीय विदेशमन्त्री सुस्मा स्वराजलाई नेपाल बोलाएर ओली –दाहालले आत्मसमर्पण गर्नुपऱ्यो । यसरी ओली–दाहालको सरकार नेकाको जस्तै भारतीय दलाल नै सावित हुन्छ ।



वि. सं. २०७० सालको निर्वाचनपछि नेका–एमालेको सरकार बन्यो । दाहाल मधेसी मोर्चाको सहयोगमा सडक र सदन आन्दोलनमा लागे । त्यसबेला ओलीले भने,“दाहाल एक–दुई अर्बको लागि आन्दोलनमा लागेका हुन् ।” दाहालले जवाफ दिए, “ओलीको मानसिक सन्तुलन गुम्यो, उपचारमा पठाउनुपर्छ ।” ओलीले भने, “कायरहरूमात्र माओवादीसँग मिल्छन् ।” दाहालले जवाफ दिए , “ओली भारतीय राजावादी सूर्यबहादुर थापा हुन् ।” ओली–दाहालको यो आरोप प्रत्यारोपले एमाले – माओवादीको चुनावी मोर्चा र पार्टी एकता झूटा साबित गर्छ ।

राजनीतिक पार्टी दर्शन, सिद्धान्त र विचारको आधारमा स्थापना र सञ्चालन हुन्छ । चुनावको बेला एमाले, माओवादी र नेकामा कतिपय मानिसहरू रातारात पार्टीमा प्रवेश गरी सांसद भएका थिए । ल्हारक्याल लामा, विनोद चौधरी, राज्यलक्ष्मी गोल्छा, शम्भूलाल श्रेष्ठ आदि प्रतिनिधि उदाहरणमात्र हुन् ।

एमाले–माओवादीले जुम्ला, दैलेख, कालीकोटमा नेमकिपाका कार्यकर्तालाई भड्काउने र बिगार्ने काम गरे । गाडी सुविधा लिन लाखौं पैसा खुवाएर दैलेखको विनोद

शाहीलाई एमालेले पार्टीमा प्रवेश गरायो । जुम्लाका डिल्ली महतलाई मन्त्री बनाउने भनी एमालेमा लियो । भक्तपुरमा पनि वर्ग शत्रुलाई खुसी पार्ने, मोहियानी हक खोस्ने, महिलामाथि दुर्व्यवहार गर्ने र भ्रष्टाचारीहरू अर्थात् नेमकिपाबाट निष्काशितहरू एमाले–माओवादीमा प्रवेश गरे । नेमकिपाका अग्रजहरूको नेतृत्वमा भएको भक्तपुरको किसान आन्दोलनबाट जीउ तङ्ग्रिएका तिनीहरू अहिले एमाले–माओवादीमा गएर 'बञ्चरोको बिँड' जस्तै प्रयोग भइरहेका छन् ।

अहिले एमाले–माओवादीको नेकपा सिद्धान्तहीन अर्थात् फोहर फाल्ने 'कन्टेनर' को रूपमा छ । यिनीहरूले निर्वाचनको बेला थिमीमा पैसा बाँडेको सामाजिक सञ्जालमा छाएकै हो । चुनावमा पैसा र सामान बाँड्ने, झूटा आश्वासन दिने, गुण्डागर्दी गर्नेहरू कम्युनिष्ट हुनसक्दैनन् ।

प्रतिनिधिसभामा भूमिसम्बन्धी आठौँ संशोधन विधेयक, २०७५ विचाराधीन छ । हामीले कमैया, कमलरी, हल्ली, गोठालोलगायत जोताहालाई मोहियानी हक दिनुपर्ने आवाज राख्दै आएका छौँ । कृषि उत्पादन बढाउनको निम्ति जग्गावालाको जग्गा खरिद गर्न किसान (मोही) लाई सरकारले ऋण प्रदान गर्नु आवश्यक छ । भूमिसम्बन्धी ऐनमा जग्गावालाले तराईमा १० बिघा र घरबारी एक बिघा, काठमाडौँ उपत्यकामा २५ रोपनी र घरबारी ५ रोपनी, पहाडमा ७० रोपनी र घरबारी ५ रोपनी राख्न पाउने तर मोहीले तराईमा ४ बिघा, काठमाडौँ उपत्यकामा १० रोपनी र पहाडमा २० रोपनीमात्र राख्न पाउने गरी हदबन्दी तोकिएको मोही किसानविरोधी छ । बहुदल पुन:स्थापनाको ३० वर्षयता सरकारमा गएका एमाले, माओवादी र नेकाले पक्षपातपूर्ण हदबन्दी व्यवस्था खारेज गरेनन् । यसले ती सबै पार्टीहरू मोही किसानविरोधी सावित हुन्छ ।

राष्ट्रिय सभामा गुठी संस्थान विधेयक, २०७५ विचाराधीन छ । विधेयकमा गुठी संस्थान खारेज गरी गुठी प्राधिकरण गठन गर्ने र गुठी जग्गा रैतानीमा परिणत गर्ने प्रावधान राखिएको छ ।

दुवै विधेयकमा सार्वजनिक जग्गा, कमल पोखरी, वन क्षेत्र, नदी किनारा, पर्तीजग्गा व्यक्तिको नाममा दर्ता गरी बेचबिखन गरिएको सार्वजनिक नै हुने उल्लेख्य छ । यो विषयलाई जोडदाररूपमा हामीले उठाउनेछौँ ।

आव २०७६/७७ को बजेट आउँदै छ । बजेटमा किसानको लागि मल, बीउ, सिंचाइ प्राथमिकतामा राख्नु आवश्यक छ । अहिलेसम्मका सरकारहरूले किसान समस्यालाई प्राथमिकतामा राखेर बजेट बनाएका छैनन् । यस अगाडिको ओली–दाहालको सरकारले पनि किसानको पक्षमा बजेट ल्याएको थिएन । किसानले आफ्नो उत्पादनको मूल्य निर्धारण गर्न पाएका छैनन् । किसान र उपभोक्ताबीचको बिचौलिया अन्त्य गरिनुपर्छ । बेमौसमी कृषि उत्पादनको लागि किसानलाई टनेल निर्माणमा अनुदान दिनुपर्छ । व्यवसायिक खेतीको नाममा सरकारका आउरेबाउरेहरूलाई करोडौँ–अर्बौं रूपैयाँ कृषि अनुदान दुरूपयोग गर्न दिने काम अविलम्व रोक्नु आवश्यक छ र यसको छानबिन गरी दोषीलाई कारबाही हुनुपर्छ । सरकारको वरिपरि बस्ने केही व्यक्तिले धन कुम्ल्याएकै आधारमा देशको आर्थिक समृद्धि हुँदैन । सबै जनताको क्रय शक्ति बढाउनु आवश्यक छ । अगाडि सामन्त र जमिनदार वर्गको कब्जामा रहेको जग्गा अहिले उद्योग–व्यवसायको नाममा पुँजीपति वर्गको कब्जा भइरहेको छ । यसले धनी र गरिबको खाडल बढ्दै जानेछ ।

सरकारमा गएकाहरूले अहिलेसम्म आन्तरिक उत्पादन बढाउने काम नगर्दा आयात बढ्दो छ । सियो किन बनेन भन्ने प्रश्नको जवाफमा सरकारका मन्त्री आँखाको लेन्स बनेको जवाफ दिन्छन् । विगत दस महिनामा इन्धन (पेट्रोलियम) २ खर्ब ६ अर्ब, फलाम–स्टिल १ खर्ब २० अर्ब, यान्त्रिक उपकरण एक खर्ब, सवारी साधन (गाडी) ७७ अर्ब १३ करोड, विद्युतीय सामग्री ७२ अर्ब ८४ करोडको आयात भयो । खाद्यान्न ( चामल, गहुँ, मकै) ४४ अर्ब, तरकारी २४ अर्ब, फलफूल १५ अर्बको आयात भयो । यो अवधिमा कुल ११ खर्ब ७८ अर्ब १३ करोड आयात भयो भने ७८ अर्ब ५३ करोडको मात्र निर्यात भयो । अर्थात् १० खर्ब ९९ अर्ब ६० करोड व्यापार घाटा पुग्यो । विलासिताको वस्तुको बढ्दो आयात र कृषिमा परनिर्भरता नै व्यापार घाटाको मुख्य कारक हो । खाद्यान्नमा समेत भारतनिर्भर हुनुपर्ने वर्तमान स्थितिले नेपालको सार्वभौमिकतामाथि चुनौती खडा भएको छ । यसबारे ओली–दाहाल सरकार सचेत छैन ।

देशको सन्तुलित विकास गर्न आवश्यक छ । बस्ती वरिपरिकै जग्गाबाट त्यहाँका जनतालाई पुग्ने गरी खाद्यान्न उत्पादन गर्न कृषियोग्य जमिन सुरक्षित राख्नु आवश्यक छ । काठमाडौँ र भक्तपुरको उत्तरी क्षेत्रको कृषियोग्य एक लाख रोपनी जग्गामा सहर विकास गर्ने सरकारी योजना सन्तुलित विकासविपरीत हो । ललितपुरको खोना र बोङ्गाका द्रुतमार्ग पीडित जनता कृषियोग्य भूमि र सम्पदा विनासविरूद्ध सङ्घर्ष गर्दैछन् । देशभरिका जनतालाई काठमाडौँ उपत्यकाको प्रदूषित ठाउँमा बसोबास गराएर रोगी बनाउने सरकारी नीति खारेज गर्नुपर्दछ । प्रदेश, जिल्ला र गाउँ तथा नगरपालिका सदरमुकामलाई व्यवस्थित सहर विकास गर्नु आवश्यक छ ।

देशभरिका नौ लाख भूकम्प पीडित परिवारमध्ये अझै आधाले घर बनाउन सकेका छैनन् । तीन लाखको अनुदानमा बनाइएका घरहरू मानिस बस्न लायकको नभएको र त्यहाँ गाई–वस्तुपालन गरिएको अनुगमन प्रतिवेदन सार्वजनिक भएको छ । काठमाडौँ उपत्यकामा तीन लाख अनुदान रकमबाट भूकम्पमा भत्किएका धराप पन्छाउन पुग्दैन । भूकम्प पीडितलाई दिइने अनुदान १० लाख पुऱ्याउनुपर्ने र दुई प्रतिशत ब्याजको घर निर्माण पुनःकर्जा चालू राख्नुपर्ने विषय हामीले जोडका साथ राख्दैछौँ ।

संविधानमा कक्षा १२ सम्म निःशुल्क हुने मौलिक हकको व्यवस्था छ तर प्रम ओलीले निजी विद्यालय यथावत रहने संविधानविपरीत तर्क राखे । प्रम ओलीले शक्ति पृथकीकरणको सिद्धान्तविपरीत वाइडबडी खरिदमा तत्कालीन मन्त्री रवीन्द्र अधिकारी र बालुवाटारको सार्वजनिक जग्गा खरिदमा नेकपा महासचिव विष्णु पौडेल दोषी नभएको बताए । दोषी हो होइन फैसला दिने काम न्यायपालिकाको हो, प्रमको होइन ।

पहिलोपटक प्रम भएलगत्तै ओलीले तुइन हटाउने, घरघरमा ग्यासको पाइपलाइन जोड्ने बताएका थिए । दोस्रोपटक प्रम भएका ओलीले भ्रष्टाचार नगर्ने, पूर्व–पश्चिम र उत्तर–दक्षिण रेल गुडाउने, समुद्रमा पानीजहाज चलाउने, महँगी नियन्त्रण गर्ने, स्वदेशमा रोजगारी दिने आदि बताए । अहिले सिंहदरबार, बालुवाटार र शीतल निवास ठगहरूको घेरामा रहेको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो कार्यकालको ३ वर्षमा १० हजार अर्थात् दैनिक ८ वटा झूटा बोलेको सार्वजनिक भयो । प्रम ओली पनि त्यही कोटीमा पर्दैछन् । २०७४ भदौमा प्रमुख प्रतिपक्ष दलको नेताको हैसियतले ओलीले संसद्मा नेपाली भूमि डुबानमा पर्ने गरी भारतले एकतर्फी बनाएका बाँधहरू भत्काउनुपर्ने बताएका थिए । सरकारको दोस्रो कार्यकालको सोन्ह महिनामा पनि प्रम ओलीले नेपाली भूमि डुबानमा पार्ने भारतीय बाँधहरू भत्काउने उच्चारणसमेत गरेनन् । यसले पनि ओली–दाहाल सरकार भारतीय दलाल सावित हुन्छ ।

*(नेपाल मजदुर किसान पार्टीका सचिव एवम् प्रतिनिधिसभा सदस्य प्रेम सुवालले जेठ ११ गते नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुरको पाँचौँ नगर सम्मेलनको उद्घाटनमा राख्नुभएको मन्तव्यको सार – सं)*

आफू बस्ने घर, चोक, टोल र नगर
हाम्रो लागि हामी आफै सफा गरौं ।
सफाइ गर्दा इज्जत घट्दैन
बरु सभ्य भइन्छ र
रोगबाट समेत मुक्त हुन्छ ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनज्योति पुस्तकालयमा सदस्य भई विभिन्न मितिमा पुस्तकहरू लानुहुने तर समय नाघेर पनि पुस्तक फिर्ता नगर्नुहुने सदस्यहरूलाई चाँडै पुस्तक फिर्ता गर्न सूचित गरिन्छ ।

**जनज्योति पुस्तकालय, न:पुखु-१**

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

**Audio Notice सम्बन्धी सूचना**

भक्तपुर नगरपालिकाद्वारा आज मिति २०७५ पौष ११ गते बुधबार देखि *Audio Notice* सेवा शुभारम्भ गरिसकेको हुँदा नगरपालिकाका सूचना तथा गतिविधिहरु तपसिल बमोजिमको नम्बरमा डायल गरी सुन्न सकिने व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

Audio Notice नम्बर : १६१८०१६६१००९६

*भक्तपुर नगरपालिका*

**के गर्दैछ भक्तपुर नगरपालिका ?**

थाहा पाउन पढ्नुहोस्, सुन्नुहोस्

- 'भक्तपुर' मासिक
- 'ख्वप पौ'
- http://bhaktapurmun.gov.np
- www.bhaktapurkhabar.com
- www.facebook.com/BhaktapurMunicipality/
- ख्वप सः (भक्तपुर एफएममा) बुधबार बिहान ७:३० – ८:३० र शुक्रबार साँझ ६:३० – ७:३० सम्म
- अडियो नोटिश फोन नं. १६१८ ०१६६१०००९६

# स्थानीय सम्पदा संरक्षण अभियानमा भक्तपुर नगरपालिका

• तेजेश्वरबाबु ग्वंगः

स्थानीय सम्पदा संरक्षण अभियानको गर्भ हाम्रो सांस्कृतिक चेतनाका अन्तर्यसित नै आबद्ध रहिआएको वास्तविक रहेको यथार्थ हो । लिच्छवि र मल्लकालीन सांस्कृतिक सम्पदा अद्यावधिक रहनु यसको ज्वलन्त प्रमाण रहेको वास्तविकता नकार्न सकिन्न । आवधिक काल समयमा भएका दैवी/प्राकृतिक प्रकोपले तहस नहस पारेका सम्पदा-संस्कृति तत्कालीन सीप र प्रविधि अनुरूप संरक्षण भई आएको वास्तविक अभिलेख यतैकतै वा विश्वका कुनै भागका संग्रहालयमा सुरक्षित रहन सक्ने सम्भावना पनि उत्तिकै सम्भाव्य खोजिनीतिका पृष्ठ पक्कै हो । यस सम्भावनालाई हामीले आफ्नै सरोकार ठान्नु, मान्नु उपयुक्त नै रहनेछ ।

प्रसंग भक्तपुर नगरपालिकाद्वारा नगरको पश्चिमवर्ती १ वडा भार्वाचो परिसर दुधपाटी दक्षिण भेगमा अवस्थित भाजुया/भाज्या पुखु/पोखरी सुरक्षण, संवर्द्धन, प्रवर्द्धन गर्ने सिलसिलामा आयोजित विचार-परामर्श-सुझाव संकलन कार्यक्रमको हो । प्राचीन पोखरी जलसंकलन, संरक्षण, प्रयोग वितरण-उपयोग प्रणाली आदि सम्बन्धमा विस्तृत अध्ययन, अनुसन्धान गरी प्रारम्भिक प्रतिवेदन तयार गर्न टोली गठन गरिएको थियो । लगभग ६-७ महिनाव्यापी अध्ययन, अनुसन्धान गरी टोली नायक डा. पुरुषोत्तम लोचन श्रेष्ठले भ.न.पा.द्वारा आयोजना गरिएको एक दिने छलफल, सुझाव संकलन कार्यक्रममा प्रतिवेदन प्रस्तुत भएथ्यो ।

लिखित प्रतिवेदनलाई सार्थक पार्न प्रयोग भए गरिएका श्रव्य-दृश्य साधन माथि टेकेर उपस्थित सहभागी वृन्दले भाज्या (भाजुया) पुखु/पोखरीको धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, भौगोलिक, भाषिक-नृतत्वशास्त्रीय दृष्टिका आधारमा सुझाव प्रस्तुत भएको थियो । केही निकटवर्ती समयमा अध्ययन-अनुसन्धान टोलीले भक्तपुर नगरपालिकासमक्ष परिस्कृत प्रतिवेदन प्रस्तुत हुने नै भएको छ ।

हेर्दा केही न केही जस्तो रहेको भाजुया/भाज्या पुखु (पोखरी) उत्खनन, अध्ययन, अनुसन्धानका क्रममा निकै महत्त्व भएको प्राचीन मृत्तिका निर्माण सामग्री, मूर्ति र आलंकारिक वास्तुकला सामग्री फेला परेका छन् । उत्खननबाट उपलब्ध ती मृत्तिका वास्तु सम्पदा संस्कृति वास्तु सामग्रीले भाजुया/भाज्या पुखु (पोखरी) का माझखण्ड/बीच भागमा निर्मित मन्दिरको स्वरूप अनुमान गर्न सघाउँदो छ । यो धारणा अनुसन्धान टोली नेता डा. श्रेष्ठको रहेको छ । अध्ययन अनुसन्धानकै क्रममा उनी र टोलीका सहमति अनुसार ने.सं. ८०१, वि.सं. १७३८ मा नेपाल मण्डलमा ठूलो भूकम्प गएको बताउँछन् । प्रत्येक शताब्दीका सेरोफेरोमा भूकम्प-महाभूकम्प गइरहने वा गई नै रहेको ऐतिहासिक अनुभवले त्यसलाई काल्पनिक प्रलाप मात्र भन्ने ठाउँ रहन दिन्न । कारण, भूकम्पको गर्भगृह भूगोलमा चलिरहने मात्र एकै नभई ज्ञात, अज्ञात तत्वमषि कारक तत्व रहेका भूगर्भविद् बताउँछन् ।

संविधानतः नगरपालिका स्वयं स्थानीय सरकार रहेको छ । मेयर भाजु सुनिल प्रजापतिले गोष्ठी आरम्भकै मुहूर्तमा उल्लेख गर्नुभएअनुसार कार्यक्रमको मूल उद्देश्य जनप्रतिनिधि, पुरातत्त्वविद्, सम्पदाविद्, इतिहासविद्, संस्कृतिविद्, वास्तुकलाविद् र अन्य प्राविधिकलाई आमन्त्रण गरी अध्ययन-अनुसन्धान प्रतिवेदनलाई सुझाव र विचारद्वारा अनुपोषणको अपेक्षा साथ प्रारम्भिक रिपोर्टमा आ-आफ्नो सुझाव, भनाइ राखेर प्रतिवेदनलाई परिमार्जन गर्ने अवसर प्रदान हुने विश्वास गरेको छ ।

कार्यक्रमका सहभागीलाई स्वागत सम्बोधन गर्दै भ.न.पा.का उपमेयर रजनी जोशीले भक्तपुर पोखरीको पनि सहर भएकाले जल सम्पदालाई संरक्षण गर्नु भ.न.पा.को कर्तव्य ठान्छ । स्थान विशेषको भूबनोट र स्थानीय गर्मी, सुख्खा मौसमलाई शितल वाष्पीय वातावरण बनाउनको साथै मनोरञ्जन, धार्मिक महत्त्व, माछा, हाँस पाल्न, भवितव्यवस हुने आगजनी मुक्ति, स-साना जनावर र वस्तुभाउका लागि पिउन, वर्षात्को पानी संकलन गर्नुको साथै आसपासका इनार, कुवा, ढुंगेधारा, सहायक पोखरीलाई अनुपोषण गर्न यी मौलिक-परम्परागत पानी संकलन, उपयोग प्रविधि संरक्षण र पुनर्निर्माणअन्तर्गत भाजु पोखरीको महत्त्व उल्लेख छ ।

स्थानीय मौलिक कुनै पनि सम्पदा संरक्षण, जीर्णोद्धार, पुनर्निर्माण, संवर्द्धन, संस्थापन कार्यमा प्रत्यक्ष रूपमा दत्तचित्त रहनु स्थानीय सरकारको वैधानिक दायित्वपूर्ण सरोकारै हो । स्थान विशेषको मौलिक पर्यावरणीय सम्पदा अनुकूल एवं अनुरूप स्थानीय यावत् संस्कृतिजन्य सम्पदा जगेर्ना गर्नु दायित्व बोक्ने भएकै पृष्ठभूमिमा स्थानीय निकायलाई पालिका नामाकरण गरिएको अनुभूत हुन आउँछ । भक्तपुर नगरपालिकाको यो चासो समय सापेक्ष हुने नै भयो दुविधा

रहन्न यसमा। निर्विवाद सत्य रहेको छ। एक दिने गोष्ठीमा प्रस्तुत प्रतिवेदन मूल प्रतिवेदनको सार-संक्षेप भएकोले भाजुया पुखु काठमाडौंस्थित रानीपोखरी भन्दा ५०० वर्ष पुरानो रहेको उल्लेख छ।

तिथिमितिगत दृष्टिकोणले जेठो कान्छोपनलाई बहस नबनाई दुवै पोखरी बीच निर्मित/स्थापित मन्दिरका मूलभूत तात्विक स्वरूप नितान्त महत्त्वका साथ सारगर्भित रहेको अनुभूत हुन्छ। भाजुपुखुको मध्य भागमा रहेको चतुष्कोण रुपि शिखर शैलीमा निर्मित प्राचीन स्थापत्य सम्पदा मान्त्रिक, तान्त्रिक एवं यान्त्रिक दृष्टिकोणका आधारले समेत वर्चस्वशाली देखिन्छ। मान्त्रिक तत्त्व पूर्वीय सभ्यता-तन्तु रहेको छ। दार्शनिक आधार-तन्तुले जीवन दर्शनलाई इंगित गर्छ। जीवन-दर्शनले श्रृष्टि, स्थिति र अन्त्यलाई संकेत गर्दछ। सृष्टि शब्दले उत्पत्ति क्रियालाई बुझाउँछ। यस रहस्यलाई विम्वात्मक/प्रतीकात्मक तवरले संकेत गर्ने वस्तुतत्वलाई हाम्रा गम्भीर रहस्य बोध मन्दिरको जगको मध्यभागको जगको मूल-गर्भ गृह बने/बनाइएको हुन्छ। भाजु पुखु/भाजुया पुखुको उत्खननमा फेला परेका चतुष्कोण कुण्डमा यिनै रहस्य उद्घाटित भएको छ। यो नितान्त महत्त्वका उपलब्धि ठहर्छ- निर्विवाद तवरले।

गर्भगृह पूर्वीय जीवन-दर्शनकै नितान्त महत्त्वपूर्ण पक्ष रहे-बनेको तन्त्र विद्याको एक मूर्त पक्ष रहेको छ। मन्दिर निर्माणको आधारभूत यन्त्र साधना हो। जीवन-दर्शनका आधारभूत तत्व भनेकै मन्त्र हो। मन्त्र भन्नु सिद्धान्त नै हो। जसरी राजनीति कुनै न कुनै सिद्धान्तमा आधारित छ, त्यसरी नै हाम्रा पूर्वीय जीवन पनि कुनै दर्शनमा आधारित रहेकै छन्। जीवनको कुनै न कुनै मातृकोषबाटै उद्भव भएको हुन्छ। मन्दिरको निर्माण र उत्थान पनि गर्भ-गृहमै शिलान्यास भए गरिएरै मात्र हुन्छ। जीवन र मन्दिरलाई तादात्म्य दृष्टिले विवेचना विश्लेषण गर्दा यसरी सार्थकता उपलब्ध हुन आउँछ। यसलाई अनेक आयामबाट विवेचना गर्न नसकिने होइन। आयामिक विश्लेषण गर्नु युग धर्म बन्छ। समयको गतिसितै युग धर्म स्थापित हुन्छ, निर्माण भइरहन्छ। त्यसैले एकै तत्वलाई युग-युगमा युगीन परिभाषा र विश्लेषण भए गरिएकै हुन्छ।

वैदिक जीवन दर्शनमा आधारित हाम्रा पूर्वीय निर्माण शैलीका मूल/केन्द्रविन्दु बनेको गर्भगृह व्युत्पत्तिका मूल विन्दुस्थल हो। मूल विन्दुस्थल बनेको गर्भगृहमा सबैभन्दा पहिले गरिने वैदिक विधि विधान यज्ञाहुति रहे/बनेको छ। यज्ञ आहुति गर्ने अभिभारा ब्रम्हज्ञानी ब्राम्हण वा समकक्षी पुरोहित, कर्माचार्य, खगोलविद् ज्योतिषीहरूकै सामूहिक प्रयासमा पूरा गर्ने मान्यताजन्य प्रथा रहेको ऐतिहासिक परम्परा छ। यज्ञाहुति गर्दा त्रिकोणात्मक यन्त्राकार स्वरूपमा विशेष कोटीका काठका कप्टेरा प्रयोग गरिन्छ। यन्त्राकारले मातृकोषका बाह्य रूपका त्रिकोणात्मक द्वार अर्थात् योनि वा शक्तिपीठलाई प्रतिनिधित्व गर्छ। यसकारण 'पुर्खाले आर्जेको श्री सम्पत्ति हाम्रो कला-संस्कृति' मन्त्रलाई जीवन्तरूपमै सार्थकता प्रदान गर्ने भाजुपुखु पुनर्निर्माण अभियानसितै पुनरुत्थान गर्नु नितान्त सार्थक बन्ने देख्छु।

मातृसत्तात्मक त्रिकोण गर्भगृहको मूल प्रवेशद्वारको मुहान मानिनु शाश्वत सत्य नै रहे/बनेको छ। सृष्टिको मूलद्वारमय बनेको विश्वव्यापी सत्य तथ्य बनेको स्पष्ट छ। शक्तिपीठमय विश्व सृजनालाई प्रतिबिम्बित गर्न हाम्रा पूर्वीय जीवन दर्शनमा आधारित तान्त्रिक विधि यस्तै रहेको छ। यी तथ्यलाई नियालेर भाजु पुखु (भाज्यापुखु) को केन्द्रस्थलमा पुनर्निर्माण गरिने शिखरशैलीको मन्दिरका मूलाधार गर्भगृह-जगीच यज्ञाहुति गरी पुनरारम्भ गर्नु नितान्त समकालिन प्रयास ठहरिनेछ। यसरी परम्परागत धरातलीय पूजन संस्कारलाई पुनःरुत्थान गर्दा वर्तमान युवा पुस्तालाई जागरुक बनाई आगामी पुस्ता र पिँढीलाई पुनर्जागरण गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ, निर्विवाद रूपमा।



सांस्कृतिक सम्पदाको मूल आधार जगै हो। गर्भगृहको चारैतिर अग्राखे काठका सत्तरी चुक्कुल प्रविधि अनुसार निर्मित रहेका छन्। अन्वेषणबाट फेला परेका मण्डपशैलीमा निर्मित जलेश्वर मन्दिरको

सदियौं शताब्दी पौराणिक सत्यतथ्य उद्घाटन हुन सकेको छ। यहाँ उल्लेखनीय प्रसंग ती ठूला सत्तरीका काठहरू गर्भगृहमा गरिएका यज्ञाहुति सकिसके पछि नै स्थापित भए/गरिएका हुनुपर्छ नत्र यज्ञाहुतिका राँकोले अग्राखका काठ जलाउन सक्ने थियो ! यो पनि तन्त्रसाधनाका एउटा विधि जँचिन आउँछ– तान्त्रिक विधि !

अन्त्यमा भाजुपुखु प्रतिवेदनमाथि भएको अन्तरक्रियामा विद्वान सहभागी महानुभाव धेरै जनाले आफ्ना विचार प्रस्तुत गरेकामध्ये दुई बुँदा उल्लेख गर्ने जमर्को गर्न चाहेँ ।



पुरातत्व विभागका पूर्वमहानिर्देशक भेषनारायण दाहालको प्रतिवेदनमा उल्लेख भएका शिखरशैलीमा निर्माणार्थ प्रस्तावित जलेश्वर मन्दिर त्रिशुत्र, पञ्चशुत्र, सप्तशुत्रमध्ये कुन पर्छ तिनको पनि निर्क्यौल हुनु राम्रो हुने विचार व्यक्त गर्नुभएको थियो। हालै गोरखापत्र र द राइजिङ नेपाल दैनिकमा छापिएको भक्तपुर दरबार परिसरमा पुरातत्त्व विभागबाट पुनर्निर्माण भए गरिएका केदारेश्वर महादेव मन्दिर त्रिशुत्र/त्रिशुत्र शृंगारयुक्त छ। मन्दिरको छायांकृत बिम्ब यस्तो छ।

गोष्ठी कार्यक्रमको मन्तव्य क्रममा यसै पंक्तिकारले भाजुया पुखु कसरी भाज्या पुखु हुन पुगे तिनलाई पनि भाषिक संस्कार र संस्कृतिका आधारमा विवेचना गर्नु सान्दर्भिक हुने विचार पस्काएथें। नेपालभाषामा त्यो बेला मात्र होइन, अहिले पनि अक्षर जोडेर छोटो-मोटो पार्ने चलनचल्तीमा छ। त्यसै अनुरूप भाषिक शब्द बनाउने संस्कार अद्यावधिक नै छ। फलतः भाजुया पुखु भाज्यापुखु जनजिब्रोमा टाँसिन पुगेको पुग्यै छ। हेर्दा केही न क्यैजस्तो लाग्ने यो झिनो मसिनो प्रसंग नृतत्वशास्त्रीय (अचेल धेरैजसो मानवशास्त्र भनिन थालेको) दृष्टिकोणबाट मार्मिक र महत्त्वपूर्ण लाग्छ। कारण भाषा सबै संस्कृतिका पनि मूल संस्कार र संस्कृति जँचिएको छ।

*(नागरिक दैनिक, वैशाख २८, २०७६)*

## भक्तपुर नगरपालिकाद्वारा सञ्चालित **घरदैलो नर्सिङ सेवा**को प्रतिवेदन (२०७६ वैशाख महिना)

| वडा नं. | स्टाफ नर्सको नाम | परिवार सङ्ख्या | उच्च रक्तचाप | मधुमेह | दम | हाडजोर्नी | ग्याष्ट्रिक | थाइराइड | मुटुरोग | नशा रोग | मानसिक रोग | क्षयरोग | जण्डिस | सुस्त मनस्थिति | पक्षघात | मृगौला रोगी | पथरी | कोलेष्ट्रोल | क्यान्सर | अन्य | निधन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सुमी खर्बुजा | २०० | ७३ | २५ | १० | ७ | १६ | १० | ५ | ५ | ६ | ० | ० | ३ | २ | ३ | १ | ४ | १ | ३ | १२ |
| २ | रजनी सुवाल जरेजू | ३६७ | ९६ | २६ | १४ | १० | ९ | ६ | ६ | १ | ८ | ० | ० | १ | ० | १ | १ | २ | २ | ३ | १ |
| ३ | अनु गोसाई | २८५ | ६८ | ५२ | ७ | ६२ | १८ | ६ | ७ | ० | ५ | २ | १ | ४ | ० | २ | ० | ३ | ५ | ३ | ८ |
| ४ | विमला कुम्पाख | २८६ | ७४ | १९ | ६ | ३ | ४ | १ | ३ | ० | २ | ० | ० | ० | ० | २ | ० | ० | ० | | ४ |
| ५ | मञ्जु छुकां | ४६४ | ८० | २८ | १ | | १ | १ | | २ | ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० |
| ६ | सृजना बोहजू | ३२५ | ४३ | ३४ | ७ | २० | ८ | २ | २ | ८ | ० | ३ | १ | ० | ६ | ० | २ | १ | ५ | ३ | ० |
| ७ | सुमित्रा राजचल | १३५ | ३३ | ८ | १० | ६ | ४ | १ | ० | ० | ४ | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | १२ |
| ८ | सरिता गोसाई | १६० | ३० | ६ | २ | ११ | १८ | १ | ० | १२ | २ | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | १ |
| ९ | सविना दुवाल | २५१ | ७३ | २२ | १७ | १३ | ० | ४ | ११ | १ | ६ | ० | ० | ० | १ | ० | ० | ४ | ० | ३ | ० |
| १० | मोनिका पही | १५० | ३० | २० | ४ | ३ | ३ | ० | ४ | ४ | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

संकलन - कमल केशरी राजचल

# सेनाको कब्जाबाट मुक्त हुँदै भक्तपुरको रानीपोखरी, काठमाडौंको टुँडिखेललाई कसले बचाउने ?

• सहयोग रञ्जित

भक्तपुर बोलाछेंका श्याम कृष्ण प्रजापति अहिले ७० वर्षका भए। युवा उमेरसम्म उनी हिंड्दै रानी पोखरी पुग्थे, थाकेको समय त्यहाँका सत्तलमा विश्राम गर्थे अनि साथीभाइसित गफिन्थे। तर, २०४० सालपछि भने उनले रानीपोखरीमा स्वतन्त्र भएर पाइला टेक्न सकेनन्।

२०४० सालसम्म सबैका लागि खुल्ला रहेको रानीपोखरी क्षेत्रको करिब ३२ रोपनी क्षेत्रफल तत्कालीन शाही सरकारले सैन्य तालिम केन्द्रको विकास गर्न अधिग्रहण गऱ्यो। जनताको जमिन सेनाको नियन्त्रणमा पुग्यो। त्यहाँ वीरेन्द्र सैनिक आवासीय महाविद्यालय (हाल सैनिक आवासीय महाविद्याल) बनाइयो, खेल मैदान बन्यो, नयाँ घर ठडिए। त्यसपछि स्थानीयहरू स्वतन्त्र रूपमा रानीपोखरी क्षेत्रमा जानबाट बञ्चित भए।

तर, सेनाले आफ्नो सुरक्षाको कारण देखाउँदै नियन्त्रणमा राखेको रानीपोखरीमा स्थानीयलाई जानुपर्ने बाध्यता थियो। किनभने त्यहाँ उनीहरूका दिगु द्यः (कुलदेवता) रहेको छ।

त्यसैले वर्षको दुई दिन दिगु पुजा गर्न स्थानीयहरूलाई सेनाले छुट दिने गरेको छ। अरु समय जान सेनाको स्वीकृति चाहिन्छ। गत वैशाख २६ गते रानीपोखरीमा कूल देवता पूजा गर्न पुगेका श्यामकृष्णसँगको भेटमा उनीले रानीपोखरी सबैका लागि खुलेको देख्न चाहेको बताएका थिए।

भक्तपुरका धेरै स्थानीयहरू आफ्नो छोरी इही र छोराको ब्रतबन्ध देवालीकै समयमा गर्छन्। अहिले पनि त्यो परम्परा कायम छ। सेनाले आवश्यक बेलामा रानीपोखरी प्रवेशको अनुमति त दिन्छ। तर आफ्नै कुल देवता कहाँ जान पनि सेनाको अनुमति लिनुपर्ने भन्दै स्थानीयहरू आक्रोशित थिए। त्यसैले उनीहरू सेनाले नियन्त्रणमा राखेको रानीपोखरी खुल्ला गर्नुपर्ने माग गरिरहेका थिए।

जनताको मागको कदर गर्दै ३६ वर्षपछि भने सेना रानीपोखरीलाई आफ्नो नियन्त्रणबाट मुक्त गर्दै जनताका लागि खुल्ला गर्न सहमत भएको छ।

**नगरपालिकाको सफलता**

रानीपोखरी भन्ने बित्तिकै धेरैले काठमाडौंको रानीपोखरी सम्झन्छन्। तर, यो कथा काठमाडौंको नभइ भक्तपुरको रानी पोखरीको कथा हो।

हुन त भक्तपुरमा पनि रानीपोखरी रहेको बारेमा भक्तपुरकै धेरै मानिसहरू अनभिज्ञ छन्। भक्तपुर भन्दा बाहिरका मानिसलाई थाहा हुने त कुरै भएन।

भक्तपुरको सल्लाघारीमा रहेको सैनिक आवासीय महाविद्यालय अन्तर्गत विज्ञान तथा व्यवस्थापन संकाय रहेको भवनको बाटो हुँदै रानीपोखरी पुग्न सकिन्छ।

भक्तपुर नगरपालिका र नेपाली सेनाबीच धेरै चरणमा भएको छलफलबाट भक्तपुरको ऐतिहासिक र सांस्कृतिक महत्त्वको रानीपोखरी सर्वसाधारणका लागि पुनः खुल्ला हुन लागेको हो।

राजतन्त्र छँदा नै नेपाल मजदूर किसान पार्टी र स्थानीयले रानीपोखरी र अतिक्रमित जग्गा खुलाउन आवाज उठाएका थिए। तर, त्यो सफल हुन सकेको थिएन।

राजतन्त्रको समाप्ति र गणतन्त्रको स्थापनापछि भएको स्थानीय तहको निर्वाचनमा नेमकिपाको ऐतिहासिक विजयसँगै नगरपालिका प्रमुख सुनिल प्रजापति लगायतले सेनासँग वार्ता गरी रानीपोखरी पुनः खुल्ला गराउने प्रयास गरेका थिए।

अन्ततः उनकै अग्रसरतामा भक्तपुको रानीपोखरी पुनःनिर्माण गर्दै सर्वसाधारणको लागि खुल्ला गर्ने तथा सेनाकै अधिनमा रहेको सिद्धपोखरी उत्तरतर्फको खेल मैदान समेत स्थानीयको लागि खेलकुद प्रयोजनका लागि खुल्ला गर्ने सहमति सेनासँग भएको छ।

प्रमुख प्रजापति यसलाई नगरपालिकाको जीतभन्दा जनताको माग र आवश्यकताको जीत भएको बताउँछन्।

भन्छन्, 'सेनासँग सल्लाह गरेर ऐतिहासिक र सांस्कृतिक महत्त्वको रानीपोखरी खुल्ने भएको छ। हामीले प्रधान सेनापतिसँग कुरा गऱ्यौं। उहाँ यस विषयमा सकारात्मक हुनुभयो। जनताले आफ्नो सांस्कृतिक पर्व निर्वाह गर्दै आएको स्थान खुल्नु नै थियो।'

**काठमाडौंको भन्दा जेठो रानीपोखरी**

शाहीकालमा सेनाको नियन्त्रणमा पुगेको भक्तपुरको रानीपोखरी काठमाडौंको रानीपोखरीभन्दा जेठो पोखरी हो।



भक्तपुरका राजा जगज्योति मल्लले विक्रम संवत् १६८७ मा आफ्नी रानी राजलक्ष्मीको सम्झनामा रानीपोखरी निर्माण गरेको थिए ।

काठमाडौंको रानीपोखरी भने त्यसको ४० वर्षपछि वि.सं. १७२७ मा प्रताप मल्लले बनाउन लगाएका थिए । प्रताप मल्लले आफ्ना छोरा चक्रवतेन्द्रको मृत्युपछि आफ्नी रानीको मन बुझाउन बनाएका थिए ।

संस्कृतिविद् पुरुषोतमलोचन श्रेष्ठका अनुसार प्रताप मल्लले भक्तपुर आक्रमण गर्दा यहाँका पोखरीहरू भत्काएका थिए । भक्तपुरको रानीपोखरीमा क्षति पुऱ्याउने उनी नै थिए । उनैले भक्तपुरमा रहेको भाजुपुखुको नक्कल गर्दै काठमाडौंमा रानीपोखरी बनाएका थिए । भक्तपुरभन्दा पछि बनेकोले काठमाडौंका स्थानीयहरू यहाँको रानीपोखरीलाई 'न्हू पुखु' भन्ने गर्छन ्। पछि प्रताप मल्लले बिगारिदिएको रानीपोखरीलाई जीतामित्र मल्ले १७३५ सालमा पुनर्निर्माण गरेका थिए ।

प्रताप मल्लकै समयमा भक्तपुरमा रहेको भाजुपुखुमासमेत क्षति पुऱ्याइएको थियो । सो पोखरी काठमाडौंको रानी पोखरीभन्दा ५०० वर्ष पुरानो रहेको श्रेष्ठ बताउँछन् । हाल भाजु पुखु निर्माण गरिरहेका भक्तपुरका स्थानीयहरूले नै काठमाडौंको रानीपोखरीमा पानी अड्याउने काम गरिरहेका छन् ।

हुन त काठमाडौंको रानीपोखरीको २०७२ सालको भूकम्पले क्षति पुगेपछि पुनर्निर्माणको काम सेनालाई जिम्मेवारी दिने तयारी काठमाडौं महानगरपालिकाले गरेको थियो । तर, भक्तपुर नगरपालिकाको अग्रसरतामा सो कार्य रोकिएको थियो ।

संस्कृतिविद् श्रेष्ठका अनुसार ललितपुर र काठमाडौंको हरिसिद्धि र नरदेवी नाच १२ वर्षमा भक्तपुर ल्याउने चलन थियो । उनीहरू आउँदा रानीपोखरीको सत्तलमा बस्ने र औपचारिक सूचनापछि शहरभित्र प्रवेश गर्ने गर्थे । सेनाले पोखरी अतिक्रमण गरेपछि भने सो सत्तल प्रयोगविहीन बन्यो र नाच गर्न आउने देवगणहरू त्यहाँ बस्ने चलन समेत लोप भयो । बिस्का अघि काठमाडौंको हनुमानढोका राजदरबारबाट राज खड्ग ल्याएर त्यही सत्तलका राखेर विधिवत भक्तपुर दरबार भित्राउने चलन थियो । सत्तल मासिएसँग यस्ता कयौं संस्कारहरू लोप हुँदै गए ।

सेनाको अतिक्रमणमा परेर काठमाडौंका पनि अधिकांश संस्कृति र सम्पदाहरू लोप हुँदै गएको संस्कृतिविदहरू बताउँछन् ।

काठमाडौंको टुँडिखेलमा सेनाले अतिक्रमण गरेपछि त्यहाँ पनि स्थानीय नेवारहरूले गर्दै आएका कूलपूजा र विभिन्न जात्रा पर्वमा समस्या पर्दै आएको असनका लाभरत्न तुलाधर बताउँछन् । टुँडिखेलमा सेनाले मुख्यालय मात्र बनाएन, पार्टी प्यालेस र पछिल्लो समयमा सैनिक पुस्तकालयको भवनसमेत

ठड्याएको छ ।

प्रदेश नम्बर ३ का सांसद विराजभक्त श्रेष्ठ भक्तपुरले रानीपोखरी खुल्ला गराएर अनुकरणीय काम गरेको भन्दै काठमाण्डौं महानगरपालिकाले सेनाले नियन्त्रणमा राखेको टुँडिखेल क्षेत्र जनताकै अधिनमा ल्याउने समय आएको बताउँछन् ।

भक्तपुरले सेनाको अधिनमा रहेको रानीपोखरी र खेल मैदानलाई जनताका लागि खुल्ला गराउनु चुनौतिपूर्ण काम सफल रूपमा गरेको बताउँदै काठमाडौंमा भने खुल्ला क्षेत्र नभइ भ्यू टावर निर्माणको होड चलेको बताए ।

सेनाले काठमाडौंका खुल्ला जग्गा नियन्त्रण गरिरहेको बारे आफूले प्रदेशसभामा कुरा उठाएको तर प्रदेशको संरचना बन्दै गरेको अवस्था रहेकाले त्यसले मूर्तरूप लिन केही समय लाग्ने बताउँदै भने, 'काठमाडौंमा खुल्ला ठाउँ कहाँ छ ? महानगरपालिकाको संरचना त बलियो छ । भक्तपुरले सक्ने काठमाडौंले नसक्ने भन्ने हुँदैन । तर, के गर्ने महानगरसँग कुनै कार्ययोजना नै छैन । इच्छाशक्ति हुनुपऱ्यो ।'

विराजले भक्तपुरले काठमाडौं उपत्यकामा मात्रै नभइ देशको लागि एउटा नजिर बसालेको उल्लेख गर्दै यसबाट अन्य नगरपालिकाहरूलाई नैतिक दबाब पर्ने तर्क गरे । उनले भक्तपुरले आफ्नो पोखरी र मैदानलाई जनताका लागि खुल्ला गराए झैं काठमाडौंले पनि यहाँका जनताको हितमा त्यसको अनुकरण गर्नुपर्ने बताए ।

**पुनर्निर्माणको काम सुरु**

नगरपालिका प्रमुख प्रजापतिका अनुसार सेनासँग भएको सहमति अनुसार हाल रानीपोखरीको क्षेत्रफल एकिन गर्न नगरपालिका र नेपाली सेनाले समन्वय गर्दै नापी नक्सा बनाउने काम सुरु भएको छ । नापी नक्सा प्राप्त भइसकेपछि त्यही आधारमा नगरपालिकाले रानीपोखरी मल्लकालीन शैलीमा नै जिर्णोद्धार गर्नेछ ।

संस्कृतिविद् ओम धौभडेलकाअनुसार रानीपोखरीको बीचमा सुनको नागको टाउको र चारैतिर विभिन्न मूर्तिहरू रहेको थियो । रानीपोखरीमा प्रजापति, अवाल, जोन्छे, महर्जन, भुसिट्ठ लगायत विभिन्न समुदायको कुल देवता रहेको छ । त्यसबाहेक त्यहाँ विभिन्न सांस्कृतिक पर्वहरू हुने गर्थे । सेनाले लिएपछि ती चाडपर्वहरू बिस्तारै लोप हुँदै गएको थियो ।

धौभडेल भन्छन्, 'मल्लकालीन रानीपोखरीको दक्षिणपट्टि प्रवेश गर्ने कलात्मक द्वार थियो । ढोकाबाट प्रवेश गर्ने स्थानमा दुई सत्तल थिए, पोखरीसम्म पुग्न सिंढी थियो । चारैतिर देवीदेवताको कलात्मक मूर्ति र बगैंचा थियो । नगरपालिकाले सेनासँग सहमति गर्दै रानीपोखरी मल्लकालीन शैलीमा बनाउने छ ।'

अहिले भने रानीपोखरीको मध्यभागमा मात्रै पानी छ । मध्य भागमा रहेको नागको टाउको देखिँदैन । चारैतिर झारपातले ढाकेको छ । पोखरी सुकाएर त्यसको वरिपरि घर निर्माण भएका छन् र रुखहरू काटिएका छन् ।

सेनासँगको सहमतिपछि भने अब रानीपोखरी जिर्णोद्धारपछि सेनाको सुरक्षामा ध्यान दिँदै पोखरीलाई चारैतिर पर्खालले घेरिने भएको छ । साथै पहिला प्रवेशद्वार रहेको पोखरीको दक्षिणतर्फ नै नयाँ कलात्मक प्रवेशद्वार बनाई बिहान ६ बजेदेखि बेलुकी ६ बजेसम्म सर्वसाधारणको लागि खुल्ला गर्ने योजना छ ।

रानीपोखरी निर्माण भएपछि त्यहाँ आउने आन्तरिक र बाह्य पर्यटकको सुविधाका लागि सल्लाघारीको खाली जमिनमा नगरपालिकाले पार्किङ स्थल निर्माण गर्ने तयारी गरिसकेको छ ।


पोखरीसँगै सिद्धपोखरीको उत्तरतर्फ र भक्तपुर अस्पतालको पश्चिमतर्फ रहेको खेल मैदानको जनताका लागि खुल्ला गरिनेछ । त्यसका लागि चारैतिर जालीबारले घेरी मैदानको दक्षिणतर्फ प्रवेशद्वार निर्माण गरिनेछ । खेल मैदान खुल्ला भएपछि स्थानीयहरूका लागि हरेक दिन बिहान ७:३० बजेदेखि ११:३० बजेसम्म ४ घण्टा मैदान खुल्ला गर्ने सहमति भएको प्रजापतिले बताए ।

शनिबारको दिन भने बिहान ११ बजेदेखि दिउँसो ३ बजेसम्म मैदान सर्वसाधारणका लागि खुल्ला हुने भएको छ । सैनिक महाविद्यालय बन्द रहेको र आवासीय विद्यार्थीहरू बिदा हुँदामा बिहान ६ बजेदेखि साँझ ५ बजेसम्म स्थानीयको लागि मैदान खुल्ला हुने बताइएको छ ।

नापी नक्साकोकाम भर्खरै सुरु भएको हुँदा रानीपोखरी पुनर्निर्माणमा केही समय लाग्ने प्रमुख प्रजापति बताउँछन् । स्थानीयहरूले पनि नगरपालिकाको कदमको स्वागत गर्दै रानीपोखरी पुनर्निर्माणमा साथ दिने बताएका छन् ।

*(पहिलो पोष्ट, ४ जेठ २०७६ )*

c1fgLxÊ /f]ub]v 8/fp5g\
dV\{Ê /f]unf0{a]f:tf u5{g\
al4dfgxÊ /f]ub]v ;ts{/xG5g\
;kmf ug{[afgL a;fnf}+
/f]ub]v 6f9f a;f}+.



## Henry Ambrose Oldfield's

# SKETCHES FROM NIPAL 37

After some months, Prithi Narayan, collecting all his forces, sent them for the third time to besiege Kirtipur. The inhabitants defended themselves with their usual bravery for six or seven months; at the end of which time the three kings of Nipal assembled with their forces at Kathmandu, and determined to march a body of troops to the relief of Kirtipur. At this critical time a noble of Patan, a personal enemy of Gainprejas, went over to the Gorkhas, and treacherously led their army into the lower part of the town. The gallant inhabitants might, and would, still have defended them- selves, having many fortresses and strongholds in the upper part of the town to which they could retreat if necessary. But the wily Gorkha proclaimed a general amnesty, and the inhabitants, greatly exhausted by the length of the siege, surrendered themselves prisoners upon the faith of it. The Gorkhas immediately seized all the gates and fortresses within the town; and two days afterwards, by order of Prithi Narayan, some of the principal inhabitants were put to death, and the noses and lips of everyone, even of the infants who were not actually found in the arms of their mothers, were cut off; none escaping except the few who could play on wind instruments, and who might be of use, therefore, as musicians in the army of the conqueror. Gainprejas himself, with a few followers, escaped to Patan. The name of the town was ordered to be changed into Nakatapur, or the City of Cut Noses.

Immediately after these brutal orders had been most fully executed, Prithi Narayan marched his army against Patan, and laid siege to the town on its western side. After several engagements, in which much blood was shed on both sides, the courage of the townsmen began to fail, the Gorkhas having threatened that, unless they surrendered within five days, they should not only have their noses cut off, but also their right hands, — a barbarity which, no doubt, would have been practised without compunction.

Just as the men of Patan were on the point of sur- rendering, the siege was one night suddenly raised, and the Gorkha army led off towards the plains, in consequence of Prithi Narayan having become aware of the unexpected appearance in the Terai of a body of British troops, under Captain Kinloch, who were marching to the assistance of the King of Nipal.

It appears that in the beginning of 1767, during the third and last siege of Kirtipur, the Niwar Rajah had appealed to the British for aid against the King of Gorkha. Anxious to maintain the advantageous trade, by which gold and many other valuable commodities were imported from Tibet and Nipal into Bengal, the British Government despatched Captain Kinloch, with a small force, to the assistance of the Niwar Rajah. Although we do not know the amount or value of this trade with Nipal and Tibet, it must have been considerable to have warranted a direct interference on our part, to the extent of arms, for its protection.

Captain Kinloch reached the foot of the Nipal hills in the middle of the rains of 1767, after suffering much from sickness and want of provisions, he was obliged to return from before the fort of Hariharpur, in the district of Makwanpur, beyond which point he was unable to penetrate. Though the result of this expedition was most unfortunate, as far as the prestige of the British name at the time was concerned, yet it had the good effect of creating a successful diversion, which drew off the Gorkha army from before Patan, and so postponed the fall of that city for nearly a year.

Finding that Kinloch's force had retreated, the Gorkha army returned to Nipal, and ascertaining that Gainprejas, who had applied to the British for aid, had left Patan and was in Kathmandu, they at once proceeded to the latter city and laid siege to it. By means of the intriguing Brahmans, the Gorkhas succeeded in cajoling Gainprejas and his followers by false promises and assertions, and one night in September 1768, during the

celebration of the Niwar festival of "Indra Jatra," they introduced secretly a large body of troops into the city. Gainprejas, with three hundred of his best troops, with difficulty escaped to Patan on the same night. Having thus gained possession of Kathmandu, Prithi Narayan again laid siege to Patan. Knowing that he had no chance of reducing the city by fair means, he again had re- course to the agency of the Brahmans. The King of Patan (Tez Ner Sing) and Gainprejas did all in their power to keep up the courage of their troops, and of the townsmen; but finding that their nobles and followers, fearful of Prithi Narayan's vengeance and cajoled by the false promises of the Brahmans, were inclined to surrender, the two gallant princes retired to Bhatgaon; and Patan, without a struggle, was surrendered to the Gorkhas. A general plunder of the city followed, the nobles were all massacred, and every kind of brutality practised on the wretched inhabitants.

Amidst these scenes of cruelty it is gratifying to be able to record that, through the interest of one of the sons of Prithi Narayan, Father Guiseppe and the Catholic mission were allowed to retire with all the Christians into the possessions of the English. They settled at Puri, about six miles from Bettia, and at that village the little colony of Roman Catholic Christians has remained until the present day. At the commencement of 1769 Prithi Narayan acquired possession of the city of Bhatgaon, by means of the same treachery and intrigue which had previously gained for him Kathmandu and Patan. Gainprejas, with a few followers, in a gallant attempt to escape, was wounded in the foot, and died a few days afterwards. Ran jit Mal, being very old and infirm, was treated with kindness and respect and obtained permission to retire to Benares, where he soon afterwards died. Tez Ner Sing, the King of Patan, appears to have rendered himself in some way personally obnoxious to Prithi Narayan; he was certainly confined in irons until his death, if he was not actually put to death by order of the conqueror. The mother of Gainprejas, who was blind from old age, was allowed to retire to Benares; but before she started she was deprived of nil her jewels. Jai Prakash, Rajah of Kathmandu, was imprisoned after the fall of his capital; and he did not long survive the loss of his liberty and of his throne.

The fall of the three capitals, Kathmandu, Patan, and Bhatgaon, was at once followed by the submission to the conqueror of the whole country of Nipal. Prithi Narayan was a cowardly, cunning, and in- human prince and on gaining the throne of Nipal he perpetrated the greatest atrocities, and massacred almost every person of distinction connected with the late Niwar dynasty. On the conquest of the valley, he dropped the title, though he retained the crown of Grorkha, and he assumed, and his descendants have ever since borne, the simple title of King of Nipal. The conquest of the valley, from the first siege of Kirtipur in 1765, till the fall of Bhatgaon in the commencement of 1769, occupied four years. We are quite ignorant of the details connected with the several sieges and engagements, nor are we in any single case informed of the numbers of troops engaged, either on the Niwar or the Gorkha side. No one can deny to the Niwars, especially to the men of Kirtipur, the credit of having displayed the most heroic bravery in defence of their capital; while the Gorkhas have earned eternal disgrace by the savage barbarity with which they signalized all their triumphs. It is said that the Gorkha army which accompanied Prithi Narayan to Nipal, was very weak in numbers, that the men were ill-accoutred, ill-armed, and undisciplined, and that their chief had not the means either of recruiting their numbers or rendering them more efficient. This is assigned as a reason by the Gorkhas for the length of time it took them to reduce the valley to submission. It may very probably be true that their army was, in every way, in a most inefficient state, but this fact does not detract from the gallant patriotic spirit shown by the Niwars, under the high-spirited and heroic Gainprejas, but only makes it still more evident that, had it not been for the unfortunate failure of Kinloch's expedition, the timely assistance of the British would have maintained the Niwar dynasty on the throne of Nipal.

**(To be continued)**

# नेपालको संविधान २०७२ (४४)

## भाग – ३३

## संक्रमणकालीन व्यवस्था

**२९५. संघीय आयोगको गठन :** (१) प्रदेशको सीमांकन सम्बन्धी विषयमा सुझाव दिन नेपाल सरकारले एक संघीय आयोग गठन गर्न सक्नेछ।

(२) धारा ५६ को उपधारा (३) बमोजिमका प्रदेशको नामकरण सम्बन्धित प्रदेश सभाको सम्पूर्ण सदस्य संख्याको दुई तिहाइ बहुमतबाट हुनेछ।

(३) धारा ५६ को उपधारा (४) र (५) बमोजिम निर्माण हुने गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या र सीमाना निर्धारण गर्नका लागि नेपाल सरकारले एक आयोग गठन गर्नेछ। त्यस्तो आयोगले गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या र सीमानाको निर्धारण नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम गर्नु पर्नेछ।

(४) उपधारा (३) बमोजिमको आयोगको गठन यो संविधान प्रारम्भ भएको मितिले छ महीनाभित्र गरिनेछ। त्यस्तो आयोगको कार्यावधि एक वर्षको हुनेछ।

**२९६. संविधान सभा व्यवस्थापिका-संसदमा रूपान्तरण हुने :** (१) यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेको संविधान सभा यो संविधान प्रारम्भ भएपछि व्यवस्थापिका-संसदमा स्वतः रूपान्तरण हुनेछ र त्यस्तो व्यवस्थापिका-संसदको कार्यकाल संवत् २०७४ साल माघ ७ गतेसम्म कायम रहनेछ।

तर त्यस्तो कार्यकाल पूरा हुनु अगावै यस संविधान बमोजिमको प्रतिनिधि सभाको निर्वाचन हुने भएमा त्यस्तो निर्वाचनका लागि उम्मेदवारको मनोनयनपत्र दाखिला गर्ने अघिल्लो दिनसम्म व्यवस्थापिका-संसद कायम रहनेछ।

(२) यो संविधान जारी हुँदाका बखत व्यवस्थापिका-संसदमा विचाराधीन रहेका विधेयकहरू उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदमा स्वतः सर्नेछन्।

(३) यस संविधान बमोजिम संघीय संसदले सम्पादन गर्नु पर्ने काम यस संविधान बमोजिम प्रतिनिधि सभाको निर्वाचन नभएसम्म उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले गर्नेछ।

(४) यो संविधान प्रारम्भ भएपछि प्रदेश सभा गठन नभएसम्म अनुसूची-६ बमोजिमको विषयमा कानून बनाउने प्रदेश सभाको अधिकार उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदमा रहनेछ। त्यसरी बनेको कानून यो संविधान बमोजिमको प्रदेश सभा गठन भएको मितिले एक वर्षपछि त्यस्तो प्रदेशको हकमा निष्क्रिय हुनेछ।

(५) यो संविधान प्रारम्भ हुँदाका बखतको व्यवस्थापिका-संसद सचिवालय, त्यसका महासचिव, सचिव र कर्मचारीहरू निजहरूको नियुक्ति हुँदाका बखतको सेवाका शर्तहरूको अधीनमा रही यस संविधान बमोजिमको संघीय संसद सचिवालयमा कायम हुनेछन्।

(६) यो संविधान प्रारम्भ हुँदाका बखत व्यवस्थापिका-संसदको अधिवेशन चलिरहेको रहेनछ भने राष्ट्रपतिले यो संविधान प्रारम्भ भएको मितिले सात दिनभित्र व्यवस्थापिका-संसदको अधिवेशन आह्वान गर्नेछ। त्यस पछि राष्ट्रपतिले समय समयमा व्यवस्थापिका-संसदको अधिवेशन आह्वान गर्नेछ।

**२९७. राष्ट्रपति र उपराष्ट्रपति सम्बन्धी व्यवस्था :** (१) यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेको राष्ट्रपति र उपराष्ट्रपति यस धारा बमोजिम अर्को राष्ट्रपति र उपराष्ट्रपति निर्वाचित नभएसम्म आ-आफ्नो पदमा बहाल रहनेछन्।

(२) यो संविधान प्रारम्भ हुँदाका बखत व्यवस्थापिका-संसदको अधिवेशन चलिरहेको रहेछ भने यो संविधान प्रारम्भ भएको मितिले र अधिवेशन चलिरहेको रहेनछ भने धारा २९६ को उपधारा (६) बमोजिम अधिवेशन आह्वान भएको मितिले एक महीनाभित्र राजनीतिक सहमतिको आधारमा राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले गर्नेछ।

(३) उपधारा (२) बमोजिम सहमति कायम हुन नसकेमा व्यवस्थापिका-संसदमा तत्काल कायम रहेका सम्पूर्ण सदस्यको बहुमतद्वारा राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन सम्पन्न गर्नु पर्नेछ।

(४) उपधारा (२) वा (३) बमोजिम निर्वाचित राष्ट्रपति वा उपराष्ट्रपतिको पद कुनै कारणले रिक्त भएमा संघीय संसदको गठन नभएसम्म यसै धारा बमोजिम व्यवस्थापिका-संसदबाट राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचन गरिनेछ।

(५) यस धारा बमोजिम निर्वाचित राष्ट्रपति वा उपराष्ट्रपतिको पदावधि धारा ६२ बमोजिमको निर्वाचक मण्डलबाट अर्को राष्ट्रपति वा उपराष्ट्रपति निर्वाचित भई कार्यभार नसम्हालेसम्म कायम रहनेछ।

(६) यस धारा बमोजिम निर्वाचित राष्ट्रपति वा उपराष्ट्रपतिको पद देहायको कुनै अवस्थामा रिक्त हुनेछ :-

(क) राष्ट्रपतिले उपराष्ट्रपति समक्ष र उपराष्ट्रपतिले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको विरुद्ध उपधारा (७) बमोजिम महाभियोगको प्रस्ताव पारित भएमा,

(ग) धारा ६२ बमोजिमको निर्वाचक मण्डलबाट अर्को राष्ट्रपति वा उपराष्ट्रपति निर्वाचित भई कार्यभार सम्हालेमा,

(घ) निजको मृत्यु भएमा।

(७) यस धारा बमोजिम निर्वाचित राष्ट्रपति वा उपराष्ट्रपतिले यो संविधान र कानूनको गम्भीर उल्लंघन गरेको आरोपमा धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा एक चौथाइ सदस्यले निजको विरुद्ध महाभियोगको प्रस्ताव पेश गर्न सक्नेछन्। त्यस्तो प्रस्ताव व्यवस्थापिका-संसदमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाइ बहुमतबाट पारित भएमा निज पदमुक्त हुनेछ। (क्रमशः)

तपाईंको भान्छा

# बिभिन्न क्यान्सरका लक्षणहरु

**पाठेघर मुखको क्यान्सरका लक्षण**
- फोहोर तथा गनाउने पानी बग्नु
- यौन सम्पर्क पछि रगत देखापर्नु
- महिनावारीको बीच–बीचमा रगत देखिनु
- महिनावारी सुकिसकेका महिलामा रगत देखिनु
- बिनाकारण ढाड, कम्मर तथा तल्लो पेट दुख्नु
- खुट्टा सुन्निनु

**पेटको क्यान्सरका लक्षण**
- दिसामा रगत देखापर्नु
- पेट दुख्नु
- वान्ता हुनु
- शरीर तथा आँखा पहेंलो हुनु
- पेट सुन्निनु
- झाडापखाला वा कब्जियत हुनु
- थकाइ लाग्नु, कमजोरी अनुभव हुनु
- कपाल झर्नु

**कलेजो क्यान्सरका लक्षण**
- पेटको माथिल्लो भाग दुख्नु
- शरीर चिलाउनु र पहेंलो हुनु
- सास फेर्न गाह्रो हुनु
- बिनाकारण तौल घट्नु या बढ्नु
- थोरै खानेबित्तिकै अघार जस्तो हुने
- शरीरमा अप्ठोरो महसुस हुनु

**मुख क्यान्सरका लक्षण**
- जिब्रो तथा ओंठ र मुखभित्रको तालुमा घाउ देखिनु
- घाउ सजिलै निको नहुनु
- दाँत हल्लिनु
- कान तथा मुख दुख्नु
- मुखमा राता तथा सेता धर्सा देखिनु

**प्रोस्टेट क्यान्सरका लक्षण**
- रातिमा पिसाब बढी आउन र पिसाब फेर्न गाह्रो हुनु
- पिसाबमा रगत देखापर्नु
- मेरुदण्डको पछि वा नितम्बको पछिल्लो भाग दुख्नु
- खुट्टा तथा पैताला सुन्निनु र ढाडमा दुखाइ हुनु

**हड्डी क्यान्सरका लक्षण**
- हड्डी टुक्रिन थाल्नु
- हिंड्दा खुट्टा दुख्नु
- दुखेको भाग सुन्निनु
- काम गर्दा बढी दुख्नु
- मेरुदण्डमा दुखाइ
- फैलिएर फोक्सोमा पुग्नु

**ठूलो आन्द्राको क्यान्सरका लक्षण**
- दिसामा रगत देखापर्नु
- थकाइ तथा कमजोरी महसुस हुनु
- पेट अघाएको जस्तो भइरहनु
- एक्कासि तौल घट्नु
- निश्चित समयमा दिसा नहुनु ।

*– (नागरिक, ९ चैत २०७५)*


## 'भक्तपुर' मासिकलाई


नगर र नगरवासीको हित हुने ऐतिहासिक, सांस्कृतिक एवम् समसामयिक लेख रचना दिई सहयोग गर्नुहोस् ।

साथमा सम्वन्धित तस्बिरहरू भए प्राथमिकताकासाथ स्थान दिइनेछ ।

लेखकहरूले सम्पर्क फोन नं. पनि दिनुहोला ।

रचना पठाउने ठेगाना :
☐कमलविनायक (पुरानो जनस्वास्थ्य सेवा केन्द्र भवन)
☐email - bhaktapurmasik@gmail.com


**बसिबियाँलो (पृष्ठ ६३) को उत्तर**



# नगरपालिकाको कर समयमै बुझाउने सम्बन्धमा उद्योगी, व्यवसायी र नगरवासीहरूमा अनुरोध

नगरपालिका नगरवासीहरूको आफ्नै संस्था हो। नगरपालिकालाई नगरको सरसफाइ, सम्पदा संरक्षण तथा विकास निर्माण कार्यको लागि आर्थिक श्रोतको आवश्यकता पर्दछ। भक्तपुर नगरपालिकालाई समयमै कर तिर्नु नगरवासीहरूको कानुनी कर्तव्य हो। नगरपालिकाले लागू गरेको तपसिलअनुसारको कर तथा शुल्कहरू समयमै बुझाई नगरपालिकालाई सहयोग गरिदिन हार्दिक अनुरोध (अपिल) छ। नियमित कर तिर्ने नगरवासीहरूलाई हार्दिक धन्यवाद छ।

**नगरपालिकामा वार्षिक रूपमा (नियमित) बुझाउनुपर्ने कर तथा शुल्कहरू**

**१. मालपोत/भूमिकर २. घर जग्गा कर ३. व्यवसाय कर ४. सफाइ शुल्क ५. घर जग्गा बहाल कर ६. सवारी कर**


**तपसिल**

| नगरपालिकामा प्रत्येक वर्ष बुझाउनु पर्ने कर तथा शुल्क | प्रत्येक वर्ष तिर्नुपर्ने करको दर |
|---|---|
| **१. मालपोत/भूमिकर** (नगर क्षेत्रभित्र घर तथा जग्गा हुने सबैले यो कर बुझाउनु पर्दछ।) | जग्गाको वर्गअनुसार प्रतिरोपनी वार्षिक रु. २५०।- देखि रु.४४०।- सम्म |
| **२. घर जग्गा कर** (नगर क्षेत्रभित्र घर हुने सबै नगरवासीहरूले यो कर बुझाउनु पर्दछ।) | घर र घर रहेको कित्ता जग्गाको समेत सरकारी दरअनुसार प्रत्येक वर्ष वडा समितिका प्राविधिकबाट मूल्याङ्कन गराई हुन आएको घर र जग्गाको कूल मूल्यको<br>पहिलो रु. १० लाखसम्मको — रु. ३००।-<br>त्यसपछिको रु. २० लाखसम्मको — रु. ६००।-<br>त्यसपछिको रु. २० लाखसम्मको — ०.१२ प्रतिशत<br>त्यसपछिको रु. ५० लाखसम्मको — ०.२० प्रतिशत<br>त्यसपछिको रु. १ करोडसम्मको — ०.३० प्रतिशत<br>त्यसपछिको बाँकी रकममा — ०.४० प्रतिशत |
| **३. व्यवसाय कर** (नगर क्षेत्रभित्रका सबै किसिमका उद्योग, व्यापार व्यवसायलगायत पेशागत सेवा व्यवसायीहरू डाक्टर, वकिल, इन्जिनियर आदिले यो कर बुझाउनु पर्दछ।) | व्यवसायको किसिम हेरी वार्षिक रु. ७५०।- देखि रु. ९०,०००।- सम्म |
| **४. सफाइ शुल्क** (नगर क्षेत्रभित्र आफ्नो घर वा डेरामा बस्ने सबै परिवार तथा संघ संस्था, होटल, उद्योग तथा कार्यालयहरूले यो शुल्क बुझाउनु पर्दछ।) | क. प्रत्येक परिवार (डेरामा बस्ने समेतलाई) प्रति चुल्हो वार्षिक रु. ३६०।-<br>ख. डेरा गरी बस्ने विदेशीलाई मासिक रु. ४०।-<br>ग. संघ संस्था, होटल, उद्योग तथा कार्यालयहरूलाई फोहोरको मात्रा हेरी वडा निरीक्षकको प्रतिवेदनअनुसार मासिक रु. १००।- देखि रु. ५,०००।- सम्म। |
| **५. घर जग्गा बहाल कर** (नगरभित्र घर तथा जग्गा बहालमा दिने घर जग्गा धनीले यो कर बुझाउनु पर्दछ। धनीले नबुझाएमा बहालमा बस्नेले घर जग्गा धनीलाई दिने बहालबाट कट्टा गरी नगरपालिकामा बुझाउनु पर्ने।) | बहाल रकमको १० प्रतिशत |
| **६. सवारी कर** (नगरभित्रका सबै किसिमका सवारीका धनीहरूले यो कर बुझाउनु पर्दछ।) | सवारीको किसिम हेरी वार्षिक रु. १५०।- देखि वर्षिक रु. ३,०००।- सम्म। |

**पुनश्चः उल्लेखित करहरू हरेक वर्ष समयमै नबुझाए हर्जाना (जरिवाना) लाग्नेछ साथै उपरोक्त बाहेकका अन्य कर दस्तुर दरहरू बजेट पुस्तिकामा उल्लेख गरिएको छ।**

**भक्तपुर नगरपालिका**

# आ.व. २०७५/७६ बैशाख महिनामा भक्तपुर नगर अवलोकन गर्ने पर्यटकहरू




| गते | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ११६१ | ६५१ | ५८० | ५३३ | ६१८ | ५६० | ७२३ | ६८७ | ५७२ | ५०७ | ५६९ | ५७९ | ७३९ | ७३८ | ६१३ | ४३१ |
| ■ सार्क तथा चिनियाँ | २९० | ३११ | २८६ | ३०२ | ३३८ | ३१७ | ३७१ | २६६ | २३७ | २३९ | २९० | ३०३ | ३४३ | ५७१ | ४०७ | २३८ |

| गते | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० | ३१ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ६६४ | ५१७ | ५४४ | ४५८ | ५५५ | ३७५ | ३२६ | ३२८ | ३३२ | ३३३ | ३१५ | ३४२ | २४१ | ३०४ | २२० |
| ■ सार्क तथा चिनियाँ | ४२९ | ४१३ | ३७७ | ३९६ | ५५२ | ३०१ | २३६ | २९६ | २६८ | २०७ | २३७ | ३६३ | २८३ | ३८३ | १७९ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कुल पर्यटक संख्या |
|---|---|---|---|
| २०७६ बैशाख | १६,११५ | १०,०२९ | २६,१४४ |
| २०७५ बैशाख | १३,२६५ | १०,५४३ | २३,८०८ |
| प्रगति | २,८५० (२१.४९%) | - ५१४ (-४.८८%) | २,३३६ (९.८१%) |

तथ्याङ्क र चार्ट : पर्यटक सूचना केन्द्र

सम्पादकको पृष्ठ

# गणतन्त्र स्थापनाको ११ वर्ष

जेठ १५ गते संविधान सभाबाट नेपाल संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा भएको ११ वर्ष पूरा भयो। जनआन्दोलनले २४० वर्षको राजतन्त्रलाई इतिहास बनायो र जनता नै सर्वशक्तिवान हुन्छ भन्ने कुरा सात दलको नेतृत्वमा भएको आन्दोलनले पुष्टि गऱ्यो।

नेपालको इतिहासमा पहिलोपटक जन निर्वाचित संविधान सभाका सदस्यहरूले संविधान निर्माण गर्ने अधिकार पाए। जनता अत्यन्त खुशी भए। जेलनेल भोगेका, प्रवास र भूमिगत जीवन बिताएर कठोर यातना अनुभव गरेका नेताहरू नै शासकको रूपमा जनताले पाए। जनताले रोजगारीको व्यवस्था स्वदेशमै हुने शिक्षा र स्वास्थ्यजस्ता आधारभूत आवश्यकताहरू एक एक गरी पूरा हुँदै जाने अपेक्षा गरे। आफ्ना नेताहरूबाट त्यस्ता आशा गर्नु अस्वाभाविक थिएन।

जनताबाट निर्वाचित भएर सत्तामा पुगेपछि शासक दलहरूले जनआन्दोलन र आन्दोलनमा साथ दिने जनतालाई बिर्से। उनीहरूले कामदार वर्गको हितमा काम गर्नुको सट्टा कमिशन खाएर उद्योग धन्धाहरू निजीकरण गर्ने, शिक्षा र स्वास्थ्यजस्ता आधारभूत विषयलाई समेत निजी क्षेत्रको जिम्मा लगाउँदै गए। नेताहरू आन्दोलनमा लागेको, भूमिगत बसेको, प्रवास जीवन बिताएको र जेल बसेका वर्ष, महिना, दिन र घण्टाको समेत हिसाब गरी राज्यकोषबाट पैसा असुल्न थाले। जनतामा सत्तामा जाने दल, नेता र राजनीतिप्रति नै वितृष्णा उत्पन्न भयो।

निर्वाचनमा जित्न जे पनि गर्ने, गुण्डा, तस्कर र ठगहरूसमेतलाई पार्टीमा हुल्ने, करोडौं खर्च गरेर चुनाव जित्ने प्रवृत्तिको विकास भयो। राजनीति इमानदार कार्यकर्ताहरूको हातबाट क्रमशः गुण्डा, तस्कर, ठेक्केदारहरूको हातमा जाँदैछ। राजनैतिक नेतृत्व र जनता सचेत भएन भने केही दशकमा नेपालको राजनीति आपराधिक चरित्र भएकाहरूको हातमा पुग्ने प्रायःनिश्चित देखिन्छ।

यो पूँजीवादी गणतन्त्र हो। पूँजीवादी गणतन्त्रले व्यापक जनताको माग पूरा गर्न नसक्ने भएकै कारण समाजवादी विचारको उदय भएको हो। समाजवादउन्मुख संविधान कार्यान्वयनको जिम्मेवारी पाएका कथित 'कम्युनिष्ट' सरकारको पूँजीवादी चरित्र पनि जनताले बुझ्दैछन्। यो कुनै व्यक्ति विशेषको दोष नभइ व्यवस्थाकै दोष हो। यसर्थ पूँजीवादी व्यवस्थाकै विरुद्ध वैज्ञानिक समाजवादी विचारधारा निरन्तर अगाडि बढिरहनेछ। कसैले चाहेर वा नचाहेर त्यसलाई रोक्न सक्नेछैन। संसद र सडकमा वैज्ञानिक समाजवादको आवाज निरन्तर उठिरहने छ।




भक्तपुर न.पा. वडा नं. १ को नवनिर्मित वडा कार्यालय भवन


'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति'
भक्तपुर नगरपालिकामा जनप्रतिनिधिको
दुई वर्ष
२०७६ जेठ ७ गते, मंगलवार